# प्रथम आवधिक विकास योजना

## (आर्थिक वर्ष २०८२/०८३–२०८६/०८७)

गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ्ग

**अध्यक्ष**

# मन्तव्य

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहका काम, कर्तव्य र अधिकारहरू स्पष्ट पारेको छ । संवैधानिक र कानुनी रुपमा तोकिएका महत्वपूर्ण कामहरुमध्ये गाउँपालिकाले प्रथम पञ्चवर्षीय आवधिक विकास योजना (२०८२/०८३—२०८६/०८७) तर्जुमा गरी गाउँसभाबाट पारित गरेको छ ।

यस योजनाको दीर्घकालीन सोच "**शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार समृद्ध गजुरीको मूल आधार**" को उद्देश्य र लक्ष्य हासिल गर्न क्षेत्रगत पृष्ठभूमी, सोच, उद्देश्य र रणनीति अनुरुप सामञ्जस्यता ल्याउन समानुपातिक र सन्तुलित रुपमा विकासका कार्याक्रमहरु ल्याइएको छ । यस योजनाले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारलाई मुख्य प्राथमिकतामा राखि गजुरीको आर्थिक र सामाजिक विकासलाई तिब्रता प्रदान गर्न, बेरोजगार युवाहरुलाई सीप तथा तालिम र लगानीको प्रवर्द्धन गरी स्वरोजगारका अवसरहरु सृजना गर्न, विपन्न दलित, महिला, जनजाती, अपाङ्ग भएका व्यक्ति तथा पिछडिएको वर्गलाई प्रोत्साहन गरी राज्यको मूल प्रवाहमा ल्याउने, कृषि तथा पशु उद्यमशिलताबाट कृषि तथा पशुपालनका उत्पादनहरु निर्यात गरी आर्थिक परनिर्भरताको अन्त्य गर्ने, एक घर एक धाराको नीति लिई स्वच्छ, सुलभ र गुणस्तरीय खानेपानी पहुँचको सुनिश्चितता गर्ने, पर्यटन पूर्वाधारको विकास गरी स्वरोजगारका अवसरहरु सृजना गर्ने, लगायतका संलग्न बमोजिमका विभिन्न योजना तथा कार्यक्रमहरुले समृद्ध गजुरी बनाउन महत्वपूर्ण सहयोग पुग्ने विश्वास लिएको छ । त्यसै गरी सहकारी तथा सामुदायिक क्षेत्रले स्थानीय स्रोत साधन, सामाजिक पुँजी र क्षमता परिचालन मार्फत प्रथम आवधिक गाउँपालिका विकास योजनाको लक्ष्य प्राप्तिमा सहयोग पुग्ने आशा गरिएको छ । यस योजनामा सम्बद्ध सबै पक्षहरुको सहयोगमा सफल कार्यान्वयन भई योजनाले लिएको दीर्घकालीन सोँच, लक्ष्य तथा उद्देश्यहरु हासिल गर्न ठोस योगदान पुग्ने विश्वास रहेको छ ।

अन्त्यमा, यो योजना तयार गर्ने क्रममा गाउँपालिकाका सबै जनप्रतिनिधिज्यूहरु, सबै राजनितिक दलहरू एवं परामर्शदाता रायमाझी रिसर्च एण्ड कन्सल्टिङ्ग प्रा. लि., काठमाण्डौका विज्ञज्यूहरु, गाउँपालिकाका कर्मचारीहरु र पत्रकार मित्रहरु लगायत सम्पूर्णजनहरूबाट योजना तर्जुमाका विभिन्न चरणहरुमा प्राप्त सुझाव र सहयोगका लागि हार्दिक धन्यवाद दिन चाहान्छु । साथै शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार समृद्ध गजुरीको मूल आधार, भन्ने मूल नारा सहितको पाँच वर्षे यस प्रथम आवधिक विकास योजनाले गाउँपालिकाको सुशासन, विकास र समृद्धिको लागि मार्गनिर्देशन गर्नेछ भन्नेमा पूर्ण विश्वास गर्दै यसको सफल कार्यान्वयनको लागि सबै सरोकारवालहरुको पूर्ण सहयोगको अपेक्षा लिएको छु ।

धन्यवाद !

**गणेशलाल श्रेष्ठ**

१० असार २०८२ (नेपाल संवत् ११४५ तछलागा चतुर्दशी)

उपाध्यक्ष

# मन्तव्य

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई विधायिकी, कार्यकारिणी र न्यायिक अधिकारहरु सुम्पेको छ । यिनै काम कर्तव्य र अधिकारहरुलाई सफल रुपमा कार्यान्वयनको लागि विभिन्न ऐन, नियम र कार्यविधिहरु तर्जुमा गरि सोही बमोजिम आफ्ना गतिविधिहरू अगाडि बढाई रहेको छ । विकासका प्रक्रियाहरु अगाडि बढाउने क्रममा गजुरी गाउँपालिकामा स्थानीय तहको निर्वाचन, २०७९ बाट जनप्रतिनिधिहरुको पद वहाली पश्चात् आफ्नो स्रोत साधनको वार्षिक रूपमा अनुमान गरी उक्त स्रोत साधनको परिधिमा रहि वार्षिक योजना तथा कार्यक्रमहरु तर्जुमा गर्दै आइरहेको छ । विकासलाई योजनाबद्ध तवरबाट अगाडि बढाइयो भने प्राथमिकताका आधारमा स्रोत साधनको अधिकतमा परिचालन भई समृद्धिको लक्ष्य हासिल गर्न सकिन्छ । विकासलाई योजना मार्फत व्यवस्थित गर्नको लागि गाउँपालिकाले आफ्नो प्रथम आवधिक विकास योजना तर्जुमा गरी गाउँसभाबाट स्वीकृत गरिसकेको छ । सबै विषय क्षेत्रलाई समेटेर लक्ष्य, उद्देश्य, नीति, रणनीति र योजना तथा कार्यक्रम समेत व्यवस्थित रुपमा समेटेर सहभागितात्मक पद्धतिबाट तर्जुमा भएको यस योजनाको सफल कार्यान्वयनबाट गाउँपालिकाको समृद्धिको यात्रामा अगाडि बढ्न पक्कै पनि सहयोग पुग्ने छ भन्ने अपेक्षा गरेकी छु ।

वास्तवमा यस प्रथम आवधिक विकास योजनाले स्थानीय सरकारको दोस्रो कार्यकालका जनप्रतिनिधिज्यूहरूलाई नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम तर्जुमाको लागि स्पष्ट मार्गनिर्देशन गर्नेछ । बजेट तथा कार्यक्रम निर्माणको क्रममा योजना बैंक समेत आवश्यक पर्ने हुँदा सोको आवश्यकता समेत यस आवधिक योजनाले समेट्ने छ भन्ने अपेक्षा गर्दै यसको सफल कार्यान्वयनको लागि आम सरोकारवालाहरूमा हार्दिक अनुरोध गर्दछु ।

अन्त्यमा, यो योजना तयार गर्ने क्रममा गाउँपालिकाका सबै जनप्रतिनिधिज्यूहरु, सबै राजनितिक दलहरू एवम् परामर्शदाता रायमाझी रिसर्च एण्ड कन्सल्टिङ्ग प्रा. लि., काठमाण्डौका विज्ञज्यूहरु, गाउँपालिकाका कर्मचारीहरु र पत्रकार मित्रहरु लगायत सम्पूर्णजनहरूबाट योजना तर्जुमाका विभिन्न चरणहरुमा प्राप्त सुझाव र सहयोगका लागि हार्दिक धन्यवाद दिन चाहान्छु । साथै शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार समृद्ध गजुरीको मूल आधार, भन्ने मूल नारा सहितको पाँच वर्षे यस प्रथम आवधिक योजनाले गाउँपालिकाको सुशासन, विकास र समृद्धिको लागि मार्गनिर्देशन गर्नेछ भन्नेमा पूर्ण विश्वास गर्दै यसको सफल कार्यान्वयनको लागि सबै सरोकारवालहरुको पूर्ण सहयोगको अपेक्षा लिएकी छु ।

धन्यवाद !

**शर्मिला बिसुराल**

१० असार २०८२
नेपाल संवत् ११४५ तछलागा चतुर्दशी

# प्रमुख प्रशासकीय अधिकृत

## मन्तव्य

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुरूप समाजवादप्रति प्रतिवद्ध समृद्ध राष्ट्र निर्माण गर्ने अभिलाषासहितको नेपालको संविधान जारी भएपछि राज्यको मूल लक्ष्य आर्थिक विकास नै हो । आर्थिक असमानता हटाई सामाजिक न्याय कायम गरी स्वनिर्भर अर्थ व्यवस्था प्रणालीको निर्माण तथा दीगो आर्थिक वृद्धि गर्दै नागरिकको जीवनस्तर उकास्नुपर्ने चुनौति कायमै रहेको अवस्था छ ।

परिवर्तित विद्यमान शासन व्यवस्था अनुरूप स्थानीय सरकार सञ्चालनको थालनी भएपछि दीर्घकालीन सोंचसहितको प्रथम पञ्चवर्षीय आवधिक विकास योजना गाउँसभाबाट स्वीकृत भई कार्यान्वयनको चरणमै रहेको छ । यसै अवधिमा सामाजिक आर्थिक विकासका अन्य केही पक्षहरूमा उल्लेखनीय सफलता हासिल भैसकेको स्थिति छ । यसैगरी उपयुक्त सामाजिक, आर्थिक कार्यक्रम मार्फत् आर्थिक वृद्धि, रोजगारी सृजना, शिक्षा तथा स्वास्थ्य सेवामा सबैको पहुँच वृद्धि र जोखिम व्यवस्थापनका कार्यक्रमहरू तय गर्नुपर्ने भएको छ । मानव विकासका विभिन्न पक्षमा प्रगति हासिल गर्नुपर्ने, आर्थिक असमानता न्यून गर्नुपर्ने अवस्थामा यस आवधिक योजना अत्यन्तै कोशेढुङ्गा सावित हुनेछ । आधारभूत भौतिक पूर्वाधारको कमीका कारण उच्च आर्थिक वृद्धि, आधुनिकीकरण र समृद्धिको मार्ग प्रशस्त हुन नसकेको अवस्थामा भौतिक पूर्वाधारमा समेत उल्लेखनीय लगानी बढाउनु परेको छ । यस सन्दर्भमा दीगो आर्थिक—सामाजिक विकास तथा पूर्वाधार विस्तार र शासकीय सुधारजस्ता पक्षलाई विशेष प्राथमिकता दिई दीर्घकालीन सोंचसहितको पञ्चवर्षीय आवधिक विकास योजना तयार भएको छ ।

यो आवधिक योजना तयार गर्दा आठ वटै वडा, सम्पूर्ण विषयगत समिति, पालिकास्तर तथा विकासका सरोकारवालाहरूबीच व्यापक रूपमा अन्तरक्रिया गरिएको छ र त्यसबाट प्राप्त सुझावहरूलाई योजनामा समावेश गर्नुका साथै राजनीतिक दलका प्रतिनीधि, विभिन्न निकायका पदाधिकारीज्यूहरू, विकास साझेदारहरू, विभिन्न संघसंस्थाहरू, प्रवुद्ध वर्गका सुझावहरूलाई समेत समावेश गरिएको छ । यो योजना तयार गर्ने क्रममा अहोरात्र रूपमा खटिई सुझाव तथा सहयोग गर्नुहुने जनप्रतिनिधिज्यूहरू, विभिन्न संघसंस्था, समाजसेवीहरू, राजनीतिक दल, आवधिक योजना तर्जुमाको लागि अहोरात्र खटिई व्यवस्थापन तथा संयोजनको भूमिका निर्वाह गर्नुहुने योजना शाखा प्रमूख ज्यू लगायत सम्पूर्ण कार्यालय परिवार, परामर्शदाताको विज्ञ समूह र विभिन्न मिडियाकर्मी मित्रहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै "**शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार समृद्ध गजुरीको मूल आधार**" कथित मूल नारा सहितको पाँच वर्षे यस आवधिक योजनाले गाउँपालिकाको सुशासन, विकास र समृद्धिको लागि मार्गनिर्देशन गर्नेछ भन्नेमा पूर्ण विश्वास लिएको छु ।

धन्यवाद !

१० असार २०८२ **होम बहादुर राउत**

नेपाल संवत् ११४५ तछलागा चतुर्दशी

# विषय सूची


परिच्छेद १: परिचय ..... १

१. पृष्ठभूमि ..... १

२. औचित्य ..... २

३. कानुनी तथा नीतिगत व्यवस्था ..... २

४. योजना तर्जुमाको उद्देश्य ..... ३

५. आवधिक योजना तर्जुमा प्रक्रिया ..... ३

५.१ सन्दर्भ सामग्री अध्ययन ..... ३

५.२ योजना तर्जुमा कार्यशाला गोष्ठी ..... ४

५.३ आधाररेखा सूचना तथा वस्तुस्थिति विश्लेषण ..... ४

५.४ योजना दस्तावेज तयारी ..... ४

५.५ योजना दस्तावेजको संरचना ..... ५

६. सीमा तथा परिसीमाना ..... ५

६.१ तथ्याङ्कीय उपलब्धता ..... ५

६.२ लागत तथा लगानी पूर्वानुमान ..... ६

६.३ कार्यान्वयन र अपेक्षित उपलब्धि ..... ६

६.४ श्रोत, साधन तथा जनशक्ति ..... ६

परिच्छेद २ : आधारभूत वस्तुस्थिति एवम् उपलब्धि समीक्षा ..... ७

२.१ गाउँपालिकाको परिचय ..... ७

२.२ आर्थिक विकासको अवस्था ..... १०

२.३ सामाजिक विकासको अवस्था ..... ११

२.४ पूर्वाधार तथा सहरी विकासको अवस्था ..... १३

२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ..... १४

२.६ सुशासन तथा संस्थागत व्यवस्था ..... १५

परिच्छेद ३: सोच तथा विकासको अवधारणा ..... १६

३.१ पृष्ठभूमि........................................................................................१६

३.२ प्रमुख समस्या तथा चुनौती..........................................................................१७

३.३ प्रमुख सम्भावना तथा अवसर.......................................................................१७

३.४ निर्देशक सिद्धान्त ...................................................................................१८

३.५ सोच, लक्ष्य तथा उद्देश्य............................................................................१८

३.६ परिमाणात्मक लक्ष्य...................................................................................२०

३.७ रणनीति तथा प्राथमिकता...........................................................................२१

३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट..................................................................२७

परिच्छेद ४ : आर्थिक विकास...........................................................................२९

४.१ कृषि तथा पशुपन्छी.................................................................................३०

४.२ सिंचाइ ................................................................................................३७

४.३ पर्यटन, संस्कृति तथा सम्पदा ......................................................................४०

४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ...........................................................४५

४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा.................................................................५०

परिच्छेद ५ : सामाजिक क्षेत्र...........................................................................५४

५.१ स्वास्थ्य तथा पोषण.................................................................................५४

५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन.....................................................................६३

५.३ खानेपानी तथा सरसफाइ ...........................................................................७२

५.४ महिला, बालबालिका तथा लक्षित वर्ग.............................................................७६

५.५ युवा तथा खेलकुद..................................................................................८३

परिच्छेद ६ : पूर्वाधार क्षेत्र.............................................................................८८

६.१ वस्ति, आवास, भवन तथा सार्वजनिक निर्माण ...................................................८८

६.२ सडक, पुल तथा यातायात .........................................................................९३

६.३ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा...........................................................१०२

६.४ सूचना, सञ्चार तथा प्रविधि.......................................................................१०७

परिच्छेद ७ :वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ....................................................११२
७.१ वन तथा जैविक विविधता.............................................................................११२
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन..................................................................११७
७.३ वातावरण तथा फोहरमैला व्यवस्थापन ...............................................................१२२
७.४ विपद जोखिम न्यूनीकरण, व्यवस्थापन, जलवायु उत्थानशीलता ......................................१२७
परिच्छेद ८ : संस्थागत विकास तथा सुशासन ..............................................................१३२
८.१ संस्थागत विकास तथा सुशासन.........................................................................१३२
परिच्छेद ९ : कार्यान्वयन व्यवस्था ...........................................................................१३९
९.१ पृष्ठभूमि ......................................................................................................१३९
९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना .......................................................१३९
९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट....................................................................१३९
९.४ स्रोत अनुमान तथा प्रक्षेपण...............................................................................१४१
९.५ स्रोत परिचालन रणनीति ..................................................................................१४१
९.६ आवधिक योजना कार्यान्वयन............................................................................१४२
९.७ अनुगमन तथा मूल्याङ्कन .................................................................................१४३
९.७.१ अनुगमन तथा मूल्याङ्कन आवश्यकता...............................................................१४३
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी..............................................................१४३
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया ...................................................................१४४
अनुसूची १ सबै क्षेत्र/उपक्षेत्रगत योजनाहरुको एकीकृत वार्षिक बजेट तथा वार्षिक लक्ष्य.........१४६
सन्दर्भ सामग्रीहरु..............................................................................................१६८
अनुसूची २.......................................................................................................१६९
रुपान्तरण योजनाहरु...........................................................................................१६९
गौरवका योजनाहरु.............................................................................................१६९
अनुसूची ३.......................................................................................................१७०
पालिकास्तरीय अभिमुखीकरण तथा छलफल कार्यक्रमका झलकहरु.......................................१७०

वडागत योजना सङ्कलन तथा छलफल कार्यक्रमका झलकहरु ....................................१७३
अनुसूची ४..........................................................................................................१७४
पालिकास्तरीय अभिमुखीकरण छलफल कार्यक्रम...................................................१७४
वडागत तथ्याङ्क तथा योजना सङ्कलन कार्यक्रम ...................................................१७७
गाउँ कार्यपालिका सदस्य, विषयगत शाखा संयोजक, विषयगत शाखा प्रमुखहरुसँग योजना सङ्कलन कार्यक्रम..........................................................................................................१८५

## तालिका

तालिका १ वडा विभाजन ........ ७
तालिका २ वडा अनुसार घरधुरी तथा जनसंख्या विवरण ........ ८
तालिका ३ उमेर समूह अनुसार जनसंख्या विवरण ........ ९
तालिका ४ परिमाणात्मक लक्ष्यको विवरण ........ २०
तालिका ५ गाउँपालिकाको बजेट अनुमान तथा प्रक्षेपण ........ २८
तालिका ६ कृषि पशुपन्छी तथा खाद्य सुरक्षा उपक्षेत्रका योजनाहरु ........ ३४
तालिका ७ कृषि पशुपन्छी तथा खाद्य सुरक्षा उपक्षेत्रका योजनाको साङ्केतीकरण ........ ३६
तालिका ८ सिँचाइ उपक्षेत्रका योजना ........ ३९
तालिका ९ सिँचाइ उपक्षेत्रका योजनाको साङ्केतीकरण ........ ३९
तालिका १० पर्यटन उपक्षेत्रका योजना ........ ४३
तालिका ११ पर्यटन उपक्षेत्रका योजनाको साङ्केतीकरण ........ ४४
तालिका १२ उद्योग उपक्षेत्रका योजना ........ ४८
तालिका १३ उद्योग उपक्षेत्रका योजनाको साङ्केतीकरण ........ ४९
तालिका १४ श्रम रोजगारी उपक्षेत्रका योजना ........ ५२
तालिका १५ श्रम रोजगारी उपक्षेत्रका योजनाको साङ्केतीकरण ........ ५३
तालिका १६ स्वास्थ्य तथा पोषण उपक्षेत्रका योजना ........ ६०
तालिका १७ स्वास्थ्य तथा पोषण उपक्षेत्रका योजनाको साङ्केतीकरण ........ ६२
तालिका १८ शिक्षा उपक्षेत्रका योजना ........ ६८
तालिका १९ शिक्षा उपक्षेत्रका योजनाको साङ्केतीकरण ........ ७०
तालिका २० खानेपानी तथा सरसफाइ उपक्षेत्रका योजना ........ ७४
तालिका २१ खानेपानी तथा सरसफाइ उपक्षेत्रका योजनाको साङ्केतीकरण ........ ७५
तालिका २२ महिला तथा बालबालिका उपक्षेत्रका योजना ........ ८०
तालिका २३ महिला तथा बालबालिका उपक्षेत्रका योजनाको साङ्केतीकरण ........ ८१
तालिका २४ युवा तथा खेलकुद उपक्षेत्रका योजना ........ ८६
तालिका २५ युवा तथा खेलकुद उपक्षेत्रका योजनाको साङ्केतीकरण ........ ८७
तालिका २६ वस्ति तथा आवास व्यवस्थापन उपक्षेत्रका योजना ........ ९१
तालिका २७ वस्ति तथा आवास उपक्षेत्रका योजनाको साङ्केतीकरण ........ ९२
तालिका २८ सडक तथा यातायात उपक्षेत्रका योजनाको साङ्केतीकरण ........ १००
तालिका २९ सडक तथा यातायात उपक्षेत्रका योजनाको साङ्केतीकरण ........ १०१
तालिका ३० विद्युत तथा वैकल्पिक ऊर्जा उपक्षेत्रका योजना ........ १०५
तालिका ३१ विद्युत तथा वैकल्पिक ऊर्जा उपक्षेत्रका योजनाको साङ्केतीकरण ........ १०६

तालिका ३२ सूचना तथा सञ्चार उपक्षेत्रका योजना........................................................११०
तालिका ३३ सूचना तथा सञ्चार उपक्षेत्रका योजनाको साङ्केतीकरण.....................................१११
तालिका ३४ वन तथा जैविक विविधता उपक्षेत्रका योजना..................................................११५
तालिका ३५ वन तथा जैविक विविधता उपक्षेत्रका योजनाको साङ्केतीकरण.............................११६
तालिका ३६ भूसंरक्षण तथा जलाधार उपक्षेत्रका योजना.....................................................१२०
तालिका ३७ भूसंरक्षण तथा जलाधार उपक्षेत्रका योजनाको साङ्केतीकरण................................१२१
तालिका ३८ वातावरण तथा फोहरमैला व्यवस्थापन उपक्षेत्रका योजना.................................१२५
तालिका ३९ वातावरण तथा फोहरमैला उपक्षेत्रका योजनाको साङ्केतीकरण.............................१२६
तालिका ४० विपद तथा जलवायु परिवर्तन उपक्षेत्रका योजना .............................................१३०
तालिका ४१ विपद तथा जलवायु परिवर्तन उपक्षेत्रका योजनाको साङ्केतीकरण.........................१३१
तालिका ४२ संस्थागत विकास तथा सुशासन उपक्षेत्रका योजना ..........................................१३६
तालिका ४३ संस्थागत विकास तथा सुशासन उपक्षेत्रका योजनाको साङ्केतीकरण......................१३८
तालिका ४४ क्षेत्र/उपक्षेत्रगत वार्षिक बजेट तथा वार्षिक लक्ष्य ............................................१४०
तालिका ४५ अनुगमन तथा मूल्याङ्कन चेकलिष्ट.................................................................१४५
तालिका ४६ क्षेत्रगत/उपक्षेत्रगत विस्तृत बजेट ..................................................................१४६

# परिच्छेद १ः परिचय

## १. पृष्ठभूमि

आवधिक विकास योजना तर्जुमा मूलतः स्थानगत विशेषताहरुमा आधारित एकीकृत तथा बहु–विषयक योजना हो । यसले गाउँपालिकाको संभावनालाई समृद्धिमा रुपान्तरण गर्ने स्पष्ट दीर्घकालीन सोंच सहित गाउँपालिका क्षेत्र विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य र प्रतिफलहरु निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता र श्रोत पहिचान तथा परिभाषित गरी गाउँपालिकाको विकासको भविष्यको मार्गचित्र तयार गर्दछ । गाउँपालिकाको अगुवाई र गाउँपालिकाको सम्पूर्ण सरोकारवालाको सक्रीय संलग्नतामा गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा गरी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरिन्छ । यसबाट स्थानीय शासन प्रक्रियामा स्थानीय विकासका संभावना, साझेदार एवं सरोकारवालाको पहिचान भई प्रभावकारी परिचालनको आधार तयार हुन्छ। आवधिक योजनामा स्थानगत विशेषताहरुको आधारमा गाउँपालिकाको एकीकृत तथा विषयगत प्रयासहरु समेटिनु पर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थापन गरिएको छ । यसका अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागु गर्नुपर्नेछ भनी उल्लेख गरिएको छ । यसका साथै उक्त दफामा योजनाहरु बनाउँदा प्राथमिकता दिनुपर्ने विषयहरुको वारेमा समेत व्यवस्था गरिएको छ । जसमध्ये गाउँपालिकाको लागि पार्श्वचित्र तयारी, सूचना व्यवस्थापन प्रणालीको स्थापना र विभिन्न क्षेत्रहरु समावेश गरी गाउँपालिकाको वृहत आवधिक योजना तयारी मुख्य रुपमा पर्दछन् । तसर्थ यस गाउँपालिकाको जनसाँख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास, तथा लैङ्गिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पाश्र्वचित्र तथा श्रोत नक्शाको अद्यावधिक अभिलेखन तथा सम्पूर्ण सूचनाहरुको व्यवस्थापन प्रणाली स्थापित गरी गाउँपालिकाको समग्र विकासको लागि विभिन्न क्षेत्रहरु समावेश भएको क्षेत्रगत आवधिक योजना तयार गरिएको छ ।

यसका लागि राष्ट्रिय योजना, प्रदेश योजनाका लक्ष्य, विषयगत नीति तथा योजना, गाउँपालिका विकासका अवधारणा र विषयगत गुरुयोजनामा आधारित भएर ५ वर्ष अवधिका लागि गाउँपालिकाको अगुवाईमा समग्र विकासको साझेदार तथा सरोकारवालाको सक्रिय संलग्नतामा सहभागितामूलक रुपमा आवधिक गाउँपालिका स्तरीय योजना तर्जुमा गरिएको छ । यो आवधिक योजना तर्जुमा गर्दा राष्ट्रिय योजना आयोग, प्रदेश योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र विषयगत मन्त्रालय तथा विकासका साझेदारबाट लिखित रुपमा प्राप्त नीति, निर्देशन तथा सुझाव समेतलाई आधारलाई मध्नजर राख्दै तयार गरिएको छ । यसका साथै विकास व्यवस्थापनको सन्दर्भमा हेर्ने हो भने आजको परिवेसले निम्त्याएको जटिल समस्या जलवायू परिवर्तन अनुकुलन, वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण, फोहोरमैला व्यवस्थापन, बालबालिका, पोषण र क्षमता विकास, सामाजिक सद्भाव, सामाजिक

जवाफदेहिता, समावेशीकरण, नैतिकता, सामाजिक उत्तरदायितत्व र नागरिक दायित्व आदि जस्ता विषयहरुलाई योजना तर्जुमा प्रक्रियामा साझा सबालको रुपमा सम्बोधन गरि तयार गरिएको छ ।

स्थानीयतहमा सकेसम्म अत्याधिक सरोकारवालाको सहभागितामा अनुशिक्षण, परामर्श र सहमतिको प्रक्रियाबाट वडा र गाउँपालिकालाई समेत आवद्ध गरी पायक पर्ने स्थानमा कार्यशाला गोष्ठीहरुको आयोजना गरी प्राप्त सूचनाको आधारमा तथ्याक संकलन, विश्लेषण, पालिकाको संभावना र आवश्यकताको विश्लेषण एवं दिर्घकालिन सोच समेत आवधिक विकास योजनाको अवधारणा तथा खाका तयार पारिएको छ । योजना तयारीको सिलसिलामा अनुशिक्षण, सूचना संकलन विश्लेषण, अवधारणा तर्जुमा, परामर्श गोष्ठी, विषयगत कार्यशाला चरणबद्ध रुपमा आयोजना गरी गाउँपालिकास्तरीय आवधिक विकास तर्जुमा कार्य सम्पन्न गरिएको छ । परिवर्तित राजनैतिक परिबेश तथा जनताको परिवर्तनप्रतिको चाहना परिपूर्ति गर्ने कार्यमा गति प्रदान गर्न गाउँपालिका, राजनीतिक दलहरु, विषयगत निकायहरु लगायत अन्य सरोकारवालाबाट गरिएको प्रतिवद्धता अनुरुप यस संस्थाको विशेषज्ञ टोलीको प्राविधिक सहयोग र सहजिकरणमा आवधिक गाउँपालिकास्तरीय विकास योजना तर्जुमाका लागि यो प्रारम्भिक प्रतिवेदन तयार गरिएको छ।

## २. औचित्य

यो आवाधिक योजनाले पालिकावासीहरूको आधारभूत आर्थिक अवसरहरू तथा सामाजिक सेवाहरूमा पहुँच वृद्धि गर्न, गाउँपालिकाको प्राकृतिक, आर्थिक तथा सामाजिक स्रोतको दिगो उपयोग सुनिश्चित गर्न सरकारी, गैरसरकारी तथा निजी लगानीलाई प्रोत्साहितगर्न गाउँपालिकाको वातावरण संरक्षण र प्रवर्द्धन गर्न, गाउँपालिकाको आर्थिक सामाजिक विकास र जनसङ्ख्याको वितरण तथा वस्तीविकास र विकास प्रक्रियामा सन्तुलन ल्याउने सन्दर्भमा उचित किसिमको निर्णयमा पुग्न आवधिक पालिका विकास योजनाले मार्गदर्शन गर्ने छ । साथै आवधिक योजनाले स्पष्ट लक्ष्य, उद्देश्य एवम् सोही अनुसारका कार्यक्रम बजेट मार्फत् अपेक्षित परिवर्तन हासिल गर्न सहज बनाउने हुँदा स्थानीय सरकारको जनआकांक्षा प्रतिविम्व गरी सोही अनुरुप विकासको गतिलाई दोहोऱ्याउन समेत पहल गर्नेछ । यसका अतिरिक्त आवधिक योजना तर्जुमा गर्नु स्थानीय सरकारको कानूनी दायित्व समेत भएकाले यो आवधिक विकास योजना गजुरी गाउँपालिकाको समग्र विकास प्रक्रियालाई मार्गदर्शन गर्ने मुख्य योजनाका रुपमा रहेको छ । यसर्थ, गाउँपालिकाको विकास, समृद्धि तथा सुशासनका प्रवर्द्धनकालागि नीतिगत तथा व्यवहारिक रुपमा आवधिक विकास योजना तर्जुमा गर्नु स्थानीय तहहरूका लागि एक प्रमुख आवश्यकताका रुपमा रहेको छ ।

## ३. कानुनी तथा नीतिगत व्यवस्था

नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनले स्थानीय स्तरका आवधिक योजना र वार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरे अनुरुप स्थानीय शासन सञ्चालन सम्बन्धी संघीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाँउ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेका छ । योजना बनाउँदा नेपाल सरकारको सोह्रौ योजना, दिगो विकासका रणनीति,

प्रदेश सरकारको दोस्रो योजना, नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुलहुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्ने व्यवस्था गरे अनुरुप आवधिक योजना निर्माण गरिएको छ ।

## ४. योजना तर्जुमाको उद्देश्य

गजुरी गाउँपालिकाको विकास र समृद्धिका लागि गाउँपालिकाको नेतृत्वमा सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एकै स्थानमा ल्याई गाउँपालिकाको एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै यस आवधिक विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो । यो योजना आर्थिक वर्ष २०८२/०८३-०८६/८७ सम्म ५ (पाँच) वर्षका लागि तर्जुमा गरिएको छ । योजना तर्जुमाका थप विशिष्ठ उद्देश्यहरू देहाय अनुसार छन् :

- दीर्घकालीन सोच उन्मुख समष्टिगत लक्ष्य, रणनीतिक कार्यक्रम तथा बजेट अनुमान सहितको विकासको रणनीतिक बृहत दस्तावेज तयार गर्ने,
- गाउँपालिकाको विकास प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने नविन तथा प्रमुख कार्यक्रम र कार्यनीति तयार गर्ने ।
- पालिकाबासीको चाहना अनुरुपको दीर्घकालीन सोच, ध्येय, लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकता तथा प्रमुख कार्यक्रम र बजेट सहितको मध्यकालीन योजना तयार गर्ने ।
- स्थानीय तहका विकासका साझेदार तथा सरोकारवालाहरूको सहभागितामा गाउँपालिकाको एकीकृत, नतिजामुखी र योजनाबद्ध विकासको मार्गचित्र तयार गर्ने,
- विषयगत रणनीतिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट तथा कार्यक्रम तयारीका लागि आधार दस्तावेज तयार गर्ने,
- आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन योजना, अनुगमन र समीक्षाका लागि सूचकहरूको खाका तयार पार्ने
- अन्य तहको सरकार, विकास साझेदार, समुदाय, सहकारी तथा निजी क्षेत्रको लगानी प्रवर्धनका लागि मार्ग प्रशस्त गर्ने ।
- पालिका विकासको स्पष्ट मार्गचित्र तयार गर्ने ।

## ५. आवधिक योजना तर्जुमा प्रक्रिया

गाउँपालिकाको यो आवधिक योजनाको तर्जुमाका लागि चरणवद्ध रुपमा विभिन्न विधि तथा प्रक्रियाहरू अवलम्बन गरिएको थियो, जुन निम्नअनुसार रहेका छन् :

### ५.१ सन्दर्भ सामग्री अध्ययन

आवधिक योजना तर्जुमा गर्ने प्रक्रियासँगै आवधिक योजना तर्जुमा सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्थाहरू अध्ययन गरिएको थियो । यसक्रममा खासगरी राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा

दिग्दर्शन २०७८, बमोजिम आवधिक योजना तर्जुमा निर्देशिका अनुसार आवधिक योजना तर्जुमाका लागि आवश्यक खाकाको तयारी गरिएको थियो । यसबाहेक संघीय सरकारको सोह्रौ योजना, बागमती प्रदेशको दोस्रो आवधिक योजना, गजुरी गाउँपालिकाका वार्षिक योजना तथा नीति कार्यक्रमहरू लगायत अन्य सम्बन्धित दस्तावेजहरूको अध्ययन गरिएको थियो । यसबाहेक, गाउँपालिकाका प्रगति प्रतिवेदन तथा अन्य दस्तावेजहरूको अध्ययन गरी गाउँपालिकाको विद्यमान वस्तुस्थिति तथा आधाररेखा सूचना संकलन गरिएको थियो । अध्ययन गरिएका दस्तावेजहरूको नामावली अनुसूची–१ मा प्रस्तुत गरिएको छ ।

## ५.२ योजना तर्जुमा कार्यशाला गोष्ठी

आवधिक विकास योजना तर्जुमा गर्ने गाउँपालिकाको निर्णय बमोजिम गाउँपालिकाको आयोजनामा २०८२ साल बैशाख २२ गते दीर्घकालीन सोच तथा योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । उक्त कार्यशाला गोष्ठीमा गाउँपालिका जनप्रतिनिधी, पदाधिकारी, कर्मचारी तथा सरोकारवालाहरू गरी कुल ८६ जनाको उपस्थिति रहेको थियो । कार्यशाला गोष्ठीको दिन आर्थिक विकास क्षेत्र, सामाजिक विकास क्षेत्र, भौतिक पूर्वाधार विकास क्षेत्र, वनवातावरण तथा विपद् जोखिम व्यवस्थापन क्षेत्र र संस्थागत विकास तथा सुशासन गरी पाँचवटा विषयगत क्षेत्रगत योजना तर्जुमाका लागि विषयगत समिति र सम्बन्धित सरोकारवालाहरू पाँचवटा समूहमा विभाजन गरी विषयक्षेत्रगत नतिजा खाका तथा प्रमुख रणनीतिक  कार्यक्रम तथा आयोजनाहरू पहिचान गरिएको थियो ।



## ५.३ आधाररेखा सूचना तथा वस्तुस्थिति विश्लेषण

आवधिक योजना तर्जुमाका लागि आवश्यक आधार रेखा सूचना गाउँपालिकाका शाखागत अभिलेखहरू, प्रगति प्रतिवेदनहरू, गाउँपालिकामा कार्यरत अन्य कार्यालयका प्रगति प्रतिवेदनहरू, प्रदेश तथा संघीय सरकार अन्तर्गतका विभिन्न निकायका प्रकाशनहरूबाट संकलन गरिएको थियो । यसका अलावा अपुग सूचना २०८२ साल  बैशाख २३ देखि २६ सम्मको वडा स्तरीय छलफल कार्यक्रम तथा २०८२ साल  जेष्ठ २३ गतेको विषयगत योजना तर्जुमा कार्यशाला गोष्ठीको सुझाव संकलन गरी विषय क्षेत्रअनुसार संभावना, अवसर, समस्या, चूनौति पहिचान गरी आवश्यक कदम/क्रियाकलाप पहिचान गरिएको थियो ।

## ५.४ योजना दस्तावेज तयारी

यो दस्तावेज मूलतः आवधिक योजना तर्जुमा सम्बन्धी निर्देशिकामा आधारित रही आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीबाट गाउँपालिकाका पदाधिकारी, कर्मचारी तथा सरोकारवाला निकायहरूसँग गरिएको

सहभागितामूलक छलफलबाट प्राप्त सूचनाका आधारमा तयार गरिएको छ । तयार भएको प्रारम्भिक मस्यौदा सुरुमा गाउँपालिकालाई उपलब्ध गराइएको छ । निर्वाचित जनप्रनिधि, कर्मचारी तथा पदाधिकारीहरूबाट प्राप्त पृष्ठपोषणबाट प्राप्त सुझावका आधारमा दस्तावेजलाई सरोकारवालाबीच पुन कार्यगोष्ठीमा छलफल गराई आवधिक योजनाको मस्यौदालाई थप सुधारका सल्लाह सुझावका आधारमा पुनः उक्त दस्तावेजलाई सुधार गरी गाउँपालिका समक्ष पेश गरिनेछ ।

## ५.५ योजना दस्तावेजको संरचना

गजुरी गाउँपालिकाको यो दस्तावेजमा कुल नौ परिच्छेद रहेका छन् । पहिलो परिच्छेदमा आवधिक योजना तर्जुमाको नीतिगत तथा कानूनी आधारहरू, यसका उद्देश्यहरू एवम् योजना तर्जुमा विधिका बारेमा प्रकाश पारिएको छ । दोस्रो परिच्छेदमा गाउँपालिकाको संक्षिप्त वस्तुस्थिति एवम् गाउँपालिका गठन पश्चात् भएका प्रमुख कार्यहरूका बारेमा प्रकाश पारिएको छ । तेस्रो परिच्छेदमा दीर्घकालीन सोच तथा अवधारणा, निर्देशक सिद्धान्तहरू, प्राथमिकताकाक्षेत्र, योजना अवधिमा प्राप्त हुन सक्ने स्रोतको अनुमान तथा प्रक्षेपण र रुपान्तरणकारी परियोजनाहरू प्रस्तुत गरिएको छ । चौथो परिच्छेद देखि आठौं परिच्छेद सम्म क्रमशः आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, वन वातावरण तथा विपद् जोखिम व्यवस्थापन र संस्थागत विकास तथा सुशासन गरी पाँचवटा विषयगत क्षेत्रहरूको विषय क्षेत्रगत योजना प्रस्तुत गरिएको छ । यी सबै योजनाहरूमा पृष्ठपोपण, उपक्षेत्रगत वस्तुस्थिति विश्लेषण, विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति, अपेक्षित उपलब्धि तथा नतिजा तालिका, आयोजना तथा कार्यक्रमको स्थानगत र अन्य विवरण समावेश गरिएको छ । नवौं परिच्छेदमा कार्यान्वयन एवम् अनुगमन तथा मूल्यांकन योजना प्रस्तुत गरिएको छ । यस परिच्छेदमा विषय क्षेत्र अनुसार अनुमानित कुल बजेट तथा आवधिक योजना कार्यान्वयनबारे संक्षिप्तमा प्रकाश पारिएको छ । परिच्छेद ९ मा आवधिक योजनाको कार्यान्वयन तथा अनुगमनका व्यवस्थाहरूका सम्बन्धमा प्रकाश पारिएको छ भने यस पश्चात् अनुसूचीहरू रहेका छन् ।

# ६. सीमा तथा परिसीमाना

यस आवधिक योजनालाई गुणस्तरीय, व्यवहारिक एवम् यथार्थपरक दस्तावेज बनाउने अधिकतम प्रयास गरिएको छ । यद्यपि, आवधिक योजना तर्जुमाको प्रक्रिया तथा विद्यमान अवस्थाले यसलाई सीमाङ्कन गरेको छ । यस सीमा/परिसिमाना देहायअनुसार रहेका छन् :

## ६.१ तथ्याङ्कीय उपलब्धता

यो योजना द्वितीय स्रोतका तथ्यांक/सूचना तथा गाउँपालिकाका पदाधिकारी, कर्मचारी र सरोकारवालाहरूसँगको सहभागितामूलक छलफलका आधारमा आवश्यक तथ्यांक संकलन गरी तर्जुमा गरिएको छ । कुनै वस्तुस्थिति विवरण तयारी नभएको अवस्थामा तर्जुमा गरिएको हुँदा यसमा आवधिक योजनाका लागि आवश्यक आधाररेखा सूचनाहरू मात्र रहेका छन् । ढाँचा, विधि तथा प्रकृयाका सम्बन्धमा गाँउकार्यपालिका कार्यालयसँगको सहमती, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, विगतका सफल अभ्यास तथा विज्ञका सुझावका आधारमा योजना तर्जुमा कार्यशालले स्थानीय वस्तुस्थिति बमोजिम तय गरेको ढाँचा विधि तथा प्रकृयाको उपयोग गरिएको थियो ।

## ६.२ लागत तथा लगानी पूर्वानुमान

विगतका अभ्यास, अनुभव र गाँउ कार्यपालिकाको कार्यालयका प्राविधिक कर्मचारी तथा योजना तर्जुमा कार्यमा संलग्न प्राविधिक सहयोग टोलीका सम्बन्धित विषय विज्ञका सुझावका आधारमा अनुमानित लागत तथा लगानीको पूर्वानुमान गरिएको छ। यो योजनाको सफल कार्यान्वयन विद्यमान संघीय तथा प्रादेशिक अनुदानको आनुपातिक वृद्धि, संघ तथा प्रदेश सरकार, निजी क्षेत्र तथा स्थानीय समुदाय र विकास साझेदार संस्थाको लागत साझेदारीको विद्यमान अवस्थामा भएको अपेक्षित सुधारमा निर्भर रहनेछ।

## ६.३ कार्यान्वयन र अपेक्षित उपलब्धि

यस आवधिक योजनाको अपेक्षित उपलब्धि हासिल हुने कुरा यसको पालनासँग प्रत्यक्ष सम्बन्धित हुनेछ। आवधिक योजना आफैंमा कार्यान्वयन गरिने दस्तावेज भन्दा वार्षिक योजनालाई दिशानिर्देशन गर्ने दस्तावेज भएको हुँदा वार्षिक कार्यान्वयन योजनालाई यस योजनासँग आबद्ध गरेर यसका लक्ष्य, उद्देश्य अनुरुप वार्षिक योजनाहरू तर्जुमा र कार्यान्वयन गर्दै गएमा मात्र यस योजनाले लक्ष्यित गरे अनुरुपका अपेक्षित उद्देश्यहरू हासिल गर्न सकिनेछ।

## ६.४ श्रोत, साधन तथा जनशक्ति

गाउँपालिकाको आवधिक विकास योजनाका लागि वार्षिक बजेट तथा कार्यक्रममा विनियोजन भएको श्रोत, सूचना तथा तथ्याङ्क र गाँउ कार्यपालिका कार्यालयमा रहेको योजना तर्जुमासँग सम्बन्धित जानकारी तथा विज्ञतालाई यथासम्भव प्रभावकारी हुने गरी परिचालन गरिएको छ। यस आवधिक विकास योजनाको कार्यान्वयनको सफलताका लागि स्रोत, साधन तथा जनशक्ति र परिचालनको विद्यमान क्षमतामा सुधार हुने अपेक्षा रहेको छ।

# परिच्छेद २ : आधारभूत वस्तुस्थिति एवम् उपलब्धि समीक्षा

## २.१ गाउँपालिकाको परिचय

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

गजुरी गाउँपालिकाको क्षेत्रफल १३८.६६ वर्ग कि.मि. रहेको देखिन्छ । यस गाउँपालिका समुन्द्री तहबाट ३७५ देखि २३०० मिटर सम्म रहेको छ भने यस पालिका २७ डिग्री ७ मिनेट उत्तरी अक्षांश, ८४ डिग्री ९८ मिनेट पूर्वी देशान्तरमा रहेको छ । यस गजुरी गाउँपालिकाको अधिकतम तापक्रम ३० डिग्री सेन्टिग्रेट, न्यूनतम तापक्रम १० डिग्री सेन्टिग्रेट भन्दा कम, हावापानी समशितोष्ण रहेको छ भने यस पालिकामा वार्षिक वर्षा २१२० मिलिमिटर सम्म हने गर्दछ ।

नेपालको बागमती प्रदेशका १३ जिल्ला मध्ये धादिङ्ग जिल्ला पनि एक हो । नेपालको संविधान बमोजिम नेपाल सरकारले स्थानीय निकायहरूको पुनःसंरचनाको लागि गठन गरेको उच्च स्तरीय आयोगले २०७३ पुष २२ मा नेपाल सरकारलाई बुझाएको प्रतिवेदन नेपाल सरकारले परिमार्जन गरी २०७३ फागुन २७ गतेबाट स्थानीय तह लागू गर्ने निर्णय अनुसार यस धादिङ जिल्लाको साविकका गजुरी, पिडा र किरानचोक गा.वि.स.लाई समायोजन गरी गजुरी गाउँपालिका गठन गरिएको छ । साविकको गजुरी गा.वि.स.लाई हालको १ नं., २ नं. र ३ नं. वडामा, साविकको पिडा गा.वि.स.लाई हालको ४ नं., ५ नं. र ६ नं. वडामा, साविकको किरानचोक गा.वि.स.लाई ७ नं. र ८ नं. वडामा समायोजन गरी यस गाउँपालिकाको निर्माण गरिएको छ । गाउँपालिकाको जम्मा क्षेत्रफल १३८.६६ वर्ग किलोमिटर रहेको छ भने यसको सिमानामा पूर्वमा गल्छी गाउँपालिका, पश्चिममा बेनिघाट रोराङ गाउँपालिका, उत्तरमा त्रिशुली नदीको किनार र दक्षिणमा मकवानपुर जिल्ला रहेको छ ।

ऐतिहासिक भनाई अनुसार तत्कालिन गोरखाका राजा पृथ्वी नारायण शाहले नेपाल एकिकरणको समयमा गोरखाबाट नुवाकोट जाने क्रममा आफ्नो शिरको गजुर बिसाएकोले यस ठाउँको नाम गजुरी हुन गएको हो । सोही साविकको गजुरी भन्ने स्थान पछिल्लो समयमा गजुरी गाउँ विकास समिति हुँदै हाल गजुरी गाउँपालिका बनेको हो । यसरी यस गाउँपालिका भित्र भद्रकाली, सिद्धेश्वर, ओडारे महादेवस्थान, पिण्डेश्वरी, ईन्द्रायणी, सानो पशुपतिनाथ आदि विभिन्न मठ मन्दिरहरू रहेका छन् ।

*तालिका १ वडा विभाजन*

| वडा नं. | साविकका वडाहरु | साविकका गा.वि.स.हरु |
|---|---|---|
| १ | १ र २ | गजुरी गा.वि.स. |
| २ | २.४ र ८ | गजुरी गा.वि.स. |
| ३ | ५, ६, ७, ९ | गजुरी गा.वि.स. |
| ४ | ७, ८, ९ | पिडा गा.वि.स. |
| ५ | २, ४, ५ | पिडा गा.वि.स. |
| ६ | १, ३, ६ | पिडा गा.वि.स. |
| ७ | ६, ७, ८, ९ | किरान्चोक गा.वि.स. |
| ८ | १, २, ३, ४, ५ | किरान्चोक गा.वि.स. |

### २.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा

धादिङ जिल्लाको गजुरी गाउँपालिकामा विभिन्न प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरू पाइन्छन् । यहाँको प्रमुख प्राकृतिक सम्पदामा त्रिशूली नदी, हरियाली वन क्षेत्र र सुन्दर पहाडी दृश्यहरू पर्दछन् जसले वातावरणीय संरक्षण र पर्यटन विकासमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । यस क्षेत्रका सांस्कृतिक सम्पदामा विभिन्न जातजाति जस्तै तामाङ, मगर, नेवार, ब्राह्मण र क्षेत्री समुदायका भाषा, भेषभूषा, परम्परा तथा चाडपर्वहरू पर्दछन् । साथै स्थानीय देवी–देवताका मन्दिर तथा धार्मिक परम्पराहरूले यहाँको सांस्कृतिक पहिचानलाई अझ समृद्ध बनाएका छन् ।

### २.१.३ जनसांख्यिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार र यस गजुरी गाउँपालिकाको कूल जनसख्या २८,६३४ रहेको छ जसमा महिलाको जनसंख्या १४,३२६ र पुरुषको जनसंख्या १४,३०८ रहेको छ । यस गाउँपालिकामा जम्मा ६८३९ घरपरिवारहरुको बसोबास रहेको छ । यसअनुसार यहाँको औसत जनघनत्व २०७ जना प्रति वर्ग कि.मि. रहेको छ ।

*तालिका २ वडा अनुसार घरधुरी तथा जनसंख्या विवरण*

| वडा नं. | घरपरिवार संख्या | जनसंख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | १४२७ | २६४१ | २६८२ | ५३२३ |
| २ | १०३४ | २१४० | २०७९ | ४२१९ |
| ३ | ४५८ | ९९५ | १०१३ | २००८ |
| ४ | ५८७ | १४८० | १४४९ | २९२९ |
| ५ | ९५५ | १९३५ | १९६२ | ३८९७ |
| ६ | ११२७ | २३८९ | २३९७ | ४७८६ |
| ७ | ४९३ | ११३८ | १११४ | २२५२ |
| ८ | ७५८ | १६०८ | १६१२ | ३२२० |
| जम्मा | ६८३९ | १४३२६ | १४३०८ | २८६३४ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

वि.सं. २०६८ सालको जनगणना अनुसार यहाँको कुल जनसख्या २७,०८४ (महिला १३,७७३ ) र पुरुष १३,३११ थियो । यस पछिल्लो तथ्यांक अनुसार यस करिब १० वर्षको अवधिमा यहाँको जनघनत्व प्रति व.कि.मी.मा ११

जनाले वृद्धि भई कुल २०७ जना प्रति वर्ग कि.मी. पुगेको छ। उमेर समूह अनुसारको जनसंख्या अध्ययन गर्दा गजुरी गाउँपालिका सम्पन्न रहेको देखिन्छ। यहाँ १०–४९ वर्ष उमेर समूहको जनसंख्या कुल जनसंख्याको ६३.३% रहेको देखिन्छ भने ५०–५९ वर्ष उमेर समूह समेतको जनसंख्या गणना गर्दा यहाँ सक्रिय उमेर समूहको कुल जनसंख्या ७१.३% प्रतिशत रहेको छ। यसरी  कुल जनसंख्याको ठूलो हिस्सा सक्रिय उमेर समूहको जनसंख्या रहेकोले स्थानीय स्तरमा रोजगारीका अवसरहरू सिर्जना गरी आर्थिक वृद्धिलाई तीव्रता दिने लगायतका जनसांख्यिक लाभांश लिन सक्ने अवसर  रहेको छ। गाउँपालिकाको उमेर समूह अनुसारको जनसंख्याको थप विवरण देहाय अनुसार रहेको छ:

*तालिका ३ उमेर समूह अनुसार जनसंख्या विवरण*

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ९५ माथि | १४ | ११ | २५ | ०.०९ |
| ९०-९४ | २९ | २३ | ५२ | ०.१८ |
| ८५-८९ | ८३ | ७१ | १५४ | ०.५४ |
| ८०-८४ | १०३ | ९३ | १९६ | ०.६८ |
| ७५-७९ | २०३ | १८९ | ३९२ | १.३७ |
| ७०-७४ | २८७ | २९७ | ५८४ | २.०४ |
| ६५-६९ | ३८८ | ३८४ | ७७२ | २.७० |
| ६०-६४ | ४७८ | ४२७ | ९०५ | ३.१६ |
| ५५-५९ | ५१० | ४७८ | ९८८ | ३.४५ |
| ५०-५४ | ६६३ | ६४९ | १३१२ | ४.५८ |
| ४५-४९ | ६६३ | ६५१ | १३१४ | ४.५९ |
| ४०-४४ | ८२६ | ८५२ | १६७८ | ५.८६ |
| ३५-३९ | ९०९ | ९९६ | १९०५ | ६.६५ |
| ३०-३४ | ९१४ | १००३ | १९१७ | ६.६९ |
| २५-२९ | १२३३ | १२३८ | २४७१ | ८.६३ |
| २०-२४ | १२८८ | १३६८ | २६५६ | ९.२८ |
| १५-१९ | १५७१ | १५६४ | ३१३५ | १०.९५ |
| १०-१४ | १५५४ | १४९६ | ३०५० | १०.६५ |
| ०५-०९ | १३७४ | १३०३ | २६७७ | ९.३५ |
| ००-०४ | १२३६ | १२१५ | २४५१ | ८.५६ |
| **जम्मा** | **१४३२६** | **१४३०८** | **२८६३४** | **१००** |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

## २.२ आर्थिक विकासको अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षाको वस्तुस्थिति तथा उपलब्धि

गजुरी गाउँपालिकामा कृषि स्थानीय अर्थतन्त्रको प्रमुख आधारको रूपमा रहेको छ । उपलब्ध तथ्याङ्क अनुसार यहाँको करिब ८० प्रतिशत जनसंख्या कृषि पेशामा आबद्ध रहेका छन् । गाउँपालिकाको कुल क्षेत्रफलमध्ये करिब २५ प्रतिशत भूमि कृषि योग्य रहेको छ भने करिब १८८९ हेक्टर जमिनमा खेती गरिएको पाइन्छ । यसले कृषि उत्पादन र ग्रामीण जीविकोपार्जनमा कृषि क्षेत्रको महत्वपूर्ण भूमिका रहेको देखाउँछ । यहाँ धान, मकै, कोदो, गहुँ जस्ता अन्नबालीका साथै तरकारी खेती पनि व्यापक रूपमा गरिँदै आएको छ जसले स्थानीय खाद्य आवश्यकताको पूर्ति गर्न सहयोग पुऱ्याएको छ ।

खाद्यसुरक्षा र कृषि विकासलाई सुदृढ बनाउन गाउँपालिकाले कृषि तथा पशुपालन क्षेत्रलाई आधुनिकीकरण र व्यावसायीकरण गर्ने कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । यस अन्तर्गत किसानहरूलाई विभिन्न तालिम, गोष्ठी तथा क्षमता विकास कार्यक्रम आयोजना गरी कृषि सम्बन्धी ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्ने कार्य भइरहेको छ । साथै गाउँपालिकाले खाद्यान्न, तरकारी, मासु र अण्डा उत्पादनमा आत्मनिर्भर बन्ने लक्ष्य राखेर कार्यक्रमहरू अघि बढाएको छ । यस्ता पहलहरूले स्थानीय उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा दीर्घकालीन खाद्यसुरक्षा सुनिश्चित गर्न सकारात्मक योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

### २.२.२ पर्यटन तथा संस्कृतिको वस्तुस्थिति तथा उपलब्धि

गजुरी गाउँपालिका प्राकृतिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण सम्भावना बोकेको क्षेत्र हो । यहाँका प्रमुख पर्यटकीय स्थलहरूमा गुप्तेश्वर गुफा, टुडी झरना, थाम भञ्ज्याङ तथा कंकालिनी मन्दिर लगायतका स्थानहरू पर्दछन् । यी स्थानहरू प्राकृतिक सौन्दर्य, धार्मिक आस्था तथा स्थानीय संस्कृतिसँग सम्बन्धित भएकाले आन्तरिक पर्यटन विकासका लागि महत्वपूर्ण आधार मानिन्छन् । साथै गाउँपालिकाभित्र ३५ भन्दा बढी धार्मिक स्थलहरू रहेका छन्, जसले यहाँको धार्मिक तथा सांस्कृतिक पहिचानलाई बलियो बनाएको छ ।

यद्यपि पर्यटकीय तथा धार्मिक स्थलहरूको संख्या धेरै भए पनि ती स्थानहरूको प्रचार–प्रसार, व्यवस्थापन तथा स्तरोन्नति पर्याप्त रूपमा हुन सकेको छैन । उचित मार्केटिङ, पूर्वाधार विकास र पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न सकेमा यहाँको पर्यटन क्षेत्र अझै विकास हुने सम्भावना रहेको छ । त्यसैले गाउँपालिकाले पर्यटन क्षेत्रलाई आर्थिक विकासको आधारका रूपमा अघि बढाउन आवश्यक नीति, योजना तथा कार्यक्रमहरू लागू गर्ने अवसर रहेको देखिन्छ जसले स्थानीय संस्कृति संरक्षणसँगै रोजगारी र आयआर्जनका अवसरहरू पनि विस्तार गर्न सहयोग पुऱ्याउन सक्छ ।

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

यस गाउँपालिकामा उद्योग, व्यापार र व्यवसाय क्षेत्र स्थानीय आर्थिक गतिविधिको महत्वपूर्ण आधारका रूपमा विकसित हुँदै गएको छ । यहाँ साना तथा घरेलु उद्योग, खुद्रा पसल, होटल तथा रेस्टुरेन्ट, कृषि तथा पशुजन्य उत्पादनमा आधारित व्यवसायहरू सञ्चालनमा रहेका छन् । विशेष गरी त्रिशूली नदी किनार तथा पृथ्वी राजमार्ग आसपासका बजार क्षेत्रमा व्यापारिक गतिविधि बढी केन्द्रित देखिन्छ । यी व्यवसायहरूले स्थानीय उत्पादनको बिक्री–वितरण र रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान पुऱ्याएका छन् ।

साथै गाउँपालिकाले स्थानीय व्यापार तथा व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले साना उद्यम विकास, सीपमूलक तालिम, तथा उद्यमशीलता प्रवर्द्धनसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । आवश्यक दैनिक उपभोग्य

वस्तुहरूको आपूर्ति व्यवस्थापनका लागि स्थानीय बजार तथा पसलहरू सक्रिय रहेका छन् जसले स्थानीय बासिन्दालाई आवश्यक सामग्री उपलब्ध गराउन सहयोग गरेको छ । यस्ता गतिविधिहरूले स्थानीय अर्थतन्त्र सुदृढ बनाउन तथा उद्योग–व्यवसाय विस्तार गर्न सकारात्मक भूमिका खेलेका छन् ।

### २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

यस गाउँपालिकामा आम्दानी र रोजगारीको मुख्य आधार कृषि, पशुपालन, साना व्यापार तथा वैदेशिक रोजगारी रहेको पाइन्छ । गाउँपालिकाका धेरैजसो मानिसहरू कृषि तथा कृषि सम्बन्धी क्रियाकलापमा संलग्न रहेका छन् भने केही स्थानीय बासिन्दा व्यापार, सेवा क्षेत्र तथा श्रममुखी काममा आबद्ध छन् । साथै वैदेशिक रोजगारीमा जाने प्रवृत्ति पनि उल्लेख्य रहेको छ, जसबाट प्राप्त रेमिटेन्सले धेरै परिवारको आर्थिक अवस्थालाई सहयोग पुऱ्याएको देखिन्छ । यसले स्थानीय स्तरमा आम्दानीका स्रोत विस्तार गर्न महत्वपूर्ण भूमिका खेलेको छ ।

वित्तीय सेवाको दृष्टिले गाउँपालिकाभित्र विभिन्न बैंक, सहकारी संस्था तथा वित्तीय संस्थाहरू सञ्चालनमा रहेका छन्, जसले स्थानीय बासिन्दालाई बचत, ऋण तथा लगानीसम्बन्धी सेवा प्रदान गरिरहेका छन् । यस्ता संस्थाहरूले साना व्यवसाय सञ्चालन, कृषि लगानी तथा उद्यमशीलता विकासमा सहयोग पुऱ्याएका छन् । साथै वित्तीय साक्षरता तथा बचत गर्ने बानी विकास हुँदै गएकोले स्थानीय आर्थिक गतिविधि क्रमशः सुदृढ बन्दै गएको देखिन्छ ।

### २.२.५ सहकारी

सहकारी संस्थाहरू स्थानीय आर्थिक तथा सामाजिक विकासका महत्वपूर्ण आधारका रूपमा रहेका छन् । यहाँ विभिन्न बचत तथा ऋण सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन्, जसले स्थानीय बासिन्दालाई बचत गर्ने बानीको विकास गराउनुका साथै सुलभ रूपमा ऋण उपलब्ध गराउने कार्य गर्दै आएका छन् । सहकारी संस्थामार्फत कृषि, पशुपालन, साना उद्योग तथा व्यापार व्यवसाय सञ्चालन गर्न आवश्यक आर्थिक सहयोग प्राप्त भइरहेको छ जसले स्थानीय उत्पादन तथा आयआर्जनमा सकारात्मक प्रभाव पारेको छ ।

सहकारी संस्थाहरूले सदस्यहरूको आर्थिक अवस्था सुधार गर्न बचत संकलन, ऋण प्रवाह, तथा वित्तीय सचेतनासम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । यसका साथै सहकारीमार्फत सामूहिक लगानी, उद्यमशीलता विकास तथा स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने प्रयासहरू पनि भइरहेको छ । यस्ता गतिविधिहरूले ग्रामीण अर्थतन्त्र सुदृढ बनाउन र समुदायको आर्थिक आत्मनिर्भरता बढाउन महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन् ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

गजुरी गाउँपालिकामा स्वास्थ्य सेवा प्रदान गर्न मुख्य रूपमा गजुरी प्राथमिक स्वास्थ्य केन्द्र (PHC) रहेको छ जसले आधारभूत स्वास्थ्य सेवाहरू उपलब्ध गराउँदै आएको छ । गाउँपालिकाभित्र ४ वटा आधारभूत स्वास्थ्य केन्द्र, २ वटा स्वास्थ्य चौकी तथा १ वटा आँखा उपचार केन्द्र सञ्चालनमा रहेका छन् । यी संस्थामार्फत स्थानीय नागरिकलाई प्राथमिक उपचार, स्वास्थ्य जाँच तथा विभिन्न आधारभूत स्वास्थ्य सेवाहरू प्रदान गरिँदै आएको छ ।

गाउँपालिकाले स्वास्थ्य क्षेत्र सुधारका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। सुत्केरी महिलाका लागि रु. २००० का दरले उपचार खर्च छुट प्रदान गरिएको छ भने पूर्ण खोपयुक्त गाउँपालिका सुनिश्चितता कार्यक्रम नियमित रूपमा सञ्चालनमा रहेको छ । स्वास्थ्य संस्थाहरूमा २४ घण्टा प्रसूति सेवा उपलब्ध गराइएकाले स्वास्थ्य संस्थामै सुत्केरी हुने महिलाको संख्या वृद्धि भएको छ र यसले मातृ मृत्युदर तथा शिशु मृत्युदरमा उल्लेखनीय कमी ल्याउन सहयोग पुगेको छ । साथै घर–घरमा पुगेर नागरिकको स्वास्थ्य जाँच गर्ने कार्यक्रम तथा स्वास्थ्य शिविरमार्फत

समुदायस्तरमै स्वास्थ्य सेवा उपलब्ध गराउने अभ्यास गरिएको छ । अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका लागि वडास्तरमा शिविर सञ्चालन गरी परिचयपत्र वितरण गरिएको छ र सम्भावित लाभग्राहीलाई सामाजिक सुरक्षा भत्तामा समेट्ने कार्य पनि गरिएको छ । यसका अतिरिक्त नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम गजुरी गाउँपालिकामा लागू भइसकेको छ, जसले नागरिकको स्वास्थ्य सेवामा पहुँच विस्तार गर्न सहयोग पुऱ्याएको छ ।

### २.३.२ शैक्षिक विकास

गाउँपालिकामा सामुदायिक विद्यालय, संस्थागत विद्यालय तथा धार्मिक विद्यालय गरी जम्मा ४५ वटा शैक्षिक संस्थाहरू सञ्चालनमा रहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार पालिकाको साक्षरता दर करिब ७२.९ प्रतिशत रहेको छ जसमा पुरुष साक्षरता ७८.६% र महिला साक्षरता दर ६७.२% रहेको देखिन्छ । विपन्न तथा दलित बालबालिकालाई शैक्षिक सामग्री तथा विद्यालय पोशाकको व्यवस्था गरिँदै आएको छ । तर पनि शिक्षा क्षेत्रमा केही चुनौतीहरू विद्यमान छन् । विद्यालयहरूमा आधुनिक प्रविधि तथा शैक्षिक सामग्रीको प्रयोग सीमित रहेको छ भने विद्यालय हाताभित्र जंक फुड निषेध प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन । धेरै विद्यालयसम्म पुग्ने बाटो गुणस्तरीय नभएको, अनुगमन तथा पोषणसम्बन्धी कार्यक्रमहरूको अपेक्षित प्रभाव नदेखिएको, विद्यालयहरूको शैक्षिक स्तर समान नभएको तथा अध्ययनलाई सीप र श्रमसँग जोड्ने अवसरहरू पनि सीमित रहेका छन् । साथै बालबालिका, महिला तथा अपाङ्गमैत्री भौतिक संरचनाको पनि अभाव रहेको अवस्था देखिन्छ ।

गाउँपालिकाले शिक्षा क्षेत्रको सुधार र गुणस्तर अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । विद्यार्थीहरूलाई प्रत्येक वर्ष छात्रवृत्ति उपलब्ध गराइँदै आएको छ । यसले विपन्न तथा जेहेन्दार विद्यार्थीहरूको अध्ययनमा सहयोग पुगेको छ । साथै पालिकामा शिक्षा समितिको नियमित बैठक बस्दै आएको छ र शिक्षा सुधारका लागि विभिन्न निर्णय तथा कार्यहरू कार्यान्वयन हुँदै आएका छन् । विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी मिलान गर्ने, विद्यालयहरूमा बालमैत्री कक्षाकोठा व्यवस्थापन गर्ने, स्थानीय पाठ्यक्रम निर्माण गर्ने तथा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) को व्यवस्थापन गर्ने जस्ता कार्यहरू सम्पन्न भएका छन् । यी प्रयासहरूले विद्यालय व्यवस्थापनलाई सुदृढ बनाउन र समग्र शैक्षिक गुणस्तर अभिवृद्धिमा सकारात्मक परिणाम देखिन थालेका छन् ।

### २.३.३ खानेपानी तथा सरसफाइ

गाउँपालिकामा नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध गराउने उद्देश्यले विभिन्न खानेपानी आयोजनाहरू सञ्चालनमा रहेका छन् । उपलब्ध तथ्याङ्क अनुसार करिब ५४.७ प्रतिशत पालिकावासीका घरभित्र पाइपमार्फत खानेपानीको पहुँच रहेको छ भने करिब ३४.१ प्रतिशत घरपरिवारले घर बाहिर रहेको पाइपमार्फत खानेपानी उपयोग गर्दै आएका छन् । बाँकी पालिकावासीले कुवा तथा चापाकल जस्ता स्रोतबाट खानेपानी प्रयोग गर्दै आएका छन् । यसरी विभिन्न माध्यमबाट खानेपानी सेवा विस्तार गर्ने प्रयासले स्थानीय नागरिकको खानेपानी पहुँचमा सुधार आएको देखिन्छ । साथै समुदायमा सरसफाइसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने तथा व्यक्तिगत तथा वातावरणीय सरसफाइ प्रवर्द्धन गर्ने कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । तर पनि सबै घरधुरीमा सुरक्षित तथा गुणस्तरीय खानेपानी सेवा पुऱ्याउने, खानेपानी प्रणालीको दिगो व्यवस्थापन गर्ने र सरसफाइ पूर्वाधारलाई थप सुदृढ बनाउने आवश्यकता अझै रहेको देखिन्छ ।

### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्न लक्षित वर्ग केन्द्रित कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य पछाडि परेका

समुदायलाई समेट्ने उद्देश्यले लक्षित वर्ग कार्यक्रमहरू बहुपक्षीय रूपमा सञ्चालन गरिएको छ । यस्ता कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाउन गहन रूपमा कार्यान्वयन गर्ने प्रयास पनि गरिएको देखिन्छ। तथापि, सामाजिक लेखा परीक्षण नियमित रूपमा हुन नसकेको अवस्था रहेकोले कार्यक्रमहरूको प्रभावकारिता र पारदर्शितालाई अझ सुदृढ बनाउन भविष्यमा सामाजिक लेखा परीक्षणलाई व्यवस्थित रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ।

### **२.३.५ युवा, खेलकुद तथा कला**

गाउँपालिकामा युवा तथा खेलकुद क्षेत्रको विकासका लागि विभिन्न गतिविधिहरू सञ्चालन हुँदै आएका छन् । युवाहरूको सहभागिता बढाउन अध्यक्ष कप लगायत विभिन्न खेलकुद प्रतियोगिताहरू आयोजना गरिएको छ। साथै राष्ट्रिय स्तरमा सफलता हासिल गर्ने खेलाडी तथा विजेताहरूलाई सम्मान गर्ने कार्य पनि गरिएको छ जसले खेलकुदप्रति युवाहरूलाई थप प्रेरित गर्न सहयोग पुगेको छ। खेलकुद पूर्वाधार विकासका लागि खेलकुद मैदान निर्माण कार्य पनि अगाडि बढिरहेको अवस्थामा रहेको छ जसले भविष्यमा युवाहरूलाई खेलकुद अभ्यास तथा प्रतियोगिता सञ्चालनका लागि थप अवसर सिर्जना गर्ने अपेक्षा गरिएको छ।

## २.४ पूर्वाधार तथा सहरी विकासको अवस्था

### **२.४.१ वस्ति, आवास, भवन तथा सार्वजनिक निर्माण**

गाउँपालिकाको वडा नं. १ मा जनसंख्या, व्यावसायिक तथा प्रशासनिक गतिविधि केन्द्रित भई शहरी केन्द्रको रूपमा विकास हुँदै गएको छ भने अन्य वडाहरू मुख्यतः ग्रामीण बस्तीका रूपमा रहेका छन् । ती क्षेत्रहरूमा कृषि तथा पशुपालन मुख्य पेशाका रूपमा प्रचलित छन् र वन क्षेत्र तथा अन्य प्राकृतिक स्रोतहरू पनि सम्भावित विकासका क्षेत्रका रूपमा रहेका छन्। गाउँपालिकाभित्र धेरैजसो क्षेत्र कृषि योग्य भूमि रहेको पाइन्छ। आवासको अवस्थातर्फ हेर्दा गाउँपालिकाका कुल घरपरिवारमध्ये करिब ५२.६ प्रतिशत परिवार पक्की घरमा बसोबास गर्दै आएका छन् भने करिब ४०.७ प्रतिशत परिवार अर्धपक्की तथा बाँकी परिवार कच्ची घरमा बसोबास गरिरहेका छन् । यद्यपि बस्ती तथा आवास विकासलाई व्यवस्थित बनाउन भूमि उपयोग योजना (Land Use Plan) को प्रभावकारी कार्यान्वयन हुन नसकेको अवस्था देखिन्छ जसका कारण बस्ती विकास र सार्वजनिक निर्माण कार्यलाई थप योजनाबद्ध रूपमा अगाडि बढाउन आवश्यक देखिन्छ।

### **२.४.२ सडक, पुल तथा यातायात**

गाउँपालिकाभित्र करिब १४.५ किलोमिटर सडक पक्की रहेको छ भने सम्पूर्ण वडाहरूलाई जोड्ने अधिकांश सडकहरू अझै कच्ची अवस्थामा रहेका छन् । सडक पूर्वाधार पर्याप्त रूपमा विकास हुन नसक्दा पालिकावासीहरूलाई सहज तथा नियमित यातायात सेवा प्राप्त गर्न अझै कठिनाइ भइरहेको अवस्था देखिन्छ । तथापि, करिब ८३ प्रतिशत पालिकावासीहरूले कम्तीमा एक वा सोभन्दा बढी प्रकारका यातायात साधनको प्रयोग गर्दै आएका छन् जसले गाउँपालिकामा यातायात सेवाको प्रयोग विस्तार हुँदै गएको संकेत गर्दछ । आगामी दिनमा सडक स्तरोन्नति तथा यातायात पूर्वाधार विकासलाई थप प्राथमिकतामा राख्नुपर्ने आवश्यकता देखिन्छ।

### **२.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा**

गाउँपालिकामा करिब ७८.४ प्रतिशत घरपरिवारमा विद्युत् सेवा उपलब्ध रहेको छ जसले दैनिक जीवन, शिक्षा, स्वास्थ्य सेवा र व्यवसायिक गतिविधिमा सहजता ल्याएको छ। बाँकी घरपरिवारलाई वैकल्पिक ऊर्जाका माध्यमबाट प्रकाश र आवश्यक ऊर्जा प्रदान गर्ने प्रयास भइरहेको छ । साथै, वडास्तरमा सौर्य ऊर्जा तथा साना जलविद्युत

आयोजनाको प्रवर्द्धन हुँदै आएको छ जसले विद्युत् पहुँच विस्तार गर्न र ऊर्जामा आत्मनिर्भरता बढाउन योगदान पुऱ्याएको छ।

### २.४.४ सूचना तथा सञ्चार प्रविधि

गाउँपालिकामा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तारका लागि विभिन्न प्रयासहरू भइरहेका छन्। उपलब्ध तथ्याङ्क अनुसार करिब ७५ प्रतिशत घरपरिवारमा मोबाइल सेवा उपलब्ध रहेको छ भने करिब ६५ प्रतिशत घरपरिवारमा इन्टरनेट पहुँच रहेका छन्। साथै, करिब ५८ प्रतिशत घरपरिवारले स्थायी टेलिफोन सेवा वा अन्य सञ्चार माध्यम प्रयोग गरिरहेका छन्। यसरी सूचना र सञ्चार प्रविधिमा पहुँच विस्तार भईरहे पनि अझै केही ग्रामीण तथा दुर्गम क्षेत्रमा सेवाको गुणस्तर सीमित रहेकोले सबै घरपरिवारलाई विश्वसनीय र दिगो सञ्चार सेवा उपलब्ध गराउने आवश्यकता देखिन्छ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

गाउँपालिकामा करिब ७८.५ प्रतिशत क्षेत्रफल वनमै छाइरहेको छ जसले वातावरणीय सन्तुलन कायम राख्न र स्थानीय समुदायका लागि दिर्घकालीन स्रोत उपलब्ध गराउन महत्वपूर्ण भूमिका खेलेको छ। वन क्षेत्रमा विविध प्रजातिका रूख, जडीबुटी र स्थानीय वन्यजन्तु पाइन्छन् जसले जैविक विविधतालाई संरक्षण गर्न सहयोग पुऱ्याएको छ। साथै, स्थानीय वन व्यवस्थापन समितिहरूमार्फत वन संरक्षण, वृक्षरोपण तथा वन्यजन्तु संरक्षणका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। यसले स्थानीय स्तरमै जैविक विविधता संरक्षण र दिगो विकास प्रवर्द्धन गर्न योगदान पुऱ्याएको देखिन्छ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

गाउँपालिकामा भूसंरक्षण र जलाधार व्यवस्थापनका लागि विभिन्न पहलहरू सञ्चालनमा रहेका छन्। डाँडापहाड क्षेत्रमा खहरे, तलाउ तथा ड्याम निर्माण गरी वर्षामा पानीको बहाव नियन्त्रण र माटो क्षय रोक्ने उपायहरू लागू गरिएको छ। साथै, स्थानीय बासिन्दा, किसान र विद्यालयहरूसँग समन्वय गर्दै हरियाली प्रवर्द्धन, माटोको जुत्ता संरक्षण र नदीनालामा ढलान तथा बाँध निर्माण गर्ने कार्यहरू भइरहेका छन्। यी प्रयासहरूले बाढी र पहिरो जोखिम घटाउन, सिँचाइको दिगो उपयोग सुनिश्चित गर्न र जलस्रोत संरक्षणमा सकारात्मक योगदान पुऱ्याएको देखिन्छ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

गाउँपालिकामा वातावरणीय संरक्षण र जलवायु उत्थानशीलता प्रवर्द्धन गर्न विभिन्न पहलहरू भइरहेको देखिन्छ। करिब ६५ प्रतिशत वडाहरूमा स्थानीय स्तरमा वातावरणीय संरक्षणका कार्यक्रमहरू सञ्चालन भइरहेका छन् भने ३ वटा वडामा विशेष परियोजनाहरू मार्फत जलवायु अनुकूल कृषि, बायो–ग्यास, र हरित ऊर्जा प्रवर्द्धनका गतिविधिहरू सञ्चालन भइरहेका छन्। यसले स्थानीय स्तरमै वातावरणीय सन्तुलन कायम राख्न र जलवायु परिवर्तनका प्रभावलाई न्यूनिकरण गर्न सहयोग पुऱ्याएको छ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

गाउँपालिकामा विपद व्यवस्थापनको तयारी र क्षमता अभिवृद्धि गर्न विभिन्न कदम चालिएका छन्। स्थानीय स्तरमा बाढी, डुबान, पहिरो, भूकम्प र आगलागी जस्ता प्राकृतिक जोखिमको न्यूनीकरण तथा आकस्मिक व्यवस्थापनका लागि रणनीति र पूर्वतयारी गरिएको छ। साथै पालिकाका वडा कार्यालयहरू र स्वास्थ्य संस्थाहरूले विपद व्यवस्थापन तालिम र अभ्यास कार्यक्रम सञ्चालन गरी स्थानीय जनप्रतिनिधि, कर्मचारी तथा समुदायलाई सचेत र सक्षम बनाउने

काम गरिरहेका छन् । यसले विपदको समयमा तत्काल उद्धार, राहत र पुनःस्थापना कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न योगदान पुऱ्याएको छ ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

गाउँपालिकाले सुशासन सुनिश्चित गर्न विभिन्न स्थानीय नीति र ऐनहरू कार्यान्वयनमा ल्याएको छ । पालिकामा लागू गरिएका ऐनअनुसार सामाजिक, आर्थिक र वातावरणीय विकाससँग सम्बन्धित निर्णय तथा कार्यक्रमहरू पारदर्शी रूपमा सञ्चालन भइरहेका छन् । नीति निर्माणमा वडा, समुदाय र सरोकारवालासँगको समन्वयका माध्यमबाट स्थानीय आवश्यकता र प्राथमिकता पहिचान गरी कार्ययोजना तय गरिएको छ । नागरिकको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्न सार्वजनिक सुनुवाई, वार्ता तथा प्रतिवेदन प्रस्तुत गर्ने प्रक्रिया अपनाइएको छ । यसले निर्णय प्रक्रियामा पारदर्शिता, जवाफदेहिता र सहभागिता सुनिश्चित गर्न सहयोग पुऱ्याएको छ । पारदर्शिता वृद्धि, दिगो विकासका कार्यक्रम कार्यान्वयन, र गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न नीति–निर्माण तथा निगरानी प्रणाली मजबुत गरिएको छ । यसरी स्थानीय नीति र ऐनको प्रभावकारी कार्यान्वयनले सुशासनको वातावरण सिर्जना गर्ने लक्ष्यमा महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

### २.६.२ सङ्गठनात्मक विकास

गाउँपालिकामा सङ्गठनात्मक विकासका लागि विभिन्न संरचनागत सुधारहरू गरिएका छन् । कर्मचारी, कर्मचारी संरचना र कामकाज प्रक्रियाको व्यवस्थित व्यवस्थापन गरी दक्षता बढाउने प्रयास गरिएको छ । वडास्तरमा सेवा प्रवाहलाई सहज बनाउन कर्मचारी तालिम, क्षमता अभिवृद्धि र पदबिन्यासको सुधार गरिएको छ । सूचना प्रवाह, अभिलेख व्यवस्थापन र कार्य–प्रणाली प्रणालीलाई डिजिटल माध्यमबाट व्यवस्थित गर्दै पालिकाको प्रशासनिक कार्य दक्ष र पारदर्शी बनाउन पहल गरिएको छ । सङ्गठनात्मक सुधारमार्फत योजना र कार्यक्रमको कार्यान्वयनमा समन्वय, जवाफदेहिता र निगरानी प्रणाली सुदृढ बनाउने काम भइरहेको छ ।

### २.६.३ श्रोत परिचालन

गाउँपालिकाले उपलब्ध स्रोतहरूको प्रभावकारी परिचालन गर्दै वित्तीय, मानव र भौतिक स्रोतको समुचित उपयोग सुनिश्चित गर्ने प्रयास गरेको छ । बजेट तयार गर्दा प्राथमिकता निर्धारण, स्रोतको पारदर्शी प्रयोग र खर्चमा जवाफदेहिता कायम राख्न आवश्यक प्रक्रिया अपनाइएको छ । कर, अनुदान र दातृ निकायबाट प्राप्त रकमलाई योजना अनुसार परिचालन गर्दै स्थानीय विकास, स्वास्थ्य, शिक्षा, सडक, खानेपानी र वातावरणीय कार्यक्रममा लगानी गरिएको छ । स्रोत परिचालनमा अनुगमन र लेखा परीक्षण प्रणाली लागू गरिएर दिगो र पारदर्शी उपयोग सुनिश्चित गर्ने अभ्यास गरिएको छ । यसले गाउँपालिकाका कार्यक्रमहरू समयमै र गुणस्तरीय रूपमा सञ्चालन हुन सहयोग पुऱ्याएको छ ।

### २.६.४ योजना व्यवस्थापन

योजना व्यवस्थापनलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले वार्षिक तथा पंचवर्षीय योजना निर्माणको प्रक्रिया अपनाइएको छ । योजना निर्माणमा वडास्तर, समुदाय र सरोकारवालासँगको समन्वय सुनिश्चित गरी आवश्यकता र प्राथमिकताअनुसार कार्यक्रम निर्धारण गरिएको छ। योजना कार्यान्वयनका लागि जिम्मेवारी निर्धारण, समयसीमा र अनुगमन प्रणाली तयार गरिएको छ । कार्यक्रमको प्रगति र परिणामलाई नियमित मूल्याङ्कन गरी सुधारात्मक कदम चालिने अभ्यास गरिएको छ । डिजिटल व्यवस्थापन प्रणाली र रिपोर्टिङको प्रयोगले योजना कार्यान्वयनलाई पारदर्शी, जवाफदेही र दिगो बनाउने योगदान पुऱ्याएको छ । (तथ्याङ्क स्रोत शाखागत छलफलमा आधारित)

# परिच्छेद ३ः सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

स्थानीय तहमा सञ्चालन हुने सबै प्रकारका विकास कार्यक्रमहरूलाई गाउँपालिकाको साझा सोच र लक्ष्यतर्फ उन्मूख गर्न पालिकाको समग्र विकासको लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता पहिचान तथा परिभाषित गरी पालिका विकासको भविष्यको स्पष्ट मार्गचित्र तयार गर्नु यस आवधिक विकास योजनाको मूलभूत अवधारणा हो।

आवधिक विकास योजना मूलतः स्थानगत विशेषताहरूमा आधारित रहेर समग्र विषयगत क्षेत्रहरू समेट्ने गरी एकीकृत रुपमा तयार गरिएको छ। यसले स्थानीय विकासका साझेदार एवं सरोकारवालाको पहिचान गरी प्रभावकारी परिचालनको वातावरण तयार गर्न सघाउ पुऱ्याउँदछ । यसमा गाउँपालिकाका सेवा प्रदायक निकाय, सेवाग्राही र सहयोगी निकायसहित सबै सरोकारवालाको सहभागितामा संयुक्त चिन्तन, मनन, मूल्यांकन, विश्लेषण, परामर्श कायम गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाँउ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यमकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यसर्थ, आवधिक योजना समग्र विकास प्रक्रियालाई व्यवस्थित गर्ने दस्तावेज मात्र नभई स्थानीय तहहरूको एक कानूनी दायित्व समेत हो। यिनै तंथ्यहरुलार्य मन्न गर्दै तयार गरिएको यस आवधिक पालिका विकास योजनामा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई समेत समुचित मध्यनजर गरि आवधिक गाउँपालिका विकास योजना तयार गरिएको हुँदा यो दस्तावेज सम्बन्धित गाउँपालिकाको सर्वोच्च योजना हो।

आवधिक विकास योजनाले चाहेको अन्तिम गन्तव्य वा परिवर्तन आवधिक योजनाको दीर्घकालीन सोचमा प्रतिविम्बित गरिएको हुन्छ। गाउँपालिकाको समष्टिगत सामाजिक आर्थिक विकासका लागि तयार गरिने आवधिक गाउँपालिका विकास योजनाको सबैभन्दा महत्वपूर्ण विशेषता भनेको यसले पालिका क्षेत्रको विकासको लागि विभिन्न तहका उद्देश्यहरू (लक्ष्य, उद्देश्य, उपलब्धि, प्रतिफल) निर्धारण गरी उपरोक्त उद्देश्यहरू निश्चित अवधिभित्र हासिल गर्न दीर्घकालीन सोच, नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित गर्दछ । कार्यक्रम र बजेटसहित भविष्यको मार्गचित्रमा सरोकारवालाहरूबीच आम सहमति कायम गरी कार्यान्वयनका लागि आधार तयार गर्दछ। गाउँपालिका विकास योजनामा दीर्घकालीन सोच उपल्लो स्थानमा रहने हुँदा योजनाका समग्र लक्ष्य, उद्देश्य र रणनीतिहरू पालिकाको दीर्घकालीन सोच हासिल हुने दिशामा केन्द्रित हुन्छन् । दीर्घकालीन सोच गाउँपालिका

विकासका लागि मार्गदर्शक सोच भएको हुँदा यो तर्जुमा गर्ने चरणमा गाउँपालिकाको मौजुदा समस्या र सवालहरू एवम् उपलब्ध अवसर र सम्भावनाहरूले पालिका विकासको दिशा र गति निर्धारण गर्न महत्वपूर्ण भूमिका खेल्दछन् ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

गजुरी गाउँपालिकामा विकासका विभिन्न पहलहरू भए तापनि केही आधारभूत समस्या र चुनौतीहरूले विकासक्रममा अवरोध सिर्जना गरिरहेका छन् । सामाजिक, भौतिक तथा प्रशासनिक संरचनामा देखिएका खाडलहरूले सेवा प्रवाह, स्थानीय नीति कार्यान्वयन र स्रोत परिचालनमा असर पुर्‍याइरहेको छ । गाउँपालिका विकासका प्रमुख समस्या तथा चुनौतीहरु यस अनुसार छन् :

- बस्ती तथा घरपरिवारको भौतिक संरचना असमान, सवारीमार्ग सीमित र सडक पूर्वाधार अपर्याप्त
- शिक्षा क्षेत्रमा विद्यालय भवन र उपकरणको अभाव, शिक्षक संख्या तथा गुणस्तरमा कमी
- स्वास्थ्य सेवामा जनसंख्या अनुसार स्वास्थ्यकर्मी र स्वास्थ्य पूर्वाधारको कमी
- खानेपानी र सरसफाइ क्षेत्रमा पाइपलाइन तथा सुरक्षित स्रोतको पहुँच सीमित
- सूचना तथा सञ्चार प्रविधिको पहुँच ग्रामीण र दुर्गम क्षेत्रमा सीमित
- वन संरक्षण र जैविक विविधता संरक्षणमा पर्याप्त स्रोत र जनचेतनाको अभाव
- प्राकृतिक विपद (पहिरो, बाढी, भूकम्प) र जलवायु परिवर्तनसँग सम्बन्धित जोखिम उच्च
- युवा, खेलकुद तथा कला क्षेत्रमा पर्याप्त अवसर र पूर्वाधारको अभाव
- सामाजिक समावेशीकरण तथा लैङ्गिक समानतामा अझै चुनौतीपूर्ण स्थिति
- सार्वजनिक निर्माण, आवास, योजना कार्यान्वयन तथा स्रोत परिचालनमा समन्वय र क्षमता सीमित
- वातावरणीय संरक्षण र जलाधार व्यवस्थापनमा दीगो तथा व्यवस्थित रणनीति आवश्यक

## ३.३ प्रमुख सम्भावना तथा अवसर

गजुरी गाउँपालिकामा विविध प्राकृतिक स्रोत, जनशक्ति र सामाजिक संरचनाको आधारमा दीगो विकासका लागि ठूलो सम्भावना रहेको छ । यहाँको भौगोलिक अवस्थाअनुसार कृषि, जलस्रोत तथा पर्यटन क्षेत्रलाई सुदृढ पारेर स्थानीय आय र रोजगारीको अवसर सिर्जना गर्न सकिन्छ । यस गाउँपालिकामा रहेका सम्भावना तथा अवसरहरुलाई यस अनुसार दिइएको छ :

- कृषि क्षेत्र, पशुपालन र मौसमी बाली उत्पादनमा उन्नत प्रविधि अपनाएर उत्पादन वृद्धिको सम्भावना,
- जंगल, जडीबुटी र प्राकृतिक स्रोतको दिगो व्यवस्थापन मार्फत आय सृजनाका अवसर
- पर्यावरणीय सुन्दरताले पर्यटन र स्थानीय उद्यमशीलता प्रवर्द्धन गर्न सक्ने क्षमता
- जलस्रोत र साना जलविद्युत आयोजनाबाट ऊर्जा आपूर्ति र आर्थिक अवसर
- शिक्षा, स्वास्थ्य र सामाजिक कार्यक्रममार्फत मानव संसाधन विकास
- युवा वर्गमा खेलकुद, कला र सांस्कृतिक गतिविधिलाई प्रवर्द्धन गर्ने अवसर
- स्थानीय बजार, सडक सञ्जाल र सूचना–सञ्चार प्रविधिको प्रयोग गरी व्यवसायिक अवसर वृद्धि

- सामुदायिक सहभागिता र सहयोगमार्फत योजनाको प्रभावकारी कार्यान्वयन
- जलवायु अनुकूल कृषि, भूसंरक्षण र पानी व्यवस्थापनमा दीगो अभ्यास अपनाउने क्षमता

यी अवसरहरूलाई रणनीतिक रूपमा उपयोग गर्दा गाउँपालिकाले सामाजिक, आर्थिक र वातावरणीय क्षेत्रहरूमा दिगो विकास हासिल गर्न सक्ने सम्भावना देखिन्छ।

## ३.४ निर्देशक सिद्धान्त

गाउँपालिकालाई दीर्घकालीन सोचतर्फ उन्मुख गराउन यसका समग्र क्रियाकलापहरू निश्चित सिद्धान्तहरूबाट निर्देशित हुनु जरुरी हुन्छ। उपयुक्त दीर्घकालीन सोचका सन्दर्भमा निम्नअनुसार सिद्धान्तहरूमा आधारित गरी गाउँपालिकाले समग्र विकास निर्माण र विकास व्यवस्थापनको नेतृत्व गर्नेछ :

- दिगो, योजनाबद्ध विकास तथा व्यवस्थित शहरीकरण
- उत्पादनमुखी, अन्तरनिर्भर र उन्नत स्थानीय सेवामूलक, टेवामूलक र आयमूलक अर्थतन्त्र
- मानव विकास तथा गुणस्तरीय जीवन
- सामाजिक न्याय, समावेशीकरण तथा समतामूलक विकास
- जलवायु परिवर्तन अनुकूलता तथा विपद् उत्थानशिलता
- सूचना प्रविधिमा आधारित, गुणस्तरीय तथा जनमुखी सेवा प्रवाह
- समन्वय, साझेदारी र सहकार्य
- सुशासन तथा सदाचार प्रवर्द्धन
- नतिजामा आधारित विकास व्यवस्थापन

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

सामान्यता गाउँपालिकाको सम्भावना, अवसर, समस्या र चूनौती लगायत विगतको विकासको प्रवृत्ति समेतलाई ध्यानमा राखी आगामी करिब २०–२५ वर्षको अवधिमा गाउँपालिकालाई कस्तो अवस्थामा पुऱ्याउने भन्ने कुरामा मस्तिष्क मन्थन गरी सहभागिता मूलक ढंगले दीर्घकालीन सोच निर्धारण गरिन्छ। यस प्रक्रियामा निर्धारण गरिएको दीर्घकालीन सोच निम्न अनुसार रहेको छ :

शिक्षित, स्वास्थ्य, व्यावसायिक शहर : उत्थानशील र समृद्ध गजुरी गाउँपालिका यो दीर्घकालीन सोच वि.सं. २१०० अर्थात् आगामी २० वर्षपछि गजुरी गाउँपालिकालाई विकासको दृष्टिकोणले कस्तो बनाउने भन्ने गाउँपालिका, स्थानीय सरोकारवालाहरू र गजुरी गाउँपालिकाका नागरिकहरूको परिकल्पनामा आधारित भई दीर्घकालीन सोच कार्यशाला गोष्ठीमा सहभागिता मूलक ढंगले सर्वसम्मतिबाट तय गरिएको हो। यस दीर्घकालीन सोचको भावार्थ देहाय अनुसार रहेको छ :

**स्वास्थ्य :** गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिका सक्षम भएको हुनेछ र उच्चस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच वृद्धि भएको हुनेछ। कुनै पनि नागरिकले स्वास्थ्योपचारको अभावमा ज्यान गुमाउनुपर्ने छैन।

**शिक्षित :** गजुरी गाउँपालिकाका सबै नागरिक शिक्षित हुनेछन् । गुणस्तरीय प्राविधिक, व्यवसायिक शिक्षाको विस्तार तथा उच्च शिक्षाको पहुँचमा वृद्धि र सुसंस्कृत, समयानुकूलका प्रतिस्पर्धी जनशक्ति तयार भएका हुनेछन् ।

**व्यावसायिक :** कृषि, व्यापार, व्यवसाय र उद्यम नागरिकको एक प्रमुख पेशा, गाउँपालिकाको एक प्रमुख आर्थिक स्रोत र गाउँपालिकाको आर्थिक वृद्धिको महत्वपूर्ण कडिका रुपमा स्थापित भएको हुनेछ ।

**उत्थानशील :** गाउँपालिकामा बहुविपद् सामना गर्न सक्ने क्षमता विकास भएको हुनेछ । विपद् जोखिम न्यूनीकरण भएको र सामाजिक तथा संस्थागत जीवन विपद् उत्थानशील भएको हुनेछ ।

समृद्धि : गाउँपालिकाको आर्थिक वृद्धि उच्च र दीगो भएको हुनेछ तथा नागरिकको जीवनस्तर उच्च भएको हुनेछ ।

नेपाल वि.सं. २०८३ मा अति कम विकसित राष्ट्रबाट विकासशील स्तोरउन्नती हुने सुनिश्चित भएको अवस्था र वि. सं. २०८७ सम्मा दिगो विकासका लक्ष्य आसिल गर्ने र सोसँगै मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य सहित आर्थिक आधारहरुको सबलीकरण र तीव्र आर्थिक वृद्धिका साथै सामाजिक न्याय सहतको समृद्ध नेपाल निर्माण गर्न राष्ट्रिय सरकारको सोहौ योजना (२०८१/०८२-२०८५/०८६ ) को सोच सुशासन सामाजिक न्याय र समृद्धि रहेको छ । सुशासन मार्फत न्याय र समृद्धि हासिल गर्ने सोच यस योजनाले राखेको पाइन्छ ।

बागमती प्रदेशको दोस्रो आवधिक योजनाले लिएको दीर्घकालीन सोच बागमती प्रदेशको रुपान्तरण आर्थिक समृद्धि र समतामूलक समाजू तयार गरेर कार्यान्वयमा आई सकेको अवस्था छ । प्रदेशको लक्ष्य सुशासन अभिवृद्धि गर्दै समृद्ध र समतामूलक प्रदेशू रहेकोमा प्रदेशलाई कृषिजन्य उत्पादन र औधोगिक उत्पादनमा स्वनिर्भर बनाउने, उच्च दिगो आर्थिक वृद्धिका साथै रोजगार जस्ता उद्देश्यहरु निर्धारण गरेको छ ।

## गजुरी गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरु

गाउँपालिकाको अवस्था विश्लेषण, जनप्रतिनिधीहरु कर्मचारीहरु, विभिन्न क्षेत्रका विज्ञहरु, राजनैतिक दल, गैह्र सरकारी संस्था, निजी क्षेत्र, समुदायमा आधारित सङ्घ संस्थाहरु लगायत बौद्धिक व्यक्तिव तथा सरोकारवालाहरुको बृहत् छलफलबाट अगामी ५ वर्षको समयलाई मध्यनजर राख्दै समग्र विकास निर्माणलाई दिशा निर्देश गर्ने दीर्घकालीन सोच के हुन सक्छ भनि बृहत् छलफल गरिएको थियो । उक्त छलफलमा विभिन्न अवधारणाहरु प्राप्त भएका थिए । सोच, लक्ष्य र उद्देश्य निर्धारण गर्दा गाउँपालकाभित्र रहेका प्राकृतिक स्रोत र साधनका अतिरित्त स्थानीय राजस्व तथा जन अपेक्षलाई समेत आधार बनाइएको छ ।

### सोच

**शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार समृद्ध गजुरीको मूल आधार**

### लक्ष्य

गजुरी गाउँपालिकालाई सामाजिक, आर्थिक र भौतिक दृष्टिले समावेशी, गुणस्तरीय सेवा युक्त र आत्मनिर्भर समुदायमा रुपान्तरण गर्नु

### उद्देश्य

(क) प्रविधिमैत्री कृषि मार्फत आत्म निर्भरताको वृद्धि गर्दै आर्थिक समृद्धिको सुनिश्चित गर्नु,
(ख) शिक्षा, स्वास्थ्यमा समुदायको सहज पहुँच सुनिश्चित गर्दै समुन्नत समाज निर्माणमा पहल गर्नु,

(ग) वातावरणमैत्री र दिगो पूर्वाधार विकास मार्फत समृद्धि ल्याउनु,
(घ) जलवायु उत्थानशीलता र सफा एवम् सुरक्षित वातावरण निर्माणमा योगदान पुऱ्याउनु,
(ङ) संस्थागत विकास र सुशासनको सुनिश्चितताका लागि पहल गर्नु ।

## ३.६ परिमाणात्मक लक्ष्य

*तालिका ४ परिमाणात्मक लक्ष्यको विवरण*

| क्र.सं. | सूचक | एकाइ | आधार वर्षको अवस्था | | | योजनाको अन्तिम वर्षको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | बागमती | गजुरी | नेपाल | बागमती | गजुरी |
| १ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | १४५६ | २४८४ | १५०० | २३४४ | ३५८० | २५०० |
| २ | गरिबीको रेखामुनी रहेको जनसंख्या | प्रतिशत | २०.३ | १२.६ | २० | १२ | ७.६ | १० |
| ३ | औषत आयु | वर्ष | ७१.३ | ७२.४ | ७२ | ७३ | ७६ | ७४ |
| ४ | मानव विकास सूचाङ्क | सूचाङ्क | ०.६०१ | ०.६६१ | ०.६ | ०.६५ | ०.६८५ | ०.६७ |
| ५ | सुरक्षित खानेपानीको स्रोतमा पहुँच भएका परिवार | प्रतिशत | | ९१.५ | ८४ | | १०० | १०० |
| ६ | खाना पकाउन आधुनिक इन्धन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ४६ | ७१ | ४५ | ८० | ८५ | १०० |
| ७ | बत्ती बाल्न स्वच्छ इन्धन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ९६.७ | ९९.६७ | ९९ | १०० | १०० | १०० |
| ८ | सिंचाइ सुविधा भएको जमिन | प्रतिशत | २५ | ४४.६२ | २२.४९ | ५० | ५० | ५० |
| ९ | पर्यटकको औषत बसाइ अवधि | दिन | १३.१ | १३.२ | | १५ | १६ | ४ |
| १० | पर्यटकको औषत दैनिक खर्च | अमेरिकी डलर | ४०.५ | ४०.५ | | ८० | ८५ | ९० |
| ११ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ७ | ३२ | ५ | ४ | १५ |
| १२ | सडक विस्तार | कि.मि. | ७६७५ | १०४३ | ९७.१ | १३६७५ | २००० | २०० |
| १३ | विद्युतमा पहुँच भएको घरपरिवार | प्रतिशत | ९६.७ | ९९.५ | ९९ | १०० | १०० | १०० |
| १४ | ५ वर्ष माथिको उमेर जनसंख्याको साक्षरता दर | प्रतिशत | ७६.२ | ८२.१ | ७१.९१ | ९५ | ९५ | ९५ |
| १५ | मातृमृत्यूदर प्रति लाख जीवित | जना | १५१ | ९८ | | ८५ | ७० | ० |

| क्र.सं. | सूचक | एकाइ | आधार वर्षको अवस्था | | | योजनाको अन्तिम वर्षको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | बागमती | गजुरी | नेपाल | बागमती | गजुरी |
| | जन्ममा | | | | | | | |
| १६ | ५ वर्ष मुनि बालमृत्यूदर प्रति हजार जिवित जन्ममा | जना | ३३ | २४ | | २२ | २० | ० |
| १७ | नवजात शिशु मृत्यूदर | जना | २१ | १७ | | १३ | १२ | ० |
| १८ | ५ वर्ष मुनिका बालबालिकामा भएको पुड्कोपन | प्रतिशत | २५ | १८ | | १६ | १५ | १ |
| १९ | स्वास्थ्य बिमामा आवद्ध जनसंख्या | प्रतिशत | २१ | ३० | | ७० | ८० | ९० |
| २० | ३० मिनेटको दूरीमा स्वास्थ्य सेवा पहुँच भएको परिवार | प्रतिशत | ७७ | | ४० | ८६ | | १०० |
| २१ | इन्टरनेटको पहुँच पुगेको जनसंख्या | प्रतिशत | ६९.२ | ८० | ७८.३ | १०० | १०० | १०० |
| २२ | कूल सहभागीहरुमा महिला प्रतिशत | प्रतिशत | २९.५ | | ४० | ३५ | | ५० |
| २३ | प्रमुख खाद्यान्न बालीको उत्पादन | मे.ट. | ३.७९ | | ५.३ | ४.४८ | | ६.३ |

## ३.७ रणनीति तथा प्राथमिकता

गजुरी गाउँपालिकाको समग्र विकासका लागि गाउँपालिकाले अपनाउने रणनीति र प्राथमिकताहरुलाई विकासका अवधारणाहरु अन्तर्गत प्रत्येक क्षेत्रका उद्देश्यहरु र उपक्षेत्रहरुसँग आवद्ध गरि तयार गरिएको छ।

| रणनीति | प्राथमिकताहरु |
|---|---|
| **उद्देश्य एक:** प्रविधिमैत्री कृषि मार्फत आत्म निर्भरताको वृद्धि गर्दै आर्थिक समृद्धिको सुनिश्चित गर्नु, | |
| गाउँपालिकाको उत्पादन योग्य जमिनलाई उत्पादनका आधारमा विभिन्न प्याकेजमा विभाजन गरी कृषि सम्बन्धी नीति कानुन तथा योजना निर्माण सहित अमधुनिक प्रविधिको माध्यमद्वारा कृषिको उ त्पादन र उत्पादकत्व वृद्धि गर्ने। | • गाउँपालिकामा कृषि योग्य जमिनको पहिचान गरी अन्न उत्पादन, फलफूल उत्पादन र तरकारी उत्पादनका आधारमा विभिन्न प्योजहरु तय गरी सोही अनुसारको उत्पादनमा जोड दिइनेछ।<br>• आधुनिक प्रविधिमा आधारित कृषि उत्पादनमा जोड दिइनेछ। माटो परिक्षणको प्रतिवेदन अनुसार उत्पादन र उत्पादकत्वमा जोड दिइनेछ।<br>• कृषि जन्य उत्पादनलाई विशिष्टीकरण उत्पादनका क्षेत्रहरू पहिचान गरी |

| | |
|---|---|
| | कृषि क्षेत्रको पूर्वाधार विकास, यान्त्रिकीकरण र व्यवसायीकरण अभिवृद्धि गरिनेछ।<br>• स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि प्रोत्साहन गरिनेछ। |
| पशु पन्छी जन्य व्यवसायमा आर्थिक, सामाजिक र भौगोलिक रूपमा पछि परेका महिला, युवा तथा विभिन्न कारणले जोखिममा रहेका लक्षित वर्गको स्व रोजगार तथा आय आर्जनको दिगो स्रोतको रूपमा विकास गर्ने। | • पशुपन्छी पालक साना कृषक, महिला तथा भूमिहीन विपन्न किसानलाई पशु पन्छी पालन तथा पशु पन्छी जन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ भैंसी तथा गाईको लागि नस्लसुधार मार्फत दूध उत्पादनमा बुद्धि गरिनेछ।<br>• युवाको बढ्दो विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशु पन्छी पालनमा आकर्षित गर्ने गरी युवा लक्षित कार्यक्रमलाई प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।<br>• पशु पन्छी पालनमा बढ्दो महिला सहभागिता र महिला किसान सशक्त करणलाई केन्द्रित गर्दै साना तथा व्यावसायिक महिलामूखी कार्यक्रम सचालनमा ल्याइनेछ। |
| पर्यटन प्रबर्द्धन र पर्यटन विकास गर्न स्थानीय स्तरमा सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रसँग साझेदारी एवम् सहकार्य गरी कृषि, धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने। | • पर्यटन पूर्वाधार विकासमा स्थानीय तह, स्थानीय समुदाय तथा निजी क्षेत्रको नेतृत्वदायी भूमिका र सहभागितालाई प्रोत्साहित गरिनेछ।<br>• धार्मिक तथा सांस्कृतिक पर्यटन र कृषि पर्यटनलाई प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई थप प्रवर्द्धन गरिनेछ।<br>• गाउँपालिकालाई नमुना पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न पर्यटन विकासका साझेदारहरूसँग सहकार्य र समन्वय गरिनेछ।<br>• पर्यटन विकासका नविनतम प्रविधि तथा आयामहरू लागू गरिनेछ<br>• पर्यटन विकासलाई दिगो तथा व्यवस्थित बनाइ नेपालको मुख्य पर्यटक केन्द्रको रूपमा स्थापित गरी गाउँपालिकाको कूल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदानमा वृद्धि गरिनेछ। |
| स्थानीय स्रोत एवम् सीपको उपयोग गरी कृषि तथा पर्यटनमा लघु, घरेलु तथा साना उद्योगको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने | • गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई प्रभावकारी रूपमा विस्तार गरी कार्यान्वयन गरिनेछ।<br>• एक वडा एक पकेट क्षेत्र कार्यक्रमलाई कार्यान्वयन गरिनेछ |

**उद्देश्य दुई:** शिक्षा, स्वास्थ्यमा समुदायको सहज पहुँच सुनिश्चित गर्दै समुन्नत समाज निर्माणमा पहल गर्नु,

| | |
|---|---|
| गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच अभिवृद्धि गरी पोषण युक्त | • स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी स्वास्थ्य सेवा सबै नागरिकले प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ। |

| | |
|---|---|
| खानेकुरोको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच आम नागरीसम्म पुऱ्याउनको अतिरिक्त गुणस्तरीय औषधी तथा पोषण युक्त खाद्य उपभोगमा जोड दिने । | • आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्य कर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ<br>• गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरी क्रमशः सम्पूर्ण स्वास्थ्य सेवा प्रदान गर्दै लिइनेछ<br>• स्वास्थ्य तथा पोषणबारे व्यापक जन चेतना जागृत हुने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>• स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जबाफदेही एवम् जन उत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ ।<br>• पोषण युक्त खाद्यान्नको उत्पादन तथा उपभोगमा व्यापक सचेतन अभिवृद्धि गरिनेछ । |
| माध्यामिक तह सम्मको शिक्षामा सबै बालिकाहरूको पहुँच गर्ने । | • शिक्षामा सबैको पहुँच पुऱ्याउन आवश्यक नीति तथा नियम तर्जुमा गरिनेछ<br>• विद्यार्थी भर्ना दर शत प्रतिशत पुऱ्याइने छ ।<br>• विद्यालय शिक्षालाई जीवन उपयोगी बनाउन अनुसन्धानमा आधारित शिक्षा प्रणालीमा जोड दिइनेछ । |
| रोजगारी र उद्यमशीलता विकास गर्न प्राविधिक र व्यावसायिक शिक्षाको विस्तारमा जोड दिइ सार्वजनिक र निजी तहबाट प्रदान गरिने शिक्षा बीचको गुणस्तरमा रहेको अन्तर घटाउँदै सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने । | • प्राविधिक र व्यवसायिक विद्यालयहरू सञ्चालनका लागि आवश्यक संस्थागत संरचना तथा नियमन कारी व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ<br>• प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा जोड दिइ प्राविधिक जनशक्ति उत्पादनमा जोड दिइनेछ ।<br>• विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीको सिकाइ सुनिश्चितताको लागि मातृभाषा, राष्ट्रिय भाषा र अन्तर्राष्ट्रिय भाषालाई शिक्षण सिकाइको माध्यमका रूपमा अपनाई शिक्षामा बहुभाषिक नीति अवलम्बन गरिनेछ ।<br>• विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि निरन्तर मूल्याङ्कन पद्धति तथा प्रारम्भिक बाल कक्षामा पढाई सीप विकास विधिहरूको प्रभावकारी उपयोगमा जोड दिइनेछ ।<br>• माध्यामिक तह सञ्चालन गर्ने सामुदायिक तथा संस्थागत दुवै प्रकारका विद्यालयहरूमा उपलब्ध हुनुपर्ने न्यूनतम आधारभूत सुविधाहरूको सूची निर्धारण गरेर विद्यालयहरूमा गुणस्तरको मानक तयार गरी लागू गरिनेछ<br>• विद्यालय तहको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन र जवाफदेहिता सुनिश्चित गर्न विद्यालयहरूको सञ्चालन तथा कार्यसम्पादनस्तरको |

| | |
|---|---|
| | वार्षिक रूपमा कार्य सम्पादन परीक्षण गर्ने र कार्यसम्पादनमा आधारित व्यवस्थापन तथा लगानीको प्रावधान लागू गरिनेछ।<br>• विद्यालयहरूको व्यवस्थापन सुधार तथा शैक्षिक उपलब्धि अभिवृद्धिका लागि प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करारको व्यवस्था लाग गरिनेछ।<br>• आर्थिक तथा सामाजिक क्षेत्रमा पछि परेका क्षेत्र तथा अति विपन्न बसोबास रहेको क्षेत्रलाई लक्षित गरी विद्यालयमा दिवा खाजा कार्यक्रम<br>• दलित छात्रा, जनजाति लोपान्मुख जात जाति, गरिब तथा जेहनदार विद्यार्थीहरूका लागि आवश्यकताका आधारमा छात्रवृत्तिको व्यवस्था गरिनेछ।<br>• भिन्न सिकाइ आवश्यकता भएका जोखिममा परेका तथा सीमान्तकृत समूहका विद्यार्थीहरूको सिकाइ आवश्यकता सम्बोधन गर्नका लागि खुला वैकल्पिक, आवासीय तथा विशेष शिक्षा कार्यक्रमको सुविधा विस्तार गरिनेछ।<br>• नयाँ विद्यालय भवन निर्माणका नमुना डिजाइनहरू बहु प्रकारका विपद् प्रति संवेदनशील र अपाङ्ग मैत्री हुने गरी बनाइनेछ।<br>• जनसङ्ख्या र भूगोलको आधारमा विद्यालयहरूको नक्साकन गरी पुन निर्माण गरिनेछ।<br>• बालबालिका तथा युवालाई आफ्नो अन्तर्निहित क्षमताको विकास गर्न प्रत्येक विद्यालय तथा साबिक वडा स्तरमा खेलकुद विकास प्रशिक्षण र अभ्यासलाई अभिन्न अङ्ग बनाइनेछ। |
| **उद्देश्य तीन :** वातावरणमैत्री र दिगो पूर्वाधार विकास मार्फत समृद्धि ल्याउनु, | |
| गाउँपालिकाको केन्द्र राजमार्ग तथा बजारसँग पहुँच भएका आर्थिक वृद्धिलाई योगदान पुग्ने प्रकृतिका दिगो सुरक्षित यातायातमा सुविधा विस्तार गरी कृषि, उद्योग, व्यापार, विद्युत्, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामा पहुँच वृद्धि गरी व्यापार व्यवसायको प्रवर्द्धन गर्ने | • सहरी क्षेत्र र बार क्षेत्र तथा ग्रामीण सडक मार्गलाई सुरक्षित, दिगो र छोटो हुने गरी स्तरउन्नतिको कामलाई प्राथमिकता दिइनेछ।<br>• सडक सञ्जाल निर्माण गर्दा कृषि, ऊर्जा, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रबद्र्धन हुने गरी गरिनेछ।<br>• सडकको दायाँबायाँ हरियाली कायम गर्ने कार्यक्रम कार्यान्वयन गरिनेछ<br>• सडक तथा पुलहरूको निर्माण तथा मर्मत सम्भारमा सामाजिक एवम् वातावरणीय पक्षको नकारात्मक असर न्यूनीकरणका लागि आवश्यक उपायहरूको अवलम्बन गरिनेछ।<br>• सार्वजनिक निर्माणमा सार्वजनिक-निजी साझेदारी निर्माण सञ्चालन तथा हस्तान्तरण प्रक्रिया जस्ता विधिहरू अवलम्बन गरिनेछ।<br>• सडक यातायातको विकास र विस्तारमा प्रादेशिक तथा सङ्घीय |

| | |
|---|---|
| | सरकारसँग आर्थिक तथा प्राविधिक सहयोग लीन पहल गरिनेछ<br>• सडक सम्पत्ति संरक्षण, मर्मत सम्भार पुनर्निर्माण एवम् व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ।<br>• दिगो भरपर्दो र सुविधा युक्त यातायातको उपयोग गर्दै व्यापार व्यवसायको प्रवर्द्धनमा जोड दिइनेछ। |
| विद्युतको प्रसारण व्यवस्थालाई थप सुदृढ तथा प्रभावकारी बनाइनुका साथै वैकल्पिक ऊर्जा र नवीकरणीय ऊर्जा समेतको प्रयोग गर्दै आधुनिक प्रविधिको उपयोगमा स्थानीयवासीको पहुँच विस्तार गर्ने। | • केन्द्रीय विद्युतीकरणको पहुँच प्रत्येक घर तथा बस्तीसम्म विस्तार गरिनेछ<br>• पुराना पोलहरू विस्थापित गरी स्टिल पोलहरू स्थापित गरिनेछ।<br>• विद्युत प्रसारणलाई थप व्यवस्थित र सहज बनाइनेछ।<br>• नवीकरणीय ऊर्जाको विकास र विस्तारको लागि व्यापक सचेतना सहित बजेटको व्यवस्था गरिनेछ।<br>• विद्युतमा आधारित आधुनिक प्रविधिको उपयोग गरी सूचना-सञ्चार व्यापार व्यवसायमा वृद्धि गरिनेछ। |

**उद्देश्य चार :** जलवायु उत्थानशीलता र सफा एवम् सुरक्षित वातावरण निर्माणमा योगदान पुऱ्याउनु,

| | |
|---|---|
| जैविक विविधता र जलाधार दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गरी दिगो बन व्यवस्थापन र संरक्षणमार्फत बन पैदावारमा आत्म निर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने। | • विविधतापूर्ण वन पैदावारको सहज आपूर्ति, रोजगारी सिर्जना र स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याउन वन सम्बर्द्र्धन प्रणालीमा आधारित वनको दिगो व्यवस्थापन गरिनेछ<br>• वनमा लाग्ने डढेलो व्यवस्थापनको लागि व्यापक रूपमा सचेतना अभिवृद्धि गर्दै पूर्व तयारी, डढेलो नियन्त्रण र डढेलो प्रतिरोधी क्षमता विस्तारका लागि अग्निरेखा व्यवस्थापन र आकाशे पानी सङ्कलन कार्यक्रममा स्थानीय जनताको सहभागिता अभिवृद्धि गरिनेछ।<br>• भूउपयोग विकास तथा एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा गरी जल उत्पन्न प्रकोप विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।<br>• जलवायु परिवर्तनले पारिस्थितिकीय तथा जलाधारीय प्रणालीमा पार्ने नकारात्मक प्रभाव न्यूनीकरण अनुकूलन र समयानुकूल गर्न स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिनेछ।<br>• स्थानीय अनुकूलन योजनालाई समुदायमा आधारित वन व्यवस्थापन कार्ययोजनाहरूमा मूलप्रवाहीकरण र सेवा प्रदायकहरूको क्षमता विकास गरिनेछ।<br>• वन व्यवस्थापन कार्यलाई उद्योगको रूपमा विकास गर्न वन तथा वनपैदावारमा आधारित उद्यमशीलता विकास तथा उद्योग व्यवसाय सजालन गरी हरित रोजगारी वृद्धि गरिनेछ। |

| | |
|---|---|
| | • तुलनात्मक लाभ भएका उच्च मूल्यका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण सहित खेती विस्तार एवम् निर्यातका लागि आवश्यक व्यवस्था मिलाइनेछ । |
| विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन नीति गत व्यवस्थालाई समय सापेक्ष र व्यवहारिक बनाई विभिन्न निकायबाट हुने विपद् व्यवस्थापनको कार्यलाई समन्वय गरी आपत्कालिन खोज। उद्धार उपचार तथा तत्काल राहतका लागि क्षमता अभिवृद्धि गर्नका साथै विपद् जोखिम न्यूनीकरणलाई विकासका सबै आयाम तथा चरणमा मूलप्रवाहीकरण गर्ने । | • गाउँपालिकाको योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा समाहित गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।<br>• बस्ती र समुदाय स्तरसम्म विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकास व्यवस्थापन गरी विपद् जोखिम न्यूनीकरण तथा अल्पीकरण गर्नका लागि गाउँपालिकाका सबै वडा तहसम्म जनसचेतनामूलक कार्यक्रम सञ्जालन गरिनेछ ।<br>• एकीकृत बस्ती विकासको सुरुवाती चरणदेखि नै विपद् विज्ञ, स्थानीय तह, योजनाविद्हरूलाई सहभागी गराएर भू(उपयोग नीति अनुकूल हुने गरी दीर्घकालीन बस्ती विकास योजना बनाई लागू गरिनेछ ।<br>• विपद् व्यवस्थापनमा संलग्न प्रहरीचौकी र कर्मचारीहरूको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरी विपद्को पूर्वतयारी तथा विपद् प्रतिकार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ । |
| मानव जन्य फोहोर व्यवस्थापन गरी प्रशोधन सहित पुन उपयोग गर्न मिल्ने बनाइनुका साथै सफा र स्वच्छ घर तथा बस्ती निर्माण गर्ने । | • बजार उन्मुख बस्तीहरूमा उत्पादन हुने मानव जन्य फोहोरलाई निजी क्षेत्र तथा समुदाय समेतको सहयोग र सहकार्यमा सङ्कलन गरी व्यवस्थापन गरिनेछ ।<br>• गाउँपालिकाको सहरी तथा ग्रामीण बस्तीमा उत्सर्जन हुने फोहोरलाई सङ्कलन गर्न आवश्यक डस्टबिन वितरण गर्नका साथै स्थानीय स्तरमा जन चेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>• समुदायबाट सङ्कलन भएको फोहोरलाई कुहिने र नकुहिने गरी दुई भागमा विभाजन गरी कुहिने लाई प्रशोधन गर्ने तथा नकुहिने फोहोरलाई दिगो रूपमा व्यवस्थापन गरिनेछ ।<br>• गाउँपालिकाको क्षेत्राधिकारभित्र बग्ने नदी नाला लगायत अन्य सार्वजनिक ठाउँहरूको सरसफाइ गरी घर बस्ती तथा समुदायलाई फोहोर बिहीन मानव बस्तीका रूपमा परिचय दिने गरी कार्यक्रम कार्यान्वयन गरिनेछ । |

**उद्देश्य पाँचः** संस्थागत विकास र सुशासनको सुनिश्चितताका लागि पहल गर्नु ।

| | |
|---|---|
| संस्थागत विकासका लागि आवश्यक कानुनी तथा संरचना गत प्रणालीमा सुधार गरी प्रविधि मैत्री, पारदर्शी र सुशासन युक्त | • समावेशी र सन्तुलित विकासको माध्यमद्वारा समता मूलक समाज निर्माण गरिनेछ ।<br>• गाउँपालिका तथा वडा कार्यालयहरूको सङ्गठन तथा व्यवस्थापन सर्भे |

| | |
|---|---|
| बनाउने। | सुवीकृत गराई सोही अनुसार कर्मचारी व्यवस्थापन गरिनेछ।<br>• गाउँपालिकाका सम्पूर्ण निर्वाचित पदाधिकारीहरूलाई कानुन, योजना तर्जुमा, पारदर्शीता तथा पदीय जिम्मेवारीका बारेमा तालिम गोष्ठी भ्रमण आदिको आयोजना गरिनेछ।<br>• गाउँपालिकाभित्र रहेका समुदायमा आधारित संस्थाहरू जस्तै आमा समूह, युवाक्लव, सामुदायिक संस्थाहरू विद्यालय व्यवस्थापन समितिहरू, स्वास्थ्यचौकी व्यवस्थापन समितिहरू सामुदायिक वन उपभोक्ता समितिहरू टोल सुधार समितिहरू, सरसफाइ समितिहरू निर्माण कार्यसँग सम्बन्धित उपभोक्ता समितिहरूको क्षमता विकास गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>• गाउँपालिकामा कार्यविधिमा उल्लिखित सार्वजनिक सुनुवाइ सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, मासिक प्रगति विवरण सार्वजनिक गर्नका साथै चौमासिक प्रतिवेदन सार्वजनिक कार्यक्रमलाई अझ सशक्त र प्रभावकारी बनाइनेछ।<br>• गुनासो पेटिका, सूचना पाटी, पत्रपत्रिका, स्थानीय एफ. एम बाट नियमित रूपमा गाउँपालिकाबाट सम्पादित कार्यक्रमहरू लगायत सूचनाहरू सार्वजनिक करण गरिनेछ। |

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

यो आवधिक योजना गजुरी गाउँपालिकाको नेतृत्वमा संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, गैसस तथा जनसमुदायको सक्रिय सहभागिता तथा अन्य विकास साझेदार समेतको समन्वय, सहभागिता र सहकार्यमा सञ्चालन हुनेछ। यस योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य अनुसार वार्षिक रुपमा कार्यक्रम बजेट तर्जुमा, नियमित रुपमा समीक्षा र पृष्ठपोषण अनुरुपको सुधार सहित कार्यान्वयन हुने अपेक्षा गरिएको छ । यो योजना कार्यान्वयनको अवधिमा गाउँपालिकाको विकासका लागि आन्तरिक, बाह्य स्रोत, निजी क्षेत्र, गैसस, जनसहभागिता र अन्य स्रोतबाट बजेट व्यवस्थापन गरि प्रस्तावित कार्यक्रम सम्पन्न गर्ने गरि यो आवधिक योजना तयार गरिएको छ। स्रोत अनुसारको आय प्रक्षेपण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

*तालिका ५ गाउँपालिकाको बजेट अनुमान तथा प्रक्षेपण*

| शिर्षक नं. | शिर्षक | आ.व.२०७८/०७९ को यथार्थ | आ.व.२०७९/०८० को यथार्थ | आ.व.२०८०/०८१ को यथार्थ | आ.व.२०८१/०८२ को यथार्थ | बजेट अनुमान तथा प्रक्षेपण (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ.व.२०८२/०८३ | आ.व.२०८३/०८४ | आ.व.२०८४/०८५ | आ.व.२०८५/०८६ | आ.व.२०८६/०८७ |
| **संघीय सरकार** | | **३२८०२५** | **३३९६४४** | **३२९४१३** | **२७७४७६** | **३७४१४३** | **४०४६३४** | **४३७६१३** | **४७३२७९** | **५११८५०** |
| १३३११ | समानीकरण अनुदान | १५०१०० | १४६९८३ | १२७९६८ | ८७५२४ | १४९६८० | १६१८७८ | १७५०७२ | १८९३४० | २०४७७१ |
| १३३१२ | सशर्त अनुदान चालु | १६९२३४ | १८५१५८ | १७९४६८ | १८७३८८ | २११७०१ | २२८९५५ | २४७६१४ | २६७७९५ | २८९६२० |
| १३३१३ | सशर्त अनुदान पुँजीगत | ३१९१ | ४१३१ | १००० | १८०० | १९४७ | २१०५ | २२७७ | २४६३ | २६६३ |
| १३३१५ | विशेष अनुदान पूँजीगत | ५५०० | 0 | १६२७८ | 0 | 0 | 0 | 0 | 0 | 0 |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | 0 | ३३७२ | ४६९९ | ७६४ | १०८१५ | ११६९६ | १२६५० | १३६८१ | १४७९६ |
| **प्रदेश सरकार** | | **३४८७८** | **५९१६२** | **५७१३६** | **२८३८६** | **५९१००** | **६१५२३** | **६४०४४** | **६६६६८** | **६९४०२** |
| १३३११ | समानीकरण अनुदान | १३२९६ | १५८९३ | १४९६२ | ७३७८ | १५३६१ | १५९९१ | १६६४६ | १७३२८ | १८०३९ |
| १३३१२ | सशर्त अनुदान चालु | ५३०३ | २७२७६ | ११९८३ | ३१७८ | ६६१७ | ६८८८ | ७१७० | ७४६४ | ७७७० |
| १३३१३ | सशर्त अनुदान पुँजीगत | 0 | 0 | ४५०० | ६८३० | १४२२० | १४८०३ | १५४१० | १६०४१ | १६६९९ |
| १३३१४ | विशेष अनुदान चालु | 0 | ११४२१ | ७२९८ | 0 | 0 | 0 | 0 | 0 | 0 |
| १३३१५ | विशेष अनुदान पूँजीगत | २७३५ | 0 | 0 | ३५०० | ७२८७ | ७५८६ | ७८९७ | ८२२० | ८५५७ |
| १३३१६ | समपुरक अनुदान चालु | 0 | ४५७२ | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | १३५४४ | 0 | १९१९३ | ७५०० | १५६१५ | १६२५५ | १६९२१ | १७६१५ | १८३३७ |
| **राजस्व बाँडफाँट** | | **१५६२६३** | **१०४२५१** | **१०७३००** | **९५०७१** | **१६२२१७** | **१७५७१२** | **१९०३३०** | **२०६१६२** | **२२३३१२** |
| ११३१५ | बाँडफाँड भई प्राप्त घर जग्गा रजिष्ट्रेशन दस्तुर | 0 | 0 | 0 | 0 | ५०० | ५४२ | ५८७ | ६३५ | ६८८ |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ५९९६४ | ५४७११ | ५९२६३ | ४९०४९ | ८०८०९ | ८७५३२ | ९४८१३ | १०२७०१ | १११२४४ |
| ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | २०७९७ | ० | 0 | २१४५१ | २९३५१ | ३१७९३ | ३४४३८ | ३७३०२ | ४०४०६ |
| ११४५६ | बाँडफाँड भई प्राप्त हुने सवारी साधन कर | ८५७२ | १७३९१ | १७४०१ | १४२०३ | २४४७७ | २६५१३ | २८७१९ | ३११०८ | ३३६९५ |
| १४१५७ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त हुने आय | ६६९३० | ३२१४९ | ३०६३६ | १०३६८ | २७०८० | २९३३२ | ३१७७३ | ३४४१६ | ३७२७९ |
| **आन्तरिक स्रोत** | | **७३५२५** | **५४५७६** | **५०८०७** | **३५७५९** | **८१४८१** | **८९७१९** | **९८७९०** | **१०८७७७** | **११९७७५** |
| **जम्मा** | | **५९२६९१** | **५५७६३३** | **५४४६५६** | **४३६६९२** | **६७६९४१** | **७३१५८८** | **७९०७७७** | **८५४८८६** | **९२४३३९** |

# परिच्छेद ४ : आर्थिक विकास

गजुरी गाउँपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, व्यापार/व्यवसाय, होटल, रेस्टुरेन्ट, पर्यटन जस्ता क्षेत्रमा आधारित देखिन्छ। गाउँपालिकाको सबै वडाहरूमा क्रमिक रूपमा सडक सञ्जाल विस्तार भएकोले आर्थिक गतिवधिका लागि क्रमशः उपयुक्त वातावरण बन्दै गएको छ। पालिका बाहिरबाट रोजगारी मार्फत् गरिने आम्दानी तथा वैदेशिक रोजगारी पनि यस नपालिकाको वैकल्पिक आर्थिक आधार हो। विभिन्न जातजातिको संस्कृती, रहनसहन तथा चाडपर्व लगायत उल्लेख्य सङ्ख्यामा रहेको धार्मिक, पौराणिक महत्वका स्थलहरू गाउँपालिकाको प्रमुख पर्यटकीय आकर्षणको रूपमा रहेका छन्। गजुरी गाउँपालिकाले आफ्नो प्राकृतिक स्वरूप तथा स्थानीय जातजातिको कला र संस्कृति जस्ता सम्पदामा आधारित पर्यटनलाई प्राथमिकता दिई पर्यटन पूर्वाधारमा जोड दिन आवश्यक छ। यो गाउँपालिकामा केरा, आलु, उखु, गहुँ आदिको कृषिको विकास गर्न सकिने अवसर छ। यसका लागि निजी क्षेत्रको सहभागितासहित ठूलो मात्रामा कृषि व्यवस्यासँग सम्बन्धित क्षेत्रहरूमा लगानी भित्राउनु पर्ने देखिन्छ।

यस गाउँपालिकामा होटल तथा गेष्ट हाउसले पर्यटक सत्कारको सेवा उपलब्ध गराउँदै आएका छन्। पालिकामा ८ वटा बैंक, १० वटा लघुवित्त संस्थाहरूले वित्तीय सहजकर्ताको भूमिका निर्वाह गरिरहेका छन्। यसलाई आधार मान्दा पालिका क्षेत्रमा रोजगारी र स्वरोजगारीका विभिन्न विकल्पहरू रहेका छन्। पालिकाभित्र अन्न तथा तरकारी उत्पादनका लागि प्रस्सत खेतीयोग्य जमिन रहेको छ। जस्तै उखु, केरा, नस्पाती उत्पादनका लागि उपयुक्त माटो र हावापानी तथा गहुँ, आँप, धान खेती जस्ता व्यवसायिक उत्पादनका अवसरहरू रहेका छन्। तरकारी तथा मासुजन्य कृषि वस्तुमा आत्मनिर्भर भई निकासी गर्न सकिने सम्भावना रहेको छ। पर्यटन क्षेत्रसँग अन्तर सम्बन्धित कृषि व्यवसायको सम्भाव्यताका कारण कृषि क्षेत्र पनि पालिकाको महत्वपूर्ण आर्थिक स्तम्भ रहेको छ। तथापि अपेक्षित रूपमा कृषि क्षेत्र व्यवसायिकतातर्फ जान वा लैजान नसक्नु, भौतिक पूर्वाधारको सीमितता तथा सेवा क्षेत्रको अपर्याप्त व्यवसायिकताका कारण आर्थिक क्रियाकलापका क्षेत्र सीमित भई पालिकामा पर्याप्त रोजगारी सिर्जना गर्न सकिएको छैन। जसका कारण पालिकाभित्र काम गर्नसक्ने उमेरका करिब ६० प्रतिशत जनसङ्ख्या पूर्ण वा आंशिक बेरोजगार रहेको अवस्था छ। मिनरल वाटर लगायत स्थानीय कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योगको सम्भावना पनि पालिकामा रहेको छ।

यस पालिकामा अन्नबाली तथा तरकारीका लागि उपयुक्त खेतीयोग्य जमिन तथा अधिकांश क्षेत्रमा हुने तरकारी उत्पादनको वर्तमान अभ्यासलाई थप व्यवसायिक बनाउँदै कृषि उपजलाई आन्तरिक र बाह्य बजारसँग जोडेर कृषिलाई स्थानीय आर्थिक विकास र रोजगारीको भरपर्दो आधारका रुपमा विकास गर्ने अवसर पालिकालाई उपलब्ध छ। पालिकामा रहेका पर्यटकीय स्थल र साँस्कृतिक पुरातात्विक सम्पदामात्र नभई छिमेकी स्थानीय तहमा रहेका पर्यटकीय क्षेत्रलाई समेत पालिकाको आर्थिक विकासमा उपयोग गर्न सक्ने अवसर समेत गजुरीलाई छ। स्थानीय उत्पादन र कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योग मार्फत् हुने स्थानीय उत्पादनलाई पर्यटनसँग समेत आवद्ध गरी आर्थिक गतिविधि बढाउने अवसर पनि पालिकासँग रहेको छ। कृषि सहकारी तथा अन्य सहकारी र वित्तीय संस्थालाई कृषि र गैरकृषि क्षेत्रको भरपर्दो वित्तीय साझेदार बनाउने अवसर पनि पालिकालाई छ। आर्थिक विकासका अवसरको सदुपयोग गर्दै र स्थानीय जडिबुटी तथा प्राकृतिक स्रोत समेतको उपयुक्त प्रयोगबाट स्थानीय विकासका लागि लगानीको स्रोत अर्थात् राजस्व बढाउने अवसर पनि पालिकालाई छ। तथापी छरिएर स–साना खण्डमा परम्परागत रुपमा हुने गरेको कृषि उत्पादनलाई व्यवसायिक उत्पादन अभ्यासले प्रतिस्थापित गर्ने उत्पादनलाई एकीकृत गरी

बजारसँग जोड्ने चूनौति रहेको छ। अर्को तर्फ पूर्वाधारको वर्तमान अवस्थामा सुधार गरी उत्पादन र ढुवानीको लागत घटाउने तथा उत्पादनलाई सहजै बजारमा लान सक्ने गरी पूर्वाधार विकास गर्ने चूनौति पनि पालिकालाई रहेको छ। लगानी सुरक्षाको प्रत्याभूति दिलाई पर्यटकको उचित सत्कारका लागि उपयुक्त मापदण्ड सहितको होटल स्थापना र सञ्चालनका लागि निजी क्षेत्रलाई तयार बनाउने चूनौति पनि छ। स्थानीय औधोगिक उत्पादन वृद्धिका लागि अविछिन्न रुपमा बजार उपलब्धताको सुनिश्चितता र लगानी सुरक्षाको प्रत्याभूतिसहित लगानीकर्तालाई उत्प्रेरित गरी साना तथा मझौला उद्योग स्थापना र सञ्चालन गराउने चूनौति पनि पालिकालाई छ। बचत तथा ऋणमा केन्द्रित स्थानीय सहकारीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न लगाउने चूनौति पनि छ। घरभाडा लगायत विभिन्न घरयोग्य आयका आधारमा राजस्व संकलन गर्ने तथा सबै आयलाई राजस्वमा आवद्ध गर्ने चूनौति पनि पालिकालाई छ।

आर्थिक विकास अन्तर्गतका समग्र लक्ष्य र उद्देश्य परिपूर्तिमा केन्द्रित रही यस क्षेत्र अन्तर्गतको बेग्लाबेग्लै लक्ष्य र उद्देश्यसहित उपक्षेत्रगत रुपमा रणनीति, कार्यनीति तय गरिएको छ। त्यसका लागि (क) कृषि तथा पशुपालन (ख) सिंचाई (ग) पर्यटन (घ) उद्योग व्यापार तथा व्यवसाय (ङ) बैंक, सहकारी तथा वित्तिय संस्था (च) सीप तथा रोजगारीलाई आर्थिक विकासका प्रमुख स्तम्भका रूपमा पहिचान गरिएको छ। साथै, आर्थिक विकासको आधारका रूपमा पहिचान भएका क्षेत्रलाई पालिकाको आन्तरिक राजस्व बढाउने तथा रोजगारी सिर्जना गर्ने अवसरका रूपमा समेत लिन सकिन्छ। त्यसैले कृषि तथा पशुपालन, सिंचाई, पर्यटन, उद्योग व्यपार तथा व्यवसाय, बैंक, सहकारी तथा वित्तिय संस्था र सीप रोजगारी आर्थिक विकासका प्रमुख प्राथमिकताका क्षेत्रका रूपमा समेटिएका छन्।

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

"किसानको उन्नती, गजुरीबासीको प्रगती" गजुरीवासीहरूको सामुहिक सोच हो। यही सोचसहित अगाडि बढ्दै गरेको यो गजुरीलाई यसका कृषि तथा व्यवस्या महत्वसहित आफ्नै विशिष्ठ पहिचान र प्राकृतिक सौन्दर्यतालाई "पालिका चिनाउने र पालिका बनाउने" अवसरको रुपमा लिँदै आर्थिक रुपमा सबल पालिकाको रुपमा विकसित भएको हेर्न चाहन्छन्, गजुरीवासीहरू। आर्थिक विकासका लागि रोजगारी सिर्जना र दीगो आयआर्जनलाई मूल आधारको रुपमा लिएको पालिकाले पर्यटन, कृषि र उद्योग व्यवसाय विकासको माध्यमबाट सो हाँसिल गर्न चाहन्छ। कृषिको हकमा, आत्मनिर्भर, उत्पादनमा विविधिकरण तथा व्यावसायीकरण र कृषिजन्य उद्योग व्यवसायलाई प्राथमिकतामा राखी सोही अनुसार रणनिती तथा कार्यनितीहरू प्रस्ताव गरिएको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार ७१.८ प्रतिशत जनसंख्या रोजगार भएकोमा, ६९ प्रतिशत बराबरको लागि कृषि अझै आम्दानीको मुख्य श्रोत हो। व्यापार व्यवसायमा जम्मा जम्मी ९.२ प्रतिशत परिवार निर्भर रहेको यो पालिकामा २० प्रतिशत परिवार दैनिक ज्यालादारीमा आश्रित छन्। ठुला उद्योगहरू नहुनु, साना तथा मझौला प्रकारका उद्योग व्यवसायहरू भर्खर शुरु हुँदै गर्नु र भएकाहरूमा अधिकाँश साना उद्यम व्यवसायहरू नै हुनुले पालिका अझै निर्वाहमुखी पालिकाकै रुपमा रहेको अवस्था छ।

गजुरी गाउँपालिका पशुपालनमा पनि अग्रणी छ। दुध, मासु र अण्डामा आत्मनिर्भरतातर्फ उन्मुख पालिकामा उल्लेख्य मात्रामा पशुपंछीहरू पाँलिदै आएका छन्। गाई, भैंसी, खसी÷बोका, सुंगुर/बंगुर/कुखुरा प्रमुख रुपमा पालिने पशुपंछीहरू हुन्। परम्परागत पालन पद्धति विद्यमान भएता पनि उन्नत जातका पशुपंछीहरू पनि उल्लेख्य मात्रामा पालिँदै आएका छन्। उन्नत जातका पशुपंछीहरूको बढ्दो लोकप्रियतालाई ध्यान दिई जातमा सुधार र उन्नत पालन

पद्धतिका माध्यमबाट उत्पादकत्व बढाई आम्दानी बढाउन सकिने सम्भावनाहरू धेरै देखिन्छ । यसका लागी हाँसपालन उपयुक्त हुन सक्ने देखिन्छ । रोग कम लाग्ने, लागत कम लाग्ने, उत्पादन राम्रो दिने, बजार सहज भएको कारण प्रभावकारी देखिन्छ ।

यी सबै सम्भावनाहरूबाट अधिकतम लाभ लिनको लागि विद्यमान समस्याहरूलाई दीगो रुपमा समाधान गर्न जरुरी छ। वित्तमा न्यून पहुँच खासगरी कृषि तथा पशुपालन प्रयोजनको लागि, व्यावसायिकता तथा प्राविधिक क्षमताको अभाव, न्यून उत्पादकत्व, सीमित बजार पहुँच आदि प्रमुख समस्याहरू हुन् । सहकारी संस्थाहरूको सबलीकरण, प्रभावकारी बजार सूचना प्रणाली, अनुकूल नीति, उन्नत तरिका, प्रविधि तथा यान्त्रिकरणको प्रयोग, क्षमता अभिवृद्धिका साथै आवश्यक पूर्वाधारहरूको व्यवस्थामार्फत् माथिका समस्याहरूलाई समाधान गर्न सकिनेछ ।

### ४.१.२ समस्या तथा चुनौती

पालिकामा कृषि क्षेत्रलाई उत्पादनशील, आकर्षक र लाभदायक बनाउने क्रममा विभिन्न समस्या तथा चुनौतीहरू देखिएका छन् । सिँचाइ सुविधाको अपर्याप्तताका कारण कृषकहरू वर्षामा निर्भर रहन बाध्य छन्, जसले उत्पादनको स्थायित्व र मात्रा दुवैलाई प्रभावित पारिरहेको छ । व्यवसायिक सोचको कमी तथा समूहगत उत्पादन प्रणालीको सीमित अभ्यासका कारण कृषकहरू आधुनिक र बजारमुखी कृषि प्रणालीतर्फ पूर्ण रूपमा अग्रसर हुन सकेका छैनन् । सहयोगी व्यवसायिक पूर्वाधारको कमजोरीले उत्पादन वृद्धि र बजार व्यवस्थापनमा थप चुनौती सिर्जना गरेको छ ।

उत्पादन भइसकेपछि पनि धेरै कृषि बस्तुहरूले स्वदेशी बजारमा उचित मूल्य पाउन नसक्ने समस्या रहेको छ जसले कृषकहरूको आम्दानीमा प्रत्यक्ष असर पार्दछ । कृषि बिमाको व्यवस्था खाद्य तथा तरकारी बालीहरूमा प्रभावकारी रूपमा लागू नभएको तथा बिमा प्रक्रिया सहज र सरल नहुँदा कृषकहरू बिमाबाट लाभान्वित हुन सकेका छैनन् । त्यसैगरी, पर्याप्त संकलन केन्द्रहरूको अभावले कृषि उपजको व्यवस्थापन र बजारसम्म पहुँचमा समस्या उत्पन्न गरिरहेको छ । यी सबै पक्षहरूले कृषि क्षेत्रको दिगो विकासमा महत्वपूर्ण चुनौती प्रस्तुत गरेका छन् ।

### ४.१.३ सम्भावना तथा अवसर

पालिकामा रहेको विविध अन्नबाली, तरकारी तथा फलफूल उत्पादन गर्न सकिने कृषियोग्य क्षेत्रको उत्पादनमूलक उपयोग गरी कृषि क्षेत्रलाई थप सुदृढ बनाउने महत्वपूर्ण सम्भावना रहेको छ । उपलब्ध कृषि पूर्वाधारको अधिकतम उपयोग गर्दै रैथाने तथा जैविक उत्पादनलाई ब्राण्डिङ गरी बजारसँग जोड्न सकेमा गजुरीको कृषि उत्पादनलाई राष्ट्रिय स्तरमा पहिचान दिलाउने अवसर रहेको छ ।

उत्पादन वृद्धि तथा प्रभावकारी बजारीकरणका लागि सहकारी संस्था र समुदायबीचको साझेदारीलाई अझ सुदृढ बनाउने सम्भावना पनि रहेको छ । उन्नत जातका पशुपालन अभ्यासलाई विस्तार गरी उत्पादनको गुणस्तर वृद्धि गर्न सकेमा पर्यटन क्षेत्रका लागि आवश्यक दुग्ध तथा मासुजन्य स्थानीय उत्पादनको उपयोग बढाउने तथा निर्यातको सम्भावना समेत विस्तार गर्न सकिन्छ । कृषि क्षेत्रमा आवद्ध जनशक्तिलाई स्थानीय स्तरमै रोजगारी सिर्जना गरी आफ्नै देशमा बसेर आयआर्जन गर्ने अवसर प्राप्त हुनेछ जसले समग्र आर्थिक विकासमा टेवा पुऱ्याउनेछ। यससँगै स्वदेशी कृषि उत्पादन वृद्धि भई आयातलाई न्यूनिकरण गर्दै खाद्य आत्मनिर्भरता हासिल गर्ने अवसर पनि पालिकासामु रहेको छ ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य:**

पालिकालाई जैविक र व्यावसायिक कृषिमा अग्रणी पालिकाको रुपमा विकास गर्ने ।

**उद्देश्यहरु**

- व्यवसायिक कृषि तथा उन्नत पशुपालन प्रणालीको विकास र विस्तारमार्फत् कृषि तथा पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी पालिकालाई खाद्य तथा पोषणमा आत्मनिर्भर बनाउने
- कृषि यान्त्रिकीकरण प्रवर्द्धन, सिँचाइ व्यवस्थापन, कृषि उपज भण्डारण तथा चिस्यान केन्द्र, संकलन केन्द्र, वधस्थल लगायत आवश्यक कृषि तथा पशुपालन पूर्वाधारको विकास र विस्तार गर्ने
- स्थानीय कृषि उत्पादनको ब्राण्डिङ, प्याकेजिङ्ग तथा लेबलिङ्ग, मूल्य श्रृंखला विकास तथा प्रभावकारी बजारीकरण प्रणालीमार्फत् कृषकलाई उत्पादनको उचित मूल्य सुनिश्चित गर्ने
- कृषि ज्ञान केन्द्र, कृषि प्रयोगशाला, पशु स्वास्थ्य सेवा, कृत्रिम गर्भाधान सेवा तथा विभिन्न तालिम कार्यक्रममार्फत् कृषक तथा पशुपालकको क्षमता अभिवृद्धि गर्दै संस्थागत सेवा प्रणाली सुदृढ गर्ने
- जैविक खेती प्रवर्द्धन, रैथाने बिउ संरक्षण, गुणस्तर मापन तथा प्रमाणीकरण, कृषि बिमा तथा जोखिम व्यवस्थापनका उपायहरूको कार्यान्वयनमार्फत् दिगो, सुरक्षित र वातावरणमैत्री कृषि प्रणालीको विकास गर्ने

**रणनीति तथा कार्यनीतिहरु**

| रणनीति | कार्यनीतिहरु |
|---|---|
| कृषि क्षेत्रमा नीतिगत अनुकुलताको सुनिश्चितताका लागि सरोकारवाला निकायहरूसँगको समन्वयमा आवश्यक नीति तथा कानूनहरू निर्माण गर्ने। | कृषि तथा पशुपालन क्षेत्रको प्रवर्द्धन, नियमन र व्यवस्थापनका लागि आवश्यक नीति तथा कानूनको समयमै निर्माण तथा कार्यान्वयन गरी यो क्षेत्रलाई थप व्यवस्थित बनाउँदै जाने नीति लिइनेछ। |
| कृषि व्यवसायका लागि आवश्यक सेवाको उपलब्धताका लागि आवश्यक कार्यक्रम तथा प्रक्रियागत सहजीकरण गर्ने। | स्थानीय समूह तथा सहकारी संस्थाहरू एवं निजी क्षेत्रका उद्यमी व्यवसायीहरूसँगको समन्वय तथा सहकार्यको माध्यमबाट कृषि तथा पशुपालनका लागि आवश्यक उत्पादन सामग्रीहरू, प्राविधिक सेवा, प्रविधि तथा अन्य उपकरणहरूको आपूर्तीलाइ सर्वसुलभ गराइनेछ। |
| | निजी क्षेत्र एवं अन्य सेवा प्रदायक संस्थाहरूसँग समन्वय तथा सहकार्य गरी सहुलियतपूर्ण वित्त, बिमा, बजार तथा अन्य व्यावसायिक सेवाहरूमा पहुँचको सुनिश्चितता गरिनेछ। |
| कृषि पूर्वाधारको विकास गरी उत्पादन, प्रशोधन तथा बजारीकरण कार्यलाई सहज तुल्याई प्रतिस्पर्धी क्षमता वृद्धि गर्ने। | संकलन केन्द्रको सुदृढीकरण मार्फत् स्थानीय बजार तथा बजार सूचना प्रणाली र सहजीकरणमार्फत् स्थानीय कृषि तथा पशुजन्य उपजहरूलाई बाह्य बजारमा पहुँच बढाइनेछ। |
| | कृषियोग्य जमिनको उत्पादनशीलता र उत्पादनमूलक उपयोगका आधारमा आवश्यकता अनुसार उपयुक्त प्रविधिबाट सिँचाइ सुविधा उपलब्ध गराइने छ। |
| मुल्य श्रृङ्खलामा आधारित उत्पादन, प्रशोधन, बजारीकरण लगायतका व्यावसायिक कार्यमा लगानी र | सीप, पुँजी, प्रविधि, क्षमता विकास, बजार सम्पर्क विस्तारका अलावा कृषकहरूलाई अनपेक्षित जोखिम (प्राकृतिक वा अन्य कुनै) बाट बचाउन स्थायी स्वरुपको प्रभावकारी उपायहरू अवलम्बन गरिनेछ। यसका लागि |

| | |
|---|---|
| सहभागिता प्रोत्साहित गर्ने । | बिमा, जोखिम व्यवस्थापन कोष, क्षतिमा आधारित अनुदान आदिजस्ता सम्भाव्य उपायहरूका लागि पालिकाले आवश्यक स्रोत व्यवस्थापन गर्नेछ |
| | स्थानीय उत्पादनमा आधारित, साना तथा मझौला तहको उद्योग व्यवसायहरूलाई प्राथमिकतामा राखी सोही अनुरुप सहयोगात्मक र प्रवर्द्धनात्मक नीति अवलम्बन गरिनेछ । |
| उत्पादन विविधिकरण, उत्पादकत्व वृद्धि तथा व्यावसायीकरणलाई अघि बढाउन प्राविधिक, व्यावसायिक तथा संस्थागत क्षमता अभिवृद्धि गर्ने । | तालिम तथा परामर्शको माध्यमद्वारा स्थानीय निजी उद्यमी व्यवसायी (एग्रोभेट) तथा समूह÷सहकारी सदस्यहरूको प्राविधिक, उद्यमशीलता तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ । |
| | कृषियोग्य जमिन तथा पशुपालनमैत्री क्षेत्र पहिचान गरी कृषि र पशुपालनको पकेट क्षेत्रहरू तोकिने छ । हाल निर्धारणमा रहेका यस्ता क्षेत्रलाई विस्तार गर्दै लिइने छ । |
| | पशुपालनतर्फ उन्नत पालन पद्धति र नश्ल सुधार मार्फत् उत्पादकत्व वृद्धिमा जोड दिइनेछ । पशु नश्ल सुधार कार्यलाई अभियानकै रुपमा लिइनेछ । |
| | रैथाने बाली प्रवर्द्धनको लागि प्रोत्साहनको व्यवस्था गरिनेछ । |
| | किसान, उसले गरेको कृषि कर्म र त्यसमा प्रयोग हुने जमिन/माटोको डाटावेस तयार गरी अद्यावधिक गर्दै लिइनेछ । |
| | उन्नत खेती पद्धति, नवीन प्रविधि र यान्त्रिकीकरणको प्रयोगलाई प्रोत्साहन गरिनेछ । |
| | स्वच्छ र स्वस्थ उत्पादन, त्यस अनुसारको उत्पादन पद्धतिको अवलम्बन, सो को गुणस्तर मापन र प्रमाणीकरणको व्यवस्था गरिनेछ । |
| कृषि क्षेत्रबाट वातावरणमा पर्न सक्ने असर न्युनिकारण गर्ने । | कृषि अवशेष जलाउने कार्य रोकिने छ । |
| | विषादी र रासायनिक मलको प्रयोगलाई निरुत्साहित गरिनेछ । |

**कार्यक्रम तथा आयोजना**

*तालिका ६ कृषि पशुपन्छी तथा खाद्य सुरक्षा उपक्षेत्रका योजनाहरु*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | **प्रति एकाइ लागत (रु.हजारमा)** | **कसरी गर्ने** पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरकारको सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १ | माटो परीक्षण तथा पकेट क्षेत्र घोषणा | स्थान | | २ | १००० | १००० | ० | ० | ० | २००० | १००० | आन्तरिक श्रोतबाट |
| २ | मौसमी/बेमौसमी तरकारी तथा फलफूल खेतीममा सहयोग | कृषक समूह | | २०० | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | १०० | आन्तरिक श्रोतबाट |
| ३ | कृषि यान्त्रिकरणमा कृषक सहयोग कार्यक्रम | व्यक्ति | | १५० | ५०० | १००० | १५०० | २००० | २५०० | ७५०० | ५० | प्रदेशको सहयोगमा |
| ४ | तरकारी/फलफूल संकलन केन्द्र निर्माण तथा सञ्चालन | स्थान | | १० | ७५०० | ७५०० | ० | ० | ० | १५००० | १५०० | नेपाल सरकार सहयोग |
| ५ | फलफूल तथा जडिबुटीका विरुवा उत्पादनमा सहयोग | उद्यमी | | १८ | ४० | ८० | ८० | ८० | ८० | ३६० | २० | आन्तरिक श्रोतबाट |
| ६ | पशुपन्छी पालक कृषकका लागि नश्ल सुधार तालिम | प्याकेज | | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | १५० | आन्तरिक श्रोतबाट |
| ७ | पशुपालक कृषकको गोठमा पशुप्राविधिक | प्याकेज | | ५ | ९० | ९० | ९० | ९० | ९० | ४५० | ९० | प्रदेशको सहयोगमा |
| ८ | दूग्ध सङ्कलन तथा बजारीकरणमा सहकारी सहयोग | वटा | | ८ | ३०० | ३०० | ३०० | १५० | १५० | १२०० | १५० | नेपाल सरकार सहयोग |
| ९ | उत्पादन पश्चात Post Harvest बाली संरक्षण | प्याकेज | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | प्रदेशको सहयोगमा |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | **प्रति एकाइ लागत (रु.हजारमा)** | **कसरी गर्ने** पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरको सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| १० | जलवायु अनुकुलन कृषि प्रणालीमा कृषक सहयोग | प्याकेज | | ५ | ७५० | ७५० | ७५० | ७५० | ७५० | ३७५० | ७५० | प्रदेशको सहयोगमा |
| ११ | उत्पादनमा आधारित अनुदानमा उद्यमी सहयोग | प्याकेज | | ५ | १६०० | १६०० | १६०० | १६०० | १६०० | ८००० | १६०० | प्रदेशको सहयोगमा |
| १२ | कृषि सहकारी मार्फत उत्पादन तथा बजारीकरण कार्यक्रम | वडा | | ४० | २४०० | २४०० | २४०० | २४०० | २४०० | १२००० | ३०० | नेपाल सरकार सहयोग |
| १३ | कृषि तथा पशुपन्छी पालनमा बिमा कार्यक्रम | प्याकेज | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | नेपाल सरकार सहयोग |
| १४ | खाद्य सुरक्षाका लागि समुदाय अभिमुखीकरण कार्यक्रम | वडा | | ४० | १६०० | १६०० | १६०० | १६०० | १६०० | ८००० | २०० | प्रदेशको सहयोगमा |
| १५ | विद्यालय दिवा-खाजामा स्थानीय उत्पादन कार्यक्रम | प्याकेज | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | नेपाल सरकार सहयोग |
| १६ | खाद्यान्न आत्म निर्भर वडा घोषणा कार्यक्रम | वडा | | ८ | ० | ० | ८००० | ४००० | ४००० | १६००० | २००० | नेपाल सरकार सहयोग |
| १७ | गजुरी चिस्यान केन्द्रस्थापना तथा सञ्चालन | वटा | | २ | ० | ० | १५००० | ० | १५००० | ३०००० | १५००० | आन्तरिक श्रोतबाट |
| १८ | गजुरी तरकारी प्याकेजिङ्ग तथा ब्राण्डिङ्ग | प्याकेज | | २ | ० | ० | ० | १५००० | १५००० | ३०००० | १५००० | प्रदेशको सहयोगमा |
| १९ | दूध प्रशोधन केन्द्र स्थापना | वटा | | २ | ० | १५००० | ० | ० | १५००० | ३०००० | १५००० | नेपाल सरकार सहयोग |
| २० | डिजिटल कृषि परामर्श केन्द्र स्थापना तथा सञ्चालन | प्याकेज | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | प्रदेशको सहयोगमा |

**योजनाको साङ्केतीकरण**

*तालिका ७ कृषि पशुपन्छी तथा खाद्य सुरक्षा उपक्षेत्रका योजनाको साङ्केतीकरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको विवरण | स्थानीय दिर्घकालीन लक्ष्य/ रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य सङ्केत | दिगो राष्ट्रिय लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ | ८ |
| १ | माटो परीक्षण तथा पकेट क्षेत्र घोषणा | १ | १ र २ | ४ | २ | २ |
| २ | मौसमी/बेमौसमी तरकारी तथा फलफूल खेतीममा सहयोग | १ | १ र २ | ४ | २ | ३ |
| ३ | कृषि यान्त्रिकरणमा कृषक सहयोग कार्यक्रम | १ | १ र २ | ४ | २ | ३ |
| ४ | तरकारी/फलफूल संकलन केन्द्र निर्माण तथा सञ्चालन | १ | १ र २ | ४ | २ | ३ |
| ५ | फलफूल तथा जडिबुटीका विरुवा उत्पादनमा सहयोग | १ | १ र २ | ४ | २ | २ |
| ६ | पशुपन्छी पालक कृषकका लागि नश्ल सुधार तालिम | १ | १ र २ | ४ | १ | ३ |
| ७ | पशुपालक कृषकको गोठमा पशुप्राविधिक | १ | १ र २ | ४ | २ | ३ |
| ८ | दूग्ध सङ्कलन तथा बजारीकरणमा सहकारी सहयोग | १ | १ र २ | ४ | २ | ३ |
| ९ | उत्पादन पश्चात Post Harvest बाली संरक्षण | १ | १ र २ | ४ | २ | २ |
| १० | जलवायु अनुकुलन कृषि प्रणालीमा कृषक सहयोग | १ | १ र २ | ४ | २ | ३ |
| ११ | उत्पादनमा आधारित अनुदानमा उद्यमी सहयोग | १ | १ र २ | ४ | २ | ३ |
| १२ | कृषि सहकारी मार्फत उत्पादन तथा बजारीकरण कार्यक्रम | १ | १ र २ | ४ | २ | ३ |
| १३ | कृषि तथा पशुपन्छी पालनमा बिमा कार्यक्रम | १ | १ र २ | ४ | २ | ३ |
| १४ | खाद्य सुरक्षाका लागि समुदाय अभिमुखीकरण कार्यक्रम | १ | १ र २ | ४ | २ | ३ |
| १५ | विद्यालय दिवा-खाजामा स्थानीय उत्पादन कार्यक्रम | १ | १ र २ | ४ | २ | १ |
| १६ | खाद्यान्न आत्म निर्भर वडा घोषणा कार्यक्रम | १ | १ र २ | ४ | २ | ३ |
| १७ | गजुरी चिस्यान केन्द्रस्थापना तथा सञ्चालन | १ | १ र २ | ४ | २ | १ |
| १८ | गजुरी तरकारी प्याकेजिङ्ग तथा ब्राण्डिङ्ग | १ | १ र २ | ४ | २ | १ |
| १९ | दूध प्रशोधन केन्द्र स्थापना | १ | १ र २ | ४ | २ | ३ |
| २० | डिजिटल कृषि परामर्श केन्द्र स्थापना तथा सञ्चालन | १ | १ र २ | ४ | २ | ३ |

## ४.२ सिंचाइ

### ४.२.१ पृष्ठभूमि

सिंचाइ भन्नाले कृषिमा आवश्यकताअनुसार पानीको आपूर्ति गरी बाली उत्पादनमा सुधार ल्याउने प्रक्रियालाई जनाइन्छ। व्यक्ति वा समुदायले कृषिक कार्यका लागि प्राकृतिक वर्षामा भर नपरी, विभिन्न स्रोतबाट नियोजित रूपमा पानी ल्याई खेतीयोग्य जमिनमा पुर्‍याउने कार्यलाई सिंचाइ भनिन्छ। हाम्रो सन्दर्भमा बालीको वृद्धि र उत्पादन सुनिश्चित गर्न पोखरी, नहर, ट्युववेल, कुलो, सोलार पम्प, स्प्रिंकलर वा ड्रिप प्रणालीमार्फत समयमै र आवश्यकता अनुसार जमिनमा पानी पुर्‍याउने कार्यलाई सिंचाइ मानिन्छ।

बाली उत्पादन बढाउन, कृषि प्रणालीलाई जलवायु अनुकूल बनाउन र कृषकको आम्दानी स्थिर राख्न यस्ता प्रवन्ध अत्यावश्यक मानिन्छ। कृषिको टिकाउ विकासका लागि व्यक्तिगत वा सामूहिक प्रयासबाट सिंचाइ व्यवस्थापन र पूर्वाधार निर्माण गरी, यसलाई आर्थिक गतिविधिका रूपमा अघि बढाउने कार्यलाई सिंचाइ क्षेत्रका कार्यका रूपमा लिनु पर्दछ।

यहाँको अधिकांश खेती योग्य जमिन उब्जाउ योग्य क्षेत्र भएता पनि सिंचाइ संरचनाको न्यूनताले कृषि उत्पादनमा अपेक्षित सफलता प्राप्त गर्न सकिएको छैन। वर्षामा आधारित खेतीप्रणाली, अपुरा सिँचाइ योजना र परम्परागत सिँचाइ माध्यमहरूले सिँचाइ क्षेत्रमा समस्या सिर्जना गरेका छन्। गाउँपालिकाका अधिकांश खेतहरू वर्षामा मात्र आंशिक सिँचाइ हुने र बाँकी समयमा बाँझो रहने स्थिति छ। मौसमी वर्षामा निर्भर हुनुपर्ने बाध्यताले बाली विविधीकरण र वाष्पीकरण नियन्त्रणमा कठिनाइ भएको छ। सिँचाइ पूर्वाधार सुधार गर्दै स्रोतहरूको वैज्ञानिक व्यवस्थापन र सिँचाइ प्रणालीको आधुनिकीकरण गर्दा कृषि उत्पादकत्व वृद्धि र आर्थिक समृद्धिमा योगदान पुग्ने देखिन्छ।

### ४.२.२ समस्या तथा चुनौती

खेतीयोग्य जमिनमा पर्याप्त सिँचाइ संरचना विकास हुन नसक्नु कृषि क्षेत्रको प्रमुख समस्या बनेको छ। अधिकांश खेतीपाती मौसमी वर्षामा निर्भर हुँदा वर्षा बाहेकका समयमा बाली उत्पादनमा कठिनाइ उत्पन्न हुन्छ। परम्परागत सिँचाइ प्रणालीहरूले आवश्यक मात्रामा पानी उपलब्ध गराउन नसक्दा उत्पादन क्षमतामा कमी देखिन्छ। उपलब्ध जलस्रोतहरूको प्रभावकारी व्यवस्थापन र उपयोग पनि पर्याप्त रूपमा हुन सकेको छैन। बजेट अभाव, प्राविधिक स्रोतको कमी तथा दक्ष जनशक्तिको अभावका कारण दीर्घकालीन सिँचाइ योजनाहरू निर्माण र कार्यान्वयन गर्न कठिनाइ भइरहेको छ। यसका कारण कृषि उत्पादन स्थिर र दिगो बनाउन चुनौती सिर्जना भएको छ।

कृषि क्षेत्रमा वर्षैभरि सिँचाइ सुविधा उपलब्ध गराउने दीर्घकालीन योजना निर्माण र कार्यान्वयन गर्नु ठूलो चुनौतीको रूपमा देखिएको छ। प्रविधिमा आधारित सिँचाइ प्रणाली जस्तै लिफ्ट सिँचाइ, ड्रिप र स्प्रिंकलर प्रणाली विस्तार गर्न आवश्यक स्रोत, प्रविधि र लगानीको अभाव छ। जलवायु परिवर्तनका असर, भू–गर्भीय संरचनाको जटिलता तथा समुदायको सीमित आर्थिक क्षमता पूर्वाधार विस्तारमा अवरोध बनेका छन्। साथै किसानलाई आधुनिक सिँचाइ प्रविधि प्रयोगतर्फ आकर्षित गर्न चेतना, तालिम र प्रोत्साहन आवश्यक देखिन्छ। यी चुनौतीहरू समाधान नगरी दिगो र प्रभावकारी सिँचाइ प्रणाली विकास गर्न कठिन हुने देखिन्छ।

### ४.२.३ सम्भावना तथा अवसर

यस गाउँपालिकामा प्रशस्त जलस्रोतहरू जस्तै खोला, साना नदी तथा प्राकृतिक मुहानहरूको उपलब्धताले सिँचाइ विकासका लागि महत्वपूर्ण सम्भावना प्रदान गरेको छ। मौसमी तथा बारहमासी जलस्रोतहरूको संरक्षण र समुचित

उपयोग गरी साना तथा मध्यम स्तरका सिँचाइ आयोजना निर्माण गर्न सकिन्छ । भूगोलले अनुकूल बनाएको लिफ्ट सिँचाइ, सौर्य ऊर्जामा आधारित सिँचाइ प्रणाली तथा साना सिँचाइ योजनाहरू विस्तार गर्न सकिने अवसर रहेको छ । यससँगै स्थानीय उत्पादनमुखी तथा रैथाने बाली प्रणालीलाई सिँचाइ सुविधासँग जोडेर कृषि उत्पादन वृद्धि गर्न सकिन्छ। सिँचाइ पूर्वाधार सुधारसँगै कृषि आत्मनिर्भरता अभिवृद्धि गर्दै गाउँपालिकाको आर्थिक समृद्धि हासिल गर्ने राम्रो अवसर देखिन्छ ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

कृषि उत्पादकता वृद्धि गर्दै बारहमासी खेतीलाई सहयोग पुऱ्याउने दिगो र जलवायु सहनशील सिंचाइ प्रणालीको विकास गर्नु

**उद्देश्यहरु**

- साना तथा मध्यम आकारका सिंचाइ योजनाहरू विकास गर्न स्थानीय जलस्रोतहरूको पहिचान र उपयोग गर्नु
- सबै वडाका कृषकहरूका लागि भरपर्दो र बारहमासी सिंचाइ सुविधा विस्तार गर्नु
- जलवायु सहनशील तथा पानीको उपयोगमा प्रभावकारी प्रविधिहरू (जस्तै ड्रिप, स्प्रिंकलर) प्रवर्द्धन गर्नु
- सिंचाइ प्रणालीको सञ्चालन र मर्मतसम्भारका लागि कृषक तथा उपभोक्ता समूहको क्षमता अभिवृद्धि गर्नु
- विपन्न र सीमान्तकृत समूहहरूको समावेशी सहभागिता र समान पहुँच सुनिश्चित गर्नु
- सिंचाइ योजना, कृषि विकास र जलवायु अनुकूलन रणनीतिहरू बीच समन्वय स्थापित गर्नु

**रणनीति, कार्यनीति तथा प्राथमिकताहरु**

| | |
|---|---|
| बाह्रै महिना सिँचाइ सेवा उपलब्ध गराउनका लागि सतह सिँचाइ आयोजनाहरूलाई अघि बढाउने । | बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउन आयोजना निर्माण तथा मर्मतका कार्यहरु प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । |
| निर्माण सम्पन्न भइसकेका सिँचाइ प्रणालीहरूको मर्मतसम्भार एवम् दिगो व्यवस्थापनका लागि उपभोक्ताहरूको सहभागिता सुनिश्चित गर्ने । | व्यवसायिक कृषिलाई प्रोत्साहन गर्नका लागि सौर्य ऊर्जा एवम् अन्य प्रविधिमा आधारित लिफ्ट सिँचाइ प्रणालीको विकासलाई जोड दिइनेछ । |
| नयाँ सिंचाई आयोजनाहरुको निर्माणका लागि जनसहभागिताको आधारमा योजना निर्माण गरि उनिहरुकै संरक्षकत्वमा मर्मत एवम् सुरक्षाको जिम्मा दिने । | पालिकामा हाल विद्यमान जलस्रोतहरुको दिगो संरक्षण रणनीतिहरु तयार गरि स्थानीय समुदायको सहभागितामा संरक्षणका कार्यक्रमहरु कार्यान्वय गरिनेछ । |
| नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजनाहरुको निर्माण तथा मर्मत सम्भारका लागि समुदाय सहभागितामा आधारित सिँचाइ विकास कार्यक्रमहरु कार्यान्वयन गर्ने । | जलस्रोतको अभाव भएका र सुख्खा खडेरीको प्रकोप बढी हुने स्थानमा आकाशे पानी सङ्कलन लगायत खुला र प्लास्टिक पोखरी, हिउँपोखरीको व्यवस्थापनका सुविधा पुऱ्याइनेछ । |

## (क) कार्यक्रम तथा आयोजनाको विस्तृत विवरण

*तालिका ८ सिँचाइ उपक्षेत्रका योजना*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) | कसरी गर्ने पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरको सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १ | निर्मित सिँचाइ कुलो मर्मत सम्भार | प्याकेज | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | प्रदेश सरकार सहयोग |
| २ | नयाँ सिँचाइ कुलो निर्माण | प्याकेज | | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | ५००० | नेपाल सरकार सहयोग |
| ३ | लिफ्ट सिँचाइ आयोजना विस्तार | वटा | | १० | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | १५०० | नेपाल सरकार सहयोग |
| ४ | रिचार्ज पोखरी निर्माण तथा मर्मत | वटा | | १५ | १५०० | ३००० | ३००० | ७५०० | ७५०० | २२५०० | १५०० | प्रदेश सरकार सहयोग |
| ५ | सिँचाइका स्रोत संरक्षण कार्यक्रम | प्याकेज | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | आन्तरिक श्रोत |
| ६ | कृषि पकेट क्षेत्रमा प्राथमिक सिँचाइ | प्याकेज | | ५ | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० | ९०० | प्रदेश सरकार सहयोग |
| ७ | साना जलाशय/सिँचाइ पोखरी निर्माण | प्याकेज | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | नेपाल सरकार सहयोग |

## (ख) कार्यक्रम तथा आयोजनाको विस्तृत साङ्केतिकरण

*तालिका ९ सिँचाइ उपक्षेत्रका योजनाको साङ्केतीकरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको विवरण | स्थानीय दिर्घकालीन लक्ष्य/ रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य सङ्केत | दिगो राष्ट्रिय लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ | ८ |
| १ | निर्मित सिँचाइ कुलो मर्मत सम्भार | १ | २ | ३ | २ | २ |
| २ | नयाँ सिँचाइ कुलो निर्माण | १ | २ | ३ | २ | २ |
| ३ | लिफ्ट सिँचाइ आयोजना विस्तार | १ | २ | ३ | २ | २ |
| ४ | रिचार्ज पोखरी निर्माण तथा मर्मत सम्भार | १ | २ | ३ | २ | २ |
| ५ | सिँचाइका स्रोत संरक्षण कार्यक्रम | १ | २ | ३ | २ | २ |
| ६ | कृषि पकेट क्षेत्रमा प्राथमिक सिँचाइ सुविधा विस्तार | १ | २ | ३ | २ | २ |

## ४.३ पर्यटन, संस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

विश्व पर्यटन संगठनले व्यक्तिले विभिन्न चाहना वा अपेक्षा परिपूर्तिका लागि आफ्नो नियमित बसोबासको स्थान छोडर फुर्सद मनाउन, व्यवसाय गर्न वा अन्य प्रयोजनका लागि एक वर्ष भन्दा कम समयमा अन्यत्र जाने र बस्ने कार्यलाई पर्यटन भनी परिभाषित गरेको छ । हाम्रो सन्दर्भमा विभिन्न दृष्यावलोकन, तिर्थाटन, मनोरञ्जन, व्यवसायिक गतिविधि वा अन्य उद्देश्यले आफ्नो बसोबास गरिरहेको स्थान बाहिर गएर अपेक्षित उद्देश्य प्राप्तिका लागि खर्च गर्ने सम्मको कार्यलाई पर्यटन भन्न सकिन्छ । व्यक्तिगत चाहना परिपुर्तिका यस्ता गतिविधिमा सघाउने, व्यवस्थित गर्ने र आर्थिक गतिविधिका रुपमा अघि बढाएर आर्थिक विकासमा आवद्ध गर्ने कार्यलाई पर्यटन क्षेत्रका कार्यका रुपमा लिनु पर्दछ । गजुरी गाउँपालिका त्रिशुली नदी आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण स्थलको रूपमा परिचित हुँदै गएको छ । पालिका क्षेत्रभित्र रहेको धार्मिक पर्यटकीय केन्द्र मन्दिर, ताल, साँस्कृतिक विविधता, चाडपर्व र प्राकृतिक सौन्दर्यता पर्यटकहरूका लागि आकर्षक गन्तव्य हुन् ।

पालिका क्षेत्रभित्र धार्मिक तथा पर्यटकीय स्थलहरूको पहिचान भएका र सबैमा क्षेत्रमा सडक सञ्जाल पुगेको अवस्था छ । सडकको पहुँच भएता पनि सबै क्षेत्रहरूमा सहज यात्रा हुने गरी सडक वा अन्य वैकल्पिक मार्गको पहुँच पुऱ्याउन आवश्यक छ । पूर्वाधारको विकाससँगै यी क्षेत्रहरूको थप प्रचार प्रसार तथा पर्यटकमैत्री वातावरणको प्रर्वद्धन गर्न सक्दा गजुरी गाउँपालिकाको आर्थिक विकास र रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान हुन सक्छ । साथै अन्य सम्भावित स्थलहरूलाई थप विकास गरी पर्यटक सङ्ख्या वृद्धि गरी आर्थिक उपार्जन र प्रचार प्रसारमा वृद्धि गर्न सकिने सम्भावना देखिन्छ । गाउँपालिकाको आन्तरिक आर्थिक क्रियाकलाप वृद्धि गरी पर्यटकको बन्दोबस्ती र व्यवस्थापन गर्न स्थानीय होटल तथा रिसोर्टहरूको महत्वपूर्ण भूमिका हुन्छ । हाल वार्षिक रूपमा  क्षेत्रमा बसोबास गर्ने पर्यटकहरूको संख्या यकिन छैन । व्यवसायलाई पूर्ण रूपमा व्यावसायिक बनाउन स्थानीयस्तरमा नै सञ्चालकहरूलाई अतिथि सत्कार, परिकार तथा अन्य सेवासम्बन्धी तालिमको व्यवस्था गर्न सके पर्यटन तथा आर्थिक विकासमा टेवा पुग्दछ । पर्यटन व्यवसायको विकास गर्न व्यवस्थित पूर्वाधारको साथै पालिकामा रहेका होटेल, रिसोर्ट, रेष्टुरेण्ट र घरबासको उपलब्धता र व्यवसायिकता सहितको व्यवस्थापन आवश्यक हुन्छ । ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरूको भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनबाट होटेल, रिसोर्ट, रेष्टुरेण्ट र घरबासबाट कुनै पनि स्थानको आर्थिक विकास अगाडि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुको साथै रोजगारीको सिर्जना गर्दछ ।

### ४.३.२ समस्या तथा चुनौती

यस क्षेत्रमा पर्यटन विकासका लागि आवश्यक आधारभूत पूर्वाधार तथा सुरक्षित यातायात व्यवस्था पर्याप्त रूपमा विकास हुन नसक्नु प्रमुख समस्या रहेको छ । पर्यटकीय क्षेत्रहरूलाई उत्पादनमूलक आर्थिक गतिविधिसँग प्रभावकारी रूपमा जोड्न नसक्दा पर्यटनबाट प्राप्त हुन सक्ने आर्थिक लाभ सीमित बनेको छ । साथै सम्भावित पर्यटकीय क्षेत्रहरूको उचित पहिचान, योजना तथा व्यवस्थित विकास हुन नसक्दा पर्यटनको समग्र सम्भावना पूर्ण रूपमा उपयोग हुन सकेको छैन । पर्यटन क्षेत्रलाई दीर्घकालीन योजना तथा दिगोपनको अवधारणासँग जोडेर विकास गर्न नसक्दा यसको प्रभावकारी प्रवर्द्धनमा समेत कठिनाइ देखिएको छ ।

पर्यटन क्षेत्रको विकास र व्यवस्थापनका लागि आवश्यक ज्ञान, सीप र क्षमता भएका दक्ष जनशक्तिको अभाव अर्को महत्वपूर्ण चुनौतीको रूपमा देखिएको छ । पर्यटन सेवा, व्यवस्थापन र आतिथ्य क्षेत्रमा पर्याप्त तालिम तथा क्षमता

विकास कार्यक्रमको कमीले पनि यसको प्रभावकारिता घटाएको छ। साथै वातावरणीय प्रदूषण बढ्दै जाँदा पर्यटकहरू यस क्षेत्रबाट विमुख हुने सम्भावना बढेको छ। त्यसैले वातावरण संरक्षण, सरसफाइ व्यवस्थापन तथा पर्यटनमैत्री वातावरण सिर्जना गर्दै दिगो पर्यटन विकास गर्ने चुनौती यस क्षेत्रका लागि महत्वपूर्ण रहेको छ।

**४.३.३ सम्भावना तथा अवसर**

गाउँपालिका भित्र केरा, उखु तथा आलु जस्ता कृषि बाली प्रशस्त मात्रामा उत्पादन हुने भएकाले कृषि पर्यटन (Agro-tourism) विकास गर्ने राम्रो सम्भावना रहेको छ। कृषि उत्पादनसँग सम्बन्धित गतिविधिहरूलाई पर्यटकीय अनुभवसँग जोडेर स्थानीय किसानको आय वृद्धि गर्न सकिन्छ। यसका साथै गाउँपालिकाको प्राकृतिक सौन्दर्य, हरियाली वातावरण र ग्रामीण जीवनशैलीलाई उपयोग गरी कृषि तथा ग्रामीण पर्यटनको विकास गर्न सकिन्छ। यस प्रकारको पर्यटनले स्थानीय उत्पादनको प्रवर्द्धन, बजार विस्तार र स्थानीय समुदायको आर्थिक सशक्तिकरणमा सकारात्मक योगदान पुऱ्याउन सक्छ।

पर्यटन क्षेत्रलाई आर्थिक विकासको मुख्य आधारका रूपमा विकास गर्ने पर्याप्त अवसर गाउँपालिकामा रहेको छ। यहाँका सांस्कृतिक, प्राकृतिक तथा धार्मिक सम्पदाहरूलाई संरक्षण र प्रवर्द्धन गर्दै पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिन्छ। विभिन्न सांस्कृतिक परम्परा, धार्मिक स्थल तथा प्राकृतिक आकर्षणहरूलाई समेटेर पर्यटकलाई आकर्षित गर्ने कार्यक्रम सञ्चालन गर्न सकिन्छ। उचित योजना, प्रचार–प्रसार र आवश्यक पूर्वाधार विकासमार्फत गाउँपालिकालाई समग्र पर्यटन गन्तव्यको रूपमा स्थापित गर्दै स्थानीय रोजगारी सिर्जना र आर्थिक समृद्धि हासिल गर्ने सम्भावना देखिन्छ।

**४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

**लक्ष्य**

पर्यटनमार्फत् स्थानीय विकास र समृद्धि हाँसिल गर्नु

**उद्देश्यहरु**

- स्थानीय आय र रोजगारी सिर्जना गर्ने उद्देश्यले पर्यटन क्षेत्रको विकास गर्ने, जसका लागि आवश्यक पूर्वाधार निर्माण तथा पर्यटन सेवाको विस्तार गर्ने
- गाउँपालिकाभित्र रहेका स्थानीय भाषा, संस्कृति, परम्परा र सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्दै सांस्कृतिक पर्यटनलाई प्रमुख पर्यटकीय उपक्षेत्रका रूपमा विकास गर्ने
- प्राकृतिक स्रोतहरूको संरक्षण, दिगो उपयोग र व्यवस्थापनमार्फत पर्यावरण पर्यटन (Eco-tourism) को प्रवर्द्धन गर्ने
- पर्यटकका लागि सुरक्षित, व्यवस्थित र गुणस्तरीय सेवा तथा आवास सुविधा उपलब्ध गराउने उद्देश्यले होटल, रिसोर्ट तथा घरबास (Homestay) व्यवसायको विकास, व्यवस्थापन र मापदण्ड निर्धारण गर्ने
- पर्यटन प्रवर्द्धनका लागि आवश्यक प्रचार–प्रसार, पर्यटन सर्किट विकास, पर्यटन गुरुयोजना निर्माण तथा सार्वजनिक–निजी साझेदारीमार्फत पर्यटन पूर्वाधारको विस्तार गर्ने

**रणनीति, कार्यनीति तथा प्राथमिकताहरु**

| | |
|---|---|
| स्थानीय आय र रोजगारीको आधार स्तम्भका रूपमा | पर्यटनमा टेवा पुग्ने गरी गाउँपालिकाभित्र रहेका स्थानीय भाषा, संस्कृति तथा सम्पदाहरूको संरक्षण, प्रवर्द्धन र सो को प्रचार प्रसार गरी साँस्कृतिक पर्यटनलाई |

| | |
|---|---|
| विकास गर्न पर्यटनलाई आधारभूत सेवा उद्योग वा व्यवसायको रुपमा अघि बढाउने । | मुख्य पर्यटकीय उपक्षेत्रको रूपमा विकास गरिने छ । |
| | गाउँपालिकाभित्र रहेका अमुल्य प्राकृतिक स्रोतहरूलाई संरक्षण, उपयोग र व्यवस्थापन गरी पर्यावरण पर्यटन को प्रवर्द्धन गरिने छ । यसका लागि संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिने छ । साथै यस क्षेत्रको प्रदूषण न्यूनीकरण, फोहोर मैला व्यवस्थापन तथा वातावरण संरक्षणमा विशेष जोड दिईनेछ । |
| | पर्यटकको उचित सेवा, पर्यटकको उचित सेवा, सत्कार तथा सुरक्षा प्रबन्धसहितको पर्यटकीय आवास व्यवस्थापन गर्न गाउँपालिकाभित्र रहेका सबै औपचारिक तथा अनौपचारिक होटलहरूलाई गाउँपालिकाको व्यवसायको दायरामा ल्याई तिनको वर्गीकरण, न्यूनतम सेवा र गुणस्तर मापदण्ड निर्धारण, अनुगमन र प्रमाणीकरणका मापदण्ड निर्माण गरी कार्यान्वयन गरिने छ । |
| | गाँउपालिका भित्र बाह्य (वैदेशिक) पर्यटकको उचित सेवा सत्कार हुने स्तरीय होटल तथा रिसोर्ट स्थापना र सञ्चालनका लागि निजी क्षेत्रलाई उत्प्रेरित गरिने छ । |
| | पर्यटनमा टेवा पु¥याउन गाउँपालिकाभित्र रहेका सबै पर्यटकीय दृष्टिले महत्वपूर्ण तथा पर्यटकले उपयोग गर्ने क्षेत्रहरूलाई सुचिकृत गरी त्यस्ता क्षेत्रको प्रदूषण न्यूनीकरण फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षणमा विशेष जोड दिई स्थानीय पर्यटकीय गन्तब्यहरूलाई आकर्षक बनाइने छ । |
| | गाउँपालिकाले पर्यटनको व्यवस्थापन गर्न सबै पर्यटन व्यवसायी, पर्यटकीय स्थल, पर्यटन व्यवसायसँग सम्बन्धित संघ संस्था लगायत पर्यटकका लागि अवश्यक पर्ने सूचनाको उचित व्यवस्थापन गरी आधुनिक सूचना प्रविधिका माध्यमबाट पर्यटकको पहुँचमा पु¥याइने छ । |
| | पालिकाको आन्तरिक पर्यटकीय गन्तव्यहरू बिचको यातायात सञ्जाल विस्तार गरी पालिकाभित्रका सबै पर्यटकीय स्थल जोडिएको पर्यटन रूट निर्धारण गरिने छ । |
| गरिबी निवारण र पालिकाबासीको जीवनस्तर सुधार गर्न पर्यापर्यटन र ग्रामीण पर्यटन प्रवर्द्धनमा जोड दिँदै पर्यटन क्षेत्रको विविधिकरण र विस्तार गर्ने । | ग्रामीण पर्यटन प्रवर्द्धनका लागि समुदायको संस्कृति र समुदायमा आधारित घरबास स्थापना र सञ्चालनमा सामुदायिक संघ संस्थाहरूमार्फत् अनुदान, सहुलियत ऋणको व्यवस्था र तालिमको व्यवस्था मिलाउनको लागि आवश्यक सहयोग र सहजीकरण गरिने छ । |
| | पालिकाको विकास प्रक्रियामा समेट्न नसकिएका महिला, आदिवासी, जनजाति लगायतका विपत्र समूह समेतलाई पर्यटन व्यवसायबाट प्राप्त लाभको बाँडफाँड गर्न ग्रामीण क्षेत्रका वडाहरूका बस्तीमा समावेशी र सहकारीको माध्यमबाट घरबास जस्ता उपयुक्त आयमूलक संरचनाहरूको निर्माण र विकास गरिनेछ । |
| | पालिका क्षेत्रभित्र रहेका वनजंगल, वन्यजन्तु तथा पार्कहरूको संरक्षण र व्यवस्थापन गरी पर्यटकीय स्थलका रूपमा विकास गरिनेछ । |
| | अर्गानिक पद्धति अपनाई खेती प्रणालीको शुरुवात, सम्बन्धित उत्पादन क्षेत्र लक्षित कृषि पर्यटनको प्रवर्द्धन गरिनेछ । |

**(क) कार्यक्रम तथा आयोजनाको विस्तृत विवरण**

*तालिका १० पर्यटन उपक्षेत्रका योजना*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) | कसरी गर्ने पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरकारो सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १ | स्थानीय धार्मिक तथा सांस्कृतिक स्थल संरक्षण तथा प्रवर्द्धन | पटक | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | प्रदेशको सहयोगमा |
| २ | पर्यटकीय स्थलहरूको पहिचान, प्रचार–प्रसार र सूचना सामग्री | प्याकेज | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | आन्तरिक श्रोत |
| ३ | पर्यटन उद्यमीलाई होमस्टे सञ्चालन तालिम र प्रोत्साहन | प्याकेज | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | प्रदेशको सहयोगमा |
| ४ | स्थानीय जात्रा, पर्व, संस्कृति संरक्षण र पर्यटन आकर्षण वृद्धि | प्याकेज | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | आन्तरिक श्रोत |
| ५ | पदमार्ग (ट्रेकिङ रुट), विश्राम स्थल, सूचना बोर्ड, सार्वजनिक शौचालय निर्माण | प्याकेज | | ५ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | १०००० | नेपाल सरकार सहयोग |
| ६ | स्थानीय कला, भेषभूषा तथा परम्परागत सीप संरक्षण कार्यक्रम | कार्यक्रम | | ५ | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | १२०० | नेपाल सरकार सहयोग |
| ७ | स्थानीय युवाहरुलाई पर्यटन गाइड तथा अतिथि सत्कार सम्बन्धी तालिम सञ्चालन | कार्यक्रम | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | नेपाल सरकार सहयोग |
| ८ | त्रिशुली नदीमा मोटरबोट विस्तार योजना कार्यान्वयन | कार्यक्रम | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | प्रदेशको सहयोगमा |
| ९ | राजमार्गका होटेल व्यवसायीहरुका लागि अतिथि | कार्यक्रम | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | आन्तरिक श्रोत |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) | कसरी गर्ने पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरको सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| | सत्कार तालिम सञ्चालन | | | | | | | | | | | |
| १० | मलेखु बजार व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | कार्यक्रम | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | प्रदेशको सहयोगमा |
| ११ | पर्यटन प्रवर्द्धनका लागि गुरुयोजना निर्माण | पटक | | १ | ० | १५०० | ० | ० | ० | १५०० | १५०० | नेपाल सरकार सहयोग |

## (ख) कार्यक्रम तथा आयोजनाको विस्तृत साङ्केतिकरण

*तालिका ११ पर्यटन उपक्षेत्रका योजनाको साङ्केतीकरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको विवरण | स्थानीय दिर्घकालीन लक्ष्य/ रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य सङ्केत | दिगो राष्ट्रिय लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय धार्मिक तथा सांस्कृतिक स्थल संरक्षण तथा प्रवर्द्धन | १ | ८ र १२ | १ | २ | ३ |
| २ | पर्यटकीय स्थलहरूको पहिचान, प्रचार–प्रसार र सूचना सामग्री | १ | ८ र १२ | १ | २ | ३ |
| ३ | पर्यटन उद्यमीलाई होमस्टे सञ्चालन तालिम र प्रोत्साहन | १ | ८ र १२ | १ | २ | ३ |
| ४ | स्थानीय जात्रा, पर्व, संस्कृति संरक्षण र पर्यटन आकर्षण वृद्धि | १ | ८ र १२ | १ | २ | ३ |
| ५ | पदमार्ग (ट्रेकिङ रुट), विश्राम स्थल, सूचना बोर्ड, सार्वजनिक शौचालय निर्माण | १ | ८ र १२ | १ | २ | ३ |
| ६ | स्थानीय कला, भेषभूषा तथा परम्परागत सीप संरक्षण कार्यक्रम | १ | ८ र १२ | १ | २ | ३ |
| ७ | स्थानीय युवाहरुलाई पर्यटन गाइड तथा अतिथि सत्कार सम्बन्धी | १ | ८ र १२ | १ | २ | ३ |
| ८ | त्रिशुली नदीमा मोटरबोट विस्तार योजना कार्यान्वयन | १ | ८ र १२ | १ | २ | ३ |
| ९ | राजमार्गका होटेल व्यवसायीहरुका लागि अतिथि सत्कार तालिम | १ | ८ र १२ | १ | २ | ३ |
| १० | मलेखु बजार व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | १ | ८ र १२ | १ | २ | ३ |
| ११ | पर्यटन प्रवर्द्धनका लागि गुरुयोजना निर्माण | १ | ८ र १२ | १ | २ | ३ |

## ४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

वस्तु तथा सेवाको उत्पादन र बिक्री वितरणको कार्य उद्योग र वाणिज्य अन्तर्गत पर्दछन् । कृषि, पर्यटन जस्तैः पालिका क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग, व्यापार, व्यवसायहरू समेत स्थानीय अर्थतन्त्रको मेरूदण्ड हुन् । गाउँपालिकाभित्र सञ्चालनमा रहेका उद्योग तथा व्यापार व्यवसाय, सेवामूलक व्यवसायिक कार्यहरू पालिका क्षेत्रमा आर्थिक क्रियाकलापलाई चलायमान बनाउने माध्यमहरू हुन् ।

यस गाउँपालिकामा व्यापार व्यवसाय अन्तर्गत उद्योग संख्यामा न्यून रहेको छ । स्थानीय बासिन्दाहरु खाद्यान्न पसल, खुद्रा पसल, कपडा तथा हार्डवेयर पसल जस्ता साना खालका व्यापार व्यवसायमा आबद्ध भएको देखिन्छ । कृषिमा आधारित साना उद्योगहरु छिटपुट रुपमा सञ्चालनमा रहेका छन् ।

### ४.४.२ समस्या तथा चुनौती

यस क्षेत्रमा लघु, घरेलु तथा साना उद्योग स्थापना गर्ने राम्रो सम्भावना रहेको छ । स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थहरूको उपयोग गरी विभिन्न उत्पादनमुखी उद्योग सञ्चालन गर्न सकिन्छ, जसले स्थानीय उत्पादन वृद्धि गर्न मद्दत पुऱ्याउँछ । कृषि तथा वनजन्य स्रोतहरूलाई आधार बनाएर घरेलु उद्योगहरू विस्तार गर्न सकिने भएकाले स्थानीय स्रोतको प्रभावकारी उपयोग सम्भव देखिन्छ । यसले स्थानीय स्तरमै मूल्य अभिवृद्धि हुने वातावरण सिर्जना गर्दै आर्थिक गतिविधि विस्तार गर्न सहयोग पुऱ्याउन सक्छ ।

आवश्यक तालिम तथा सीप विकास कार्यक्रम सञ्चालन गरी स्थानीय युवालाई स्वरोजगार र उद्यमशीलतामा प्रोत्साहित गर्न सकिन्छ । यसबाट नयाँ उद्यमी सिर्जना भई स्थानीय स्तरमा रोजगारीका अवसरहरू बढ्ने सम्भावना रहेको छ । साथै स्वदेशमै उत्पादन बढाउँदा आयातमा निर्भरता कम गर्न सकिन्छ । विदेश पलायन भइरहेका युवा तथा बौद्धिक जनशक्तिलाई स्वदेशमै रोजगारी तथा उद्यमको अवसर उपलब्ध गराई आर्थिक सशक्तिकरण र स्थानीय विकासलाई थप गति दिन सकिने अवसर पनि देखिन्छ ।

### ४.४.३ सम्भावना तथा अवसर

लघु, घरेलु तथा साना उद्योगहरूको विकासका लागि आवश्यक आधारभूत पूर्वाधारको अभाव प्रमुख समस्या रहेको छ । उद्योग सञ्चालनका लागि आवश्यक सडक, विद्युत्, सञ्चार, बजार पहुँच तथा अन्य सहयोगी सेवाहरू पर्याप्त रूपमा उपलब्ध नहुँदा उद्यम सञ्चालन र विस्तारमा कठिनाइ देखिन्छ । साथै व्यवसायीहरूलाई आवश्यक सहुलियत, प्रोत्साहन तथा सहयोगी कार्यक्रमहरू पर्याप्त रूपमा उपलब्ध नहुनुले उद्योग क्षेत्रमा आकर्षण कम भएको छ । स्थानीय तहमा लगानीमैत्री वातावरण निर्माण हुन नसक्दा नयाँ लगानीकर्ताहरूलाई उद्योग तथा व्यवसायमा संलग्न गराउन समेत चुनौती उत्पन्न भएको छ ।

लघु तथा घरेलु उद्योगको विकासका लागि आवश्यक लगानी जुटाउन र लगानीकर्तालाई अभिप्रेरित गर्न नसक्नु अर्को महत्वपूर्ण चुनौतीको रूपमा देखिएको छ । नवीन प्रविधि, आधुनिक मेसिन तथा औजारहरूको उपलब्धता सीमित हुनुका साथै ती उपकरण सञ्चालन गर्न आवश्यक सीप र दक्ष जनशक्तिको कमी पनि रहेको छ । यसका कारण उत्पादनको गुणस्तर र प्रतिस्पर्धात्मक क्षमता कमजोर हुने अवस्था सिर्जना भएको छ । त्यसैले उद्योग क्षेत्रलाई प्रवर्द्धन गर्न प्राविधिक सीप विकास, प्रविधि हस्तान्तरण तथा लगानीमैत्री वातावरण सिर्जना गर्नु आवश्यक देखिन्छ ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

उद्योग र व्यवसाय मार्फत स्थानीय आर्थिक विकास र समृद्धिमा टेवा दिने

**उद्देश्यहरु**

- स्थानीय स्रोत, सीप र प्रविधिमा आधारित उद्योग तथा व्यवसायको विकास र विस्तार गर्दै उत्पादनशील पालिका निर्माण गर्ने
- स्थानीय युवालाई सीप विकास, उद्यमशीलता र व्यवसायिक तालिममार्फत् रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गर्ने
- लगानीमैत्री वातावरण निर्माण गरी लगानी सम्मेलन, उद्यम विकास कार्यक्रम तथा व्यवसाय प्रवर्द्धनमार्फत् स्थानीय उद्योग र आर्थिक गतिविधि विस्तार गर्ने

**रणनीति, कार्यनीति तथा प्राथमिकताहरु**

| | |
|---|---|
| स्थानीय उत्पादनमा आधारित उद्योग र व्यवसाय प्रवर्द्धन गरी आर्थिक विकासमा उद्योग र वाणिज्य क्षेत्रको योगदान बढाउने। | स्थानीय आर्थिक विकासलाई टेवा पुऱ्याउने किसिमका स्थानीय रुपमा स्थापित घरेलु तथा साना उद्योग तथा व्यवसायीहरूलाई आर्थिक रूपमा सहयोग गरी सञ्चालन गर्न प्रोत्साहन गरिनेछ। |
| | स्थानीय कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योग स्थापना र सञ्चालनका लागि समन्वयात्मक, उत्प्रेरणात्मक र सहयोगात्मक भूमिका निर्वाह गरिने छ। |
| | पालिकावासीलाइ पर्याप्त रोजगारीको अवसर सिर्जना हुने खालका नयाँ व्यवसाय तथा कलकारखानाको स्थापना गरी व्यापारिक क्रियाकलाप शुरूवात तथा सञ्चालनको लागि उपयुक्त वातावरण निर्माण गरिने छ। |
| उद्योग र वाणिज्य क्षेत्रमा लगानी बढाउन उपयुक्त पूर्वाधारसहितको औद्योगिक र व्यवसायिक वातावरण सकारात्मक नियमनमार्फत् स्थानीय आर्थिक विकास र रोजगारी प्रवर्द्धन गर्ने | राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका व्यापार/व्यवसायलाई गाउँपालिका भित्र स्थापनाका लागि आकर्षित गर्न प्रयत्न गरिने छ। यसका लागि गाउँपालिकाद्वारा कर सहुलियत, लिज लगायतबाट जमिनको व्यवस्थापनमा सहजीकरण वा निश्चित अवधिको लागि सहुलियत उपलब्ध गराउन नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह गरिने छ। |
| | निश्चित संख्या भन्दा बढी स्थानीयलाई रोजगारीका अवसर उपलब्ध गराउने व्यवसायहरूलाई स्थानीयस्तरमा कर सहुलियत उपलब्ध गराइनुका साथै संघ र प्रदेशबाट उपलब्ध हुने सहुलियतका लागि सहजीकरण गरिने छ। |
| | भविष्यमा रोजगारी तथा आयआर्जन प्रवर्द्धनमा योगदान पुऱ्याउने भौतिक पूर्वाधार निर्माणको प्रशासनिक प्रक्रियालाई थप सरल र सहज बनाइने छ। |
| | भू–उपयोग योजनाद्वारा नयाँ व्यवसाय तथा कलकारखाना शुरूवात गर्नका लागि उपयुक्तता निर्धारण गरिएका स्थानको जमिनको यकिन गरी त्यस्ता |

| | |
|---|---|
| | कलकारखनाका लागि आवश्यक पूर्वाधार तथा सेवाको पूर्व व्यवस्थापन गरिने छ। |
| स्थानीय आर्थिक विकासका लागि पालिका क्षेत्रमा संचालित उद्योग तथा कलकारखानामा हाल प्रयोग भईरहेको उर्जाले वायु प्रदूषणको नकारात्मक असर परिरहेकोले हरित उर्जा प्रयोग र प्रवर्धनमा जोड दिईने। | वातावरण संरक्षण तथा वायु प्रदुषण व्यवस्थापनमा टेवा पुऱ्याउने उद्योगहरुलाई प्रोत्साहन तथा सहुलियत ऋण व्यवस्थापनका लागि वित्तीय संस्थाहरुसँग समन्वय गरिने छ। |
| | निजीक्षेत्र संग आवश्यक समन्वय गरि अनुकुल वातावरणका लागि आवश्यक नीति तथा कार्य विधी तयार गरिनेछ। |
| | वातावरण व्यवस्थापन तथा जलवायु उत्थाशीलतामा टेवा पऱ्याउने साना तथा अन्य उद्योग तथा व्यवसाय संचालनका लागि आवश्यक नीति तथा वातावरण तयार गरिने छ। |
| | महिला तथा विपन्न वर्गको लागि आर्थिक विकासका लागि वातावरण संतुलन तथा वायु प्रदुषण व्यवस्थापनका टेवा पुऱ्याउने विभिन्न व्यवसाय तथा सिपका प्रशिक्षण प्रदान गरिने छ। |

**(क) कार्यक्रम तथा आयोजनाको विस्तृत विवरण**

*तालिका १२ उद्योग उपक्षेत्रका योजना*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | **प्रति एकाइ लागत (रु.हजारमा)** | **कसरी गर्ने** पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरकारको सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १ | घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम | कार्यक्रम | | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ३०० | प्रदेश सरकार सहयोग |
| २ | व्यवसाय दर्ता तथा नियमन प्रणाली सुदृढीकरण | प्याकेज | | ५ | ९० | ९० | ९० | ९० | ९० | ४५० | ९० | आन्तरिक श्रोत |
| ३ | स्थानीय बजार तथा हाटबजार व्यवस्थापन कार्यक्रम | कार्यक्रम | | ४० | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | १०० | प्रदेश सरकार सहयोग |
| ४ | सम्भावित उद्योग/उद्यमशिलताको पहिचान तथा सीपमूलक तालिम सञ्चालन | वडा | | ४० | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | ५०० | नेपाल सरकार सहयोग |
| ५ | उद्यमी प्रवर्द्धनका लागि स्टार्ट-अप सहयोग | प्याकेज | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | प्रदेश सरकार सहयोग |
| ६ | आपूर्ति प्रणाली सुदृढीकरण तथा उपभोक्ता संरक्षण कार्यक्रम | कार्यक्रम | | २० | १८० | २७० | ४५० | ४५० | ४५० | १८०० | ९० | आन्तरिक श्रोत |
| ७ | सहकारी तथा निजी क्षेत्रसँग साझेदारी कार्यक्रम | कार्यक्रम | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | नेपाल सरकार सहयोग |
| ८ | लोक सेवा/शिक्षक सेवा आयोगका कक्षा सञ्चालन | प्याकेज | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | प्रदेश सरकार सहयोग |

## (ख) कार्यक्रम तथा आयोजनाको विस्तृत साङ्केतिकरण

*तालिका १३ उद्योग उपक्षेत्रका योजनाको साङ्केतीकरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको विवरण | स्थानीय दिर्घकालीन लक्ष्य/ रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य सङ्केत | दिगो राष्ट्रिय लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ | ८ |
| १ | घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम | १ | ८, ९ र १२ | ४ | २ | ३ |
| २ | व्यवसाय दर्ता तथा नियमन प्रणाली सुदृढीकरण | १ | ८, ९ र १२ | ४ | २ | ३ |
| ३ | स्थानीय बजार तथा हाटबजार व्यवस्थापन कार्यक्रम | १ | ८, ९ र १२ | ४ | २ | ३ |
| ४ | सम्भावित उद्योग/उद्यमशिलताको पहिचान तथा सीपमूलक तालिम सञ्चालन | १ | ८, ९ र १२ | ४ | २ | ३ |
| ५ | उद्यमी प्रवर्द्धनका लागि स्टार्ट-अप सहयोग | १ | ८, ९ र १२ | ४ | २ | ३ |
| ६ | आपूर्ति प्रणाली सुदृढीकरण तथा उपभोक्ता संरक्षण कार्यक्रम | १ | ८, ९ र १२ | ४ | २ | ३ |
| ७ | सहकारी तथा निजी क्षेत्रसँग साझेदारी कार्यक्रम | १ | ८, ९ र १२ | ४ | २ | ३ |
| ८ | लोक सेवा/शिक्षक सेवा आयोगका कक्षा सञ्चालन | १ | ८, ९ र १२ | ४ | २ | ३ |

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

ग्रामीण अर्थतन्त्रलाई सबल बनाउन सहकारी संस्थाहरूले वित्तीय सहजकर्ता तथा स्थानीय उत्पादन र बजारीकरणका मध्यस्थकर्ताका रूपमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । स्थानीय पुँजीलाई एकीकृत गरी उत्पादनशील क्षेत्रमा लगानी बढाउने र त्यसको प्रतिफल सदस्य तथा समुदायबीच न्यायोचित रूपमा वितरण गर्ने अभ्यासले स्थानीय आर्थिक विकासमा सकारात्मक योगदान पुऱ्याउन सक्छ । गजुरी गाउँपालिकामा सहकारी संस्थाहरूले बचत संकलन तथा ऋण प्रवाहमार्फत् कृषि, शिक्षा, स्वास्थ्य र वैदेशिक रोजगारी जस्ता क्षेत्रमा लगानी गर्दै आएका छन् । यसले स्थानीय बचतलाई गाउँपालिका बाहिर जानबाट रोक्दै आर्थिक गतिविधि विस्तार गर्न सहयोग पुऱ्याएको छ ।

यद्यपि सहकारी क्षेत्रको लगानी अझै उत्पादनमूलक क्षेत्रमा पर्याप्त रूपमा केन्द्रित हुन सकेको छैन । गरिब तथा विपन्न वर्गले सहकारीबाट अपेक्षित लाभ हासिल गर्न नसकेको, पुँजी छरिएको तथा सहकारीहरूको भूमिकालाई बृहत्तर आर्थिक हितसँग प्रभावकारी रूपमा जोड्न नसकिएको जस्ता समस्या देखिएका छन् । साथै सहकारी संस्थाहरूको व्यवस्थापन, पारदर्शिता र प्रभावकारी सञ्चालनमा थप सुधार आवश्यक देखिन्छ । सहकारी क्षेत्रलाई उत्पादन, उद्यमशीलता र रोजगारी सिर्जनासँग जोड्दै यसको प्रभावकारिता बढाउन सके स्थानीय आर्थिक विकासमा अझ महत्वपूर्ण योगदान पुग्न सक्छ ।

### ४.५.२ समस्या तथा चुनौती

गाउँपालिकामा श्रम, रोजगारी तथा सामाजिक सुरक्षासँग सम्बन्धित विभिन्न समस्या र चुनौतीहरू देखिएका छन् । स्थानीय स्तरमा रोजगारीका अवसर सीमित हुँदा ठूलो सङ्ख्यामा युवा जनशक्ति रोजगारीका लागि बाहिर जान बाध्य भएका छन् । परम्परागत कृषि मुख्य आम्दानीको स्रोत भएकाले उत्पादनशील क्षेत्रमा जनशक्तिको संलग्नता कम देखिन्छ र अदृष्य बेरोजगारीको समस्या पनि विद्यमान छ । अर्धदक्ष तथा अदक्ष जनशक्तिको संख्या उच्च हुनुका साथै आवश्यक सीप तथा दक्षताको अभावले स्थानीय स्तरमा उपलब्ध रोजगारीका अवसरहरूको पूर्ण उपयोग हुन सकेको छैन । यसले समग्र आर्थिक विकासमा समेत प्रतिकूल प्रभाव पारिरहेको छ ।

सहकारी क्षेत्रको लगानी उत्पादनमूलक तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा पर्याप्त रूपमा केन्द्रित हुन नसक्नु अर्को चुनौतीको रूपमा रहेको छ । गरिब तथा विपन्न वर्गले सहकारी संस्थाबाट अपेक्षित लाभ प्राप्त गर्न नसकेको अवस्था पनि देखिन्छ । साथै स्थानीय स्तरमा सीप विकास, उद्यमशीलता प्रवर्द्धन तथा स्वरोजगारका कार्यक्रमहरू पर्याप्त रूपमा सञ्चालन हुन नसक्दा श्रमशक्ति प्रभावकारी रूपमा परिचालन हुन सकेको छैन । सामाजिक सुरक्षा कार्यक्रमहरूलाई श्रम तथा रोजगारीसँग समन्वय गरी दिगो आर्थिक अवसर सिर्जना गर्ने आवश्यकतासमेत रहेको छ । यी चुनौतीहरू समाधान गर्न दीर्घकालीन योजना र प्रभावकारी कार्यक्रम कार्यान्वयन आवश्यक देखिन्छ ।

### ४.५.३ सम्भावना तथा अवसर

गाउँपालिकामा श्रम, रोजगारी र सामाजिक सुरक्षाका क्षेत्रमा महत्वपूर्ण सम्भावना रहेको छ । यहाँको युवा जनशक्ति ठूलो स्रोत भएकाले सीप विकास र उद्यमशीलता कार्यक्रममार्फत् स्वरोजगारी सिर्जना गर्न सकिन्छ । सहकारी संस्था, स्थानीय उद्योग र व्यवसायमा लगानी वृद्धि गरी उत्पादनशील क्षेत्रमा रोजगारीका अवसर विस्तार गर्न सकिन्छ । कृषि, घरेलु उद्योग र पर्यटनजस्ता क्षेत्रमा सीपयुक्त जनशक्ति परिचालन गर्दा स्थानीय आर्थिक सशक्तिकरण सम्भव छ । यसले

बेरोजगारी घटाउने, बाह्य श्रम आवद्धतालाई कम गर्ने र सामाजिक सुरक्षामा समावेशीकरण बढाउने अवसर प्रदान गर्दछ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

स्थानीय सीप, उत्पादनशीलता र लगानीलाई प्रवर्द्धन गरी गाउँपालिकामा दिगो रोजगारी, आर्थिक सशक्तिकरण र सामाजिक सुरक्षालाई सुनिश्चित गर्नु

**उद्देश्यहरु**

- स्थानीय सीप विकास र उद्यमशीलता प्रवर्द्धन गरी युवालाई स्वरोजगारमा समावेश गर्ने
- सहकारी संस्था, उद्योग र व्यवसायमार्फत उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्ने
- कृषि, घरेलु उद्योग, पर्यटन र सेवा क्षेत्रसँग श्रमशक्तिलाई जोडेर स्थानीय रोजगारीका अवसर सिर्जना गर्ने
- रोजगारी, आर्थिक सशक्तिकरण र सामाजिक सुरक्षा कार्यक्रमलाई समन्वय गर्दै दिगो आर्थिक वातावरण निर्माण गर्ने

**रणनीति, कार्यनीति तथा प्राथमिकताहरु**

| | |
|---|---|
| स्थानीय सीप विकास र स्वरोजगार प्रवर्द्धन गर्ने | युवालाई लक्षित गर्दै व्यावसायिक तालिम र सीप विकास कार्यक्रम सञ्चालन गर्ने। |
| | गाउँपालिकाभित्र घरबास व्यवसाय, कृषि, उद्योग र सेवा क्षेत्रमा स्वरोजगार अवसरको पहिचान गर्ने। |
| | तालिम प्राप्त जनशक्तिलाई स्थानीय उद्यम, सहकारी र व्यवसायसँग प्रत्यक्ष जोड्ने। |
| | सीपयुक्त जनशक्तिको प्रवर्द्धनका लागि प्रतियोगिता, पुरस्कार वा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने। |
| | स्थानीय स्तरमा उद्यमशीलता प्रशिक्षण, व्यवसायिक सल्लाह र मार्गदर्शन उपलब्ध गराउने। |
| उत्पादनशील क्षेत्रमा लगानी र रोजगारी सिर्जना गर्ने | सहकारी संस्था, स्थानीय उद्योग र व्यवसायसँग समन्वय गरी उत्पादनमूलक लगानी केन्द्रित गर्ने |
| | कृषि, घरेलु उद्योग र पर्यटन क्षेत्रमा रोजगारीका अवसर बढाउने योजना बनाउने |
| | लगानी सम्मेलन, सार्वजनिक–निजी साझेदारी र अनुदान/प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने |
| | स्थानीय उत्पादनको मूल्य अभिवृद्धि र बजार पहुँच सुधार गर्ने |
| | उत्पादनशील क्षेत्रमा लगानी प्रवाहलाई निगरानी तथा प्रभावकारी बनाउने प्रणाली |
| सामाजिक सुरक्षा र दिगो रोजगारी सुनिश्चित गर्ने | रोजगारसँग सम्बन्धित सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने |
| | बेरोजगार, अर्धदक्ष र अदक्ष जनशक्तिका लागि लक्षित रोजगारी योजनाहरू निर्माण गर्ने |
| | श्रमशक्ति बाहिर नजान र स्थानीय स्तरमै रोजगारी सिर्जना गर्न नीतिगत समन्वय गर्ने |
| | रोजगार र सामाजिक सुरक्षा कार्यक्रमलाई सहकारी र स्थानीय निकायसँग समन्वय गर्दै कार्यान्वयन गर्ने |
| | रोजगार, सामाजिक सुरक्षा र आर्थिक सशक्तिकरणका कार्यक्रमहरूको निगरानी, मूल्याङ्कन र सुधारको प्रणाली निर्माण गर्ने |

**(क) कार्यक्रम तथा आयोजनाको विस्तृत विवरण**

*तालिका १४ श्रम रोजगारी उपक्षेत्रका योजना*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) | कसरी गर्ने पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरकारको सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १ | युवा लक्षित स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम | कार्यक्रम | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | नेपाल सरकार सहयोग |
| २ | वैदेशिक रोजगारी व्यवस्थापन तथा पुनःएकीकरण कार्यक्रम | कार्यक्रम | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | प्रदेश सरकार सहयोग |
| ३ | श्रम सूचना तथा रोजगार सेवा केन्द्र स्थापना | कार्यक्रम | | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ३०० | आन्तरिक श्रोत |
| ४ | सार्वजनिक निर्माण कार्यमा स्थानीय श्रमिक प्राथमिकता कार्यक्रम | स्थान | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | नेपाल सरकार सहयोग |
| ५ | महिला तथा विपन्न वर्ग लक्षित रोजगार कार्यक्रम | कार्यक्रम | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | नेपाल सरकार सहयोग |
| ६ | सहकारी तथा निजी क्षेत्रसँग रोजगार साझेदारी कार्यक्रम | कार्यक्रम | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | प्रदेश सरकार सहयोग |

**(ख) कार्यक्रम तथा आयोजनाको विस्तृत साङ्केतिकरण**

*तालिका १५ श्रम रोजगारी उपक्षेत्रका योजनाको साङ्केतीकरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको विवरण | स्थानीय दिर्घकालीन लक्ष्य/ रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य सङ्केत | दिगो राष्ट्रिय लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ | ८ |
| १ | युवा लक्षित स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम | १ | ८ | ५ | १ | ३ |
| २ | वैदेशिक रोजगारी व्यवस्थापन तथा पुनःएकीकरण कार्यक्रम | १ | ८ | ५ | १ | ३ |
| ३ | श्रम सूचना तथा रोजगार सेवा केन्द्र स्थापना | १ | ८ | ५ | १ | ३ |
| ४ | सार्वजनिक निर्माण कार्यमा स्थानीय श्रमिक प्राथमिकता कार्यक्रम | १ | ८ | ५ | १ | ३ |
| ५ | महिला तथा विपन्न वर्ग लक्षित रोजगार कार्यक्रम | १ | ८ | ५ | १ | ३ |
| ६ | सहकारी तथा निजी क्षेत्रसँग रोजगार साझेदारी कार्यक्रम | १ | ८ | ५ | १ | ३ |

# परिच्छेद ५ : सामाजिक क्षेत्र

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

विश्व स्वास्थ्य सङ्गठनका अनुसार "स्वास्थ्य भनेको रोग तथा दुर्बलताबाट मुक्त हुनु मात्र नभई सम्पूर्ण शारीरिक, मानसिक तथा सामाजिक अवस्था तन्दुरुस्त हुनु पनि हो ।" जनतालाई स्वास्थ्य राख्नका लागि उनीहरुको हेरचाह, रोगको रोकथाम, निराकरण, शारीरिक तथा मानसिक सबलीकरण गराउने कार्यक्रम नै जनस्वास्थ्य हो। यसमा नियमित स्वास्थ्योपचार, औषधी वितरण, पोषण कार्यक्रम, रोगको रोकथाम तथा सम्बन्धित अन्य कार्यक्रमहरू पर्दछन् । निरोधात्मक, प्रवद्र्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवाका महत्वपूर्ण पक्षहरू हुन्। गाउँपालिका विकासमा स्वास्थ्य र उत्पादनशील नागरिकको महत्वलाई दृष्टिगत गरी यस क्षेत्रमा लगानी वृद्धिमार्फत् गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्न गाउँपालिकाको दायित्व हो । आम पालिकावासीमा स्वास्थ्य सेवाको पहुँच पु¥याउन स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमहरू आफ्नो वार्षिक नीति तथा कार्यक्रममा प्राथमिकताका साथ संलग्न गरी गजुरी गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा काम गरिरहेको छ।

गजुरी गाउँपालिका राजनीतिक रूपमा ८ वडाहरूमा विभाजित छ। पालिका र वडास्तरमा प्राथमिक स्वास्थ्य केन्द्र्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र्र, विभिन्न स्वास्थ्य संस्था अन्तर्गत सञ्चालित प्रसुती सेवा केन्द्र तथा विभिन्न निजी स्वास्थ्य संस्थामार्फत् स्वास्थ्य सेवा प्रवाह भइरहेको छ । यस अतिरिक्त स्वास्थ्य शिविर लगायत अस्थायी सेवा विस्तारमार्फत् पनि स्वास्थ्य सेवा प्रवाह भइरहेको छ। साथै स्वास्थ्य कर्मीहरूले आ-आफ्नो समुदायमा प्राथमिक उपचार, उपचारात्मक, प्रवद्र्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्। गाउँपालिकासँगको सहकार्यमा स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यमा केही संघ संस्थाहरू पनि यहाँ संलग्न छन्। विशेषगरी न्याय हेल्थ संस्थाले प्राथमिक स्वास्थ्य केन्द्र्रवाट निःशुल्क औषधीसहितको स्वास्थ्य सेवा प्रवाहमा महत्वपूर्ण भूमिका खेलिरहेको छ। पालिकाको प्राथमिक स्वास्थ्य केन्द्र्रमार्फत् एम्बुलेन्स सेवा सञ्चालन भइरहेको छ । साथै सम्बन्धित सबैलाई सुत्केरी पोषण भत्ता बापत रु. २ हजार उपलब्ध गराउने गरिएको छ । स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्र्रमा स्वास्थ्य सेवा निःशुल्क रहेको छ। पूर्ण खोपयुक्त गाउँपालिका सुनिश्चितता कार्यक्रम हरेक वर्ष घोषणा गर्रिंदै आएको छ। घर घरमा गएर नागरिकको स्वास्थ्य जाँचको कार्यक्रम र स्वास्थ्य शिविरमार्फत् घरदैलो र समुदायमा स्वास्थ्य सेवा दिने अभ्यास पालिकाले गर्ने गरेको छ।

### ५.१.२ समस्या तथा चुनौती

पालिकामा आधारभूत स्वास्थ्य सेवामा प्रभावकारीता ल्याउन आवश्यक स्थानीय स्वास्थ्य नीति, कानून र पूर्वाधार पूर्णरूपले तयार नभएको समस्या रहेको छ। जटिल रोगको उपचारका लागि रणनीतिक साझेदारी खोज्ने र स्रोत साधन व्यवस्थापन गर्ने प्रक्रिया अधूरो छ । प्राविधिक जनशक्तिको अपर्याप्तता, स्वास्थ्य स्वयंसेवकहरूको व्यवस्थित परिचालनको कमी, र नागरिकले चाहेको समयमा नियमित तथा आपत्कालीन स्वास्थ्य सेवा उपलब्ध गराउन कठिनाइले स्वास्थ्य सेवा प्रणालीलाई कमजोर बनाएको छ । साथै, केही वडामा १२ महिना संचालन हुने सड़क पूर्वाधारको अभाव, स्वास्थ्य संस्थासम्म यातायात सुविधा नहुनु र पालिकाको भूगोल कठिनाइपूर्ण हुनुले सेवा पहुँचमा बाधा पुऱ्याउँछ।

आधारभूत स्वास्थ्य सेवा सुदृढ गर्न निजी क्षेत्र र संघ–संस्थासँग सहकार्य स्थापित गर्नु, जटिल रोग उपचारका लागि आवश्यक पूर्वाधार र स्रोत व्यवस्थापन गर्नु, र प्राविधिक जनशक्ति सुनिश्चित गर्नु मुख्य चुनौती बनेको छ । स्वास्थ्य स्वयंसेवक परिचालनलाई व्यवस्थित गर्नु, नागरिकको आपत्कालीन सेवा माग पूरा गर्नु, र दुर्गम भूगोल तथा अपर्याप्त यातायात पूर्वाधारको प्रभाव कम गर्नु पनि चुनौतीका रूपमा देखा परेको छ । यी चुनौतीहरूलाई समाधान गर्न दीर्घकालीन योजना, स्रोतको उचित व्यवस्थापन, र स्थानीय–केन्द्र सरकारको समन्वय अनिवार्य छ ।

### ५.१.३ सम्भावना तथा अवसर

स्थानीय तहमा उपलब्ध स्वास्थ्य सेवा सन्तोषजनक भए पनि ठूला र गम्भीर रोगका उपचारका लागि बाहिर जिल्ला धाउनुपर्ने बाध्यता रहेकाले आधुनिक र विशिष्टीकृत स्वास्थ्य सेवासहित कम्तीमा १५ शैयाको नयाँ अस्पताल निर्माण गर्ने सम्भावना छ । यसले पालिकाभरिका नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने दीर्घकालीन आधार तयार गर्नेछ। स्वास्थ्य नीति, योजना निर्माण, आवश्यक पूर्वाधार निर्माण र जनशक्ति व्यवस्थापनलाई केन्द्रमा राखेर संवैधानिक हकको सुनिश्चितता गर्न सकिने सम्भावना पनि छ । यातायात दुर्घटना र अन्य आकस्मिक अवस्थाका लागि आधुनिक ट्रामा सेन्टर, अपांग र बालमैत्री संरचना, स्वास्थ्य चौकी, खोप केन्द्र, प्रसुति सेवा केन्द्र जस्ता पूर्वाधार विस्तार गर्न सकिने अवसरले स्वास्थ्य सेवा प्रणालीलाई थप सक्षम र समावेशी बनाउने सम्भावना प्रदान गर्दछ ।

सङ्घीय र प्रदेश सरकारसँगको समन्वय तथा सहयोगको माध्यमबाट स्वास्थ्य सेवा पहुँच विस्तार गर्ने अवसर छ । अति विपन्न, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र बालबालिकासम्म सेवा पुर्‍याउन सरकारी बिमा कार्यक्रम, घरदैलो स्वास्थ्य जाँच, स्वास्थ्य शिविर र समुदाय केन्द्रित कार्यक्रमहरूको विस्तार गर्न सकिन्छ । स्थानीयस्तरमा औषधीजन्य वनस्पती, जडिबुटी र प्राकृतिक चिकित्सा प्रणालीको संरचना निर्माण गरी आयुर्वेद, योग र प्राकृतिक चिकित्सा केन्द्र स्थापना गर्न सकिन्छ जसले स्वास्थ्य पर्यटन प्रवर्द्धन गर्ने अवसर पनि सिर्जना गर्दछ । साथै, न्याय हेल्थ जस्ता साझेदारी र अन्य नयाँ सहकार्यलाई उपयोग गरी सेवा वितरणको गुणस्तर सुधार र समग्र स्वास्थ्य प्रणालीलाई अझ प्रभावकारी बनाउने अवसर उपलब्ध छ ।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

स्वस्थ गजुरी निर्माण गर्ने

**उद्देश्यहरु**

- पालिकाभरिका सबै वडामा आधारभूत स्वास्थ्य सेवा निःशुल्क, प्रभावकारी, गुणस्तरीय र जवाफदेही रूपमा उपलब्ध गराउने
- स्वास्थ्य संस्थाको नयाँ भवन निर्माण, २४ घण्टे प्रसुती सेवा, क्लस्टर स्तरको प्रस्तुती केन्द्र, आवश्यक स्वास्थ्य उपकरण र जनशक्ति व्यवस्थापन सुनिश्चित गर्ने
- गरिब, सीमान्तकृत, दलित, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा दीर्घ रोगीहरूको लागि लक्षित स्वास्थ्य शिविर, घरदैलो कार्यक्रम, घुम्ती स्वास्थ्य सेवा, निःशुल्क एम्बुलेन्स सुविधा सञ्चालन गर्ने
- पालिकाको स्वास्थ्य नीति, स्थानीय मापदण्ड, ऐन, कार्यविधि, निर्देशिका निर्माण गरी स्वास्थ्य सेवा सञ्चालनमा कानुनी र संरचनात्मक आधार तयार गर्ने

- किड्नी डायलाइसिस केन्द्र, ट्रामा सेन्टर, डिजिटल स्वास्थ्य प्रोफाइल, विद्यालय स्वास्थ्य सचेतना कार्यक्रम, यौन–प्रजनन स्वास्थ्य शिक्षा, स्तन क्यान्सर र पाठेघर सम्बन्धी शिविर जस्ता विशिष्टीकृत सेवा सञ्चालन गर्ने
- धुम्रपान, मध्यपान, लागु पदार्थ सेवन निरुत्साहित गर्ने कार्यक्रम, स्वास्थ्य सचेतना अभियान, रोग महामारी तथा विपद् अवस्थाका लागि अस्थायी उपचार केन्द्र स्थापना र संचालन गर्ने
- स्वास्थ्य तथ्याङ्क संकलन, स्वास्थ्य प्रोफाइल अध्ययन र विश्लेषण गरी वार्षिक रूपमा प्रमुख स्वास्थ्य समस्या पहिचान गर्ने र त्यसको न्यूनिकरणका लागि लक्षित कार्यक्रम लागू गर्ने ।

**रणनीति, कार्यनीति तथा प्राथमिकताहरु**

| **रणनीति** | **कार्यनीतिहरु** |
|---|---|
| आधारभूत स्वास्थ्य सेवाको गुणस्तर प्रवद्र्धन र पहुँच विस्तारका लागि पूर्वाधार सुधार र सेवा विस्तार र विविधिकरण गर्ने । | • स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी, गुणस्तरीय र जवाफदेही बनाउँदै राष्ट्रिय मापदण्ड बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरू प्रत्येक वडा तथा बस्तीहरूमा रहेका स्वास्थ्य संस्थाबाट पूर्ण रुपमा निःशुल्क गरिने छ । |
| | • स्वास्थ्य सेवामा गरिब, सीमान्तकृत, दलित, महिला, बालबालिका, ज्येष्ठ नागरिक, असक्त तथा अपाङ्गता भएका तथा दीर्घ रोगीहरूको पहुँच बढाउन स्वास्थ्य शिविर, विशेषज्ञ स्वास्थ्य जाँच कार्यक्रम जस्ता लक्षित कार्यक्रमहरू तय गरी लागु गरिनेछ । स्वास्थ्य संस्थामा त्यस्ता पक्षको पहुँचमा सरल बनाउन भौतिक पूर्वाधारहरूको र सेवाको अभ्यासमा आवश्यक सुधार गरिने छ र भौतिक पूर्वाधारहरू अपाङ्गमैत्री र ज्येष्ठ नागरिकमैत्री बनाइने छ । |
| | • स्वास्थ्य संस्थाको नयाँ भवन निर्माण, सेवा सञ्चालन वा विस्तार गर्दा सकेसम्म बढी जनघनत्व तथा पायक भएको स्थान छनोट गरिनेछ । |
| | • पालिकाको ग्रामीण वडाहरू थप प्राथकितामा राखी हरेक बस्तीमा स्वास्थ्य सेवा बिस्तार गर्न हाल संचालनमा रहेका खोप केन्द्र्र र गाउँघर क्लिनिकलाई थप ब्यवस्थित र पूर्वाधारयुक्त बनाइनेछ । स्वास्थ्य चौकीबाट टाढा रहेका बस्तीहरूमा गैह्सरकारी संस्था र निजी क्षेत्रसँगको सहकार्यमा घुम्ती स्वास्थ्य शिविर संचालन गरिने छ । |
| | • अस्पताल लगायत सबै प्रकारका स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर निर्धारण र मापन प्रणाली कार्यान्वयन गरिने छ । स्वास्थ्य सेवाको विस्तारमा बाह्य संघ संस्थासँगको साझेदारीलाई प्राथमिकता दिइने छ । |
| | • विद्यमान स्रोत साधनको अधिकतम उपयोग र वर्तमान अभ्यासलाई अझ परिस्कृत गरी स्वास्थ्य संस्थामा जाने अभ्यास बढाउने तथा आधारभूत स्वास्थ्य समस्याका अतिरिक्त जटिल प्रकृतिको र नसर्ने रोग रोकथाम र निदानमा योगदान गर्न सक्ने गरी समुदायस्तरीय प्रेषण प्रणाली सबलीकरण गरिने छ । |
| | • प्राकृतिक प्रकोप तथा दुर्घटनाको कारणले उत्पन्न विपद्को समयमा प्राथमिक उपचार र थप उपचार सेवा प्रभावकारी बनाउन स्थानीय ट्रमा सेवा सञ्चालन र |

| | |
|---|---|
| | सबलीकरण गरिने छ। |
| | • आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिहरूलाई विकास तथा विस्तार गरी समन्वयात्मक रुपमा सेवा प्रवाह गरिने छ। व्यायाम तथा योगाभ्यास प्रवर्द्धनका लागि विभिन्न पक्षसँग साझेदारी गरिने छ। |
| | • एकद्वार संकट व्यवस्थापन केन्द्रको दीगोपनाका लागि पालिकाले समन्वयकारी भूमिका निर्वाह गर्नेछ। मानसिक स्वास्थ्य सेवालाई आधारभूत जनस्वास्थ्य सेवाको रुपमा सञ्चालन र व्यवस्थापन गरिनेछ। |
| स्वास्थ्य क्षेत्र सुधारका स्वास्थ्य संस्थाको स्तरोन्नती, सहायक पूर्वाधार विकास तथा निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक सेवालाई एकसाथ अघि बढाउने। | • नेपाल सरकारको मापदण्ड अनुरुप सबै वडाहरूमा स्वास्थ्य संस्था स्थापना गरिने छ। |
| | • सामुदायिक स्वास्थ्य संस्थामा उपचार सेवाबाहेक अन्य आधारभूत सेवा सुविधा जस्तैः खानेपानी, सरसफाई, विश्राम वा प्रतिक्षा स्थल, सेवा प्राप्त गर्न लाग्ने समय, बिरामीलाई हुने व्यवहार आदिको न्यूनतम स्तर कायम गरिने छ। |
| | • पालिकाका ग्रामीण वडाका स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्र तथा अन्य स्वास्थ्य संस्था पूर्वाधारहरूलाई नेपाल सरकारको स्वास्थ्य पूर्वाधार विकास मापदण्ड अनुसारको थप सुधार तथा स्तरोन्नती गरिने छ। सामुदायिक अस्पतालबाट उपलब्ध हुने कतिपय सेवाहरूलाई स्वास्थ्य चौकीसम्म विस्तार गर्दै लिइने छ। |
| | • पालिकाको सबै वडाका स्वास्थ्य संस्थासम्म सडक र यातायातको पहुँच पुर्‍याई आपत्कालीन स्वास्थ्य सेवा तुरुन्त उपलब्ध हुने गरी ख वर्गको एम्बुलेन्स संचालन गरिने छ। अवस्था अनुसार सेवा निःशुल्क उपलब्ध गराउनका लागि वैकल्पिक वित्तीय व्यवस्थापन गरिने छ। |
| | • पालिकाका सबै सुचीकृत संस्था (प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्यचौकी) को पूर्वाधार र प्राविधिक क्षमता सुधार गरी आपत्कालीन र नियमित प्रसुती सेवालाई थप व्यवस्थित गराइनुका साथै सबै वडामा यो सेवा विस्तार गरिने छ |
| | • आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिको विकास तथा विस्तार गरी समन्वयात्मक रुपमा सेवा प्रवाह गरिने छ। |
| स्वास्थ्य सेवालाई थप पहुँचयोग्य बनाउन सूचना प्रविधिसँग आवद्ध गर्ने। | • स्वास्थ्य संस्था तथा सेवालाई थप पारदर्शी र व्यवस्थित गर्न डिजिटल सूचनापाटी, डिजिटल टिकट काउन्टर, डिजिटल हाजिरी तथा डिजिटल टोकन प्रणालीको ब्यवस्था गरिने छ। |
| | • सबै स्वास्थ्य चौकी तथा अस्पतालमा बिरामीहरूको डिजिटल प्रोफाइल राखिने छ। पालिकाको स्वास्थ्य शाखामा स्वास्थ्य सूचना संकलन तथा डिजिटल स्वास्थ्य तथ्याङ्क व्यवस्थापनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गरिने छ। हाल प्रयोगमा रहेको स्वास्थ्य सूचना प्रणालीलाई पालिकाको आवश्यकता अनुसार सुधार तथा परिमार्जन गरिने छ। |

| | |
|---|---|
| | • स्वास्थ्य सम्बन्धी सचेतना तथा सेवा प्रवर्द्धनका लागि सामाजिक सञ्चाल र आधुनिक सूचना प्रविधिको अधिकतम उपयोग गरिने छ । |
| | • स्वास्थ्य तथ्याङ्क व्यवस्थापनलाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाई अध्ययन, अनुसन्धान, सर्वेक्षण, विश्लेक्षण गरी सबै तहमा हुने नीति निर्माण प्रक्रियामा तथ्याङ्कको प्रयोगलाई बढावा गरिने छ । |
| | • निश्चित मापदण्ड बनाई पालिका अनलाइनमार्फत् निःशुल्क र सशुल्क स्वास्थ्य परामर्श सेवा प्रवाहको व्यवस्था गरिने छ । |
| स्वास्थ्य सेवालाई थप जवाफदेही र संवेदनशील क्षेत्रको रुपमा विकास गर्न सेवा प्रदायक निकायको जवाफदेहिता प्रवर्द्धन र सेवाग्राहीको सशक्तिकरण गर्ने । | • पालिकास्तरमा स्वास्थ्य अनुगमन संयन्त्र स्थापना तथा सो को क्रियाशीलता बढाई सबै स्वास्थ्य संस्थाको प्रभावकारी अनुगमनका साथै निजी तथा सामुदायिक क्षेत्रबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा स्वास्थ्य सेवामा संलग्न संघ संस्थाको सेवाको नियमन गरिने छ । पालिका स्वास्थ्य समिति र स्वास्थ्य व्यवस्थापन समितिको भूमिका थप प्रभावकारी बनाइने छ । |
| | • सबै किसिमका रोगव्याधी तथा महामारी एवं प्राकृतिक विपत्तिबाट हने मृत्युदर, शिशु तथा बाल मृत्युदर, कुपोषण दर, खोप, प्रोटोकल अनुसार गर्भजाँच, दक्ष स्वास्थ्यकर्मीबाट प्रसुती सेवा लिने संख्या आदिमा सुधार गर्न दीगो विकास लक्ष्य तथा नेपाल सरकारको सोह्रौं योजना तथा संघ र प्रदेश सरकारको स्वास्थ्य नीति समेतलाई आधार मानी पालिकाले ती राष्ट्रिय लक्ष्य समयमा नै पूरा गर्ने गरी उपलब्धी समीक्षा र सुधारको पद्धति कार्यान्वयनमा ल्याउने छ । |
| | • औषधी, उपकरण र प्रविधिजन्य स्वास्थ्य सामग्रीको मूल्य, गुणस्तर निर्धारण, खाद्य पदार्थ सुरक्षा आदिका लागि निश्चित मापदण्ड बनाई पालिकाबाट नियमन गरिने छ । |
| | • महामारीको पूर्व तयारी प्रतिकार्यका लागि वडास्तरको समेत प्रतिनिधित्व हुने गरी द्रुत प्रतिकार्य टोली पुर्नगठन र थप क्रियाशील गराइने छ । |
| | • किशोर किशोरी, परिवार नियोजन लगायत यौन तथा प्रजनन सम्बन्धी स्वास्थ्य सेवा र सूचना तथा शिक्षा सबैको पहुँचमा हुने गरी पालिका र र वडास्तरबाट प्रतिकारात्मक, प्रवद्र्धनात्मक र सेवामूलक गतिविधि सञ्चालन गरिने छ । |
| | • स्वास्थ्य सेवाको माग पक्षलाई थप सबल बनाउन महिला स्वास्थ्य स्वयंसेविकाको भूमिका बढाउनुका साथै बाह्य संघ संस्थासँग समन्वयात्मक रुपमा सचेतनामूलक गतिविधिहरू सञ्चालन गरिने छ । |
| | • क्षयरोग लगायत कुष्ठरोग, पानीजन्य रोग, पशुजन्य र किटजन्य रोग आदिको रोकथामका उपाय प्रवद्र्धन गरी सरुवा रोगको समस्याको दीगो समाधान गरिने छ । |
| | • आचारसंहिता मार्फत् चिकित्सक/स्वास्थ्यकर्मी र बिरामी बिचको सुमधुर सम्बन्ध कायम गर्दै सद्भावपूर्ण व्यवहार सुनिश्चित गर्न प्रवर्द्धनात्मक कार्यक्रम |

| | |
|---|---|
| | संचालन गरिने छ। |
| स्वास्थ्य सेवा प्रवाहमा गाउँपालिकाको क्षमता विकास गर्ने। | • पालिकामा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वास्थ्य शाखा तथा पालिका अन्तर्गतका स्वास्थ्य संस्थाको मानव संशाधन विश्लेषण गरी स्वास्थ्य क्षेत्रको संगठन संरचना निर्धारण गरिने छ। |
| | • गाउँपालिकाको स्वास्थ्य शाखा तथा पालिकाभित्रका सबै स्वास्थ्य संस्थामा आवश्यक जनशक्तिको व्यवस्थापन गरिने छ। त्यसका लागि आवश्यकता अनुसार थप जनशक्तिको व्यवस्था तथा उपलब्ध जनशक्तिको क्षमता विकासलाई प्राथमिकतामा राखिने छ। |
| | • स्वास्थ्य सेवामा संलग्न कर्मचारी तथा स्वास्थ्यकर्मीका उत्प्रेरणामूलक कार्यक्रम सञ्चालन गरिने छ। स्वास्थ्य क्षेत्रका जनशक्तिको भौतिक तथा पेशागत सुरक्षाका लागि आवश्यक विधि निर्धारण गरी कार्यान्वयन गरिने छ। |
| | • स्वास्थ्य क्षेत्रका कर्मचारी र स्वास्थ्यकर्मीको कार्य सम्पादन मुल्यांकन पद्धति तय गरी पुरुस्कार र क्षमता विकास कार्यक्रमलाई सो पद्धतिमा आवद्ध गरिने छ। |
| वायु प्रदूषणवाट स्वास्थ्यमा पर्ने असरका वारेमा स्वास्थ्य व्यवसायी तथा संस्थाहरु मार्फत सर्वसाधारणमा चेतना अभिवृद्धि गर्ने | • वायु प्रदूषण र स्वास्थ्यमा पर्ने असरका वारेमा (शैक्षिक सामग्री) (पोस्टर, प्याम्प्लेट, भिडियो, अडियो) उत्पादन, प्रसारण र वितरण गरिनेछ। |
| | • वायु प्रदूषण तथा जलवायु परिवर्तनका कारण स्वास्थ्यमा पर्ने असर र अवस्थाका वारेका अध्ययन तथा विश्लेषणगरि सुचना अध्यवधिक तथा सम्प्रषण गरिने छ। |
| | • महिला स्वास्थ्य स्वयमसेविकाहरु मार्फत वायु प्रदूषणवाट स्वास्थ्यमा पुऱ्याउने असर बारेमा समुदायतह सम्म चेतना अभिवृद्धि गरि सामाजिक बानी व्यवहारमा परिवर्तन ल्याउन आवश्यक व्यवस्थापन गरिने छ। |
| | • स्वास्था शिविर, प्रर्दशनी तथा अन्य नवप्रवर्तन कृयाकलापहरु मार्फत वायु प्रदूषणतथा स्वास प्रस्वास, प्रजानन स्वास्वथ्य, बालबालिकाहरुको स्वास्थ्य लगायत अन्य रोगहरु सम्वन्धी असरहरु बारे सचेतिकरण गरिने छ। |
| | • स्वास्थ्यजन्य फोहरवाट हुने प्रदूषण व्यवस्थापनका लागि आवश्यक नीति तयार गरि प्रभावकारी व्यवस्थान गरिने छ। |

## (क) कार्यक्रम तथा आयोजनाको विस्तृत विवरण

*तालिका १६ स्वास्थ्य तथा पोषण उपक्षेत्रका योजना*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | **प्रति एकाइ लागत (रु.हजारमा)** | **कसरी गर्ने** पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरकारो सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १ | स्वास्थ्य संस्थामा आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको पर्याप्त व्यवस्थापन | प्याकेज | | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | ५००० | नेपाल सरकार सहयोग |
| २ | ग्रामीण वस्तिमा गाउँघर क्लिनिक तथा घुम्ती स्वास्थ्य सेवा निरन्तर सञ्चालन | पटक | | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | ५००० | नेपाल सरकार सहयोग |
| ३ | नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम(Health Camp) | वडा | | ४० | २४०० | २४०० | २४०० | २४०० | २४०० | १२००० | ३०० | प्रदेश सरकार सहयोग |
| ४ | महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रम | प्याकेज | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | नेपाल सरकार सहयोग |
| ५ | गजुरी प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको अस्पतालमा स्तरोन्नति | एकमुष्ट | | १ | १५००० | ० | ० | ० | ० | १५००० | १५००० | नेपाल सरकार सहयोग |
| ६ | आधारभूत अस्पताल सञ्चालनका लागि सम्भाव्यता अध्ययन र कार्यान्वयन | पटक | | १ | ० | ० | १५०० | ० | ० | १५०० | १५०० | प्रदेश सरकार सहयोग |
| ७ | स्वास्थ्य बीमा तथा नियमित जाँच प्रणाली विस्तार | प्याकेज | | ५ | ७५० | ७५० | ७५० | ७५० | ७५० | ३७५० | ७५० | नेपाल सरकार सहयोग |
| ८ | जेष्ठ नागरिक, अपाङ्ग, सुत्केरी महिला लक्षित घरमै | प्याकेज | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | प्रदेश सरकार सहयोग |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | **प्रति एकाइ लागत (रु.हजारमा)** | **कसरी गर्ने** पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरकारको सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| | स्वास्थ्य सेवा सञ्चालन कार्यक्रम | | | | | | | | | | | |
| ९ | समग्र स्वास्थ्य प्रणाली डिजिटाइजेसन | कार्यक्रम | | ५ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ८०० | नेपाल सरकार सहयोग |
| १० | मानसिक स्वास्थ्य सेवा (परामर्श इकाई) स्थापना र विस्तार | वडा | | ४० | २४०० | २४०० | २४०० | २४०० | २४०० | १२००० | ३०० | नेपाल सरकार सहयोग |
| ११ | एकीकृत स्वास्थ्य सेवा प्रणाली विस्तार | प्याकेज | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | प्रदेश सरकार सहयोग |
| १२ | महामारी तथा विपद् तयारी प्रणाली संस्थागत विकास | कार्यक्रम | | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० | नेपाल सरकार सहयोग |
| १३ | टेलीमेडिसिन स्वास्थ्य उपचार सेवा विस्तार | प्याकेज | | ५ | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | ३००० | नेपाल सरकार सहयोग |
| १४ | आवश्यकताको आधारमा बर्थिङ्ग सेन्टर स्थापना | स्थान | | १६ | ५००० | ४००० | ३००० | २००० | २००० | १६००० | १००० | प्रदेश सरकार सहयोग |
| १५ | विद्यालयमा स्वास्थ्य किट व्यवस्थापन | कार्यक्रम | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | आन्तरिक श्रोतबाट |

## (ख) कार्यक्रम तथा आयोजनाको विस्तृत साङ्केतिकरण

*तालिका १७ स्वास्थ्य तथा पोषण उपक्षेत्रका योजनाको साङ्केतीकरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको विवरण | स्थानीय दिर्घकालीन लक्ष्य/ रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य सङ्केत | दिगो राष्ट्रिय लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य संस्थामा आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको पर्याप्त व्यवस्थापन | २ | ३ | २ | १ | ३ |
| २ | ग्रामीण वस्तिमा गाउँघर क्लिनिक तथा घुम्ती स्वास्थ्य सेवा निरन्तर सञ्चालन | २ | ३ | २ | १ | ३ |
| ३ | नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम(Health Camp) | २ | ३ | २ | २ | ३ |
| ४ | महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रम | २ | ३ | २ | १ | ३ |
| ५ | गजुरी प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको अस्पतालमा स्तरोन्नति | २ | ३ | २ | २ | ३ |
| ६ | आधारभूत अस्पताल सञ्चालनका लागि सम्भाव्यता अध्ययन र कार्यान्वयन | २ | ३ | २ | २ | ३ |
| ७ | स्वास्थ्य बीमा तथा नियमित जाँच प्रणाली विस्तार | २ | ३ | २ | २ | ३ |
| ८ | जेष्ठ नागरिक, अपाङ्ग, सुत्केरी महिला लक्षित घरमै स्वास्थ्य सेवा सञ्चालन कार्यक्रम | २ | ३ | २ | १ | ३ |
| ९ | समग्र स्वास्थ्य प्रणाली डिजिटाइजेसन | २ | ३ | २ | २ | ३ |
| १० | मानसिक स्वास्थ्य सेवा (परामर्श इकाई) स्थापना र विस्तार | २ | ३ | २ | १ | ३ |
| ११ | एकीकृत स्वास्थ्य सेवा प्रणाली विस्तार | २ | ३ | २ | १ | ३ |
| १२ | महामारी तथा विपद् तयारी प्रणाली संस्थागत विकास | २ | ३ | २ | २ | ३ |
| १३ | टेलीमेडिसिन स्वास्थ्य उपचार सेवा विस्तार | २ | ३ | २ | १ | ३ |
| १४ | आवश्यकताको आधारमा बर्थिङ्ग सेन्टर स्थापना | २ | ३ | २ | २ | ३ |
| १५ | विद्यालयमा स्वास्थ्य किट व्यवस्थापन | २ | ३ | २ | २ | ३ |

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ५.२.१ पृष्ठभूमि

शिक्षा विकासको आधार हो । साथै मर्यादित एवम् परिस्कृत जीवन सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो । ज्ञानमा आधारित समाजको माध्यमबाट मुलुकको दीगो शान्ति र समृद्धिका लागि शिक्षालाई महत्वपूर्ण माध्यमको रुपमा स्वीकार गरिँदै आइएको छ । नेपालको संविधानको धारा ३१ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षामा पहुँच, अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक प्रत्याभूत गरेको छ । अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक प्रत्याभूत गरेको छ । साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक तथा सीपमूलक तथा स्वरोजगारमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ ।

जुरी गाउँपालिकामा ४२ ओटा सामुदायिक तथा धार्मिक विद्यालय र ३ वटा संस्थागत विद्यालय गरी जम्मा ४५ ओटा विद्यालय रहेका छन् । गजुरी गाउँपालिकाभित्रका ४३ ओटा सामुदायिक विद्यालयमा प्रति कक्षाकोठा ४० जना विद्यार्थीको आधारमा सबै सामुदायिक विद्यालयमा क्षमता भन्दा कम बालबालिका अध्ययन गरिरहेका छन् तर कक्षाकोठाको न्यूनतम मापदण्डलाई आधार मानिएको छैन। २०७८ को जनगणना अनुसार कुल जनसंख्याको साक्षरता दर ७२.९ प्रतिशत रहेको छ जसमा पुरुषको साक्षरता दर ७८.६ प्रतिशत रहेको छ भने महिलाको साक्षरता दर ६७.२ प्रतिशत रहेको छ ।

### ५.२.२ समस्या तथा चुनौती

विद्यालय शिक्षा क्षेत्रमा समयमै बजेट फुकुवा नहुनु र कतिपय कार्यक्रमहरूको लागि पर्याप्त बजेट व्यवस्थापन नभएको मुख्य समस्या हो । अपाङ्गमैत्री विद्यालय भौतिक संरचना नहुनु, विषयगत तथा तहगत शिक्षक व्यवस्थापनको कमी, र विविध प्राकृतिक तथा मानवीय प्रकोपका कारण विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षाअनुसार वृद्धि नहुने समस्या देखिन्छ । यसका साथै विद्यार्थी टिकाउदर कम हुनु, माध्यमिक तहमा व्यवसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना र कार्यक्रमको अभाव, र समुदायमा सामुदायिक विद्यालयप्रति सकारात्मक धारणाको कमीले शिक्षा सुधारमा चुनौती थप्दै आएको छ । यी सबै समस्याहरूले दीर्घकालीन गुणस्तरीय शिक्षा सुनिश्चित गर्न बाधा पुऱ्याउँछन्। विद्यालय शिक्षा प्रणालीमा दीर्घकालीन सुधारका लागि मुख्य चुनौती भनेको स्रोत र बजेटको समयमै उपलब्धता सुनिश्चित गर्नु हो । अपाङ्गमैत्री भवन र आधारभूत पूर्वाधारको कमीले सबै बालबालिकाको समावेशी शिक्षा सुनिश्चित गर्न कठिनाइ पैदा गरेको छ । शिक्षक व्यवस्थापनमा असमानता, प्राकृतिक र मानवीय प्रकोपबाट उत्पन्न व्यवधान, र विद्यार्थी टिकाउदरको कमिले शिक्षाको निरन्तरता र गुणस्तर कायम राख्न चुनौती प्रस्तुत गर्दछ । यसैगरी, माध्यमिक तहमा व्यवसायिक तथा प्राविधिक शिक्षाको उपयुक्त कार्यक्रम र संरचना नबनाउनु, र समुदायमा विद्यालयप्रति सकारात्मक दृष्टिकोण विकास नहुनु दीर्घकालीन शैक्षिक सुधारको मार्गमा चुनौती बनेको छ । यी चुनौतीहरू समाधान गर्न रणनीतिक योजना, स्रोत व्यवस्थापन, र समुदायसँग सहकार्य आवश्यक छ ।

**५.२.३ सम्भावना तथा अवसर**

प्राथमिकतामा शिक्षालाई उच्च स्थान दिइएकोले राष्ट्रिय र स्थानीय स्तरमा शिक्षा सुधारका प्रयासहरू प्रभावकारी रूपमा अघि बढाउन सकिन्छ । उपलब्ध स्रोत र साधनको उपयोग गरी लक्षित बालबालिका र विद्यार्थीहरूको तथ्यांक संकलन र नक्सांकन गर्दा उनीहरूको आवश्यकता र परिस्थितिको स्पष्ट चित्र तयार हुन्छ जसले योजना निर्माण र निर्णय प्रक्रियामा ठोस आधार प्रदान गर्छ । शिक्षक र विद्यार्थी लक्षित कार्यक्रम सञ्चालनले कक्षाकोठा शिक्षण–सिकाइमा सुधार ल्याउन र सिकाइ गुणस्तर वृद्धि गर्न सहज बनाउँछ । सिकाइह्रास रोक्न वैकल्पिक विधिहरू अपनाइएकोले विद्यार्थीको निरन्तर सिकाइ सुनिश्चित गर्ने सम्भावना बढाउँछ । यसले दीर्घकालीन शिक्षाको गुणस्तर सुधार र समावेशी शिक्षाको प्रवर्धन गर्ने क्षमता प्रदान गर्दछ ।

जनप्रतिनिधिहरूको सक्रिय सहभागिता, सुझाव र सहयोगलाई समावेश गर्ने कार्यक्रमहरूले स्थानीय स्तरमा शिक्षा सुधारका लागि साझा उत्तरदायित्व र समन्वयको वातावरण सिर्जना गर्ने अवसर प्रदान गर्दछ । शिक्षा क्षेत्रमा क्रियाशील सहयोगी संघ–संस्थाहरूको भूमिका प्रभावकारी स्रोत, प्राविधिक सहयोग र नविनतम शिक्षण विधिहरू अपनाउने अवसर प्रदान गर्दछ । यस अवसरको सदुपयोगले सामुदायिक विद्यालयहरूमा गुणस्तरीय, समावेशी र बालमैत्री शिक्षण–सिकाइ वातावरण निर्माण गर्न, विद्यार्थीहरूको क्षमता विकास गर्न र शिक्षक तथा अभिभावकबीच विश्वास र सहभागिता बढाउन मद्दत पुर्‍याउँछ । साथै, यी अवसरहरू प्रयोग गरी स्थानीय आवश्यकताअनुसार नयाँ शिक्षण कार्यक्रम, प्राविधिक तथा व्यवसायिक प्रशिक्षण, र विद्यार्थी केन्द्रित परियोजना सञ्चालन गर्न सकिन्छ ।

**५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

**लक्ष्य**

पहुँचयोग्य, गुणस्तरीय, आयमूलक र व्यवहारिक विद्यालय शिक्षाको माध्यमबाट नवप्रवर्तनशील नविनखोज र अनुसन्धानमुखी मानव स्रोत विकास गर्ने ।

**उद्देश्यहरु**

- सबै बालबालिकालाई प्रारम्भिक बाल कक्षामा भर्ना गराई अनुभवमूलक सिकाइ प्रदान गर्दै आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गर्ने
- विद्यालयलाई भयरहित, दण्डरहित, अपाङ्गतामैत्री र बालमैत्री बनाउँदै सहभागितामूलक तथा आधुनिक शिक्षण विधि लागू गर्ने
- सुरक्षित भवन, घेराबार, खेलमैदान, खेल सामग्री, छुट्टाछुट्टै शौचालय, विज्ञान प्रयोगशाला लगायत आधारभूत संरचना निर्माण तथा सुदृढीकरण गर्ने
- पालिका स्तरका शैक्षिक प्रशासनिक निकाय र विद्यालयहरूमा सुशासन कायम गर्दै शिक्षक, अभिभावक र विद्यार्थीबीच विश्वासको वातावरण निर्माण गर्ने
- विद्यालयहरूको क्षमता मूल्याङ्कन गरी शिक्षक, व्यवस्थापन समिति तथा सरोकारवालाको क्षमता विकास गर्दै गुणस्तरीय शिक्षण सिकाइ सुनिश्चित गर्ने
- सामुदायिक विद्यालयमा प्राविधिक धार सञ्चालन, सामाजिक व्यवसाय प्रवर्द्धन, बहु-प्राविधिक विद्यालय स्थापना तथा कृषि, इञ्जिनियरिङ, मेडिकल लगायत उच्च शिक्षाका अवसर विस्तार गर्ने

- विद्यालयलाई शान्तिक्षेत्रको रूपमा विकास गर्दै कानुनी तथा संरचनागत व्यवस्था मार्फत सबै बालबालिकाका लागि सुरक्षित, सम्मानजनक र भयरहित वातावरण सुनिश्चित गर्ने

**रणनीति, कार्यनीति तथा प्राथमिकताहरु**

| **रणनीति** | **कार्यनीतिहरु** |
|---|---|
| भयरहित र प्रभावकारी शिक्षण सिकाई वातावरणका लागि बालमैत्री र अपाङ्गतामैत्री पूर्वाधार व्यवस्था र आधुनिक शिक्षण पद्धति कार्यान्वयन गर्ने। | विद्यालयको भौतिक संरचना बालमैत्री र अपाङ्गतामैत्री बनाइनेछ। सबै सामुदायिक विद्यालयहरूका भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, खानेपानी, पुस्तकालय, बुक कर्नर जस्ता आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारहरूलाई पूर्णता दिइनेछ। |
| | विद्यालयमा घेराबार र खेलमैदान लगायत आवश्यक सेवाको सुनिश्चितता गरिनेछ। |
| | विद्यालयमा बालमैत्री खेल मैदान र खेलकुद सामाग्रीको व्यवस्था गरिनेछ। |
| | विद्यालयमा बालमैत्री र दण्डरहित शिक्षण सिकाई वातावरण तयार गरिनेछ। |
| | विद्यालय शान्ति क्षेत्रको अवधारणा पूर्ण कार्यान्वयन गरी विद्यालयमा भयरहित वातावरण सिर्जना गर्न आवश्यक कानूनी र संरचनागत व्यवस्था गरिने छ। |
| | शिक्षण सिकाईलाई सहभागितामूलक र भयरहित बनाउनका लागि आधुनिक सिकाई विधिको विकास गरी पूर्ण कार्यान्वयन गरिनेछ। |
| विद्यालय शिक्षामा समावेशी र समतामूलक पहुँच विस्तार, गुणस्तर प्रवर्द्धन गर्ने। | आधारभूत तथा माध्यमिक शिक्षामा सबै बालबालिकाको सहज पहुँच सुनिश्चित र गुणस्तर सुधार गर्न आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरिनेछ। |
| | शिक्षकको ज्ञान र सीप कक्षाकोठामा पु¥याई बालबालिकाको सिकाई उपलब्धी दर उच्च बनाउने नीति अवलम्बन गरिनेछ। |
| | निःशुल्क र अनिवार्य विद्यालय शिक्षाको नीति व्यवहारिक कार्यान्वयनमा लिने वातावरण निर्माण गरिनेछ। |
| | निरन्तर मुल्यांकन प्रणालीको व्यवहारिकताको आधारमा कार्यान्वयन प्रकृयामा सुधार गर्ने आधार तयार गरिनेछ। |
| | अपनत्वको सृजना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाई प्रकृयामा सुधार, पेशागत नैतिकताको प्रवद्र्धन, लगानी अभिवृद्धि र प्रविधिको उच्चतम प्रयोगद्वारा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ। |
| | राष्ट्रिय शिक्षा नीति २०७६ मा व्यवस्था भए अनुसार आधारभूत तहको कक्षा एक देखि तीनसम्म एकीकृत पाठ्यक्रममा आधारित कक्षा शिक्षण वा बहुकक्षा शिक्षण पद्धतिलाई व्यवहारिक कार्यान्वयनमा लिइने छ। |
| | सामुदायिक विद्यालयका शिक्षकले विषयगत शिक्षण, बहुकक्षा शिक्षण, कक्षा शिक्षण पद्धति सम्बन्धी ज्ञान र सीप हाँसिल गरी पठनपाठनमा सो को |

| | |
|---|---|
| | प्रभावकारी प्रयोग गर्न सक्ने गरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ । |
| | सामुदायिक विद्यालयमा विज्ञान र प्राविधिक धारतर्फको विषय समावेश गरी नमूनाका रुपमा सञ्चालन गराउन सम्बन्धित सरोकारवालाहरू संगको सहकार्य गर्ने नीति लिइनेछ । |
| | व्यवहारिक र जीवनपयोगी शिक्षाको कार्यान्वयनमा विशेष जोड दिइनेछ । |
| | सामुदायिक विद्यालयमा पुस्तकालय, कम्प्युटर र इ हाजिरीको व्यवस्था क्रमशः गरिनेछ । |
| | फरक क्षमता (अपाङ्गता) भएका बालबालिकाको पहुँच वृद्धिमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |
| | विद्यालय सुशासन प्रणालीलाई व्यवहारिक कार्यान्वयनमा लिइनेछ । |
| पालिकाको शिक्षा शाखा, विद्यालय शिक्षक, कर्मचारीको र विभिन्न संरचनाको क्षमता विकास गर्ने । | शिक्षकहरूलाई मागमा आधारित तालिमको व्यवस्था गरिनेछ । |
| | पालिकाको शिक्षा समिति क्षमता विकास गरिनेछ । |
| | पालिकामा निर्माण भएका विभिन्न शिक्षा संरचनालाई जनशक्ति र प्राविधिक रुपमा सबल बनाइनेछ । |
| | पालिकामा निर्माण भएका शिक्षा संरचनाको क्षमता विकास गरी पारदर्शिता र सुशासन सुनिश्चितताका लागि आवश्यक क्षमता विकास गरिनेछ । |
| | विद्यालय सूचना प्रणालीलाई प्रभावकारी बनाउन गाउँपालिकास्तरमा सूचना व्यवस्थापन सम्बन्धी एप्स निर्माण र कार्यान्वयन गरिनेछ । |
| | शिक्षकलाई पुरस्कार र दण्डको व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ । |
| विद्यालयको क्षमता मापन र सेवाक्षेत्र निर्धारण गर्ने । | विद्यालयको क्षमता मापनमा आधारहरू तयार गरी क्षमता एकिन गरिनेछ । |
| | विद्यालयको सेवा क्षेत्र सम्बन्धी आधारहरू तयार गरी सेवा क्षेत्र सुनिश्चित गरिनेछ । |
| | विद्यालयको सेवा क्षेत्रभित्रका बालबालिकाहरूलाई सेवा क्षेत्र भित्र नै अध्ययन गर्नका लागि प्रोत्साहन गरिनेछ । |
| प्राविधिक शिक्षाको विकासका लागि आवश्यक पूर्वाधारसहित वातावरण तयार गर्ने । | सामुदायिक माध्यमिक विद्यालयमा प्राविधिक धारमा सञ्चालनमा प्रोत्साहन गरिनेछ । |
| | सामुदायिक विद्यालयलाई शिक्षण सिकाईको अभिन्न अङ्गका रुपमा सामाजिक व्यवसाय सञ्चालनमा सहजीकरण गरिने छ । |
| | बहु–प्राविधिक विद्यालय सञ्चालन गर्नका लागि सामुदायिक निजी साझेदारी नीति अवलम्बन गरिनेछ । |
| | सम्बन्धित निकायसँगको समन्वयमा पालिकाभित्र एउटा आयुर्वेदिक पाठशाला स्थापना गरिनेछ । |

| | |
|---|---|
| गाउँपालिकामा विद्यमान वायु प्रदूषणलाई व्यवस्थापन गर्न विद्यालय मार्फत वातावरण शिक्षा विस्तार गरी व्यक्तिगत व्यवहारमा परिर्वतन ल्याउने | विद्यालय मार्फत वायु प्रदूषण तथा जलवायु परिर्वतन सम्बन्धी शिक्षा प्रबर्द्र्धन गर्न स्थानीय पाठ्यक्रममा समावेश गरिने छ। |
| | विज्ञान, वातावरण तथा स्वास्थका शिक्षकहरुलाई वातावरण प्रदूषण तथा जलवायु परिर्वतन सम्बन्धी प्रशिक्षण प्रदान गरिने छ। |
| | वायु प्रदूषणको विषय पालिका क्षेत्रका सम्पूर्ण सामुदायिक विद्यालयको विद्यालय सुधार योजनामा समावेश गरिनेछ। |
| | विद्यालयमा इको क्लव गठन, सुदृढीकरण र परिचालनलाई जोड दिईनेछ। |
| | हरित विद्यालय अवधारणालाई विस्तार गर्न पालिकास्तरिय कार्ययोजना बनाई क्रमिक रुपमा पालिकाका सवै सार्वजनिक तथा निजी विद्यालयमा लागू गरिने छ। |
| | विद्यालयहरुमा बाल क्लववाइको क्लव मार्फत वायु प्रदूषणका असर तथा न्यूनीकरणका उपाय सम्वन्धी सूचना समुदाय तहसम्म पुऱ्याई सामाजिक बानी व्यवहारमा परिर्वतन ल्याउन आवश्यक  लगानीको व्यवस्था गरिने छ। |
| | गाउँपालिका क्षेत्रमा बढ्दो प्रदूषणको बारे आवश्यक अध्ययन अनुसन्धानको लागि विद्यार्थीलाई अनुदान दिने व्यवस्था गरिनेछ। |
| | वायु प्रदूषण सम्बन्धी पाठ्यक्रममा अन्तर्निहित विषयवस्तुको प्रभावकारी पठनपाठनका लागि प्रयोगात्मक अभ्यासलाई जोड दिइने छ। यसका लागि थप बजेटको व्यवस्था मिलाइनेछ। |
| | वायु प्रदूषण सम्बन्धी सूचना मूलक शैक्षिक सामग्रीको विकास तथा प्रचार प्रसारलाई जोड दिइने छ। |
| | विद्यालय मार्फत वायु प्रदूषण न्यूनीकरण सम्बन्धी भए गरेका कृयाकलापहरूको अनुगमन गरी वार्षिक रुपमा समिक्षा गरी आगामी योजनामा पृष्ठपोषण गर्ने कार्यको थालनी गरिनेछ। |

**(क) कार्यक्रम तथा आयोजनाको विस्तृत विवरण**

*तालिका १८ शिक्षा उपक्षेत्रका योजना*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | **प्रति एकाइ लागत (रु.हजारमा)** | **कसरी गर्ने** पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरकारो सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १ | एक वडा एक आवासीय विद्यालय निर्माण कार्यक्रम | वटा | | ८ | ३००० | ३००० | ३००० | १५०० | १५०० | १२००० | १५०० | नेपाल सरकार सहयोग |
| २ | विद्यालय भवन तथा कक्षा कोठा स्तरोन्नति कार्यक्रम | प्याकेज | | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | ५००० | प्रदेश सरकार सहयोग |
| ३ | विद्यालयमा सुरक्षित खानेपानी तथा शौचालय सुधार कार्यक्रम | कार्यक्रम | | ५ | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | ५०००० | नेपाल सरकार सहयोग |
| ४ | विद्यालय वातावरण (बालमैत्री, अपाङ्गमैत्री) सुधार कार्यक्रम | प्याकेज | | १ | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० | २०००० | नेपाल सरकार सहयोग |
| ५ | शिक्षक, प्रअ र व्यवस्थापन समितिका लागि क्षमता विकास तालिम | कार्यक्रम | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | प्रदेश सरकार सहयोग |
| ६ | निजी तथा सामुदायिक शिक्षक व्यवस्थापन तथा गुणस्तर मापन कार्यक्रम | निरन्तर | | ५ | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० | ९०० | नेपाल सरकार सहयोग |
| ७ | नियमित शैक्षिक अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास | संख्या | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | आन्तरिक श्रोत |
| ८ | बहुकक्षा बहुस्तर शिक्षण | निरन्तर | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | प्रदेश सरकार सहयोग |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) | कसरी गर्ने पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरकारको सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| | प्रणाली कार्यान्वयन | | | | | | | | | | | |
| ९ | हप्ताको एकवार सीपवार कार्यक्रम सञ्चालन | प्याकेज | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | नेपाल सरकार सहयोग |
| १० | व्यवसायिक तथा परम्परागत सीप सिकाइ कार्यक्रम | प्याकेज | | ५ | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | १२०० | नेपाल सरकार सहयोग |
| ११ | विद्यालय तहमै उद्यमशीलता शिक्षा कार्यक्रम | प्याकेज | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | नेपाल सरकार सहयोग |
| १२ | विद्यालयमा डिजिटल कक्षा सञ्चालन कार्यक्रम | निरन्तर | | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० | प्रदेश सरकार सहयोग |
| १३ | विपन्न, असहाय तथा अभिभावकविहीन बालबालिकाका लागि छात्रवृत्ति कार्यक्रम | प्याकेज | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | प्रदेश सरकार सहयोग |
| १४ | मातृभाषामा शिक्षण कार्यक्रम (चेपाङ लगायत समुदाय) | प्याकेज | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | प्रदेश सरकार सहयोग |
| १५ | अपाङ्गता भएका बालबालिकाका लागि समावेशी शिक्षाको व्यवस्थापन | प्याकेज | | ५ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | १०००० | नेपाल सरकार सहयोग |
| १६ | दिवा खाजा कार्यक्रमको गुणस्तर सुधार तथा विस्तार | प्याकेज | | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | ५००० | प्रदेश सरकार सहयोग |
| १७ | कार्य सम्पादनका आधारमा शिक्षक प्रोत्साहन कार्यक्रम | प्याकेज | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | आन्तरिक श्रोत |
| १८ | प्रविधिमैत्री शिक्षण | निरन्तर | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | प्रदेश सरकार सहयोग |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) | कसरी गर्ने पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरको सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| | प्रणालीमा शिक्षक तालिम | | | | | | | | | | | |
| १९ | प्रारम्भिक बाल विकास केन्द्रमा बालमैत्री शिक्षण | प्याकेज | | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० | प्रदेश सरकार सहयोग |
| २० | प्राविधिक शैक्षिक कार्यक्रममा अभ्यासमा आधारित पठनपाठन व्यवस्थापन | कार्यक्रम | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | नेपाल सरकार सहयोग |

## (ख) कार्यक्रम तथा आयोजनाको विस्तृत साङ्केतिकरण

*तालिका १९ शिक्षा उपक्षेत्रका योजनाको साङ्केतीकरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको विवरण | स्थानीय दिर्घकालीन लक्ष्य/ रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य सङ्केत | दिगो राष्ट्रिय लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ | ८ |
| १ | एक वडा एक आवासीय विद्यालय निर्माण कार्यक्रम | २ | ४ | ५ | २ | ३ |
| २ | विद्यालय भवन तथा कक्षा कोठा स्तरोन्नति कार्यक्रम | २ | ४ | ५ | २ | ३ |
| ३ | विद्यालयमा सुरक्षित खानेपानी तथा शौचालय सुधार कार्यक्रम | २ | ४ | ५ | २ | ३ |
| ४ | विद्यालय वातावरण (बालमैत्री, अपाङ्गमैत्री) सुधार कार्यक्रम | २ | ४ | ५ | २ | ३ |
| ५ | शिक्षक, प्रअ र व्यवस्थापन समितिका लागि क्षमता विकास तालिम | २ | ४ | ५ | २ | ३ |
| ६ | निजी तथा सामुदायिक शिक्षक व्यवस्थापन तथा गुणस्तर मापन कार्यक्रम | २ | ४ | ५ | २ | ३ |
| ७ | नियमित शैक्षिक अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास | २ | ४ | ५ | २ | ३ |

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको विवरण | स्थानीय दिर्घकालीन लक्ष्य/ रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य सङ्केत | दिगो राष्ट्रिय लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| ८ | बहुकक्षा बहुस्तर शिक्षण प्रणाली कार्यान्वयन | २ | ४ | ५ | २ | ३ |
| ९ | हप्ताको एकवार सीपवार कार्यक्रम सञ्चालन | २ | ४ | ५ | २ | ३ |
| १० | व्यवसायिक तथा परम्परागत सीप सिकाइ कार्यक्रम | २ | ४ | ५ | २ | ३ |
| ११ | विद्यालय तहमै उद्यमशीलता शिक्षा कार्यक्रम | २ | ४ | ५ | २ | ३ |
| १२ | विद्यालयमा डिजिटल कक्षा सञ्चालन कार्यक्रम | २ | ४ | ५ | २ | ३ |
| १३ | विपन्न, असहाय तथा अभिभावकविहीन बालबालिकाका लागि छात्रवृत्ति कार्यक्रम | २ | ४ | ५ | २ | ३ |
| १४ | मातृभाषामा शिक्षण कार्यक्रम (चेपाङ लगायत समुदाय) | २ | ४ | ५ | २ | ३ |
| १५ | अपाङ्गता भएका बालबालिकाका लागि समावेशी शिक्षाको व्यवस्थापन | २ | ४ | ५ | २ | ३ |
| १६ | दिवा खाजा कार्यक्रमको गुणस्तर सुधार तथा विस्तार | २ | ४ | ५ | २ | ३ |
| १७ | कार्य सम्पादनका आधारमा शिक्षक प्रोत्साहन कार्यक्रम | २ | ४ | ५ | २ | ३ |
| १८ | प्रविधिमैत्री शिक्षण प्रणालीमा शिक्षक तालिम | २ | ४ | ५ | २ | ३ |
| १९ | प्रारम्भिक बाल विकास केन्द्रमा बालमैत्री शिक्षण | २ | ४ | ५ | २ | ३ |
| २० | प्राविधिक शैक्षिक कार्यक्रममा अभ्यासमा आधारित पठनपाठन व्यवस्थापन | २ | ४ | ५ | २ | ३ |

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सुविधा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । स्वच्छ र सुरक्षित खानेपानी स्वस्थ जीवनको आधारभूत आवश्यकता हो । सुरक्षित पानीको अभावमा झाडापखाला, टाइफाइड, हैजा जस्ता पानीजन्य रोगहरूको जोखिम बढ्ने गर्दछ । त्यसैले खानेपानीको स्रोत, संरक्षण, वितरण तथा प्रयोगमा विशेष ध्यान दिन आवश्यक हुन्छ । यससँगै सरसफाइको अवस्था पनि प्रत्यक्ष रूपमा खानेपानीको गुणस्तरसँग जोडिएको हुन्छ, जसले समग्र स्वास्थ्य अवस्थालाई प्रभावित पार्दछ ।

खानेपानीको दिगो व्यवस्थापनका लागि स्रोत संरक्षण, वातावरणीय सरसफाइ र सुरक्षित भण्डारण अत्यन्त महत्वपूर्ण पक्षहरू हुन् । स्वच्छ वातावरणमा रहेको पानीको स्रोतले मात्र दीर्घकालीन रूपमा सुरक्षित पानी उपलब्ध गराउन सक्छ । स्थानीय तहले खानेपानी सेवाको पहुँच विस्तार, गुणस्तर सुधार तथा जनचेतना अभिवृद्धि गर्दै नागरिकलाई सुरक्षित खानेपानी उपलब्ध गराउनेतर्फ प्राथमिकताका साथ काम गर्नु आवश्यक हुन्छ । यसले स्वास्थ्य जोखिम न्यूनीकरण मात्र नभई समग्र जीवनस्तर सुधारमा समेत महत्वपूर्ण योगदान पुर्‍याउँछ ।

### ५.३.२ समस्या तथा चुनौती

गजुरी गाउँपालिकामा खानेपानी तथा सरसफाइ क्षेत्रमा विभिन्न समस्या तथा चुनौतीहरू विद्यमान रहेका छन् । सबै घरधुरीमा सुरक्षित तथा गुणस्तरीय खानेपानीको समान पहुँच सुनिश्चित हुन सकेको छैन । केही दुर्गम तथा पहाडी बस्तीहरूमा अझै पनि परम्परागत स्रोतहरू जस्तै खोल्सा, कुवा र ढुङ्गे धारामाथि निर्भर रहनुपर्ने अवस्था रहेको छ, जसले पानीको गुणस्तरमा जोखिम बढाउँछ । पाइप प्रणाली विस्तार भए पनि नियमित मर्मतसम्भार, स्रोत संरक्षण तथा पानीको परीक्षणको अभावका कारण सेवा प्रभावकारी बन्न सकेको छैन ।

यसका अतिरिक्त सरसफाइसम्बन्धी चेतनाको कमी, फोहोर व्यवस्थापनको अपर्याप्त व्यवस्था तथा खुला स्थानमा दिसा विसर्जन गर्ने प्रवृत्ति केही स्थानमा अझै कायम रहेको छ । जलवायु परिवर्तनका कारण पानीका स्रोत सुक्ने वा घट्ने समस्या पनि देखिँदै गएको छ, जसले दीर्घकालीन पानी आपूर्तिमा चुनौती थपेको छ । स्थानीय तहको सीमित स्रोतसाधन, प्राविधिक जनशक्तिको अभाव तथा समन्वय कमजोर हुनुका कारण खानेपानी तथा सरसफाइ सेवा विस्तार र गुणस्तर सुधारमा अपेक्षित उपलब्धि हासिल गर्न कठिनाइ भइरहेको छ ।

### ५.३.३ सम्भावना तथा अवसर

गजुरी गाउँपालिकामा खानेपानी तथा सरसफाइ क्षेत्र सुधारका लागि प्रशस्त सम्भावना तथा अवसरहरू रहेका छन् । प्राकृतिक रूपमा उपलब्ध प्रशस्त पानीका स्रोतहरू जस्तै मुहान, खोल्सा तथा भू–जलको उचित संरक्षण र व्यवस्थापन गर्न सकेमा दिगो रूपमा सुरक्षित खानेपानी आपूर्ति गर्न सकिन्छ । संघ, प्रदेश तथा स्थानीय तहबीचको समन्वय, विभिन्न विकास साझेदार संस्थाहरूको सहयोग तथा आधुनिक प्रविधिको प्रयोगबाट खानेपानी प्रणाली विस्तार र स्तरोन्नति गर्ने अवसर पनि रहेको छ । जनचेतना अभिवृद्धि कार्यक्रममार्फत सरसफाइ व्यवहारमा सुधार ल्याउन सकिन्छ ।

यसका अतिरिक्त समुदायको सक्रिय सहभागिता, उपभोक्ता समितिहरूको सुदृढीकरण तथा स्थानीय स्रोतसाधनको परिचालनमार्फत खानेपानी आयोजनाहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सकिने अवस्था रहेको छ । वर्षा पानी संकलन, पानीको पुनःप्रयोग तथा वातावरण संरक्षणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी दीर्घकालीन समाधानतर्फ

अघि बढ्न सकिन्छ । सरसफाइ क्षेत्रमा विद्यालय, स्वास्थ्य संस्था तथा समुदायस्तरमा सचेतनामूलक अभियानहरू सञ्चालन गर्दा स्वस्थ जीवनशैली प्रवर्द्धन भई समग्र जनस्वास्थ्यमा सकारात्मक सुधार ल्याउने महत्वपूर्ण अवसर रहेको छ।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गजुरी गाउँपालिकामा सबै नागरिकलाई सुरक्षित, पर्याप्त र गुणस्तरीय खानेपानी तथा प्रभावकारी सरसफाइ सेवा उपलब्ध गराई स्वस्थ र स्वच्छ जीवन सुनिश्चित गर्नु

**उद्देश्यहरु**

- सबै घरधुरीमा सुरक्षित र गुणस्तरीय खानेपानी सेवाको पहुँच विस्तार गर्नु
- खानेपानीका स्रोतहरूको संरक्षण तथा दिगो व्यवस्थापन सुनिश्चित गर्नु
- सरसफाइसम्बन्धी जनचेतना अभिवृद्धि गरी स्वस्थ व्यवहार प्रवर्द्धन गर्नु
- खानेपानी तथा सरसफाइ सेवाको गुणस्तर सुधारका लागि पूर्वाधार विकास र प्रभावकारी व्यवस्थापन सुदृढ गर्नु

**रणनीति, कार्यनीति तथा प्राथमिकताहरु**

| रणनीति | कार्यनीतिहरु |
|---|---|
| सुरक्षित खानेपानी सेवाको पहुँच विस्तार तथा स्तरोन्नति गर्ने | नयाँ खानेपानी आयोजना निर्माण गरी दुर्गम बस्तीमा सेवा विस्तार गर्ने |
| | विद्यमान खानेपानी प्रणालीहरूको मर्मत, सुधार र स्तरोन्नति गर्ने |
| | पाइप प्रणाली विस्तार गरी घरघरमा धारा जडानलाई प्रोत्साहन गर्ने |
| | पानीको गुणस्तर परीक्षण र निगरानी प्रणालीलाई नियमित बनाउने |
| खानेपानी स्रोत संरक्षण र दिगो व्यवस्थापन गर्ने | पानीका मुहान, खोल्सा तथा जलाधार क्षेत्रको संरक्षण कार्यक्रम सञ्चालन गर्ने |
| | वर्षा पानी संकलन तथा पुनःप्रयोग प्रविधि प्रवर्द्धन गर्ने |
| | जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण गर्न स्रोत व्यवस्थापन योजना लागू गर्ने |
| | उपभोक्ता समितिहरूलाई सुदृढीकरण गरी स्थानीय स्तरमा व्यवस्थापन जिम्मेवारी बढाउने |
| सरसफाइ सुधार र जनचेतना अभिवृद्धि गर्ने | सरसफाइसम्बन्धी सचेतनामूलक अभियान सञ्चालन गर्ने |
| | विद्यालय तथा समुदायमा स्वच्छता शिक्षा कार्यक्रम विस्तार गर्ने |
| | फोहोर व्यवस्थापन प्रणाली विकास र कार्यान्वयन गर्ने |
| | खुला दिसामुक्त र पूर्ण सरसफाइ उन्मुख कार्यक्रमलाई निरन्तरता दिने |

## (क) कार्यक्रम तथा आयोजनाको विस्तृत विवरण

*तालिका २० खानेपानी तथा सरसफाइ उपक्षेत्रका योजना*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) | कसरी गर्ने पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरको सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १ | एक घर एक धारा विस्तार कार्यक्रम | प्याकेज | | ५ | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | ३००० | प्रदेश सरकार सहयोग |
| २ | सुरक्षित खानेपानी गुणस्तर परीक्षण कार्यक्रम | प्याकेज | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | नेपाल सरकार सहयोग |
| ३ | खानेपानी स्रोत संरक्षण तथा पुनर्भरण कार्यक्रम | कार्यक्रम | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | प्रदेश सरकार सहयोग |
| ४ | खानेपानी योजना मर्मत तथा व्यवस्थापन सुदृढीकरण कार्यक्रम | कार्यक्रम | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | नेपाल सरकार सहयोग |
| ५ | पूर्ण सरसफाइ (Total Sanitation) अभियान | एकमुष्ट | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | प्रदेश सरकार सहयोग |
| ६ | फोहोरमैला व्यवस्थापन तथा वातावरण सरसफाइ कार्यक्रम | वडा | | ४० | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | ५०० | आन्तरिक श्रोत |
| ७ | विद्यालय तथा समुदाय सरसफाइ सचेतना कार्यक्रम | वडा | | ४० | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | ५०० | प्रदेश सरकार सहयोग |

## (ख) कार्यक्रम तथा आयोजनाको विस्तृत साङ्केतिकरण

*तालिका २१ खानेपानी तथा सरसफाइ उपक्षेत्रका योजनाको साङ्केतीकरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको विवरण | स्थानीय दिर्घकालीन लक्ष्य/ रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य सङ्केत | दिगो राष्ट्रिय लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ | ८ |
| १ | एक घर एक धारा विस्तार कार्यक्रम | २ | ६ | ७ | २ | २ |
| २ | सुरक्षित खानेपानी गुणस्तर परीक्षण कार्यक्रम | २ | ६ | ७ | २ | २ |
| ३ | खानेपानी स्रोत संरक्षण तथा पुनर्भरण कार्यक्रम | २ | ६ | ७ | २ | २ |
| ४ | खानेपानी योजना मर्मत तथा व्यवस्थापन सुदृढीकरण कार्यक्रम | २ | ६ | ७ | २ | २ |
| ५ | पूर्ण सरसफाइ (Total Sanitation) अभियान | २ | ६ | ७ | २ | २ |
| ६ | फोहोरमैला व्यवस्थापन तथा वातावरण सरसफाइ कार्यक्रम | २ | ६ | ७ | २ | २ |
| ७ | विद्यालय तथा समुदाय सरसफाइ सचेतना कार्यक्रम | २ | ६ | ७ | २ | २ |

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

नेपालको सन्दर्भमा लैङ्गिक समानता अन्तर्गत मूलतः महिला तथा लैङ्गिक अल्पसंख्यकको सम्मान, सुरक्षा, अवसर र न्यायको विषय पर्छन् । सामाजिक समावेशीकरण भन्नाले विविध कारणले बहिष्करणमा परेका वर्ग क्षेत्र, लिङ्ग र सम्प्रदायका नागरिकको राज्य संचालन प्रक्रियामा मूल प्रवाहीकरण गर्ने विषय पर्छन् । विभिन्न जातजातिको समिश्रण रहेको गजुरी गाउँपालिका जनसाङ्खिक अवस्थाका आधारमा एक समावेशी गाउँपालिका हो । गजुरीमा बसोबास गर्ने सबै जातजाति लगायत महिला, अपाङ्गता भएका व्यक्ति लगायत सबैको बराबर सम्मान र समान अवसरको सुनिश्तिताका लागि पालिकाले विभिन्न प्रयास गरिरहेको छ । नागरिकका बिच उत्पत्ति धर्म, वर्ण, जातजाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा अन्य कुरामा भेदभाव नगरिने कुरा नेपालको संविधानले मौलिक हकका रुपमा समावेश गरेको सन्दर्भमा निर्वाचित स्थानीय सरकार गठनसँगै संविधान प्रदत्त समानताको हक सुनिश्चिततालाई स्थानीय सरकारको प्रमुख दायित्व हुनेमा गजुरी दृढ छ । गजुरी गाउँपालिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरण कार्यक्रम अन्तर सम्बन्धित विषयका रुपमा समावेश गरी कार्यान्वयन गर्दै आएता पनि स्थानीय रुपमा कानूनी र नीतिगत प्रबन्ध गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सेवालाई सम्बोधन गर्ने सवालमा कमी महसुस गरिएको छ ।

२०७८ को जनगणना अनुसार कुल जनसंख्या मध्ये महिला र पुरुषको साक्षरता दर क्रमशः ६७.२१ प्रतिशत र ७८.६० प्रतिशत रहेको छ । संवैधानिक प्रावधान कार्यान्वयनसँगै पालिकाको निर्णय प्रक्रियामा महिला, दलित लगायतको प्रतिनिधित्व विस्तार भएको छ । तथापि सबैस्तरमा समान प्रतिनिधित्व, पहुँच र अवसरका लागि थप प्रयत्न गर्नुपर्ने आवश्यकता पालिकाले महसुस गरेको छ ।

### ५.४.२ समस्या तथा चुनौती

लक्षित वर्गको वास्तविक पहिचान नहुनु, प्रत्येक वडामा बालमैत्री, ज्येष्ठ नागरिक मैत्री र अपाङ्गमैत्री भवनको अभाव, र अधिकार प्रयोगमा सीमितता जस्ता समस्याले सामाजिक समावेशीकरण र महिला सशक्तीकरणमा बाधा पुऱ्याउँछ । महिलामाथि हुने हिंसा, शोषण र सम्पत्ती पहुँचको कमीले पछाडि परेका समुदाय, अपाङ्गता भएका व्यक्ति र ग्रामीण महिलाहरूको जीवनस्तर सुधारमा प्रभावकारी कदम चाल्न कठिनाइ पैदा गरेको छ ।

महिलामाथि हुने सबै प्रकारका हिंसा र शोषण अन्त्य गर्नु, व्यवसायिक तथा आर्थिक सशक्तीकरणको अवसर प्रदान गर्नु, र समग्र महिलाको जीवनस्तर सुधार गर्नु मुख्य चुनौती बनेको छ । अपाङ्गता भएका व्यक्ति, ग्रामीण महिला र पछाडि परेका समुदायको सेवा पहुँच र समावेशी वातावरण निर्माण गर्ने चुनौती पनि पहिचान तथा स्रोतको अभावले थप जटिल बनाएको छ ।

### ५.४.३ सम्भावना तथा अवसर

पालिकामा लैङ्गिक उत्तरदायी बजेटको कार्यान्वयनको आधार तयार हुनु, उपभोक्ता समिति र कार्यक्रम अनुगमन समितिमा महिलाको सहभागिता बढिरहनु, र दलित, जनजाति तथा पछाडि परेका समुदायको सहभागिता सुनिश्चित गर्न समुदायस्तरबाट सहयोग प्राप्त हुने अवस्था हुनु प्रमुख अवसर हो । शिक्षा र स्वास्थ्य क्षेत्रमा महिला, छात्रा, अपाङ्गता भएका व्यक्ति, दलित र अल्पसंख्यकका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त भइरहेका सुविधा र सहयोगले समावेशी विकास प्रवद्र्धन गर्ने अवसर प्रदान गर्दछ ।

नागरिकको संवैधानिक हक सुनिश्चित गर्न पालिकाले संविधान र कानूनले दिएको अधिकारमार्फत् स्वास्थ्य नीति, योजना निर्माण, आवश्यक पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन र सेवा उपलब्ध गराउन सक्छ। यसले दीर्घकालीन रूपमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्रवद्र्धन गर्ने सम्भावना सिर्जना गर्दछ। समुदाय र सरकारी साझेदारीको प्रभावकारी प्रयोगले महिला, बालबालिका र पिछडिएका समूहको जीवनस्तर सुधार्न, सहभागिता बढाउन र सेवा पहुँच सुनिश्चित गर्न सकिन्छ।

**५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

**लक्ष्य**

स्थानीय शासन र सेवामा सबैको अर्थपूर्ण सहभागिता, समानता र न्याय सुनिश्चित गर्ने

**उद्देश्यहरु**

- नीतिगत, विकास निर्माण र निर्णय प्रक्रियामा महिला, बालबालिका, सिमान्तकृत, दलित र संकटापन्न समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने
- उपभोक्ता समिति, कार्यक्रम अनुगमन समिति र अन्य विभिन्न समितिमा महिलाको सहभागिता कम्तीमा ४० प्रतिशत र दलित, जनजाति तथा पछाडि परेका समुदायको सहभागिता सुनिश्चित गर्ने
- सार्वजनिक पूर्वाधार, महिला तथा बालबालिका शाखा र सेवा केन्द्रलाई अपाङ्गता मैत्री र बालमैत्री बनाउन थालनी गर्ने, साथै आवास गृह जस्ता सुरक्षा पूर्वाधारको तयारी गर्ने
- महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीको क्षमता विकास गर्ने र महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता बढाउन प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने
- वायु प्रदूषणका असर र स्वास्थ्य सम्बन्धी जानकारी महिला, बालबालिका र समुदायमा प्रवाह गरी स्वास्थ्य स्तर सुधार गर्ने

**रणनीति, कार्यनीति तथा प्राथमिकताहरु**

| रणनीति | कार्यनीतिहरु |
|---|---|
| नीतिगत र कानूनी रुपमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सवाललाई सम्बोधन गर्ने | • लैङ्गिक समानता र सामाजिक समावेशीकरण सन्दर्भमा नेपालको कानूनमा भएको व्यवस्थालाई व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, तथा कानून निर्माण गरी कार्यान्वयन गरिनेछ। |
| | • नीति तथा कानूनी प्रावधानका आधारमा लक्षित कार्यक्रम तय गरी पालिकामा लैङ्गिक समानता र महिला तथा किशोरीहरूको सशक्तिकरण गरिने छ। |
| | • बालअधिकारलाई सुनिश्चित गर्नका लागि आवश्यक नीतिको कार्यान्वयनलाई निरन्तरता दिनेछ। |
| | • संविधानमा व्यवस्था भएअनुसार अपाङ्गता भएका व्यक्तिहरूको लागि आवश्यक नीति नियम तयार गरी कार्यान्वयन गरिनेछ। |
| | • महिला सशक्तिकरण सम्बन्धी नीतिगत व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ। |
| | • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाललाई सबै |

| | |
|---|---|
| | क्षेत्रका नीति तथा कार्यक्रममा मूल प्रवाहीकरण गर्दै लिइने छ |
| | • योजना तर्जुमा प्रकृया देखि कार्यान्वयन तथा अनुगमन तह सम्म महिला, बालबालिका सिमान्तकृत, दलित तथा संकटासन्न समुदायमा अर्थपूण सहभागिताको सुनिश्चितता गरिने छ । |
| पालिकाको विकास निर्माण र सेवा प्रवाहमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई व्यवहारिक कार्यान्वयन गर्ने | • महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति लगायतको विकास निर्माण प्रक्रियामा सहभागिता प्रवर्द्धन गर्नुका साथै महसुस हुने गरी पालिकाको सेवालाई पहुँचयोग्य बनाइने छ । |
| | • पालिकाको राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका सबै निर्णायक तहमा नेतृत्वका लागि महिलाहरूको प्रभावकारी सहभागिता तथा समान अवसर सुनिश्चित गरिनेछ । |
| | • पालिकामा निर्माण हुने हरेक सार्वजनिक संरचना अपांगतामैत्री, बालमैत्री र ज्येष्ठ नागरिकमैत्री बनाइनेछ । |
| | • दुव्यवहार/बेचविखनको जोखिममा परेका महिलाहरूको सुरक्षा र सुरक्षित बसोबासका लागि आवश्यक प्रबन्ध गरिनेछ । |
| | • आर्थिक, सामाजिक र राजनीतिक गतिविधिहरूमा महिलाहरूको सहभागिता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिने छ । |
| | • पालिकामा रहेका संघ संस्था तथा समितिहरूमा विभिन्न पक्षको प्रतिनिधित्वको अवस्था, पूर्वाधारहरूको पहुँचयोग्यता र सम्बन्धित पक्षले पाउने सेवाप्रतिको अवधारणा आदि मापदण्ड बनाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था लेखाजोखा प्रणालीलाई संस्थागत गरिनेछ । |
| सामाजिक समावेशीकरण प्रवर्द्धनको भूमिकामा रहेको पालिका संयन्त्रलाई क्षमतायुक्त बनाउने | • पालिकामा रहेको महिला तथा बालबालिका शाखामा आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ । |
| | • महिला तथा बालबालिका शाखालाई प्रविधिमैत्री बनाइनेछ । |
| | • महिला तथा बालबालिका शाखाका कर्मचारीहरूको क्षमता विकासका कार्यक्रम तय गरी कार्यान्वयन गरिने छ । |
| | • तालिम, अनुशिक्षण लगायतका विधिमार्फत् महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक आदिको अधिकार, पहुँच तथा पालिकाको भूमिका सम्बन्धमा सबै पालिका अन्तर्गतका इकाई तथा कर्मचारी बिचमा स्पष्टता ल्याइने छ । |
| | • पालिकाभित्र, पालिकामा रहेका संघ संस्था तथा समितिमा विभिन्न पक्षको प्रतिनिधत्वको अवस्था, पूर्वाधारहरूको पहुँच योग्यता, सम्बन्धित पक्षले पाउने सेवाप्रतिको अवधारणा आदि मापदण्ड बनाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था लेखाजोखा प्रणालीलाई संस्थागत |

| | |
|---|---|
| | गरिने छ। |
| सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत पालिकाबाट प्रवाह गरिने सेवा प्रभावकारिता बढाउने | • सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ता वितरण थप प्रभावकारी बनाइने छ। |
| | • सामाजिक सुरक्षा सेवा प्राप्त गर्ने व्यक्तिहरूको प्रभावकारी तथ्यांक व्यवस्थापन गरिनेछ। |
| | • सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनको प्रभावकारी अनुगमनको व्यवस्था मिलाइनेछ। |
| | • ज्येष्ठ नागरिक, दीर्घरोगी तथा अपाङ्गता भएका व्यक्तिको सम्मान र सुरक्षाका लागि पारिवारिक संरक्षणमा जोड दिइने छ। |
| वातावरण तथा वायु प्रदूषण व्यवस्थापनका बारेमा महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुको सवाल तथा प्राथमिकताको सुनुवाई तथा सम्वोधनको सुनिश्चितता गर्ने | • वायु प्रदूषणका असर र प्रभावका बारेमा महिला तथा बाल समुह मार्फत महिला, बालबालिका तथा समुदाय स्तरमा सूचना प्रवाह गरि सामाजिक व्यवहारमा परिर्वतन ल्याईने छ। |
| | • महिला नेतृत्वमा समुदाय स्तरिय वातावरण तथा विपद व्यवास्थापन समिति, नागरिक समाज तथा सञ्जाल गठन गरि वायु प्रदूषण व्यवस्थापनलाई प्रभावकारी बनाईने छ। |
| | • वायु प्रदूषण व्यवस्थापनका बारेमा महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुको सवाल तथा प्राथमिकताका वारेमा नागरिक समाज तथा सञ्जाल मार्फत समुदाय स्तरमा छलफल गरि स्थानीयतहको योजना प्रकृयामा समावेश गरिने छ। |

## (क) कार्यक्रम तथा आयोजनाको विस्तृत विवरण

*तालिका २२ महिला तथा बालबालिका उपक्षेत्रका योजना*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | **प्रति एकाइ लागत (रु.हजारमा)** | **कसरी गर्ने** पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरकारो सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १ | महिला हिंसा न्यूनीकरणका लागि सचेतनामुलक कार्यक्रम | कार्यक्रम | | २५ | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | ५०० | प्रदेश सरकार सहयोग |
| २ | महिलाहरुको आर्थिक अवस्था सुधारमुलक कार्यक्रम | कार्यक्रम | | २५ | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | ५०० | प्रदेश सरकार सहयोग |
| ३ | महिलाहरुलाई स्थानीय स्रोतमा आधारित सीप विकास | कार्यक्रम | | २५ | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | ५०० | नेपाल सरकार सहयोग |
| ४ | सम्पत्तीमा महिलाको पहुँच विस्तार कार्यक्रम | कार्यक्रम | | २५ | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | ५०० | प्रदेश सरकार सहयोग |
| ५ | महिलाहरुलाई नेतृत्व विकासमा तालिम | कार्यक्रम | | २५ | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | ५०० | नेपाल सरकार सहयोग |
| ६ | महिला समूहहरुलाई वित्तिय साक्षरता तालिम | कार्यक्रम | | २५ | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | ५०० | प्रदेश सरकार सहयोग |
| ७ | महिलाहरुको स्थानीय रोजगारीका अवसरमा पहुँच विस्तार | प्याकेज | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | प्रदेश सरकार सहयोग |
| ८ | स्थानीय बालमैत्री शासन सुनिश्चित वडा घोषणा कार्यक्रम | प्याकेज | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | नेपाल सरकार सहयोग |
| ९ | मध्यपान तथा धुम्रपान सचेतना कार्यक्रम सञ्चालन | प्याकेज | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | नेपाल सरकार सहयोग |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) | **कसरी गर्ने** पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरको सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| १० | किशोरी सुरक्षाका लागि आत्म रक्षा तालिम सञ्चालन | स्थान | | ५ | ७५०० | ७५०० | ७५०० | ७५०० | ७५०० | ३७५०० | १५०० | प्रदेश सरकार सहयोग |
| ११ | बाल विवाह न्यूनीकरण कार्यक्रम | प्याकेज | | ५ | १५००० | १५००० | १५००० | १५००० | १५००० | ७५००० | १५००० | नेपाल सरकार सहयोग |
| १२ | बाल विवाह न्यूनीकरण कार्यक्रम | प्याकेज | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | प्रदेश सरकार सहयोग |
| १३ | लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण | प्याकेज | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | आन्तरिक श्रोतबाट |
| १४ | दिवस मनाउने | कार्यक्रम | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | आन्तरिक श्रोतबाट |
| १५ | परम्परागत तथा रैथाने सीप प्रवर्द्धन तथा पेसागत सुरक्षा | कार्यक्रम | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | नेपाल सरकार सहयोग |

## (ख) कार्यक्रम तथा आयोजनाको विस्तृत साङ्केतिकरण

*तालिका २३ महिला तथा बालबालिका उपक्षेत्रका योजनाको साङ्केतीकरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको विवरण | स्थानीय दिर्घकालीन लक्ष्य/ रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य सङ्केत | दिगो राष्ट्रिय लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ | ८ |
| १ | महिला हिंसा न्यूनीकरणका लागि सचेतनामुलक कार्यक्रम | २ | ५ | ६ | १ | ३ |
| २ | महिलाहरुको आर्थिक अवस्था सुधारमुलक कार्यक्रम | २ | ५ | ६ | १ | ३ |
| ३ | महिलाहरुलाई स्थानीय स्रोतमा आधारित सीप विकास | २ | ५ | ६ | १ | ३ |

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको विवरण | स्थानीय दिर्घकालीन लक्ष्य/ रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य सङ्केत | दिगो राष्ट्रिय लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| ४ | सम्पत्तीमा महिलाको पहुँच विस्तार कार्यक्रम | २ | ५ | ६ | १ | ३ |
| ५ | महिलाहरुलाई नेतृत्व विकासमा तालिम | २ | ५ | ६ | १ | ३ |
| ६ | महिला समूहहरुलाई वित्तिय साक्षरता तालिम | २ | ५ | ६ | १ | ३ |
| ७ | महिलाहरुको स्थानीय रोजगारीका अवसरमा पहुँच विस्तार | २ | ५ | ६ | १ | ३ |
| ८ | स्थानीय बालमैत्री शासन सुनिश्चित वडा घोषणा कार्यक्रम | २ | ५ | ६ | १ | ३ |
| ९ | मध्यपान तथा धुम्रपान सचेतना कार्यक्रम सञ्चालन | २ | ५ | ६ | १ | ३ |
| १० | किशोरी सुरक्षाका लागि आत्म रक्षा तालिम सञ्चालन | २ | ५ | ६ | १ | ३ |
| ११ | बाल विवाह न्यूनीकरण कार्यक्रम | २ | ५ | ६ | १ | ३ |
| १२ | बाल विवाह न्यूनीकरण कार्यक्रम | २ | ५ | ६ | १ | ३ |
| १३ | लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण | २ | ५ | ६ | १ | ३ |
| १४ | दिवस मनाउने | २ | ५ | ६ | १ | ३ |
| १५ | परम्परागत तथा रैथाने सीप प्रवर्द्धन तथा पेसागत सुरक्षा | २ | ५ | ६ | १ | ३ |

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने कुरालाई नेपालको संविधानले निदृष्ट गरेको छ। वर्तमान सोह्रौं राष्ट्रिय योजनाले स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी तथा खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने कुरालाई उच्च महत्व दिएको छ। गजुरी गाउँपालिकाको खेलकुद अवस्थाबारे हेर्दा हाल केही सकारात्मक परिवर्तनहरू देखिन्छन्। गाउँपालिकाले स्थानिय स्तरमा खेलकुद प्रवर्द्धन गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

हाल गजुरीमा ठूला खेलमैदानको अभाव भए तापनि विद्यालयको चौर र खुला स्थानहरूलाई प्रयोगमा ल्याएर प्रतियोगिताहरू सञ्चालन हुँदै आएका छन्। खेलकुद पूर्वाधार अझै सुदृढ गर्नुपर्ने आवश्यकता छ। यद्यपि, स्थानीय सरकार र प्रदेशस्तरीय खेल समिति तथा विभिन्न संघसंस्थाबीच सहकार्य बढ्दै जानुले भविष्यमा थप अवसरहरू सिर्जना हुने सम्भावना देखिन्छ। समग्रमा हेर्दा, गजुरी गाउँपालिकाको खेलकुद क्षेत्र विस्तार हुँदै गएको छ। नियमित खेलकुद कार्यक्रमहरू, स्थानीयस्तरको सहभागिता, युवा लक्षित कार्यक्रमहरू तथा सीमित पूर्वाधारको उपयोगले गर्दा सकारात्मक परिवर्तन देखिएको छ। अब खेल पूर्वाधार विस्तार, खेलाडी प्रशिक्षण, विद्यालयस्तरको लीग तथा विविध खेलहरूको प्रवर्धनमार्फत यो क्षेत्रलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन सकिने देखिन्छ।

### ५.५.२ समस्या तथा चुनौती

हाल पालिकामा खेलकुद क्षेत्रमा केही मुख्य चुनौतीहरू देखिन्छन्। पहिलो, खेलाडीमैत्री संरचनाको अभावले युवा र खेलाडीहरूको नियमित अभ्यास तथा खेलकुद गतिविधिमा निरन्तरता कायम राख्न कठिनाइ उत्पन्न गरेको छ। गुणस्तरीय खेल मैदान, आधुनिक उपकरण तथा सुरक्षित पूर्वाधारको कमीले खेलाडीहरूको क्षमता विकासमा बाधा पुऱ्याउँछ। दोस्रो, खेलकुद र खेलाडीलाई प्राथमिकता नदिँदा नीति र बजेट योजनामा खेलकुद कार्यक्रमको उचित समावेशीकरण हुन सकेको छैन। यसले खेलकुदका कार्यक्रमहरू छोटो अवधिमा मात्रै सञ्चालन हुने र दीर्घकालीन योजनाको अभाव हुने समस्या उत्पन्न गरेको छ। यस्ता चुनौतीहरूले युवा प्रतिभा पहिचान र विकासमा सीमितता ल्याउँछ र स्थानीय स्तरमा खेलकुदको सकारात्मक वातावरण सिर्जना गर्न कठिन बनाउँछ। खेलकुदलाई प्राथमिकता दिइ संरचना निर्माण, बजेट व्यवस्थापन र दीर्घकालीन योजना लागू गर्न आवश्यक छ।

### ५.५.३ सम्भावना तथा अवसर

पालिकामा विभिन्न खेलकुद सञ्चालन गर्न सकिने र युवा प्रतिभा पहिचान कार्यक्रमको अस्तित्वले युवाको शारीरिक, मानसिक र सामाजिक विकासमा योगदान पुऱ्याउने सम्भावना सिर्जना गरेको छ। यसले समुदायमा खेलकुद र सांस्कृतिक गतिविधिमा सहभागिता बढाउने, युवाको स्वास्थ्य सुधार गर्ने र दीर्घकालीन प्रतिभा विकासको अवसर प्रदान गर्ने सम्भावना देखाउँछ।

उपभोक्ता समिति र कार्यक्रम अनुगमन समितिमा महिलाको सहभागिता बढिरहनुले लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने अवसर प्रदान गरेको छ। यस अवसरको उपयोग गरी युवालाई खेलकुद, प्रतिभा विकास र समुदायमा नेतृत्वमा सहभागी गराउने कार्यक्रमहरू अझ प्रभावकारी बनाउन सकिन्छ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

स्थानीयस्तरमा युवाका लागि विश्वासनिय र मर्यादित रोजगारीको सुनिश्चितता गर्ने

**उद्देश्यहरु**

- युवा बेरोजगारी र पलायन घटाउने उद्देश्यले स्वरोजगारी, उद्यमशीलता र आत्मनिर्भरताका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने
- स्थानीय स्तरमा युवाका लागि महसुस हुने गरी गुणस्तरीय रोजगारीका अवसरहरू उपलब्ध गराउने
- गुणस्तरीय खेल मैदान, पर्याप्त प्रशिक्षण, खेल सामग्री र व्यावसायिक खेलका अवसर सुनिश्चित गर्ने
- स्थानीय युवा क्लव र युवा अभियानलाई दीर्घकालीन र प्रभावकारी बनाइ सञ्चालन र व्यवस्थापन गर्ने
- वायु प्रदूषण व्यवस्थापन, नवप्रवर्तन, स्थानीय अनुसन्धान र प्रमाण संकलन कार्यक्रममा युवालाई परिचालित गरि समुदाय स्तरमा योगदान सुनिश्चित गर्ने

**रणनीति, कार्यनीति तथा प्राथमिकताहरु**

| **रणनीति** | **कार्यनीतिहरु** |
|---|---|
| आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा युवा सहभागिता विस्तार गरी युवामा आत्मविश्वास तथा व्यावसायिक भावनाको अभिवृद्धि गर्ने | • बेरोजगारहरू युवाको सूची तथा व्यक्तिगत विवरण तयार गरी रोजगारीका अवसर सृजना गर्न सीप विकासका अवसर उपलब्ध गराइ उनीहरूको चाहाना, क्षमता र योग्यता तथा बजारको मागअनुसारको रोजगारी सृजना गरिनेछ। |
| | • तुलनात्मक लाभका क्षेत्र पहिचान गरी उपयुक्त क्षेत्रमा रोजगार हुन चाहने युवालाई आवश्यक तालिम तथा अवसरहरू प्रदान गरिनेछ। |
| | • स्थानीय संरचना तथा समितिमा युवालाई यथोचित भूमिका प्रदान गरी विकास कार्य सञ्चालन, नीति निर्माण, योजना तर्जुमा र अनुगमनमा युवा सहभागिता वृद्धि गरिनेछ। |
| | • युवा लक्षित संघीय तथा प्रादेशिक कार्यक्रम एवं संघ÷संस्थाका कार्यक्रमसँग एकीकृत गरी युवा सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ। |
| | • युवा स्वरोजगारी सिर्जनाका लागि सार्वजनिक, निजी साझेदारी वित्तीय संस्थाहरूमार्फत् सहुलियत व्याजदरमा लगानीका लागि कर्जा प्रवाह कार्यक्रमहरू कार्यान्वयन गरिनेछ। |
| युवा वर्गका उत्प्रेरण, सकारात्मक सोच, सिर्जनशील क्षमता र नेतृत्व क्षमताको प्रवर्द्धन गर्ने | • युवा वर्गमा सदाचार तथा उच्च नैतिक भावनाको विकास गरी विकास प्रकृया तथा सामाजिक रुपान्तरण प्रतिको दायित्वबोध गराइनेछ। |
| | • युवा समूह, युवा क्लब तथा संजाललाई सामाजिक तथा आर्थिक रुपान्तरणका क्षेत्रमा परिचालन गरिनेछ। |
| | • राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा सफलता हासिल गरेका युवाहरूका |

| | |
|---|---|
| | अनुभव स्थानीय युवाहरू माझ आदान प्रदान गरी सत्मार्ग तर्फ अभिप्रेरित गरिनेछ। |
| | • युवा क्लब, समूह र संघ÷संस्था मार्फत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ। |
| | • लागु पदार्थ दुर्व्यसन विरुद्ध सचेता बढाउने तथा सम्भावित ठाउँहरूमा निगरानी समूह गठन गरी परिचालन गरिनेछ। |
| | • युवा उद्यमशिलता अभिवृद्धि गर्न संघीय र प्रादेशिक कार्यक्रमसँग तादम्यता मिलाई स्थानीय स्तरमा युवा उद्यमी र उद्यमशिलता विकास गरिने छ। |
| खेलकुदको विकास तथा खेल क्षेत्रमा युवा व्यावसायिकताको अभिवृद्धि गर्ने | • भेगीय/क्षेत्रगत रुपमा खेलमैदान कम्तीमा तीनवटा र गाँउपालिका स्तरमा एक रंगशाला निर्माण गरिनेछ। |
| | • खेलाडीहरूमा उच्चस्तरको खेल क्षमता विकास हुने गरी खेलकुद प्रशिक्षण, प्रशिक्षक प्रशिक्षण तथा खेल सामग्रीको नियमित रुपमा व्यवस्था गरिनेछ। |
| | • खेलकुद सामग्री युवा क्लव तथा विद्यालय मार्फत व्यवस्थापन गरिनेछ। |
| | • स्थानीयस्तरमा खेलकुद प्रतियोगिताहरू आयोजना गरी प्रदेश तथा राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा नियमित भाग लिने अवस्था सृजना गरिनेछ। |
| | • उच्चस्तरको खेल क्षमता भएका खेलाडीका लागि विशेष आर्थिक सहयोग तथा प्रोत्साहनको व्यवस्था गरिनेछ। |
| | • प्रदेशस्तर, राष्ट्रियस्तर तथा अन्तराष्ट्रियस्तरमा सफलता हासिल गरेका खेलाडीका लागि पुरस्कार, सम्मान तथा आर्थिक प्रोत्साहनको व्यवस्था गरिनेछ। |
| पालिकाका युवाहरुलाई वायु प्रदूषण व्यवस्थापनका अभियानमा परिचालित गरि नवप्रवर्तनका योजना तथा नागरिक स्तरिय अनुसन्धान तथा खोजमा सहभागी गराउन आवश्यक व्यवस्था गर्ने। | युवाहरुलाई नवप्रवर्तनका योजना तथा नागरिक स्तरिय अनुसन्धान तथा खोजमा सहभागी गराउन विभिन्न सरोकार पक्ष तथा संस्थाहरु सँग समान्वय गरि प्रशिक्षण तथा अनुकलन वातावरण तयार गरिने छ |
| | युवाहरुलाई नवप्रवर्तनका योजना तथा नागरिक स्तरिय अनुसन्धान तथा खोजका लागि युवा लक्षित प्रोत्साहन कार्यक्रम संचालन गरिने छ। |

## (क) कार्यक्रम तथा आयोजनाको विस्तृत विवरण

*तालिका २४ युवा तथा खेलकुद उपक्षेत्रका योजना*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) | कसरी गर्ने पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरको सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १ | आवश्यकताको आधारमा खेलकुद संरचना निर्माण | कार्यक्रम | | ५ | १५००० | १५००० | १५००० | १५००० | १५००० | ७५००० | १५००० | प्रदेश सरकार सहयोग |
| २ | वडास्तरीय खेलमैदान निर्माण | वडा | | ४० | ४०००० | ४०००० | ४०००० | ४०००० | ४०००० | २०००००० | ५००० | नेपाल सरकार सहयोग |
| ३ | विद्यालयमा खेलमैदान निर्माण तथा मर्मत | वडा | | ४० | १६००० | १६००० | १६००० | १६००० | १६००० | ८०००० | २००० | नेपाल सरकार सहयोग |
| ४ | वडा कप आयोजना | वडा | | ४० | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | १०० | आन्तरिक श्रोतबाट |
| ५ | गाउँपालिका कप आयोजना | संख्या | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | नेपाल सरकार सहयोग |
| ६ | खेलाडीहरुका लागि तालिमको व्यवस्थापन | प्याकेज | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | नेपाल सरकार सहयोग |
| ७ | राष्ट्रिय/अन्तराष्ट्रिय क्षेत्रमा सहभागी खेलाडी सहयोग | प्याकेज | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | नेपाल सरकार सहयोग |
| ८ | युवाहरुका लागि प्रस्तावना लेखन तालिम सञ्चालन | कार्यक्रम | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | आन्तरिक श्रोतबाट |
| ९ | युवाहरुका लागि व्यवसायिक योजना तयारी कार्यशाला | कार्यक्रम | | ५ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ८०० | प्रदेश सरकार सहयोग |

**(ख) कार्यक्रम तथा आयोजनाको विस्तृत साङ्केतिकरण**

*तालिका २५ युवा तथा खेलकुद उपक्षेत्रका योजनाको साङ्केतीकरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको विवरण | स्थानीय दिर्घकालीन लक्ष्य/ रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य सङ्केत | दिगो राष्ट्रिय लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ | ८ |
| १ | आवश्यकताको आधारमा खेलकुद संरचना निर्माण | २ | ३ र ८ | ६ | २ | ३ |
| २ | वडास्तरीय खेलमैदान निर्माण | २ | ३ र ८ | ६ | २ | ३ |
| ३ | विद्यालयमा खेलमैदान निर्माण तथा मर्मत | २ | ३ र ८ | ६ | २ | ३ |
| ४ | वडा कप आयोजना | २ | ३ र ८ | ६ | २ | ३ |
| ५ | गाउँपालिका कप आयोजना | २ | ३ र ८ | ६ | २ | ३ |
| ६ | खेलाडीहरुका लागि तालिमको व्यवस्थापन | २ | ३ र ८ | ६ | २ | ३ |
| ७ | राष्ट्रिय/अन्तराष्ट्रिय क्षेत्रमा सहभागी खेलाडी सहयोग | २ | ३ र ८ | ६ | २ | ३ |
| ८ | युवाहरुका लागि प्रस्तावना लेखन तालिम सञ्चालन | २ | ३ र ८ | ६ | २ | ३ |
| ९ | युवाहरुका लागि व्यवसायिक योजना तयारी कार्यशाला | २ | ३ र ८ | ६ | २ | ३ |

# परिच्छेद ६ : पूर्वाधार क्षेत्र

## ६.१ वस्ति, आवास, भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

भूमि तथा भूमि स्रोतको संरक्षण, उपयोग र व्यवस्थापनका लागि आवश्यक पर्ने कानूनी एवं संस्थागत व्यवस्था यसै नीतिको आधारमा गरिन्छ । यस नीतिले भूमि तथा भूमि स्रोतको उपयोगबाट प्राप्त हुने लाभलाई न्यायोचित ढंगबाट वितरण गर्न सक्ने अवस्था सिर्जना गर्दछ । भू–उपयोग नीति, नियम, योजनाको साथै सो को प्रभावकारी कार्यान्वयन र अभ्यास स्थानीय सरकारको लागि महत्वपूर्ण कदम हुन सक्छ । गाउँपालिकाहरूको शहरी/ग्रामीण योजना निर्माण, चाहे औद्योगिक, व्यापारिक वा आवासीय क्षेत्रका लागि होस् यसमा कतै न कतै भू–उपयोग योजनाको आवश्यकता पर्दछ । भू–उपयोग योजनालाई स्थानीय सरकारको नीति निर्माणले ठूलो असर पार्दछ । उदाहरणको लागि स्थानीय सरकारले कुनै पनि निर्माण संस्थालाई आवासीय वाव्यापारिक प्रयोजनको लागि ठूला अपार्टमेन्टहरू निर्माणको अनुमति दिन लागेको, विद्यालयको कक्षा कोठा वा नयाँ भवन निर्माणको तयारी, बाटो निर्माण वा अस्पताल निर्माण जस्ता कार्यहरू सञ्चालन भू–उपयोग योजनामा आधारित बनाउन सकिएमा बढी प्रभावकारी बनाउन सकिन्छ । भू–उपयोग नीति, नियम, योजनाले स्थानीय सरकारल प्रदान गर्दछ ।

नेपालको संविधानले स्थानीय सरकारहरूलाई आफ्नो क्षेत्र भित्रका विभिन्न किसिमका विकासका योजनाहरू तथा स्थानीय आवश्यकता अनुसारका विकास निर्माण कार्यहरू गर्न पाउने अधिकार प्रदान गरेको छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय सरकारलाई शहरी विकास, बस्ती विकास र भवन सम्बन्धीकाम कारवाहीमा अधिकारको व्यवस्था गरेको छ । भू–उपयोग ऐन २०७६ ले पनि स्थानीय सरकारलाई विभिन्न भू–उपयोग संरचना सहित, भू–उपयोग क्षेत्र नक्सा, परिमार्जन, र कार्यान्वयन एवं भू–उपयोग योजना तर्जूमा गर्न निर्देशित गरेको छ । विस्तृत रूपमा हेर्दा भू–उपयोग नीति, नियम, योजना बनाउने कार्य संघीय र प्रदेश सरकारको कार्य सूचिभित्र परेका छन् र थप स्थानीय नीति, नियम, भू–उपयोग योजना बनाउने कार्य स्थानीय सरकारको भएको कुरा संघीय सरकार शहरी विकास मन्त्रालयले प्रकाशन गरेको भू–उपयोग नीतिमा उल्लेख छ ।

### ६.१.२ समस्या तथा चुनौती

ल्यान्ड पुलिङको अवधारणा लागू गर्दा विभिन्न संरचनात्मक, प्रशासनिक तथा सामाजिक चुनौतीहरू देखा पर्छन् । जग्गाधनीहरूको सहमति जुटाउनु सबैभन्दा कठिन पक्ष हो किनकि सबैको अपेक्षा र हित फरक–फरक हुन्छ । नापी नक्सा र वास्तविक जग्गाको अवस्थाबीच असमानता हुँदा विवाद उत्पन्न हुन्छ । पुराना अभिलेखहरू अस्पष्ट वा अद्यावधिक नभएको अवस्थामा जग्गाको स्वामित्व प्रमाणित गर्न गाह्रो हुन्छ । जग्गा पुनःव्यवस्थित गर्दा पूर्वाधार विकासको लागत उच्च हुने भएकाले परियोजना ढिलो हुन सक्छ । प्राविधिक जनशक्ति र प्रभावकारी समन्वयको अभावले पनि कार्यान्वयनमा बाधा पुऱ्याउँछ ।

त्यसैगरी, पर्ती जग्गाको संरक्षण र उपयोगमा पनि उल्लेखनीय कठिनाइहरू छन् । यस्ता जमिनहरू प्रायः उपेक्षित हुने भएकाले अतिक्रमणको जोखिम उच्च हुन्छ । संरक्षणका लागि स्पष्ट नीति र निगरानी संयन्त्रको अभाव देखिन्छ । भौगोलिक रूपमा बिकट क्षेत्रहरूमा पहुँच अभाव, यातायात असुविधा र सेवा प्रवाह कमजोर हुने हुँदा विकास कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न गाह्रो हुन्छ । प्राकृतिक विपद्, जस्तै पहिरो वा बाढीले पनि यस्ता क्षेत्रहरूलाई थप जोखिममा पार्छ । यसले दीगो विकास र स्रोतको समुचित उपयोगमा चुनौती सिर्जना गर्दछ ।

### ६.१.३ सम्भावना तथा अवसर

व्यवस्थित सहरीकरणको प्रक्रियाले योजनाबद्ध ढंगले बस्ती विस्तार गर्न सहजता प्रदान गर्छ । यसले सडक, खानेपानी, ढल व्यवस्थापन, विद्युत् तथा अन्य पूर्वाधार विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन मद्दत गर्छ । वातावरणमैत्री हरित क्षेत्र तथा आवासीय क्षेत्रको उचित व्यवस्थापन गर्न सकिने हुँदा शहरलाई स्वच्छ, सुरक्षित र बसोबासयोग्य बनाउन सकिन्छ । खुला स्थान, पार्क तथा हरियाली क्षेत्रको संरक्षण र विस्तारले वातावरणीय सन्तुलन कायम राख्न सहयोग पुऱ्याउँछ । यसरी योजनाबद्ध विकासले दीगो सहरी व्यवस्थापनको आधार तयार गर्छ ।

त्यसैगरी, पर्ती जग्गाहरूको प्रचुरता नयाँ भौतिक संरचना निर्माणका लागि महत्वपूर्ण अवसर हो । यस्ता जमिनको उचित उपयोगमार्फत आवास, व्यावसायिक क्षेत्र तथा सार्वजनिक संरचनाहरू विकास गर्न सकिन्छ । व्यवस्थित बस्ती विकासले स्वास्थ्य, शिक्षा, यातायात लगायतका सेवा सुविधामा पहुँच सहज बनाउँछ । यसले जनताको जीवनस्तर उकास्न सहयोग पुऱ्याउनुका साथै आर्थिक गतिविधि बढाउन पनि टेवा दिन्छ । समग्रमा, यस्ता सम्भावना र अवसरहरूले दीगो विकास र समृद्ध समाज निर्माणमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

व्यवस्थित, सुरक्षित, वातावरणमैत्री र दीगो बस्ती विकासमार्फत नागरिकलाई गुणस्तरीय आवास र आधारभूत सेवा सुविधा सहज रूपमा उपलब्ध गराउने

**उद्देश्यहरु**

- भू–उपयोग, सहरी विकास तथा भवन निर्माणलाई आधुनिक प्रविधि र प्रभावकारी कानुनी प्रणालीमार्फत व्यवस्थित र दिगो बनाउने
- GIS प्रणालीको प्रयोगद्वारा वडास्तरदेखि सम्पूर्ण गाउँपालिकाको भौगोलिक तथा जग्गा सम्बन्धी तथ्यांक अद्यावधिक र व्यवस्थित गर्ने
- अव्यवस्थित, जीर्ण तथा जोखिमयुक्त बस्ती र संरचनाको सुधार, व्यवस्थापन तथा आवश्यकतानुसार स्थानान्तरण गरी सुरक्षित बस्ती विकास गर्ने
- नक्सा पास प्रक्रिया कडाइका साथ लागू गर्दै मापदण्डअनुसार सुरक्षित, आकर्षक र वातावरणमैत्री भवन निर्माणलाई प्रवर्द्धन गर्ने

- प्राविधिक जनशक्ति तथा सरोकारवालाको क्षमता अभिवृद्धि गर्दै योजनाबद्ध बस्ती विकास र सेवा सुविधाको प्रभावकारी विस्तार सुनिश्चित गर्ने

**रणनीति, कार्यनीति तथा प्राथमिकताहरु**

| **रणनीति** | **कार्यनीतिहरु** |
|---|---|
| व्यवस्थित भू–उपयोग तथा सहरी योजना सुदृढीकरण गर्ने | GIS आधारित भू–उपयोग नक्सा तयार गरी नियमित अद्यावधिक गर्ने |
| | जग्गा विवरण (Land Parcel) को डिजिटल अभिलेखीकरण र व्यवस्थापन गर्ने |
| | वडास्तरदेखि पालिकास्तरसम्म भौगोलिक सीमाको स्पष्ट निर्धारण गर्ने |
| | भू–उपयोग नीति तथा मापदण्ड तयार गरी कार्यान्वयन गर्ने |
| | योजनाबद्ध बस्ती विकासका लागि दीर्घकालीन गुरुयोजना निर्माण गर्ने |
| सुरक्षित, व्यवस्थित तथा वातावरणमैत्री बस्ती विकास गर्ने | जोखिमयुक्त तथा अव्यवस्थित बस्तीको पहिचान गरी सुधार वा स्थानान्तरण गर्ने |
| | जीर्ण तथा पुराना संरचनाको पुनःनिर्माण र स्तरोन्नति गर्ने |
| | हरित क्षेत्र, खुला स्थान तथा वातावरण संरक्षणमा जोड दिने |
| | भवन निर्माण मापदण्ड र नक्सा पास प्रक्रियालाई कडाइका साथ लागू गर्ने |
| | सार्वजनिक पूर्वाधार (सडक, ढल, खानेपानी) को समन्वयात्मक विकास गर्ने |
| संस्थागत क्षमता अभिवृद्धि तथा सुशासन प्रवर्द्धन गर्ने | प्राविधिक जनशक्तिको तालिम, सेमिनार तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने |
| | आधुनिक प्रविधिको प्रयोगमार्फत सेवा प्रवाहलाई प्रभावकारी बनाउने |
| | जनप्रतिनिधि तथा सरोकारवालामा सहरी विकास सम्बन्धी सचेतना अभिवृद्धि गर्ने |
| | नीति, कानुन तथा कार्यविधि निर्माण र कार्यान्वयन सुदृढ गर्ने |
| | विभिन्न निकायबीच समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने |

## (क) कार्यक्रम तथा आयोजनाको विस्तृत विवरण

*तालिका २६ वस्ति तथा आवास व्यवस्थापन उपक्षेत्रका योजना*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) | कसरी गर्ने पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरको सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १ | एकीकृत बस्ती विकासका लागि सम्भाव्यता अध्ययन | पटक | | ३ | ५०० | ० | ५०० | ० | ५०० | १५०० | ५०० | प्रदेश सरकार सहयोग |
| २ | एकीकृत बस्ती विकास कार्यक्रम | एकमुष्ट | | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | ५००० | नेपाल सरकार सहयोग |
| ३ | घरविहिनहरुका लागि आवास व्यवस्थापन कार्यक्रम | एकमुष्ट | | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० | नेपाल सरकार सहयोग |
| ४ | सार्वजनिकस्थलमा शौचालय निर्माण | पटक | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | प्रदेश सरकार सहयोग |
| ५ | सार्वजनिकस्थलमा पाटीपौवा निर्माण | संख्या | | ५ | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० | ९०० | प्रदेश सरकार सहयोग |
| ६ | सार्वजनिक जग्गा अतिक्रमण रोकथाम | कार्यक्रम | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | आन्तरिक श्रोतबाट |
| ७ | सार्वजनिक जग्गा अतिक्रमण रोकथाम | वटा | | १ | ० | १५०० | ० | ० | ० | १५०० | १५०० | नेपाल सरकार सहयोग |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | पालिकास्तरीय अतिथि गृह निर्माण | वटा | | १ | ० | ० | ३००० | ० | ० | ३००० | ३००० | प्रदेश सरकार सहयोग |

**(ख) कार्यक्रम तथा आयोजनाको विस्तृत साङ्केतिकरण**

*तालिका २७ वस्ति तथा आवास उपक्षेत्रका योजनाको साङ्केतीकरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको विवरण | स्थानीय दिर्घकालीन लक्ष्य/ रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य सङ्केत | दिगो राष्ट्रिय लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ | ८ |
| १ | एकीकृत बस्ती विकासका लागि सम्भाव्यता अध्ययन | ३ | ६, ९ र ११ | ३ | ३ | २ |
| २ | एकीकृत बस्ती विकास कार्यक्रम | ३ | ६, ९ र ११ | ३ | ३ | २ |
| ३ | घरविहिनहरुका लागि आवास व्यवस्थापन कार्यक्रम | ३ | ६, ९ र ११ | ३ | ३ | २ |
| ४ | सार्वजनिकस्थलमा शौचालय निर्माण | ३ | ६, ९ र ११ | ३ | ३ | २ |
| ५ | सार्वजनिकस्थलमा पाटीपौवा निर्माण | ३ | ६, ९ र ११ | ३ | ३ | २ |
| ६ | सार्वजनिक जग्गा अतिक्रमण रोकथाम | ३ | ६, ९ र ११ | ३ | ३ | २ |
| ७ | पालिकास्तरीय बस पार्क निर्माण | ३ | ६, ९ र ११ | ३ | ३ | २ |
| ८ | पालिकास्तरीय अतिथि गृह निर्माण | ३ | ६, ९ र ११ | ३ | ३ | २ |

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

व्यवस्थित र भरपर्दो यातायाका पूर्वाधार र सेवा आर्थिक विकास, सार्वजनिक सेवा प्रवाह र सामाजिक एव साँस्कृतिक एकीकरणको माध्यम हो । यातायातको उपयुक्त विकास र विस्तार बाट क्षेत्रीय असमानता कम गर्न, आर्थिक क्रियाकलापलाई गतिशीतला प्रदान गर्न र अन्य क्षेत्रको विकास तथा सेवा प्रवाहलाई सहज बनाउन सकिन्छ । कृषि तथा गैरकृषि क्षेत्रको विकास गर्न सडक तथा यातायात सेवा एउटा महत्वपूर्ण पूर्वाधारको रूपमा रहेको हुन्छ । यस तथ्यलाई दृष्टिगत गरी गजुरी गाउँपालिकाले सडक विस्तार र पूर्वाधार विकासलाई प्रमुख प्राथमिकतामा राखेर काम गरिरहेको छ ।

यस गाउँपालिकाको ८ वटै वडालाई सडकले छोएको छ । गजुरी गाउँपालिका (धादिङ जिल्ला) को सडक अवस्था सामान्यतया ग्रामीण, पहाडी र दुर्गम छ । यहाँका थोरै मात्र सडक कालोपत्रे, धेरै सडकहरू कच्चा (ग्राभेल) र साघुरा छन्, जसले गर्दा मौसमी प्रभाव (वर्षा, पहिरो ) को कारण यातायात असुविधाजनक हुन सक्छ । वडाहरुमा सर्वजनिक यातायात भाडादर तोकेर संचालनमा छैनन् ।

### ६.२.२ समस्या तथा चुनौती

गाउँपालिकाका सबै वडा तथा बस्तीहरू सडक सञ्जालमा जोडिनु आफैंमा ठूलो अवसर हो, जसलाई थप व्यवस्थित गर्दै समग्र यातायात प्रणाली सुदृढ गर्न सकिन्छ । हाल ढल, नाली तथा फोहोरमैला व्यवस्थापन कमजोर भए पनि यसलाई सुधार गरेर स्वच्छ र व्यवस्थित बजार तथा आवास क्षेत्र विकास गर्ने सम्भावना रहेको छ । सडकको मापदण्ड, अधिकार क्षेत्र तथा नक्साङ्कन स्पष्ट गरी योजनाबद्ध रूपमा स्तरोन्नति गर्न सकिने अवस्था छ। यसले साँघुरा सडकलाई विस्तार गर्दै सुरक्षित र दिगो यातायात प्रणाली विकास गर्न सहयोग पुर्‍याउँछ ।

त्यसैगरी, निर्माणाधीन सडकहरूलाई क्रमशः ग्राभेल तथा पक्की सडकमा रूपान्तरण गर्ने, आवश्यक स्थानमा पुल, कल्भर्ट र नाली निर्माण गर्ने ठूलो सम्भावना रहेको छ । भौगोलिक कठिनाइ भए पनि आधुनिक प्रविधि र योजनाबद्ध लगानीमार्फत यातायात पूर्वाधार विस्तार गर्न सकिन्छ । सबै वस्तीलाई बाह्रै महिना सञ्चालन हुने सडक सञ्जालमा जोड्दा सेवा प्रवाह, व्यापार तथा आवागमनमा सहजता आउनेछ । सडक छेउछाउ वृक्षारोपण र संरक्षण कार्यमार्फत वातावरणीय सन्तुलन कायम गर्दै सुन्दर र सुरक्षित यातायात प्रणाली विकास गर्ने अवसर पनि रहेको छ ।

### ६.२.३ सम्भावना तथा अवसर

महत्वपूर्ण सडक आसपासमा बस्ती विस्तार हुँदै जानु र भूकम्प पुनर्निर्माणपछि सडक नजिक घर निर्माण गर्ने प्रवृत्ति बढ्नुले यातायात पहुँच विस्तारको ठूलो सम्भावना सिर्जना गरेको छ । यसले पालिकाभित्रका अधिकांश घरधुरीलाई सडक सञ्जालसँग जोड्न सहज बनाउँछ । यस्तो विकासले वातावरणमैत्री हरित क्षेत्र तथा व्यवस्थित आवासीय क्षेत्रको योजना कार्यान्वयन गर्न अवसर प्रदान गर्दछ । खुला स्थान, पार्क तथा हरियाली क्षेत्रलाई समेटेर सन्तुलित बस्ती विकास गर्न सकिने भएकाले दीगो सहरीकरणको आधार तयार हुन्छ । यसरी सडक केन्द्रित विकासले सेवा प्रवाहलाई पनि प्रभावकारी बनाउने सम्भावना देखिन्छ ।

स्थानीय सरकारलाई प्राप्त संवैधानिक अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐनअनुसार यातायात पूर्वाधार र सेवा व्यवस्थापनमा काम अघि बढाउने अवसर उपलब्ध छ । पालिकाबाटै योजना निर्माण, कार्यान्वयन र नियमन गर्न सकिने भएकाले स्थानीय आवश्यकताअनुसार यातायात सेवा विस्तार गर्न सहज हुन्छ । पृथ्वी राजमार्गको केही खण्ड

गाउँपालिकालाई छोएकाले क्षेत्रीय तथा राष्ट्रिय सञ्जालसँग प्रत्यक्ष जोडिने अवसर प्राप्त भएको छ । यसले व्यापार, आवागमन र आर्थिक गतिविधि वृद्धि गर्न मद्दत पुऱ्याउँछ जसबाट समग्र विकासलाई गति दिने सम्भावना उच्च छ ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

पलिका वासीलाई दीगो भरपर्दो र सुरक्षित  यातायात सेवा र पूर्वाधारको पहुँचउपलब्ध गराउने

**उद्देश्यहरु**

- सबै नागरिकको पहुँच सुनिश्चित हुने गरी सुरक्षित, समावेशी र दिगो यातायात पूर्वाधार तथा सेवा विस्तार गर्ने
- सडकको वर्गीकरण, नामाकरण र मापदण्ड कार्यान्वयन गर्दै व्यवस्थित सडक उपयोग तथा व्यवस्थापन प्रणाली विकास गर्ने
- स्थानीय यातायात सेवालाई व्यवस्थित, किफायती र प्रभावकारी बनाउँदै सार्वजनिक यातायात सञ्चालनलाई सुदृढ गर्ने
- सडक स्तरोन्नति, मर्मत सम्भार तथा आवश्यक पूर्वाधार (पुल, नाला, बस बिसौनी आदि) निर्माण गरी वर्षैभरि सञ्चालनयोग्य सडक सञ्जाल विस्तार गर्ने
- सडक सुरक्षा, वातावरणीय संरक्षण र सौन्दर्य प्रवर्द्धन गर्दै अपाङ्गमैत्री, बालमैत्री र जेष्ठ नागरिकमैत्री यातायात प्रणाली विकास गर्ने

**रणनीति, कार्यनीति तथा प्राथमिकताहरु**

| रणनीति | कार्यनीतिहरु |
|---|---|
| सबै पालिकावासीको पहुँच वृद्धिमा केन्द्रित रही यातायातका पूर्वाधार र सेवा विस्तार गर्ने | • पालिकावासीको आन्तरिक र बाह्य यातायात सेवाको पहुँच विस्तारलाई यातायात क्षेत्रको कार्य निर्माण र कार्यान्वयनको मुख्य आधार बनाइने छ । |
| | • सडक तथा यातायात गुरुयोजना तर्जूमा र कार्यान्वय नगर्दा सम्बन्धित समुदायको यातायात तथा अन्य सेवाको आवश्यकता पहिचान गरी सेवा प्राप्तीमा योगदान गर्नमा जोड दिइने छ । |
| | • गाउँपालिकाको आर्थिक, सामाजिक र अन्य भौतिक पूर्वाधार विकास र सेवाप्रवाहमा सुधारका लागि महत्वपूर्ण योगदान गर्ने तथा अधिकतम जनसङ्ख्यालाई यातायातको सुविधा हुने गरी पूर्वाधार र सेवा विस्तार गरिने छ । |
| | • सडक तथा यातायातको कार्य तर्जूमा र कार्यान्वयन गर्दा महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिको पहुँचमा पर्याप्त ध्यानदिइने छ । |
| | • सडकको प्रकृति, भू–बनोट, प्रस्थान बिन्दु र गन्तव्यको दुरी आदिक आधारमा यातायात सेवाको बहुविकल्प पहिचान, छनोट र सञ्चालनका लागि नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह गरिने छ । यसमा सार्वजनिक निजी साझेदारीलाई प्राथमिकता दिइने छ । |

| | |
|---|---|
| यातायातका पूर्वाधारलाई सुरक्षित र भरपर्दो बनाउन<br>उपयुक्त विधि र मापदण्डको पूर्ण कार्यान्वयन गर्ने | • यातायातका सेवा र यात्रु सुरक्षामा केन्द्रित रही गाँउ भित्रको विद्यमान सडक सञ्जाललाई आर्थिक, सामाजिक र वातावरणीय पक्षहरू ध्यानदिँदै थप व्यवस्थित र सुरक्षित बनाउँदै लिइने छ। |
| | • सडकको योजना बनाउँदा उपयुक्त डिजाइन गरी सडकको निर्धारित कार्यात्मक वर्गीकरण प्रणाली को आधारमा सडकको वर्तमान वर्गीकरणमा आवश्यक परिमार्जन गरिने छ। यस क्रममा सडक वर्गीकरणको राष्ट्रिय आधार र सडकको मूलप्रयोजन (पर्यटन, कृषि, उद्योग आदि) समेत दृष्टिगत गरिने छ। |
| | • हरेक सडकको सेवास्तर (साना सवारी, मालवाहक सवारी, बस, विद्युतीय सवारी आदिको भार तथा यातायातका साधन र यात्रुको सुरक्षा) समेतको न्यूनतम सेवाको स्तर निर्धारण गरी सो अनुसार पूर्वाधार तयार गरिने छ। |
| | • सडकको डिजाइन तथा निर्माण गर्दा संघीय सरकारको सडक विभागद्धारा तोकिएको न्यूनतम मापदण्ड कायम गरिने छ। |
| | • प्राविधिक निगरानी विना खुलेका सडकहरूलाई समेत न्यूनतम इञ्जिनियरिङ मापदण्डमा पुऱ्याई पालिकाका सबै सडकलाई सबै यामका लागि  उपयुक्त बनाइने छ। |
| यातायात सेवालाई सुरक्षित र भरपर्दो बनाउन न्यूनतम सुरक्षा मापदण्ड र विधिहरू लागु गर्ने | • सडक दुर्घटनाको सम्भाव्यता र सडक सुरक्षालाई ध्यानदिई स्थानीय सडकहरूको सडक सुरक्षा परीक्षण गरिने छ। यसका ठम्याईका आधारमा दुर्घटना न्यूनिकरणका संरचनागत कार्य गरिने छ। |
| | • पैदल यात्रुलाई प्रोत्साहन तथा सुरक्षाको लागि बस्ती नजिकका हरेक सडकमा फुटपाथको सुविधा दिइने छ। सडक तथा अन्य सुविधाको निर्माणको समयमा पैदल यात्रुलाई सहज तथा सुरक्षा हुने गरी निर्माणको व्यवस्था गरिने छ। |
| | • पालिकामा यातायातका साधनको गति नियन्त्रणका लागि गतिको अधिकतम् सीमा तोकिनेछ। |
| | • रातको समयमा पनि सडकलाई सुरक्षित र सहज बनाउनका लागि सडक निर्माण र मुख्य बजार तथा बस्ती क्षेत्रमा सडक बत्ती सिसी क्यामेरा जडानलाई सँग सँगै अघिबढाइने छ। |
| | • सुरक्षित सडकका लागि आवश्यक पर्ने पूर्वाधारहरू (सवारी संकेत, चिन्हतथा जेब्राक्रस, सुरक्षा बार, ऐना, मार्किङ आदि) आदिको व्यवस्था गरिने छ भने घुम्ती तथा चोक सुधारका लागि आवश्यक पूर्वाधारको व्यवस्था गरिने छ। |
| | • सवारी चालक र सर्वसाधारणका लागि सडक सुरक्षा दुर्घटना |

| | |
|---|---|
| | न्यूनिकरणका लागि अनुशिक्षण तथा चेतनामूलक गतिविधि सञ्चालन गरिने छ। |
| यातायातका पूर्वाधार निर्माणमा प्रधावकारिता ल्याउन<br>यो क्षेत्रलाई विकासका अन्य आयाम र क्षेत्रसँग तादाम्यता<br>मिलाउने | • यातायातका परियोजना तथा कार्यक्रम निर्माण गर्दा पालिकाको भू–उपयोग योजना अनुरुप गरिने छ। विशेषगरी आवासीय क्षेत्रका लागि सार्वजनिक यातायातको सेवा उपलब्ध गराइने छ भने सम्पदा क्षेत्र, पर्यटकीय गन्तव्यहरू तथा व्यवसायिक र औद्योगिक क्षेत्रका लागि सकेसम्म विशिष्ठ प्रकृतिको सेवा विस्तारमा जोड दिइने छ। |
| | • बढीमात्रामा सवारी चापहुने क्षेत्रहरूमा पार्किङको समस्या समाधानका लागि उपयुक्त स्थानहरूलाई पार्किङ क्षेत्र बनाइने छ। पार्किङको सुविधा उपलब्ध गारउने गरी निर्माण हुने भवन तथा अन्य संरचनाका लागि पालिकाबाट उपयुक्त उत्प्रेरणा प्याकेज उपलब्ध गराइने छ। |
| | • वार्षिक बजेट तथा पुँजी सुधार कार्यक्रम मार्फत सार्वजनिक यातायात तथा पूर्वाधारमा गरिने लगानीलाई लागत प्रभावकारी बनाइने छ। |
| | • परियोजनाको लागत घटाउन तथा प्रतिकुल प्रभावहरू घटाउन सडकका लगत कट्टा, जग्गा प्राप्ती वा अधिग्रहण लगायतका कार्य सम्पन्न गरेर मात्र निर्माणको कार्यमा रकम विनियोजन गने नीति लिइने छ। नयाँ सडक निर्माणका कार्यक्रमका लागि आउने प्रस्तावमा पालिका मापदण्ड बमोजिम जग्गा उपलब्ध गराउन जग्गा धनी मञ्जुर भएको सुनिश्चित गर्नुपर्ने व्यवस्था गरिने छ। |
| | • पुँजी सुधार कार्यक्रममा रहेका र लागत इस्टिमेट तयार भई सम्भाव्य देखिएका कार्यक्रमलाई मात्र पालिकास्तरको कार्यक्रममा समेटी निश्चित खण्डका लागि पर्याप्त हुने गरी बजेट निनियोजन गरिने छ। पर्याप्त स्रोत नभई सडकको निश्चित खण्ड पूरा गर्न नसकिने परिस्थितिमा चोक सुधार, टेवा पर्खाल निर्माण जस्ता दीगो पूर्वाधारका कार्यका लागि पुग्ने गरी रकम विनियोजन गरिने छ। सडक निर्माणमा लागि निर्माण व्यवसायी छनोट गर्दा बढी भन्दा बढी प्रतिस्पर्धात्मक बनाइने छ। |
| | • पालिकाको आन्तरिक राजस्व बढाउने, पर्यटनलाई योगदान गर्ने तथा आर्थिक गतिविधि प्रवद्र्धन गर्ने सडक निर्माणलाई यो क्षेत्रको महत्वपूर्ण प्राथमिकताका रुपमा समेटिने छ। |
| | • पर्यटकीय तथा आर्थिक विकासमा योगदान गर्ने लगायत सबै किसिमका सडक निर्माण काक्रममा कुनै बिन्दुमा जग्गा प्राप्तिमा हुनसक्ने समस्याको पूर्व विश्लेषण गरी सोहीअनुसार जग्गा प्राप्ती गरिने छ। जग्गा प्राप्तीका लागि आवश्यकता अनुसार मुआब्जा दिनुका साथै |

| | |
|---|---|
| | समस्या समाधानका लागि प्रशासनिक प्रक्रिया समेत अवलम्बन गरिने छ। |
| यातायातका कार्यक्रम कार्यान्वय नगर्दा समुदायमा पर्ने नकारात्मक भौतिक र वातावरणीय प्रभाव न्यूनिकरणका उपाय अवलम्ब नगर्ने | • यातायातका पूर्वाधारका कार्यक्रम तय गर्दा हाल संरक्षित वा भविष्यमा संरक्षण गर्नुपर्ने सम्भाव्य पानीका स्रोतहरू, वनजंगल, जटिबुटी जस्ता प्राकृतिक स्रोत, साँस्कृतिक तथा धार्मिक सम्पदा क्षेत्र, पर्यावरण आदिका लागि महत्वपूर्ण स्रोत तथा क्षेत्रमा क्षति नहुने गरी डिजाइन गरिने छ। निर्माणको क्रममा भएका क्षति सुधारका कार्यक्रमलाई पनि सँगसँगै पूरा गरिने छ। |
| | • समुदाय तथा बस्ती र बासिन्दाहरूलाई न्यूननकारात्मक प्रभाव हुने गरी यातायातका पूर्वाधार र सेवाका कार्यक्रम डिजाइन गरिने छ। |
| | • यातायातका लागि प्रयोजनमा आउने गाडी तथा उपकरणबाट हुने प्रदुषण नियन्त्रणका लागि राष्ट्रिय मानक पूरा गर्नुपर्ने व्यवस्था गरिने छ। गाडी सिर्जित ध्वनी प्रदुषण कम गर्ने उपाय अपनाइनुका साथै ट्राफिक प्रहरीसँग समन्वय गरी ध्वनी प्रदुषण निरुत्साहित गर्ने कानूनी प्रबन्ध गरिने छ। |
| | • समग्र गाउँपालिकाको ट्राफिक व्यवस्थापनमा प्रभावपार्न सक्ने व्यवसायिकवा सेवाप्रदायकका भवन तथा अन्य पूर्वाधार निर्माण गर्दा ट्राफिक प्रभाव मूल्यांकन गर्नुपर्ने प्रावधान बनाइने छ। |
| | • सडकमा भएका फोहोर, धुलोले सामुदाय तथा सडक प्रयोग गर्ने सर्वसाधारणमा पर्ने असरलाई न्यूनतम स्तरमा राख्ने गरी संरचना निर्माण वा अवस्था कायम गरिने छ। |
| | • सडकको ट्राफिकलाई बाधा पुऱ्याउने प्राकृतिक अवरोध तथा जीवजन्तुहरूको समयवद्ध व्यवस्थापन गरिने छ। |
| | • गजुरी गाउँपालिकाको सुन्दरता बढाउने तथा पर्यटनमा थप योगदान गर्ने गरी मूल सडक र पर्यटन सडकमा वृक्षारोपण लगायत सडक सुन्दरताका कार्यलाई सडकको आधारभूत कार्यको रुपमा समेटिने छ। अन्यत्रपनि सडक सुन्दरताका कार्यक्रम कार्यान्वयन गरिने छ। |
| | • सडकबाट बग्ने भलको वैज्ञानिक व्यवस्थापन गरिने छ। पालिका क्षेत्रका हरेक बाटोमा स्थायी नाला व्यवस्थापनको सुनिश्चिता गरिने छ। |
| स्थानीय सार्वजनिक यातायात सेवाको पहुँचलाई सरल र सहज बनाउन विभिन्न पक्षसँगको समन्वय र साझेदारी गर्ने | • गाउँपालिकाले सबै बजार, जनसङ्ख्या तथा यातायात सेवाको मागको अध्ययन गरी न्यूनतम हरेक वडासम्म पुग्ने गरी गाउँपालिका बस सेवा सञ्चालनमा ल्याउने छ। गाउँपालिका यातायात सेवा विस्तारलाई पनि प्राथमिकतामा राखिने छ। |
| | • बाहिरबाट गाउँपालिकामा आउने तथा गाउँपालिका बाट बाहिर जाने |

| | |
|---|---|
| | यातायातका साधनलाई स्थानीय यातायात सेवाप्रदान गर्न स्थानीय अनुमतिको व्यवस्था गरिने छ । |
| | • सार्वजनिक यातायातमा आपागता भएका व्यक्ति, बालबालिका, जेष्ठनागरिक र महिलाको पहुँच, सुरक्षा र सम्मानका लागि सहजीकरण र नियमनको कार्य गरिने छ । |
| पार्किङ तथा बस बिसौनी व्यवस्थापनलाई यातायातका पूर्वाधारको अभिन्न अंगका रुपमा अघि बढाउने | • गाउँपालिकामा एक व्यवस्थित बसपार्क निर्माण गरी सञ्चालनमा ल्याइने छ । |
| | • सबै सार्वजनिक सेवाप्रदायकका कार्यालय, बजार क्षेत्र, व्यापारिक कम्प्लेक्स आदिका लागि पार्किङ स्थल निर्धारण र व्यवस्थापन गरी सडक किनारमा गरिने सवारी पार्किङमा रोक लगाइने छ । |
| | • सार्वजनिक यातायात सञ्चाल नहुने सडकको निश्चित बिन्दुमा व्यवस्थित बस स्टप (बिसौनी निर्माण गरिने छ । बसपार्क तथा यात्रुको बढी जमघट हुने बस बिसौनी लक्षित गरी सार्वजनिक शौचालय निर्माण र सञ्चालन गरिने छ । |
| यातायात सेवा सुधारमा योगदान गर्नसक्ने गरी पालिकाको आन्तरिक क्षमताविकास गर्ने | • पालिका भित्र यातायातको पूर्वाधार तथा यातायात सेवाको व्यवस्थापन, समन्वय र निगरानीका लागि निश्चित जनशक्ति तथा उपकरण सहितको एकाई तत्काल गठन गरिने छ । एकाईलाई क्रमशः यातायात शाखाको रुपमा विकास गरिने छ । |
| | • यातायात क्षेत्रको भू–सूचना संकलन, विश्लेषण र अद्यावधिक गर्न सक्ने गरी पालिकाको जनशक्तिको क्षमता विकास गरिने छ । सडक र यातायात क्षेत्रमा आउने नवपर्वतनलाई संस्थागत गर्न समय समयमा क्षमता विकासका आन्तरिक र बाह्य कार्यक्रममा यातायात शाखाका जनशक्तिलाई अवसर उपलब्ध गराइने छ । |
| पालिका क्षेत्रमा बढ्दो यातायात र सो को कारण वायु प्रदूषणमा असरमा कमील्याई पालिकाभित्रको सार्वजनिक यातायात व्यवस्थापनमा ईलेक्ट्रोनिक भेइकल (विधुत्तिय सवारी साधनलाई) प्रबर्धन गर्ने | • सार्वजनिक यातायात व्यवस्थापनमा ईलेक्ट्रोनिक भेइकल (विधुत्तिय सवारी साधनलाई) प्रबर्धन आवश्यक सम्भाव्यता तथा प्राविधिक अध्ययन गरिने छ । |
| | • विद्युतीय सार्वजनिक पालिका वस सेवा तथा अन्य सवारी साधन संचालनमा प्रवर्द्धन तथा प्रोत्साहन गरिने छ । |
| | • विद्युतीय सार्वजनिक गाउँपालिका वस सेवा तथा अन्य सवारी साधन संचालनमा यातायात व्यवसायीलाई प्रोत्साहन तथा व्यवास्थापनका लागि विभिन्न सरोकार पक्षसँग समन्वय गरि आवश्याक वातावरण तयार गरिने छ । |
| | • चार्जिङ्ग स्टेसन स्थापना गर्ने कार्यमा व्यवसायीहरुको पक्षमा नीति निर्माणमा जोड दिइने छ । |

| | |
|---|---|
| | • यातायात साधनवाट हुने उत्षर्जन न्यूनीकरण तथा नियन्त्रणका लागि ट्रफिक प्रहरी, यातायात व्यवसायी तथा अन्य स्थानीयतहसँग समन्वय गरि मापदण्ड निर्धारण तथा नियमन गरिने छ। |
| | • नियमित सवारी चेक जाँच तथा नियन्त्रणको व्यवस्था गरिने छर नेपाल सरकारले तोकेको सवारी उत्सर्जन मापदण्ड भन्दा बढी उत्सर्जन गर्ने सवारी साधनलाई कारबाही गरिने छ। |
| | • प्रदुषण मापदण्ड कायम राख्ने यातायात व्यवसायीहरु लाई प्रोत्साहन गरिने छ। |
| | • गजुरी गाउँपालिकाको यातायात गुरुयोजना तर्जुमा गरि यातायात व्यवस्थापनलाई वातावरण मैत्री गरिने छ। |
| | • सडक तथा सार्वजनिक निर्माणका कार्यवाट हुने वायु प्रदुषण न्यूनीकरण गर्न आवश्यक व्यवास्थापन तथा हरियाली प्रवर्द्धन गरिने छ |

**(क) कार्यक्रम तथा आयोजनाको विस्तृत विवरण**

*तालिका २८ सडक तथा यातायात उपक्षेत्रका योजनाको साङ्केतीकरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) | कसरी गर्ने पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरको सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १ | राजमार्ग-वडा केन्द्र सम्म सडक कालोपत्रे गर्ने | वडा | | ४० | २४०००० | २४०००० | २४०००० | २४०००० | २४०००० | १२००००० | ३०००० | प्रदेश सरकार सहयोग |
| २ | जीर्ण अवस्थामा रहेका सडक स्तरोन्नती गर्ने | प्याकेज | | ५ | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | ५०००० | प्रदेश सरकार सहयोग |
| ३ | नयाँ सडक निर्माण | प्याकेज | | ५ | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | ५०००० | नेपाल सरकार सहयोग |
| ४ | पक्की पुल निर्माण | प्याकेज | | ५ | ३०००० | ३०००० | ३०००० | ३०००० | ३०००० | १५०००० | ३०००० | नेपाल सरकार सहयोग |
| ५ | झोलुङ्गे पुल निर्माण | संख्या | | २५ | ७५०० | ७५०० | ७५०० | ७५०० | ७५०० | ३७५०० | १५०० | नेपाल सरकार सहयोग |
| ६ | यातायात व्यवस्थापन तथा सडक सुरक्षा सचेतना | कार्यक्रम | | ४० | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | ५०० | आन्तरिक श्रोत |
| ७ | कालोपत्रे भएका सडक खण्डमा सडक बोर्ड व्यवस्थापन | प्याकेज | | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० | नेपाल सरकार सहयोग |
| ८ | गजुरी २ गुम्बा डाँडामा रक म्यूजियम निर्माण | संख्या | | १ | ० | १०००० | ० | ० | ० | १०००० | १०००० | प्रदेश सरकार सहयोग |
| ९ | प्रत्येक स्वास्थ्य संस्था सम्म सडक कालोपत्रे | प्याकेज | | ५ | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | ५०००० | प्रदेश सरकार सहयोग |
| १० | प्रत्येक शैक्षिक संस्था सम्म बाटोको पहुँच | प्याकेज | | ५ | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | ३००० | नेपाल सरकार सहयोग |

**(ख) कार्यक्रम तथा आयोजनाको विस्तृत साङ्केतिकरण**

*तालिका २९ सडक तथा यातायात उपक्षेत्रका योजनाको साङ्केतीकरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको विवरण | स्थानीय दिर्घकालीन लक्ष्य/ रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य सङ्केत | दिगो राष्ट्रिय लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ | ८ |
| १ | राजमार्ग-वडा केन्द्र सम्म सडक कालोपत्रे गर्ने | ३ | ९ र ११ | ३ | २ | २ |
| २ | जीर्ण अवस्थामा रहेका सडक स्तरोन्नती गर्ने | ३ | ९ र ११ | ३ | २ | २ |
| ३ | नयाँ सडक निर्माण | ३ | ९ र ११ | ३ | २ | २ |
| ४ | पक्की पुल निर्माण | ३ | ९ र ११ | ३ | २ | २ |
| ५ | झोलुङ्गे पुल निर्माण | ३ | ९ र ११ | ३ | २ | २ |
| ६ | यातायात व्यवस्थापन तथा सडक सुरक्षा सचेतना | ३ | ९ र ११ | ३ | २ | २ |
| ७ | कालोपत्रे भएका सडक खण्डमा सडक बोर्ड व्यवस्थापन | ३ | ९ र ११ | ३ | २ | २ |
| ८ | गजुरी २ गुम्बा डाँडामा रक म्यूजियम निर्माण | ३ | ९ र ११ | ३ | २ | २ |
| ९ | प्रत्येक स्वास्थ्य संस्था सम्म सडक कालोपत्रे | ३ | ९ र ११ | ३ | २ | २ |
| १० | प्रत्येक शैक्षिक संस्था सम्म बाटोको पहुँच | ३ | ९ र ११ | ३ | २ | २ |

## ६.३ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

नेपालको संविधानले आधारभूत स्तरको खानेपानी र सरसफाई सुबिधालाई नागरिकको आधारभूत अधिकारको रुपमा प्रत्याभूत गरेको छ । खानेपानी स्वच्छ जीवनको प्रमुख आधार हो । खानेपानी सुरक्षित नहुँदा विभिन्न दुषित तथा असुरक्षित पानीबाट रोग लाग्ने जोखिम हुन्छ । खानेपानी सुरक्षित राख्न त्यस ठाउँको वातावरण पनि सफा र स्वच्छ रहनु पर्दछ । खानेपानीको लागि प्रयोग गरिएको स्रोतको आधारमा गाउँपालिकाको स्वास्थ्य स्थिति निर्धारण गर्न सकिन्छ । सुरक्षित खानेपानीको प्रयोगबाट विभिन्न रोगको जोखिमन्यूनिकरण गर्न सकिन्छ । पालिकावासीमा आधारभूत स्तरको खानेपानी सेवाको गुणस्तरीय अभिवृद्धि गरी सुरक्षित पानीको उपलब्ध गराउन गाउँपालिकाले विशेष प्राथमिकताका साथकाम गरिरहेको छ ।

ऊर्जाको प्रमुख स्रोतहरू मध्य विद्युत एक महत्वपूर्ण तत्वहो । प्राकृतिक रुपमा रहेका विभिन्न शक्तिहरूलाई एकीतृत गरी यान्त्रिक विधिबाट विद्युत निर्माण गरिन्छ । विद्युतका विभिन्न स्रोत हुन्छन् । पालिकाको विकास र समृद्धिका लागि विद्युत आपूर्ति महत्वपूर्ण हुन्छ । नविकरणीय ऊर्जा बाहेक विद्युत सम्बन्धी सेवा प्रवाहमा संविधानतः पालिकाको मुख्य भूमिका नहुने भए पनि पालिकाको समग्र विकासका लागि विद्युत सम्बन्धी सेवामा पालिकाले समन्वयकारी र सहजकर्ताको भूमिकानिर्वाह गर्नुपर्ने हुन्छ ।

गजुरी गाउँपालिकामा झण्डै सबैजसोले विद्युत सेवाको पहुँच पाएको देखिन्छ भने घरधुरीमा आफ्नै विद्युत मिटर जडान भएको अवस्था छ । झण्डै शत प्रतिशत परिवारमा जलविद्युत सेवाको पहुँचमा रहेको देखिन्छ । छुटफुट रुपमा सौर्य ऊर्जाको प्रयोग पनिहुने गरेको छ ।

### ६.३.२ समस्या तथा चुनौती

गाउँपालिकामा विद्युत सेवा लगभग सबै घरधुरीसम्म पुगे पनि यसको गुणस्तर, स्थायित्व र भरपर्दोपन अझै चुनौतीको विषय रहेको छ । विशेषगरी भौगोलिक रूपमा विकट क्षेत्रहरूमा विद्युत आपूर्ति नियमित रूपमा सञ्चालन गर्न कठिनाइ हुन्छ । प्रसारण लाइनको क्षमता सीमित हुनु, मर्मतसम्भारमा ढिलाइ हुनु तथा प्राविधिक समस्या आउँदा सेवा अवरुद्ध हुने अवस्था देखिन्छ । विद्युत पूर्वाधारको विस्तार र स्तरोन्नतिका लागि पर्याप्त स्रोत, समन्वय र प्राविधिक जनशक्ति अभाव पनि महत्वपूर्ण चुनौतीका रूपमा रहेका छन् ।

त्यसैगरी, वैकल्पिक ऊर्जा स्रोतहरूको उपयोग अपेक्षाकृत कम रहेको छ जसले ऊर्जा सुरक्षामा विविधता ल्याउन सकेको छैन । सौर्य, बायोग्यास जस्ता नविकरणीय ऊर्जा प्रविधिको सम्भावना हुँदाहुँदै पनि त्यसको प्रवर्द्धन र विस्तारमा कमी देखिन्छ । जनचेतनाको अभाव, प्रारम्भिक लागत उच्च हुनु तथा प्राविधिक सहयोगको कमीले यसको उपयोग सीमित बनाएको छ । साथै, ऊर्जा सम्बन्धी योजना निर्माण र कार्यान्वयनमा समन्वय अभावले दीगो ऊर्जा विकासमा थप चुनौती सिर्जना गरेको छ ।

### ६.३.३ सम्भावना तथा अवसर

गाउँपालिकामा जलश्रोतको पर्याप्त उपलब्धताले विद्युत उत्पादन तथा अन्य उपयोगका लागि महत्वपूर्ण सम्भावना सिर्जना गरेको छ । साना तथा मझौला जलविद्युत आयोजना सञ्चालन गर्न सकिने अवस्था रहेकोले स्थानीय स्तरमै ऊर्जा उत्पादन गरी आत्मनिर्भर बन्न सकिन्छ । यसले कृषि, उद्योग तथा घरेलु प्रयोगमा ऊर्जा आपूर्ति सहज बनाउनेछ । लश्रोतको उचित व्यवस्थापनमार्फत सिंचाइ, पर्यटन तथा आर्थिक गतिविधि विस्तार गर्न सकिने अवसर पनि रहेको छ जसले समग्र विकासमा सकारात्मक प्रभाव पार्न सक्छ ।

वैकल्पिक ऊर्जा स्रोतहरू जस्तै सौर्य, बायोग्यास तथा अन्य नविकरणीय ऊर्जाको प्रयोग विस्तार गर्ने ठूलो सम्भावना रहेको छ । दुर्गम तथा पहुँच कठिन क्षेत्रहरूमा सौर्य ऊर्जामार्फत विद्युत सेवा पुर्‍याउन सकिन्छ। सरकारी नीति तथा कार्यक्रममार्फत अनुदान र प्राविधिक सहयोग प्राप्त हुने भएकाले यस क्षेत्रको विकासमा थप अवसर देखिन्छ । ऊर्जा क्षेत्रमा निजी तथा सामुदायिक लगानी आकर्षित गरी दिगो, वातावरणमैत्री र भरपर्दो ऊर्जा प्रणाली विकास गर्न सकिने सम्भावना उच्च रहेको छ ।

### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

जलश्रोतको दिगो उपयोगमार्फत भरपर्दो, सुलभ र वातावरणमैत्री विद्युत तथा वैकल्पिक ऊर्जा सेवाको विस्तार गर्ने

**उद्देश्यहरु**

- जलश्रोतको दिगो उपयोग गरी स्थानीय स्तरमै विद्युत उत्पादन र ऊर्जा आत्मनिर्भरता अभिवृद्धि गर्ने
- सबै नागरिकको पहुँच सुनिश्चित हुने गरी भरपर्दो र गुणस्तरीय विद्युत सेवा विस्तार र स्तरोन्नति गर्ने
- सौर्य, बायोग्यास लगायत नविकरणीय ऊर्जाको प्रवर्द्धन र उपयोग वृद्धि गर्ने
- ऊर्जा पूर्वाधारको विकास, मर्मत तथा व्यवस्थापनमा समन्वय र क्षमता अभिवृद्धि गर्ने
- वातावरणमैत्री ऊर्जा प्रणाली विकास गर्दै ऊर्जा उपयोगमा दक्षता र सचेतना वृद्धि गर्ने

**रणनीति, कार्यनीति तथा प्राथमिकताहरु**

| रणनीति | कार्यनीतिहरु |
|---|---|
| जलश्रोतको दिगो व्यवस्थापन तथा एकीकृत उपयोग सुदृढीकरण गर्ने | • जलश्रोतको पहिचान, संरक्षण र दिगो उपयोगका लागि नीतिगत तथा प्राविधिक व्यवस्था गर्ने |
| | • एकीकृत प्रणालीमार्फत जलश्रोतको समुचित वितरण र व्यवस्थापन गर्ने |
| | • जलश्रोत क्षेत्रको वातावरणीय संरक्षण र प्रदूषण नियन्त्रणका उपाय अवलम्बन |

| रणनीति | कार्यनीतिहरु |
|---|---|
| | गर्ने |
| | • जलश्रोत व्यवस्थापनमा सामुदायिक सहभागिता र संस्थागत समन्वय सुदृढ गर्ने |
| | • बस्ती विकाससँग समन्वय गरी जलश्रोत उपयोगको दीर्घकालीन योजना निर्माण गर्ने |
| विद्युत सेवा विस्तार, स्तरोन्नति तथा जोखिम न्यूनीकरण गर्ने | • विद्युत पूर्वाधार (पोल, तार, ट्रान्सफर्मर) को विस्तार र मर्मतसम्भार सुदृढ गर्ने |
| | • विद्युत सेवा व्यवस्थापनमा सम्बन्धित निकायसँग प्रभावकारी समन्वय र सहकार्य गर्ने |
| | • भौगोलिक कठिनाइलाई ध्यानमा राखी सुरक्षित र भरपर्दो विद्युत आपूर्ति सुनिश्चित गर्ने |
| | • विद्युतीय जोखिम न्यूनीकरणका लागि सुरक्षा मापदण्ड लागू गर्ने |
| | • बढ्दो मागअनुसार विद्युत आपूर्ति क्षमता अभिवृद्धिका लागि पहल गर्ने |
| वैकल्पिक ऊर्जा प्रवर्द्धन तथा ऊर्जा पहुँच विस्तार गर्ने | • सौर्य, बायोग्यास लगायत नविकरणीय ऊर्जाको प्रवर्द्धन र विस्तार गर्ने |
| | • वैकल्पिक ऊर्जा आवश्यक भएको क्षेत्रहरूमा वैकल्पिक ऊर्जामार्फत ऊर्जा पहुँच सुनिश्चित गर्ने |
| | • ऊर्जा उपयोगमा दक्षता अभिवृद्धि र जनचेतना कार्यक्रम सञ्चालन गर्ने |
| | • वैकल्पिक ऊर्जा प्रविधिमा निजी तथा सामुदायिक लगानी प्रोत्साहन गर्ने |
| | • ऊर्जा क्षेत्रको दीगो विकासका लागि नीतिगत, प्राविधिक तथा वित्तीय सहयोग विस्तार गर्ने |

**(क) कार्यक्रम तथा आयोजनाको विस्तृत विवरण**

*तालिका ३० विद्युत तथा वैकल्पिक ऊर्जा उपक्षेत्रका योजना*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) | कसरी गर्ने पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरकारको सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १ | विद्युतको पहुँच नभएका घरधुरीको अध्ययन तथा विद्युत विस्तार कार्यक्रम | प्याकेज | | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० | नेपाल सरकार सहयोग |
| २ | असुरक्षित विद्युतका तार/पोल व्यवस्थापन कार्यक्रम | पटक | | २ | १५०० | १५०० | ० | ० | ० | ३००० | १५०० | नेपाल सरकार सहयोग |
| ३ | वैकल्पिक ऊर्जाको आवश्यकता पहिचान तथा जडान | कार्यक्रम | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | नेपाल सरकार सहयोग |
| ४ | स्थानीय जलस्रोतको पहिचान तथा संरक्षण | प्याकेज | | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | ५००० | नेपाल सरकार सहयोग |
| ५ | आवश्यकताका आधारमा रिचार्ज पोखरी निर्माण | प्याकेज | | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० | प्रदेश सरकार सहयोग |

**(ख) कार्यक्रम तथा आयोजनाको विस्तृत साङ्केतिकरण**

*तालिका ३१ विद्युत तथा वैकल्पिक ऊर्जा उपक्षेत्रका योजनाको साङ्केतीकरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको विवरण | स्थानीय दिर्घकालीन लक्ष्य/ रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य सङ्केत | दिगो राष्ट्रिय लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ | ८ |
| १ | विद्युतको पहुँच नभएका घरधुरीको अध्ययन तथा विद्युत विस्तार कार्यक्रम | ३ | ७ | १ | २ | २ |
| २ | असुरक्षित विद्युतका तार/पोल व्यवस्थापन कार्यक्रम | ३ | ७ | १ | २ | २ |
| ३ | वैकल्पिक ऊर्जाको आवश्यकता पहिचान तथा जडान | ३ | ७ | १ | २ | २ |
| ४ | स्थानीय जलस्रोतको पहिचान तथा संरक्षण | ३ | ७ | १ | २ | २ |
| ५ | आवश्यकताका आधारमा रिचार्ज पोखरी निर्माण | ३ | ७ | १ | २ | २ |

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

सूचना, सञ्चार तथा प्रविधि आधुनिक समाजको विकास, सेवा प्रवाह र सुशासनको प्रमुख आधारको रूपमा स्थापित भएको छ । सूचना प्रविधिको विकाससँगै सार्वजनिक सेवा, शिक्षा, स्वास्थ्य, व्यापार तथा प्रशासनिक कार्यहरूमा तीव्रता, पारदर्शिता र पहुँच वृद्धि भएको छ । प्रभावकारी सञ्चार प्रणालीले नागरिक र सरकारबीच सूचना आदानप्रदानलाई सहज बनाउँदै निर्णय प्रक्रियामा सहभागिता बढाउन सहयोग पुऱ्याउँछ । गजुरी गाउँपालिकाको सन्दर्भमा हेर्दा मोबाइल, टेलिफोन तथा इन्टरनेट सेवाको विस्तारसँगै सूचना प्रविधिको प्रयोग क्रमशः बढ्दो अवस्थामा रहेको छ । नेपाल टेलिकम, एनसेल लगायतका सेवा प्रदायकहरूले दूरसञ्चार सेवा उपलब्ध गराएका छन् भने विभिन्न इन्टरनेट सेवा प्रदायकमार्फत इन्टरनेट पहुँच विस्तार भइरहेको छ । यसले नागरिकलाई सूचना, शिक्षा, बजार तथा विभिन्न सेवामा पहुँच विस्तार गर्न महत्वपूर्ण भूमिका खेलेको छ ।

सबै क्षेत्रमा गुणस्तरीय सेवा समान रूपमा उपलब्ध हुन सकेको छैन । केही स्थानमा नेटवर्क समस्या, इन्टरनेटको गति र स्थायित्वमा कमी जस्ता चुनौतीहरू देखिन्छन् । यस्ता अवस्थालाई सुधार गर्दै सूचना प्रविधिमैत्री गाउँपालिका निर्माण गर्न आवश्यक पूर्वाधार विकास, डिजिटल साक्षरता अभिवृद्धि तथा प्रविधिको प्रभावकारी उपयोगमा जोड दिन आवश्यक देखिन्छ । समग्रमा, सूचना, सञ्चार तथा प्रविधिको विस्तार र सुदृढीकरणले गाउँपालिकाको आर्थिक, सामाजिक तथा प्रशासनिक विकासलाई गति दिने भएकाले यस क्षेत्रलाई प्राथमिकतामा राखी योजनाबद्ध रूपमा अघि बढ्नु आवश्यक छ ।

### ६.४.२ समस्या तथा चुनौती

सूचना, सञ्चार तथा प्रविधिको पहुँच गाउँपालिकामा विस्तार हुँदै गएको भए पनि गुणस्तरीय सेवा उपलब्ध गराउने विषयमा अझै धेरै समस्या देखिन्छन् । विभिन्न वडाहरूमा मोबाइल नेटवर्क अस्थिर हुने, कल ड्रप हुने तथा इन्टरनेटको गति कमजोर हुने समस्या सामान्य रूपमा रहेको छ । दुर्गम तथा भौगोलिक रूपमा कठिन क्षेत्रहरूमा सञ्चार पूर्वाधार विस्तार गर्न कठिनाइ हुँदा सेवा समान रूपमा वितरण हुन सकेको छैन । इन्टरनेट सेवा प्रदायकहरू भए पनि सेवा निरन्तरता, गति र विश्वसनीयतामा कमी देखिन्छ जसले दैनिक जीवन तथा सेवा प्रवाहमा असर पारिरहेको छ ।

त्यसैगरी, सूचना प्रविधिको प्रयोग र डिजिटल साक्षरतामा कमी पनि महत्वपूर्ण चुनौती हो । सबै नागरिकले प्रविधिको प्रभावकारी उपयोग गर्न नसक्दा उपलब्ध सेवा र अवसरबाट पूर्ण लाभ लिन सकिरहेका छैनन् । सरकारी तथा स्थानीय तहमा प्रविधि प्रयोगका लागि आवश्यक दक्ष जनशक्ति, उपकरण तथा व्यवस्थापन प्रणालीको अभाव देखिन्छ । सूचना सुरक्षासम्बन्धी सचेतनाको कमी, मर्मत तथा अद्यावधिकमा ढिलाइ र सेवा प्रदायकहरूसँग प्रभावकारी समन्वय अभावले सूचना, सञ्चार तथा प्रविधि क्षेत्रको समग्र विकासमा बाधा पुऱ्याएको छ ।

### ६.४.३ सम्भावना तथा अवसर

गाउँपालिकामा मोबाइल, इन्टरनेट तथा अन्य सञ्चार सेवाको विस्तार हुँदै जानु सूचना, सञ्चार तथा प्रविधि क्षेत्रको विकासका लागि महत्वपूर्ण अवसर हो । विभिन्न सेवा प्रदायकहरूको उपस्थितिले प्रतिस्पर्धा बढाई सेवा गुणस्तर सुधार गर्ने सम्भावना रहेको छ । इन्टरनेट सेवाको विस्तारसँगै ई–शासन (e-governance), अनलाइन सेवा प्रवाह, डिजिटल शिक्षा तथा स्वास्थ्य सेवा विस्तार गर्न सकिन्छ । यसले नागरिकलाई छिटो, सहज र पारदर्शी रूपमा सेवा उपलब्ध गराउन सहयोग पुऱ्याउँछ । सूचना प्रविधिको प्रयोगले प्रशासनिक कार्यहरूलाई प्रभावकारी र दक्ष बनाउने सम्भावना उच्च छ ।

डिजिटल साक्षरता अभिवृद्धि कार्यक्रममार्फत नागरिकलाई प्रविधिमैत्री बनाउने अवसर रहेको छ । युवा जनशक्तिलाई सूचना प्रविधिमा तालिम दिई रोजगारी तथा उद्यमशीलतामा प्रवर्द्धन गर्न सकिन्छ । गाउँपालिकालाई सूचना प्रविधिमैत्री बनाउँदै स्मार्ट सेवा प्रणाली विकास गर्ने सम्भावना पनि रहेको छ । निजी क्षेत्रसँग सहकार्य गरी सञ्चार तथा इन्टरनेट पूर्वाधार विस्तार गर्न सकिने अवस्था छ । यसरी सूचना, सञ्चार तथा प्रविधिको प्रभावकारी उपयोगले आर्थिक, सामाजिक तथा प्रशासनिक विकासलाई तीव्र गति दिने अवसर प्रदान गर्दछ ।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सूचना, सञ्चार तथा प्रविधिको पहुँच र गुणस्तर अभिवृद्धि गरी डिजिटल सेवामार्फत प्रभावकारी, पारदर्शी र सहज सेवा प्रवाह सुनिश्चित गर्ने

**उद्देश्यहरु**

- गाउँपालिकाका सबै नागरिकमा गुणस्तरीय, भरपर्दो तथा दिगो सूचना, सञ्चार र इन्टरनेट सेवाको पहुँच विस्तार गरी दुर्गम क्षेत्रसम्म समेत समावेशी पहुँच सुनिश्चित गर्ने
- सूचना प्रविधिको प्रभावकारी प्रयोगमार्फत सार्वजनिक सेवा प्रवाहलाई छिटो, पारदर्शी, उत्तरदायी र सेवाग्राहीमैत्री बनाउँदै ई–शासन प्रणालीको विकास र सुदृढीकरण गर्ने
- डिजिटल साक्षरता अभिवृद्धि गर्दै नागरिक, कर्मचारी तथा सरोकारवालाहरूलाई सूचना प्रविधिको उपयोगमा सक्षम बनाउने तथा प्रविधिमैत्री समाज निर्माण गर्ने

**रणनीति, कार्यनीति तथा प्राथमिकताहरु**

| रणनीति | कार्यनीतिहरु |
|---|---|
| सूचना तथा सञ्चार पूर्वाधार विस्तार र सुदृढीकरण गर्ने | • सबै वडामा भरपर्दो मोबाइल नेटवर्क र इन्टरनेट सेवा विस्तारका लागि सेवा प्रदायकसँग समन्वय गरिनेछ |

| | |
|---|---|
| | • दुर्गम तथा सेवा नपुगेका क्षेत्रहरूमा सञ्चार टावर तथा आवश्यक पूर्वाधार निर्माणमा सहजीकरण गरिनेछ |
| | • सार्वजनिक स्थलहरूमा इन्टरनेट पहुँच (जस्तै वाइफाइ जोन) विस्तार गरिनेछ |
| | • सञ्चार सेवा गुणस्तर सुधार तथा नियमित अनुगमन प्रणाली विकास गरिनेछ |
| सूचना प्रविधिमा आधारित सेवा प्रवाह र ई–शासन प्रवर्द्धन गर्ने | • पालिकाका सेवा अनलाइन प्रणालीमार्फत उपलब्ध गराइनेछ (ई–सेवा विकास गरिनेछ) |
| | • कार्यालयभित्र डिजिटल अभिलेखीकरण तथा डाटा व्यवस्थापन प्रणाली लागू गरिनेछ |
| | • सेवा प्रवाहमा पारदर्शिता ल्याउन सूचना प्रविधिको प्रयोग बढाइनेछ |
| | • सूचना प्रणालीको सुरक्षा, मर्मत तथा अद्यावधिक कार्य नियमित रूपमा गरिनेछ |
| डिजिटल साक्षरता तथा क्षमता अभिवृद्धि गर्ने | • नागरिकका लागि डिजिटल साक्षरता तथा सूचना प्रविधि सम्बन्धी तालिम सञ्चालन गरिनेछ |
| | • कर्मचारी तथा जनप्रतिनिधिहरूको प्रविधि उपयोग क्षमता अभिवृद्धि गरिनेछ |
| | • विद्यालय तथा समुदायस्तरमा सूचना प्रविधि प्रयोग प्रवर्द्धन गरिनेछ |
| | • सूचना प्रविधिमा युवा जनशक्तिको सहभागिता र उद्यमशीलता विकास प्रोत्साहन गरिनेछ |

## (क) कार्यक्रम तथा आयोजनाको विस्तृत विवरण

*तालिका ३२ सूचना तथा सञ्चार उपक्षेत्रका योजना*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) | कसरी गर्ने पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरको सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १ | सार्वजनिक निकायमा इन्टरनेटको क्षमता विस्तार | कार्यक्रम | | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | १०० | आन्तरिक श्रोत |
| २ | सामुदायिक विद्यालयहरुमा इन्टरनेटको व्यवस्थापन | प्याकेज | | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ३०० | नेपाल सरकार सहयोग |
| ३ | सार्वजनिक सूचनामा सबैको सहज पहुँच कार्यक्रम | कार्यक्रम | | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | १५० | आन्तरिक श्रोत |
| ४ | गाउँपालिकाको सूचना शाखामा आवश्यक थप प्रविधि जडान | कार्यक्रम | | १ | ७५० | ७५० | ७५० | ७५० | ७५० | ३७५० | ७५० | नेपाल सरकार सहयोग |
| ५ | सूचना र प्रविधिमा उद्यमीहरु सहयोग कार्यक्रम | प्याकेज | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | प्रदेश सरकार सहयोग |
| ६ | डिजिटल पालिका विस्तार कार्यक्रम | प्याकेज | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | नेपाल सरकार सहयोग |

**(ख) कार्यक्रम तथा आयोजनाको विस्तृत साङ्केतिकरण**

*तालिका ३३ सूचना तथा सञ्चार उपक्षेत्रका योजनाको साङ्केतीकरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको विवरण | स्थानीय दिर्घकालीन लक्ष्य/ रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य सङ्केत | दिगो राष्ट्रिय लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ | ८ |
| १ | सार्वजनिक निकायमा इन्टरनेटको क्षमता विस्तार | ३ | ९ | ३ | २ | ३ |
| २ | सामुदायिक विद्यालयहरुमा इन्टरनेटको व्यवस्थापन | ३ | ९ | ३ | २ | ३ |
| ३ | सार्वजनिक सूचनामा सबैको सहज पहुँच कार्यक्रम | ३ | ९ | ३ | २ | ३ |
| ४ | गाउँपालिकाको सूचना शाखामा आवश्यक थप प्रविधि जडान | ३ | ९ | ३ | २ | ३ |
| ५ | सूचना र प्रविधिमा उद्यमीहरु सहयोग कार्यक्रम | ३ | ९ | ३ | २ | ३ |
| ६ | डिजिटल पालिका विस्तार कार्यक्रम | ३ | ९ | ३ | २ | ३ |

# परिच्छेद ७ : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

वन तथा जैविक विविधता प्राकृतिक सन्तुलन कायम राख्ने प्रमुख आधारहरू हुन् र दिगो विकासका लागि अत्यन्त महत्वपूर्ण मानिन्छन् । नेपालको संविधानले वन, वातावरण संरक्षण तथा जैविक विविधताको व्यवस्थापनलाई स्थानीय तहको अधिकार क्षेत्रमा राख्दै प्राकृतिक स्रोतको संरक्षण, सम्वर्द्धन र दिगो उपयोगमा जोड दिएको छ । प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक सुनिश्चित गरिएको सन्दर्भमा वन तथा जैविक विविधताको संरक्षण झनै महत्वपूर्ण बन्दै गएको छ । बढ्दो जनसंख्या, अव्यवस्थित सहरीकरण तथा प्राकृतिक स्रोतहरूको अव्यवस्थित उपयोगका कारण वन क्षेत्र, वन्यजन्तु, वनस्पति तथा जैविक विविधतामा नकारात्मक प्रभाव पर्न थालेको छ जसले दीर्घकालीन रूपमा वातावरणीय सन्तुलनमा चुनौती सिर्जना गरेको छ ।

गजुरी गाउँपालिकाको सन्दर्भमा हेर्दा यहाँको वन क्षेत्र, जलस्रोत तथा जैविक विविधता समृद्ध प्राकृतिक सम्पत्तिको रूपमा रहेका छन् । विभिन्न प्रजातिका वनस्पति, वन्यजन्तु तथा चराचुरुङ्गीहरूको उपस्थिति यस क्षेत्रको पर्यावरणीय महत्व झल्काउँछ । जलाधार क्षेत्र र प्राकृतिक स्रोतहरूको संरक्षणमार्फत कृषि, पर्यटन तथा स्थानीय अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याउने सम्भावना उच्च रहेको छ । तर, वन अतिक्रमण, वन पैदावरको अवैध दोहन, नदीजन्य पदार्थको अनियन्त्रित उत्खनन तथा वातावरणीय प्रदूषणजस्ता समस्याले जैविक विविधता संरक्षणमा चुनौती थपिरहेका छन् । समुदायको सहभागिता, नीतिगत व्यवस्था तथा प्रभावकारी कार्यान्वयनमार्फत वन तथा जैविक विविधताको दीगो व्यवस्थापन गर्दै समग्र विकासको आधार तयार गर्नु आवश्यक देखिन्छ ।

### ७.१.२ समस्या तथा चुनौती

वन तथा जैविक विविधता संरक्षणमा गाउँपालिकाले विभिन्न समस्या र चुनौतीहरू सामना गरिरहेको छ । वन अतिक्रमण, अवैध काठ कटानी तथा वन पैदावारको चोरीले वन क्षेत्रको क्षय बढिरहेको छ । नदीजन्य पदार्थ जस्तै बालुवा, गिट्टीको अनियन्त्रित उत्खननले वातावरणीय सन्तुलनमा असर पुऱ्याएको छ । जलस्रोतका मुहानहरू सुक्दै जानु, जैविक विविधता घट्दै जानु र वन्यजन्तुको बासस्थान नष्ट हुनु गम्भीर समस्या हुन् । साथै, पर्याप्त नीति, कानुनी व्यवस्था र प्रभावकारी अनुगमनको अभावले संरक्षण कार्य कमजोर बनेको छ ।

बढ्दो जनसंख्या, अव्यवस्थित शहरीकरण तथा पूर्वाधार विकासले वातावरणमा थप दबाब सिर्जना गरेको छ । प्रदूषण (वायु, माटो, ध्वनी) बढ्दै जानु, ढल तथा फोहोर व्यवस्थापन कमजोर हुनु र जनचेतनाको कमीले समस्या जटिल बनाएको छ । समुदायिक वन उपभोक्ता समूहको सक्रियता पर्याप्त नभएको र समन्वय अभावले पनि प्रभावकारी व्यवस्थापनमा बाधा पुऱ्याएको छ । जलवायु परिवर्तनका असरहरू, जस्तै वर्षा प्रणालीमा परिवर्तन र प्राकृतिक विपद्को जोखिम वृद्धि हुनु, दीगो वन तथा जैविक विविधता संरक्षणमा थप चुनौतीका रूपमा देखिएका छन् ।

### ७.१.३ सम्भावना तथा अवसर

गजुरी गाउँपालिकामा वन तथा जैविक विविधता संरक्षण तथा उपयोगका लागि प्रशस्त सम्भावना र अवसरहरू रहेका छन् । यहाँको समृद्ध वन सम्पदा, विविध वनस्पति, वन्यजन्तु तथा चराचुरुङ्गीहरूले प्रकृतिमा आधारित पर्यटन विकासका लागि महत्वपूर्ण आधार प्रदान गर्छन् । सामुदायिक वन उपभोक्ता समूहहरूको सक्रियता र स्थानीय समुदायको सहभागितामार्फत वन संरक्षण तथा व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन सकिन्छ । जडिबुटी तथा गैरकाष्ठ वन पैदावरहरूको व्यावसायिक उत्पादन र प्रशोधनमार्फत आयआर्जन वृद्धि गर्ने सम्भावना रहेको छ जसले स्थानीय अर्थतन्त्र सुदृढ बनाउन सहयोग पुऱ्याउँछ ।

सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको सहकार्यमार्फत वन तथा वातावरण संरक्षणका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सकिने अवसर रहेको छ । जलाधार संरक्षण, हरियाली प्रवर्द्धन तथा पुनःवनरोपण कार्यक्रममार्फत वातावरणीय सन्तुलन कायम गर्न सकिन्छ । प्राकृतिक स्रोतहरूको दिगो उपयोग गर्दै साना जलविद्युत, इको–टुरिजम तथा वातावरणमैत्री उद्योगहरूको विकास गर्न सकिने सम्भावना उच्च रहेको छ । यसरी वन तथा जैविक विविधताको संरक्षण र समुचित उपयोगमार्फत दीगो विकास र समृद्धि हासिल गर्ने अवसर गाउँपालिकामा प्रशस्त रहेको देखिन्छ ।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

वन तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोगमार्फत स्वच्छ वातावरण र समृद्ध स्थानीय विकास सुनिश्चित गर्ने

**उद्देश्यहरु**

- वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो व्यवस्थापन गर्दै प्राकृतिक स्रोतहरूको दीर्घकालीन उपयोग सुनिश्चित गर्ने
- वन सम्पदाको उत्पादकत्व वृद्धि गरी जडिबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित आयआर्जन, उद्यमशीलता र प्रकृतिमा आधारित पर्यटन विकास प्रवर्द्धन गर्ने
- वातावरणीय सन्तुलन कायम राख्दै प्रदूषण नियन्त्रण, जलाधार संरक्षण तथा समुदायको सक्रिय सहभागितामा वन तथा वातावरण व्यवस्थापन प्रणाली सुदृढ गर्ने

**रणनीति, कार्यनीति तथा प्राथमिकताहरु**

| **रणनीति** | **कार्यनीतिहरु** |
|---|---|
| वन तथा जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापन गर्ने | • वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षणका लागि आवश्यक नीति, योजना तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ |
| | • सामुदायिक वन, सरकारी वन तथा निजी वनको प्रभावकारी व्यवस्थापन सुदृढ गरिनेछ |

| | |
|---|---|
| | • वन अतिक्रमण, अवैध कटानी तथा वन पैदावरको चोरी नियन्त्रणका लागि अनुगमन र नियन्त्रण प्रणाली सुदृढ गरिनेछ |
| | • जैविक विविधता संरक्षणका लागि नर्सरी स्थापना, वृक्षारोपण तथा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ |
| वन सम्पदाको उत्पादकत्व वृद्धि तथा आयआर्जन प्रवर्द्धन गर्ने | • जडिबुटी तथा गैरकाष्ठ वन पैदावरहरूको सम्भाव्य अध्ययन गरी व्यावसायिक उत्पादन र विस्तार गरिनेछ |
| | • वनमा आधारित उद्योग तथा प्रशोधन केन्द्र स्थापना गर्न प्रोत्साहन गरिनेछ |
| | • प्रकृतिमा आधारित पर्यटन (इको–टुरिजम) विकास गरी स्थानीय रोजगारी सिर्जना गरिनेछ |
| | • वन उपभोक्ता समूहहरूको क्षमता अभिवृद्धि तथा लाभको न्यायोचित वितरण सुनिश्चित गरिनेछ |
| वातावरणीय संरक्षण तथा जलाधार व्यवस्थापन सुदृढ गर्ने | • जलाधार क्षेत्र, मुहान तथा नदी प्रणालीको संरक्षणका लागि एकीकृत योजना तयार गरी कार्यान्वयन गरिनेछ |
| | • वायु, ध्वनी तथा माटो प्रदूषण नियन्त्रणका लागि स्थानीय मापदण्ड र नियमन प्रणाली लागू गरिनेछ |
| | • फोहोरमैला व्यवस्थापन तथा सरसफाई कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ |
| | • वातावरण संरक्षणमा समुदायको सहभागिता बढाउन जनचेतना, तालिम तथा अभियान सञ्चालन गरिनेछ |

## (क) कार्यक्रम तथा आयोजनाको विस्तृत विवरण

*तालिका ३४ वन तथा जैविक विविधता उपक्षेत्रका योजना*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) | कसरी गर्ने पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरको सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १ | सबै प्रकारका वनको एकीकृत तथ्याङ्क व्यवस्थापन | पटक | | ३ | १५०० | ० | १५०० | ० | १५०० | ४५०० | १५०० | नेपाल सरकार सहयोग |
| २ | सामुदायिक वनको वन कार्ययोजना निर्माणमा सहयोग | प्याकेज | | ५ | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | २५०० | नेपाल सरकार सहयोग |
| ३ | वन पैदावरमा विपन्न वर्गको पहुँच कार्यक्रम | प्याकेज | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | प्रदेश सरकार सहयोग |
| ४ | स्थानीय जलाधार क्षेत्रमा जलप्राणी संरक्षण | प्याकेज | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | नेपाल सरकार सहयोग |
| ५ | वनमा आधारित उद्यमशिलता प्रबर्द्धन कार्यक्रम | प्याकेज | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | प्रदेश सरकार सहयोग |
| ६ | वृक्षारोपन कार्यक्रम | प्याकेज | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | प्रदेश सरकार सहयोग |
| ७ | एक वन एक एकीकृत नर्सरी व्यवस्थापन कार्यक्रम | कार्यक्रम | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | आन्तरिक श्रोत |

## (ख) कार्यक्रम तथा आयोजनाको विस्तृत साङ्केतिकरण

*तालिका ३५ वन तथा जैविक विविधता उपक्षेत्रका योजनाको साङ्केतीकरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको विवरण | स्थानीय दिर्घकालीन लक्ष्य/ रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य सङ्केत | दिगो राष्ट्रिय लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ | ८ |
| १ | सबै प्रकारका वनको एकीकृत तथ्याङ्क व्यवस्थापन | ४ | १२, १३ र १५ | ७ | २ | १ |
| २ | सामुदायिक वनको वन कार्ययोजना निर्माणमा सहयोग | ४ | १२, १३ र १५ | ७ | २ | १ |
| ३ | वन पैदावरमा विपन्न वर्गको पहुँच कार्यक्रम | ४ | १२, १३ र १५ | ७ | २ | १ |
| ४ | स्थानीय जलाधार क्षेत्रमा जलप्राणी संरक्षण | ४ | १२, १३ र १५ | ७ | २ | १ |
| ५ | वनमा आधारित उद्यमशिलता प्रबर्द्धन कार्यक्रम | ४ | १२, १३ र १५ | ७ | २ | १ |
| ६ | वृक्षारोपन कार्यक्रम | ४ | १२, १३ र १५ | ७ | २ | १ |
| ७ | एक वन एक एकीकृत नर्सरी व्यवस्थापन कार्यक्रम | ४ | १२, १३ र १५ | ७ | २ | १ |

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

भूसंरक्षण तथा जलाधार व्यवस्थापन दिगो विकास, प्राकृतिक स्रोत संरक्षण र वातावरणीय सन्तुलन कायम राख्ने प्रमुख आधारहरू हुन् । नेपालको संविधानले प्राकृतिक स्रोतहरूको संरक्षण, सम्वर्द्धन र दिगो उपयोगलाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राख्दै भू–क्षय, बाढी, पहिरो जस्ता प्राकृतिक जोखिम न्यूनीकरणमा विशेष जोड दिएको छ । विशेषगरी पहाडी तथा भिरालो भू–भागमा अवस्थित क्षेत्रहरूमा माटो क्षय, भूस्खलन र जलाधारको क्षति जस्ता समस्या बढ्दै गएकाले समग्र वातावरणीय सन्तुलनमा नकारात्मक प्रभाव परेको छ । यस्ता समस्याहरूलाई न्यूनीकरण गर्न योजनाबद्ध भूसंरक्षण तथा जलाधार व्यवस्थापन आवश्यक देखिन्छ ।

गजुरी गाउँपालिकाको सन्दर्भमा हेर्दा यहाँको भौगोलिक बनावट भिरालो तथा विविधतायुक्त भएकाले माटो कटान, पहिरो तथा जलाधार क्षेत्रको क्षय हुने जोखिम उच्च रहेको छ । वन विनाश, अव्यवस्थित खेती प्रणाली, सडक निर्माण तथा नदीजन्य पदार्थको अनियन्त्रित उत्खननका कारण भू–क्षयको समस्या झनै बढिरहेको छ । पानीका मुहानहरू सुक्दै जानु तथा जलस्रोतको क्षमतामा कमी आउनु पनि चुनौतीका रूपमा देखिएको छ । त्यसैले, जलाधार क्षेत्रको संरक्षण, भू–क्षय नियन्त्रण तथा प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापनमार्फत वातावरणीय सन्तुलन कायम गर्दै दीगो विकासको आधार तयार गर्नु आवश्यक देखिन्छ ।

### ७.२.२ समस्या तथा चुनौती

गाउँपालिकामा भूसंरक्षण तथा जलाधार व्यवस्थापनका क्षेत्रमा विभिन्न समस्या र चुनौतीहरू देखिएका छन् । भिरालो भू–भाग, अव्यवस्थित सडक निर्माण तथा नदीजन्य पदार्थको अनियन्त्रित उत्खननका कारण माटो कटान र पहिरोको जोखिम बढ्दै गएको छ । वन विनाश तथा असन्तुलित भू–उपयोगका कारण जलाधार क्षेत्र कमजोर बन्दै गएको छ । पानीका मुहानहरू सुक्दै जानु, भू–क्षय बढ्नु तथा खेतीयोग्य जमिनको उर्वराशक्ति घट्नु पनि प्रमुख समस्या हुन् । समुचित नीति, योजना तथा प्राविधिक व्यवस्थापनको अभावले भूसंरक्षण कार्य प्रभावकारी हुन सकेको छैन ।

जलवायु परिवर्तनका कारण वर्षा प्रणालीमा अनियमितता, अत्यधिक वर्षा तथा सुख्खा अवधि बढ्दै जानु पनि चुनौतीका रूपमा देखिएको छ । जनचेतनाको कमी, स्थानीय समुदायको सीमित सहभागिता तथा प्राविधिक जनशक्तिको अभावले पनि व्यवस्थापन कार्यमा बाधा पुऱ्याएको छ । विभिन्न निकायबीच समन्वयको कमी, सीमित बजेट तथा दीर्घकालीन योजना अभावका कारण जलाधार संरक्षण र भूसंरक्षण कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न कठिन भइरहेको छ ।

### ७.२.३ सम्भावना तथा अवसर

गाउँपालिकामा भूसंरक्षण तथा जलाधार व्यवस्थापनका लागि प्रशस्त सम्भावना र अवसरहरू रहेका छन् । यहाँको वन क्षेत्र, नदी प्रणाली तथा प्राकृतिक जलाधारहरूले जलस्रोत संरक्षण तथा पुनःस्थापनाका लागि आधार प्रदान गर्छन् । वृक्षारोपण, भू–क्षय नियन्त्रण तथा जलाधार संरक्षण कार्यक्रममार्फत वातावरणीय सन्तुलन कायम गर्न सकिने सम्भावना

उच्च रहेको छ । समुदायिक वन उपभोक्ता समूह तथा स्थानीय समुदायको सक्रिय सहभागितामार्फत संरक्षण कार्यलाई प्रभावकारी बनाउन सकिन्छ ।

सरकारी तथा गैरसरकारी निकायहरूसँग सहकार्य गरी जलाधार व्यवस्थापन, माटो संरक्षण तथा दिगो कृषि प्रणाली विकास गर्न सकिने अवसर रहेको छ । सिँचाइ, साना जलविद्युत तथा पर्यटन विकाससँग जोडेर जलस्रोतको उपयोग गर्न सकिन्छ । आधुनिक प्रविधि तथा अनुसन्धानको प्रयोगमार्फत भू–क्षय नियन्त्रण र जलस्रोत संरक्षणलाई थप प्रभावकारी बनाउन सकिनेछ । यसरी भूसंरक्षण तथा जलाधार व्यवस्थापनलाई योजनाबद्ध रूपमा अघि बढाउँदा दीगो विकास र स्थानीय समृद्धिमा महत्वपूर्ण योगदान पुग्ने सम्भावना रहेको छ ।

**७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

**लक्ष्य**

भूसंरक्षण तथा जलाधारको दिगो व्यवस्थापनमार्फत माटो क्षय नियन्त्रण, जलस्रोत संरक्षण र वातावरणीय सन्तुलन कायम गर्ने

**उद्देश्यहरु**

- भूसंरक्षणका उपायहरू अवलम्बन गर्दै माटो क्षय, पहिरो तथा भू–कटान नियन्त्रण गरी खेतीयोग्य जमिनको संरक्षण र दिगो उपयोग सुनिश्चित गर्ने
- जलाधार क्षेत्रको संरक्षण, पुनःस्थापना तथा समुचित व्यवस्थापनमार्फत जलस्रोतको दीगो उपयोग, मुहान संरक्षण र वातावरणीय सन्तुलन कायम गर्ने

**रणनीति, कार्यनीति तथा प्राथमिकताहरु**

| **रणनीति** | **कार्यनीतिहरु** |
|---|---|
| भूसंरक्षण तथा भू–क्षय नियन्त्रण सुदृढ गर्ने | • माटो कटान, पहिरो तथा भू–क्षय बढी हुने क्षेत्रहरूको पहिचान गरी संरक्षण योजना कार्यान्वयन गरिनेछ |
| | • जैविक तथा संरचनात्मक उपायहरू (जस्तै टेवा पर्खाल, घाँस रोपण, वृक्षारोपण) अवलम्बन गरिनेछ |
| | • भिरालो तथा जोखिमयुक्त क्षेत्रमा भू–उपयोग मापदण्ड लागू गरिनेछ |
| | • अव्यवस्थित सडक निर्माण र उत्खनन कार्यलाई मापदण्डभित्र ल्याई नियमन गरिनेछ |
| | • स्थानीय समुदायको सहभागितामा माटो संरक्षण तथा जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ |
| जलाधार संरक्षण तथा जलस्रोत व्यवस्थापन सुदृढ गर्ने | • जलाधार क्षेत्र, मुहान तथा नदी प्रणालीको संरक्षणका लागि एकीकृत योजना तयार गरी कार्यान्वयन गरिनेछ |

| | |
|---|---|
| | • मुहान संरक्षण, पुनर्भरण (Recharge) तथा जलस्रोत पुनःस्थापना कार्यक्रम सञ्चालन गरिनेछ |
| | • नदीजन्य पदार्थ उत्खननलाई मापदण्डअनुसार नियमन र अनुगमन गरिनेछ |
| | • जलाधार संरक्षणमा समुदाय तथा सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ |
| | • जलस्रोतको दिगो उपयोगका लागि स्थानीय मापदण्ड तथा नीति निर्माण गरिनेछ |
| संस्थागत क्षमता अभिवृद्धि तथा समन्वय सुदृढ गर्ने | • भूसंरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था सुदृढ गरिनेछ |
| | • प्राविधिक जनशक्ति विकास तथा तालिम, गोष्ठी र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ |
| | • संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय र सहकार्यलाई प्रभावकारी बनाइनेछ |
| | • बजेट व्यवस्थापन तथा स्रोत परिचालन गरी दीर्घकालीन योजना कार्यान्वयन सुनिश्चित गरिनेछ |
| | • अनुसन्धान, अध्ययन तथा प्रविधिको प्रयोगमार्फत व्यवस्थापन कार्य सुधार गरिनेछ |

**(क) कार्यक्रम तथा आयोजनाको विस्तृत विवरण**

*तालिका ३६ भूसंरक्षण तथा जलाधार उपक्षेत्रका योजना*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | **प्रति एकाइ लागत (रु.हजारमा)** | **कसरी गर्ने** पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरकारो सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १ | जोखिममा रहेका जलाधारहरुको पहिचान तथा संरक्षण | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | प्रदेश सरकार सहयोग |
| २ | जोखिमयुक्त पहिरो तथा भूक्षय क्षेत्रको पहिचान र संरक्षण | प्याकेज | | ५ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | १०००० | नेपाल सरकार सहयोग |
| ३ | तटबन्ध आयोजना सञ्चालन | प्याकेज | | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | ५००० | नेपाल सरकार सहयोग |
| ४ | हरियाली सडक प्रबर्द्धन कार्यक्रम | पटक | | ५ | ७५० | ७५० | ७५० | ७५० | ७५० | ३७५० | ७५० | प्रदेश सरकार सहयोग |
| ५ | रिचार्ज पोखरी निर्माण तथा मर्मत | कार्यक्रम | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | नेपाल सरकार सहयोग |
| ६ | भू-उपयोग नीति अद्यावधिक तथा कार्यान्वयन | कार्यक्रम | | २५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | १००० | नेपाल सरकार सहयोग |

**(ख) कार्यक्रम तथा आयोजनाको विस्तृत साङ्केतिकरण**

*तालिका ३७ भूसंरक्षण तथा जलाधार उपक्षेत्रका योजनाको साङ्केतीकरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको विवरण | स्थानीय दिर्घकालीन लक्ष्य/ रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य सङ्केत | दिगो राष्ट्रिय लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ | ८ |
| १ | जोखिममा रहेका जलाधारहरुको पहिचान तथा संरक्षण | ४ | १५ र १३ | ३ | २ | १ |
| २ | जोखिमयुक्त पहिरो तथा भूक्षय क्षेत्रको पहिचान र संरक्षण | ४ | १५ र १३ | ३ | २ | १ |
| ३ | तटबन्ध आयोजना सञ्चालन | ४ | १५ र १३ | ३ | २ | १ |
| ४ | हरियाली सडक प्रबर्द्धन कार्यक्रम | ४ | १५ र १३ | ३ | २ | १ |
| ५ | रिचार्ज पोखरी निर्माण तथा मर्मत | ४ | १५ र १३ | ३ | २ | १ |
| ६ | भू-उपयोग नीति अद्यावधिक तथा कार्यान्वयन | ४ | १५ र १३ | ३ | २ | १ |

## ७.३ वातावरण तथा फोहरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

वातावरण संरक्षण र फोहरमैला व्यवस्थापन दिगो विकास, सार्वजनिक स्वास्थ्य तथा स्वच्छ जीवनशैलीका आधारभूत पक्षहरू हुन् । नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक सुनिश्चित गरेको छ र वातावरण संरक्षण, प्रदूषण नियन्त्रण तथा सरसफाई व्यवस्थापनलाई राज्यको प्राथमिकतामा राखेको छ । बढ्दो जनसंख्या, सहरीकरण, औद्योगिक गतिविधि तथा उपभोगको शैलीमा आएको परिवर्तनका कारण फोहरमैला उत्पादन तीव्र रूपमा बढ्दै गएको छ । यदि यसको समुचित व्यवस्थापन गर्न नसकेमा वायु, पानी र माटो प्रदूषण बढ्दै जाने र मानव स्वास्थ्यमा गम्भीर असर पर्ने सम्भावना रहन्छ । त्यसैले वातावरण संरक्षणसँगै प्रभावकारी फोहरमैला व्यवस्थापन प्रणाली विकास गर्नु आवश्यक भएको छ ।

गजुरी गाउँपालिकाको सन्दर्भमा हेर्दा बजार क्षेत्र, सघन बस्ती तथा सडक आसपासका क्षेत्रमा फोहरमैला व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ । धेरै स्थानमा ढल निकास प्रणालीको अभाव, फोहरको उचित संकलन, वर्गीकरण तथा व्यवस्थापनमा कमजोरी देखिन्छ । प्लाष्टिकजन्य फोहरको बढ्दो प्रयोग, सार्वजनिक सरसफाईप्रति जनचेतनाको कमी तथा आवश्यक पूर्वाधार अभावले समस्या जटिल बनाएको छ । सामुदायिक सहभागिता, आधुनिक प्रविधिको प्रयोग तथा स्थानीय स्तरमा नीतिगत व्यवस्था सुदृढ गर्दै फोहरमैला व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन सकिने सम्भावना रहेको छ । यसले स्वच्छ, स्वस्थ र वातावरणमैत्री गाउँपालिका निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।

### ७.३.२ समस्या तथा चुनौती

गाउँपालिकामा वातावरण तथा फोहरमैला व्यवस्थापनका क्षेत्रमा विभिन्न समस्या र चुनौतीहरू विद्यमान छन् । बजार तथा सघन बस्ती क्षेत्रमा फोहरमैला संकलन, वर्गीकरण र व्यवस्थापन प्रणाली व्यवस्थित रूपमा सञ्चालन हुन सकेको छैन । ढल निकासको अभावका कारण फोहोर पानी खुला रूपमा बग्ने अवस्था रहेको छ जसले वातावरणीय प्रदूषण र स्वास्थ्य जोखिम बढाएको छ । प्लाष्टिकजन्य फोहरको अत्यधिक प्रयोग र त्यसको उचित व्यवस्थापन नहुँदा माटो तथा जलस्रोतमा नकारात्मक प्रभाव परेको छ । आवश्यक पूर्वाधार, उपकरण तथा जनशक्तिको अभावले पनि समस्या जटिल बनाएको छ ।

जनचेतनाको कमी, फोहरलाई स्रोतमा वर्गीकरण नगर्ने प्रवृत्ति तथा समुदायको सीमित सहभागिताले व्यवस्थापन कार्य प्रभावकारी हुन सकेको छैन । वायु, ध्वनी तथा पानी प्रदूषण बढ्दै जानु, उद्योग तथा सवारी साधनबाट हुने उत्सर्जन नियन्त्रणमा कमजोरी रहनु पनि चुनौतीका रूपमा रहेका छन् । साथै, दीर्घकालीन योजना, नीतिगत स्पष्टता र प्रभावकारी अनुगमनको अभावले वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन कार्यलाई व्यवस्थित रूपमा अघि बढाउन कठिनाइ भइरहेको छ ।

### ७.३.३ सम्भावना तथा अवसर

गाउँपालिकामा वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन सुधारका लागि विभिन्न सम्भावना र अवसरहरू रहेका छन् । स्थानीय समुदायको सहभागितामा फोहरमैला व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन सकिन्छ । फोहरलाई स्रोतमा नै कुहिने र नकुहिने गरी वर्गीकरण गरी पुनः प्रयोग तथा पुनर्चक्रण (recycling) मार्फत आर्थिक अवसर सिर्जना गर्न सकिन्छ । जैविक फोहरबाट कम्पोस्ट मल उत्पादन गरी कृषि क्षेत्रमा उपयोग गर्न सकिने सम्भावना रहेको छ। यसले वातावरणीय स्वच्छता कायम राख्न र आम्दानीको स्रोत सिर्जना गर्न सहयोग पुऱ्याउँछ ।

सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य गरी सरसफाई तथा वातावरण संरक्षण कार्यक्रम सञ्चालन गर्न सकिन्छ । आधुनिक प्रविधि प्रयोग गरी फोहर संकलन, प्रशोधन तथा व्यवस्थापनलाई व्यवस्थित बनाउन सकिनेछ । जनचेतना अभिवृद्धि कार्यक्रममार्फत नागरिकलाई वातावरणमैत्री व्यवहार अपनाउन प्रेरित गर्न सकिन्छ । प्लाष्टिक प्रयोग न्यूनीकरण, हरियाली प्रवर्द्धन तथा स्वच्छ वातावरण निर्माणका अभियानहरू सञ्चालन गरी दीगो र स्वच्छ गाउँपालिका निर्माण गर्ने अवसर उच्च रहेको छ ।

**७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

**लक्ष्य**

वातावरण संरक्षण र प्रभावकारी फोहरमैला व्यवस्थापनमार्फत स्वच्छ, स्वस्थ र दिगो गाउँपालिका निर्माण गर्ने

**उद्देश्यहरु**

- वातावरणीय प्रदूषण (वायु, पानी, माटो तथा ध्वनी) नियन्त्रण गर्दै स्वच्छ, स्वस्थ र वातावरणमैत्री जीवनयापन सुनिश्चित गर्ने
- फोहरमैला व्यवस्थापन प्रणालीलाई स्रोतमै वर्गीकरण, संकलन, पुनःप्रयोग र पुनर्चक्रणमा आधारित बनाउँदै दिगो व्यवस्थापन सुनिश्चित गर्ने
- ढल निकास तथा फोहोर पानी व्यवस्थापन प्रणाली सुदृढ गर्दै जलस्रोत तथा वातावरणलाई प्रदूषणमुक्त राख्ने
- समुदायको सक्रिय सहभागिता, जनचेतना अभिवृद्धि तथा आधुनिक प्रविधिको प्रयोगमार्फत वातावरण संरक्षण र सरसफाई व्यवस्थापनलाई प्रभावकारी बनाउने

**रणनीति, कार्यनीति तथा प्राथमिकताहरु**

| **रणनीति** | **कार्यनीतिहरु** |
|---|---|
| फोहरमैला व्यवस्थापन प्रणाली सुदृढ गर्ने | • फोहरलाई स्रोतमै कुहिने र नकुहिने रूपमा वर्गीकरण गर्ने व्यवस्था लागू गरिनेछ |
| | • घरदैलोबाट नियमित फोहर संकलन सेवा विस्तार गरिनेछ |
| | • फोहर पुनःप्रयोग तथा पुनर्चक्रण (recycling) प्रवर्द्धन गरिनेछ |
| | • व्यवस्थित ल्याण्डफिल साइट निर्माण तथा सञ्चालन गरिनेछ |
| | • जैविक फोहरबाट कम्पोस्ट मल उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ |

| | |
|---|---|
| वातावरणीय प्रदूषण नियन्त्रण तथा सरसफाई प्रवर्द्धन गर्ने | • वायु, पानी, माटो तथा ध्वनी प्रदूषण नियन्त्रणका लागि मापदण्ड तयार गरी लागू गरिनेछ |
| | • औद्योगिक तथा सवारी साधनबाट हुने प्रदूषण नियमन र अनुगमन गरिनेछ |
| | • सार्वजनिक स्थल, बजार तथा बस्ती क्षेत्रमा नियमित सरसफाई कार्यक्रम सञ्चालन गरिनेछ |
| | • प्लाष्टिक प्रयोग न्यूनीकरण तथा वैकल्पिक सामग्री प्रयोग प्रवर्द्धन गरिनेछ |
| | • सरसफाई तथा वातावरण संरक्षण सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ |
| ढल तथा फोहोर पानी व्यवस्थापन सुदृढ गर्ने | • सघन बस्ती तथा बजार क्षेत्रमा ढल निकास प्रणाली निर्माण तथा विस्तार गरिनेछ |
| | • फोहोर पानी प्रशोधन प्रणाली विकास र कार्यान्वयन गरिनेछ |
| | • खुला रूपमा फोहोर पानी बगाउने कार्य नियन्त्रण गरिनेछ |
| | • जलस्रोतमा प्रदूषण रोक्न आवश्यक नियमन र अनुगमन गरिनेछ |
| | • ढल प्रणालीको नियमित मर्मत तथा सञ्चालन सुनिश्चित गरिनेछ |
| संस्थागत क्षमता अभिवृद्धि तथा सामुदायिक सहभागिता सुदृढ गर्ने | • वातावरण तथा फोहरमैला व्यवस्थापन सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था सुदृढ गरिनेछ |
| | • कर्मचारी तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गरिनेछ |
| | • समुदाय, विद्यालय तथा संघसंस्थासँग सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ |
| | • आधुनिक प्रविधिको प्रयोगमार्फत व्यवस्थापन प्रणाली प्रभावकारी बनाइनेछ |
| | • अनुगमन, मूल्यांकन तथा समन्वय प्रणाली सुदृढ गरिनेछ |

## (क) कार्यक्रम तथा आयोजनाको विस्तृत विवरण

*तालिका ३८ वातावरण तथा फोहरमैला व्यवस्थापन उपक्षेत्रका योजना*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) | कसरी गर्ने पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरको सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १ | फोहरमैला व्यवस्थापन कार्यविधि तयार तथा कार्यान्वयन | वटा | | १ | ५०० | ० | ० | ० | ० | ५०० | ५०० | आन्तरिक श्रोत |
| २ | ल्याण्डफिल साइट निर्माण | वटा | | १ | १५०० | ० | ० | ० | ० | १५०० | १५०० | प्रदेश सरकार सहयोग |
| ३ | ल्याण्डफिल साइटको स्तरोन्नती तथा व्यवस्थापन | वटा | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | प्रदेश सरकार सहयोग |
| ४ | फोहरको बर्गिकरण, पुन: प्रयोग पुन: चक्रिय प्रणालीमा आधारित व्यवस्थापन प्रणालीमा समुदाय अभिमुखिकरण | प्याकेज | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | नेपाल सरकार सहयोग |
| ५ | कुहिने फोहरबाट प्राङ्गारिक मल तयारी कार्यक्रम | प्याकेज | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | प्रदेश सरकार सहयोग |
| ६ | प्रत्येक सडकको ढल व्यवस्थापन | संख्या | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | नेपाल सरकार सहयोग |
| ७ | सार्वजनिक बस्तीमा ढल व्यवस्थापन | कार्यक्रम | | ५ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ८०० | प्रदेश सरकार सहयोग |
| ८ | विद्यालयमा फोहरमैला व्यवस्थापनमा प्रशिक्षण | कार्यक्रम | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | आन्तरिक श्रोत |

### (ख) कार्यक्रम तथा आयोजनाको विस्तृत साङ्केतिकरण

*तालिका ३९ वातावरण तथा फोहरमैला उपक्षेत्रका योजनाको साङ्केतीकरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको विवरण | स्थानीय दिर्घकालीन लक्ष्य/ रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य सङ्केत | दिगो राष्ट्रिय लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ | ८ |
| १ | फोहरमैला व्यवस्थापन कार्यविधि तयार तथा कार्यान्वयन | ४ | १२ र १३ | ७ | २ | १ |
| २ | ल्याण्डफिल साइट निर्माण | ४ | १२ र १३ | ७ | २ | १ |
| ३ | ल्याण्डफिल साइटको स्तरोन्नती तथा व्यवस्थापन | ४ | १२ र १३ | ७ | २ | १ |
| ४ | फोहरको बर्गिकरण, पुन: प्रयोग पुन: चक्रिय प्रणालीमा आधारित व्यवस्थापन प्रणालीमा समुदाय अभिमुखिकरण | ४ | १२ र १३ | ७ | २ | १ |
| ५ | कुहिने फोहरबाट प्राङ्गारिक मल तयारी कार्यक्रम | ४ | १२ र १३ | ७ | २ | १ |
| ६ | प्रत्येक सडकको ढल व्यवस्थापन | ४ | १२ र १३ | ७ | २ | १ |
| ७ | सार्वजनिक बस्तीमा ढल व्यवस्थापन | ४ | १२ र १३ | ७ | २ | १ |
| ८ | विद्यालयमा फोहरमैला व्यवस्थापनमा प्रशिक्षण | ४ | १२ र १३ | ७ | २ | १ |

## ७.४ विपद जोखिम न्यूनीकरण, व्यवस्थापन, जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

विपद् जोखिम न्यूनीकरण, व्यवस्थापन तथा जलवायु उत्थानशीलता आजको विकास प्रक्रियाको अपरिहार्य अंगका रूपमा स्थापित भएको छ । नेपालको संविधानले विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकूलनलाई स्थानीय तहको महत्वपूर्ण अधिकार र जिम्मेवारीका रूपमा सुनिश्चित गरेको छ । प्राकृतिक तथा मानव सिर्जित विपद्हरू जस्तै बाढी, पहिरो, आगलागी, भूकम्प, महामारी तथा सडक दुर्घटनाले जनजीवन, पूर्वाधार र आर्थिक गतिविधिमा गम्भीर असर पार्ने गरेका छन् । यस्ता जोखिमहरू न्यूनीकरण गर्न पूर्वतयारी, शीघ्र प्रतिकार्य, राहत तथा पुनर्स्थापनालाई समेट्ने समग्र प्रणाली विकास गर्नु आवश्यक छ । जलवायु परिवर्तनका कारण बढ्दो तापक्रम, अनियमित वर्षा, सुख्खा र चरम मौसमीय घटनाहरूले विपद् जोखिम थप जटिल बनाइरहेका छन् जसले दीगो र उत्थानशील विकासको आवश्यकता झनै बढाएको छ ।

गजुरी गाउँपालिकाको सन्दर्भमा हेर्दा भू–क्षय, बाढी, पहिरो, चट्याङ, असिनापानी, आगलागी तथा सडक दुर्घटनाजस्ता विपद्हरू प्रत्येक वर्ष दोहोरिने गरेका छन् । यस्ता घटनाबाट मानव जीवन, कृषि उत्पादन, पूर्वाधार तथा सम्पत्तिमा उल्लेख्य क्षति हुने गरेको छ । हालसम्म विपद् प्रतिकार्य मुख्यतः उद्दार र राहतमा केन्द्रित रहे पनि पूर्वतयारी, जोखिम पहिचान, जलवायु अनुकूलन तथा संस्थागत क्षमता विकासका क्षेत्रमा अझ सुदृढ कार्य आवश्यक देखिन्छ । विपद् व्यवस्थापन ऐन, नीति तथा योजनाको कार्यान्वयन, समुदायस्तरमा सचेतना अभिवृद्धि, द्रुत प्रतिकार्य संयन्त्र विकास तथा बहुपक्षीय समन्वयमार्फत गाउँपालिकालाई विपद् उत्थानशील बनाउने सम्भावना उच्च रहेको छ । यसका लागि स्थानीय स्रोतसाधनको सदुपयोग, प्रविधिको प्रयोग तथा समुदायको सक्रिय सहभागिता अत्यन्त आवश्यक रहनेछ ।

### ७.४.२ समस्या तथा चुनौती

गजुरी गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा विभिन्न समस्या तथा चुनौतीहरू रहेका छन् । वर्षेनी दोहोरिने बाढी, पहिरो, भू–क्षय, चट्याङ, आगलागी तथा सडक दुर्घटनाका कारण जनधनको क्षति हुने गरेको छ । विपद् पूर्व तयारीका कार्यक्रमहरू अपेक्षित रूपमा कार्यान्वयन हुन नसक्नु, जोखिम क्षेत्रको वैज्ञानिक पहिचान तथा नक्सांकन अभाव हुनु, तथा द्रुत प्रतिकार्यका लागि आवश्यक उपकरण, जनशक्ति र पूर्वाधारको कमी हुनु प्रमुख चुनौतीका रूपमा रहेका छन् । जलवायु परिवर्तनका कारण अनियमित वर्षा, सुख्खा तथा चरम मौसमीय घटनाहरू बढ्दै जानुले जोखिम झन् जटिल बनाएको छ ।

त्यसैगरी, विपद् व्यवस्थापन सम्बन्धी नीति, योजना तथा कार्यविधिको प्रभावकारी कार्यान्वयनमा कमजोरी देखिन्छ । स्थानीय स्तरमा संस्थागत क्षमता कमजोर हुनु, समुदायमा पर्याप्त सचेतनाको अभाव रहनु तथा बहु–पक्षीय समन्वय प्रभावकारी नहुनु पनि चुनौतीका रूपमा रहेका छन् । विपद् प्रतिकार्य कोषको सीमितता, भौगोलिक विकटता तथा

पहुँचको समस्या, जोखिमयुक्त बस्तीहरूको व्यवस्थापन र स्थानान्तरणमा कठिनाइले पनि विपद् व्यवस्थापन कार्यलाई जटिल बनाएको छ।

**७.४.३ सम्भावना तथा अवसर**

गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सुदृढ गर्नका लागि महत्वपूर्ण सम्भावना तथा अवसरहरू रहेका छन्। संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनले दिएको अधिकारको आधारमा पालिकाले आफ्नै नीति, योजना तथा कार्यक्रम निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न सक्ने अवस्था रहेको छ। विपद् व्यवस्थापन ऐन निर्माण भइसकेको सन्दर्भमा त्यसलाई कार्यान्वयन गर्दै संस्थागत संरचना सुदृढ गर्ने अवसर पनि रहेको छ।

समुदायको सहभागिता, जनचेतना अभिवृद्धि तथा स्थानीय स्रोतसाधनको उपयोगमार्फत विपद् पूर्व तयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउन सकिन्छ। निजी क्षेत्र, गैरसरकारी संस्था तथा सरोकारवालासँग सहकार्य गरी विपद् व्यवस्थापन कोष सुदृढ गर्न तथा प्रविधि र स्रोत परिचालन गर्न सकिनेछ। जलवायु परिवर्तन अनुकूलन कार्यक्रम, द्रुत प्रतिकार्य टोली गठन, जोखिम क्षेत्र पहिचान तथा सुरक्षित बस्ती विकास जस्ता कार्यक्रमहरू कार्यान्वयन गरी गाउँपालिकालाई विपद् उत्थानशील बनाउने पर्याप्त अवसरहरू उपलब्ध रहेका छन्।

**७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

**लक्ष्य**

विपद् जोखिम न्यूनीकरण, प्रभावकारी व्यवस्थापन र जलवायु अनुकूलनमार्फत सुरक्षित, सक्षम र विपद् उत्थानशील गाउँपालिका निर्माण गर्ने

**उद्देश्यहरु**

- प्राकृतिक तथा मानव सिर्जित सबै प्रकारका विपद् जोखिमहरूको पहिचान, मूल्यांकन र न्यूनीकरण गर्दै जनधनको क्षति कम गर्ने तथा सुरक्षित र उत्थानशील समुदाय निर्माण गर्ने
- विपद् पूर्व तयारी, द्रुत उद्धार, राहत, पुनर्स्थापना र पुनर्लाभका कार्यहरूलाई प्रभावकारी बनाउन संस्थागत क्षमता, स्रोतसाधन, जनशक्ति तथा समन्वय प्रणाली सुदृढ गर्ने
- जलवायु परिवर्तनका प्रभावलाई न्यूनीकरण तथा अनुकूलन गर्दै वातावरणमैत्री पूर्वाधार विकास, सुरक्षित बस्ती व्यवस्थापन र समुदायको सचेतना अभिवृद्धि गरी दीगो र लचिलो विकास सुनिश्चित गर्ने

**रणनीति, कार्यनीति तथा प्राथमिकताहरु**

| **रणनीति** | **कार्यनीतिहरु** |
|---|---|
| विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी प्रणाली सुदृढ गर्ने | • जोखिम क्षेत्रहरूको पहिचान, नक्सांकन तथा अद्यावधिक तथ्याङ्क व्यवस्थापन गरिनेछ |
| | • विपद् पूर्वतयारी तथा व्यवस्थापन सम्बन्धी नीति, योजना र कार्यविधि निर्माण |

| | |
|---|---|
| | गरी कार्यान्वयन गरिनेछ |
| | • द्रुत प्रतिकार्य टोली गठन गरी आवश्यक तालिम, उपकरण तथा पूर्वाधारको व्यवस्था गरिनेछ |
| | • समुदायस्तरमा विपद् सचेतना, पूर्वतयारी अभ्यास (ड्रिल) तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ |
| विपद् प्रतिकार्य, राहत तथा पुनर्स्थापना व्यवस्थापन प्रभावकारी बनाउने | • विपद् प्रभावितहरूको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि स्पष्ट मापदण्ड तयार गरी लागू गरिनेछ |
| | • सुरक्षित आश्रय स्थल, खाद्यान्न भण्डारण तथा आपत्कालीन सामग्रीको पूर्वव्यवस्था गरिनेछ |
| | • विपद् प्रतिकार्य कोष सुदृढ गरी स्रोतसाधनको प्रभावकारी परिचालन गरिनेछ |
| | • आपत्कालीन सञ्चार तथा यातायात व्यवस्थापन प्रणाली विकास गरी कार्यान्वयन गरिनेछ |
| जलवायु परिवर्तन अनुकूलन तथा विपद् उत्थानशील विकास प्रवर्द्धन गर्ने | • सबै पूर्वाधार विकास योजनामा विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनका उपायहरू समावेश गरिनेछ |
| | • जोखिमयुक्त बस्तीहरूको व्यवस्थापन, स्थानान्तरण तथा सुरक्षित बस्ती विकास कार्यक्रम सञ्चालन गरिनेछ |
| | • हरित प्रविधि, वातावरणमैत्री अभ्यास तथा प्राकृतिक स्रोत संरक्षण कार्यक्रम प्रवर्द्धन गरिनेछ |
| | • सरोकारवाला निकाय, निजी क्षेत्र तथा समुदायसँग समन्वय र सहकार्य सुदृढ गरिनेछ |

## (क) कार्यक्रम तथा आयोजनाको विस्तृत विवरण

*तालिका ४० विपद तथा जलवायु परिवर्तन उपक्षेत्रका योजना*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत (रु.हजारमा) | कसरी गर्ने पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरको सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १ | विपद् जोखिम क्षेत्रको पहिचान र नक्शांकन | कार्यक्रम | | १ | ७५० | ० | ० | ० | ० | ७५० | ७५० | आन्तरिक श्रवत |
| २ | तथ्याङ्कमा आधारित स्थानीय जोखिम व्यवस्थापन रणनीतिक योजना तयारी | पटक | | २ | ५०० | ० | ० | ० | ५०० | १००० | ५०० | नेपाल सरकार सहयोग |
| ३ | विपद् व्यवस्थापनका लागि उद्धार सामाग्री व्यवस्थापन | प्याकेज | | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० | प्रदेश सरकार सहयोग |
| ४ | विपद्मा आधारित समुदाय सशक्तीकरण कार्यक्रम | कार्यक्रम | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | नेपाल सरकार सहयोग |
| ५ | विपद् व्यवस्थापनका रोकथाम चरणका कार्यक्रम | कार्यक्रम | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | आन्तरिक श्रवत |
| ६ | विपद् व्यवस्थापनका तयारी चरणका कार्यक्रम | कार्यक्रम | | ५ | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | ३००० | प्रदेश सरकार सहयोग |
| ७ | विपद् व्यवस्थापनका प्रतिकार्य चरणका कार्यक्रम | कार्यक्रम | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | नेपाल सरकार सहयोग |
| ८ | जलवायु परिवर्तनका असरबाट बच्न कृषि तथा पशुपन्छी विकासका लागि कार्यक्रम सञ्चालन | कार्यक्रम | | ५ | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | ३००० | नेपाल सरकार सहयोग |
| ९ | सबै प्रकारका वनमा अग्नी | कार्यक्रम | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | प्रदेश सरकार सहयोग |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजनाको कूल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | ५ वर्षको जम्मा | **प्रति एकाइ लागत (रु.हजारमा)** | **कसरी गर्ने** पालिका आफै लगानीमा, प्रदेशको सहयोगमा, नेपाल सरकारको सहयोगमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | रेखा तयार गरि आगलागी नियन्त्रण | | | | | | | | | | | |
| १० | जैविक मल तयारी कार्यमा कृषक सहयोग कार्यक्रम | कार्यक्रम | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | नेपाल सरकार सहयोग |

### (ख) कार्यक्रम तथा आयोजनाको विस्तृत साङ्केतिकरण

*तालिका ४१ विपद तथा जलवायु परिवर्तन उपक्षेत्रका योजनाको साङ्केतीकरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको विवरण | स्थानीय दिर्घकालीन लक्ष्य/ रणनीतिक स्तम्भ सङ्केत | दिगो विकास लक्ष्य सङ्केत | दिगो राष्ट्रिय लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|
| १ | विपद् जोखिम क्षेत्रको पहिचान र नक्शांकन | ४ | १३ | ७ | २ | १ |
| २ | तथ्याङ्कमा आधारित स्थानीय जोखिम व्यवस्थापन रणनीतिक योजना तयारी | ४ | १३ | ७ | २ | १ |
| ३ | विपद् व्यवस्थापनका लागि उद्धार सामाग्री व्यवस्थापन | ४ | १३ | ७ | २ | १ |
| ४ | विपद्मा आधारित समुदाय सशक्तीकरण कार्यक्रम | ४ | १३ | ७ | २ | १ |
| ५ | विपद् व्यवस्थापनका रोकथाम चरणका कार्यक्रम | ४ | १३ | ७ | २ | १ |
| ६ | विपद् व्यवस्थापनका तयारी चरणका कार्यक्रम | ४ | १३ | ७ | २ | १ |
| ७ | विपद् व्यवस्थापनका प्रतिकार्य चरणका कार्यक्रम | ४ | १३ | ७ | २ | १ |
| ८ | जलवायु परिवर्तनका असरबाट बच्न कृषि तथा पशुपन्छी विकासका लागि कार्यक्रम सञ्चालन | ४ | १३ | ७ | २ | १ |
| ९ | सबै प्रकारका वनमा अग्नी रेखा तयार गरि आगलागी नियन्त्रण | ४ | १३ | ७ | २ | १ |
| १० | जैविक मल तयारी कार्यमा कृषक सहयोग कार्यक्रम | ४ | १३ | ७ | २ | १ |

# परिच्छेद ८ : संस्थागत विकास तथा सुशासन

## ८.१ संस्थागत विकास तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

संविधानले निर्धारण गरेको स्थानीय तहको संरचना अनुसार गाउँपालिका सभा सर्वोच्च नीतिगत तथा व्यवस्थापकीय निकायकारुपमा रहन्छ जसले स्थानीय स्तरमा व्यवस्थापिकाको जिम्मेवारी निर्वाह गर्दछ । गाउँकार्यपालिका भने गाउँसभाप्रति उत्तरदायी कार्यकारी अंगका रूपमा अध्यक्षको नेतृत्वमा सञ्चालन हुन्छ । गाउँपालिका उपाध्यक्षले न्यायिक समितिको संयोजकको भूमिका निर्वाह गर्नुका साथै अध्यक्षको अनुपस्थितिमा कार्यकारी नेतृत्व सम्हाल्दछन् । प्रमुख प्रशासकीय अधिकृतले प्रशासनिक नेतृत्व प्रदान गर्दै सदस्य सचिवको रूपमा कार्यसम्पादन गर्छन् । यस संरचनात्मक व्यवस्थाअनुसार गाउँपालिकाले विभिन्न क्षेत्रगत समिति, संयन्त्र तथा इकाइहरू गठन गरी सञ्चालन गर्दै आएको छ । प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनका लागि संस्थागत क्षमता सुदृढीकरण आवश्यक देखिएको छ । बृहत् योजना तर्जुमा क्रममा पहिचान भएका आन्तरिक कमजोरीहरूलाई सम्बोधन गर्दै नेतृत्व तह, कर्मचारी संयन्त्र तथा सम्बन्धित निकायहरूको क्षमता अभिवृद्धि गर्ने दिशामा गाउँपालिका अग्रसर रहेको छ ।

संस्थागत विकाससँगै सुशासन प्रवर्द्धन गाउँपालिकाको प्रमुख प्राथमिकता क्षेत्र हो । सुशासनले सार्वजनिक स्रोतको पारदर्शी, उत्तरदायी र परिणाममुखी उपयोग सुनिश्चित गर्दै नागरिकमा विश्वास अभिवृद्धि गर्ने आधार तयार गर्दछ । विगतमा न्यूनतम शर्त तथा कार्यसम्पादन मूल्यांकनमा उत्कृष्टता हासिल गर्दै आएको गाउँपालिकाले पारदर्शिता, जवाफदेहिता, सहभागिता र कानूनी शासनका मूल्यहरूलाई संस्थागत गर्ने प्रयासलाई निरन्तरता दिएको छ । विकास प्रक्रियामा नागरिकको सुसूचित सहभागिता सुनिश्चित गर्न तथा सामाजिक जवाफदेहिता अभिवृद्धि गर्न विभिन्न संयन्त्रहरूको प्रयोग गरिँदै आएको छ । बदलिँदो शासकीय अभ्यास र नागरिक अपेक्षालाई मध्यनजर गर्दै थप सुधार, नवप्रवर्तन तथा विश्वास अभिवृद्धिका पहलहरू आवश्यक रहेको महसुस गरिएको छ जसले स्थानीय सरकारलाई अझ उत्तरदायी, प्रभावकारी र नागरिकमैत्री बनाउने लक्ष्य राख्दछ ।

### ८.१.२ समस्या तथा चुनौती

गाउँपालिकामा संस्थागत विकास तथा सुशासन प्रवर्द्धनका प्रयासहरू भए तापनि विभिन्न संरचनात्मक, प्राविधिक तथा व्यवहारगत चुनौतीहरू विद्यमान रहेका छन् । संगठन तथा व्यवस्थापन सर्वेक्षणको अभाव, कार्य विभाजनको अस्पष्टता तथा आवश्यक जनशक्तिको कमीले सेवा प्रवाहमा अपेक्षित प्रभावकारिता हासिल गर्न कठिनाइ उत्पन्न भएको छ । विशेषगरी प्राविधिक तथा विषयगत दक्ष जनशक्तिको अभाव, उपलब्ध जनशक्तिको क्षमता विकासमा निरन्तरता नहुनु तथा कार्य विशिष्टीकरणको कमीले विकास आयोजना कार्यान्वयनमा ढिलाइ तथा गुणस्तरमा असर परेको देखिन्छ । योजना निर्माण, अनुगमन तथा मूल्यांकन प्रणाली अझै पूर्ण रूपमा सुदृढ हुन नसक्दा दीगो तथा परिणाममुखी विकासमा चुनौती देखिएको छ ।

सुशासनका सन्दर्भमा पनि पारदर्शिता, जवाफदेहिता तथा सहभागितामूलक अभ्यासलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखिन्छ । सूचना प्रवाहमा प्रविधिको सीमित प्रयोग, नागरिक सहभागितामा असमानता तथा सामाजिक जवाफदेहिताका औजारहरूको प्रभावकारी कार्यान्वयनमा कमजोरी विद्यमान छन् । साथै, संघ, प्रदेश र स्थानीय तहबीच समन्वयमा केही जटिलता, नीतिगत अस्पष्टता तथा स्रोत साधनको सीमितताले पनि संस्थागत विकासमा अवरोध सिर्जना गरेको छ । बदलिँदो शासकीय अपेक्षा, प्रविधिमैत्री सेवा विस्तारको आवश्यकता तथा सुशासनप्रति बढ्दो नागरिक अपेक्षालाई सम्बोधन गर्न गाउँपालिकाले थप सुधारात्मक तथा नवप्रवर्तनात्मक प्रयासहरू गर्नुपर्ने चुनौती रहेको छ ।

### ८.१.३ सम्भावना तथा अवसर

गाउँपालिकामा संस्थागत विकास तथा सुशासन प्रवर्द्धनका लागि प्रशस्त सम्भावना तथा अवसरहरू रहेका छन् । संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकार, जिम्मेवारी तथा स्वायत्तताले गाउँपालिकालाई आफ्ना आवश्यकता अनुसार नीतिगत तथा संस्थागत सुधार गर्ने अवसर प्रदान गरेको छ । संघ, प्रदेश तथा विभिन्न विकास साझेदार संस्थाहरूसँगको सहकार्यमार्फत प्राविधिक तथा वित्तीय स्रोत परिचालन गरी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न सकिने अवस्था छ । सूचना तथा सञ्चार प्रविधिको विस्तारले सेवा प्रवाहलाई छिटो, पारदर्शी र पहुँचयोग्य बनाउन ठूलो सम्भावना सिर्जना गरेको छ ।

